
ISSN 2091-2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



किरण पुस्तकालय

तम्घास, गुल्मी




२०८२ भाद्र ७ गते १६०औं मोती जयन्तीका अवसरमा प्रमुख अतिथि रेसुङ्गा नगरपालिकाका प्रमुख श्री खिलध्वज पन्थीद्वारा डा. टङ्क पन्थलाई जानकी साहित्य पुरस्कार प्रदान ।



किरण पुस्तकालयद्वारा आयोजित १६०औं मोती जयन्ती, जानकी साहित्य पुरस्कारवितरण तथा कवितावाचन प्रतियोगितामा सहभागीहरू ।

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

वर्ष : ५२ | अङ्क : ४ | सम्पूर्णाङ्क : १०७ | साउन-असोज , २०८२

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

**लेआउट**

सुमन कार्की

**मुद्रण**

सहारा प्रिन्ट कनेक्सन, काठमाडौं - ९८५१०७४१३३

प्रकाशक

**किरण पुस्तकालय**

तम्घास, गुल्मी, फोन : ०७९-५२०२८७, ९७६९२९७७८७
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website: www.kiranpustakalaya.com

मूल्य
रु. १५०/-

आवरण : शान्त, एकान्त, रेसुङ्गा वनप्रान्तमा इतिहासको भव्यता बोकेर उभिएको सावनी-शिवालय

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

### काठमाडौं प्रतिनिधि

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**डा. कृष्ण भण्डारी 'मुमुक्षु'**
फोन नं. ९८५६०३२४७७

### रूपन्देही प्रतिनिधि

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

### चितवन प्रतिनिधि

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

### दाङ प्रतिनिधि

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन : ९८६८६३०४६१

### पाल्पा प्रतिनिधि

**कमल खत्री**
फोन : ९८४७३०८९०८

### पोखरा प्रतिनिधि

**शङ्कर ज्ञवाली**
फोन : ९८५६०३१४४४

### विदेश प्रतिनिधि

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. : +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अष्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**विष्णु शर्मा**
पी.डब्लू डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

## सम्पादकीय

# समय अर्थात् समय

- जगत् सरिरहेछ । समय सरिरहेछ । जगत् र समयसँगसँगै सरिरहेछन् जीवनहरू पनि । प्रतिक्षण सरिरहने संसारमा सब अस्थिर र चलायमान छन् । धन, जन, यौवन, शक्ति, सत्ता सब चञ्चल छन् बिजुलीझैं । कसैसँग रहन्नन् सधैं यिनी । कोही पनि मत्त, प्रमत्त, उन्मत्त नबनून् । सबैले बुझून् । हिजोझैं आज छैन । आजझैं भोलि हुने छैन ।

- मान्छेका उदय पनि छन् अन्त पनि छन् । सम्पत्तिसँगै विपत्ति पनि छन् । उत्थानसँगै पतन पनि छन् । सुखदुःखहरू ती चक्रझैं घुम्छन् । ती समयक्रममा आउँछन्, समयक्रममा जान्छन् पाहुनाझैं । त्यागका, निष्ठाका, बलिदानका, देशप्रेमका र सरलताका गाइन्छन् गाथा । राग, द्वेष, लोभ, भ्रष्टाचरण, अहङ्कार, भडक र क्रूरताको पूजा हुँदैन कतै पनि लोकमा । छाता र सुराहीका गाथा गाइँदा महल र धनका रासका निन्दा किन हुन्छन् ?

- समयले कसैलाई उचाल्छ । समयले कसैलाई पछार्छ । बादल बनेर उडेका जलबिन्दुहरू कुनै क्षण धर्तीमा झर्नुपर्छ । समयले दिएको पाठ सबैले पढ्नुपर्छ, बुझ्नुपर्छ । धर्तीमा टेकेर हिड्नुपर्छ, सत्यमा टेकेर चल्नुपर्छ । जीवन दुःखान्त छ । समयले लात हानेपछि धनका धोक्राहरू काम लाग्दैनन् । समयमै चेत खुलेन भने प्रशंसा ओढेर उभिएकाहरू निन्दा बोकेर ढल्नेछन् ।

- विश्वविजयी बन्न चाहन्थ्यो हिटलर । उसको क्रूरताको चक्रमा ग्यासच्याम्बरमा डढे लाखौं यहूदीहरू । अन्ततः आफ्नो कन्चटमा आफै गोली हानेर मर्नुपर्‍यो हिटलरलाई । असम्भव भन्ने शब्द मूर्खहरूको शब्दकोशमा हुन्छ भन्ने नेपोलियन बोनापार्टलाई एकान्त सेन्टहेलेना टापुमा मन्दविष खाएर मर्नुपर्‍यो । समयले सम्राट्लाई पनि निरिह बनाउँदो रहेछ । साम्राज्य माटोमा होइन जनजनको मनमा बनाउनु पर्दोरहेछ । नेताहरू हुन् वा जेताहरू समयको पाठ पढ्नुपर्छ सबैले ।

- राजनीति रागद्वेष, छलकपट, लोभलाल्चा र छक्कापञ्जाको खेलखाल नहोस् सधैं । अस्थिर र असफल सिसिफसको कथा नबनोस् सधैं । एउटा आदर्शको उज्यालोले यसलाई बाटो देखाओस् । निष्ठा, त्याग र देशप्रेमले डोर्‍याऊन् यसलाई । परिवर्तनलाई आत्मसात् गरेर अघि बढ्ने प्रेरणा सबैलाई दुर्गा भवानीले प्रदान गरून् ।

# कुटुरो फुकाउँदा


| कति | के ? | कसको | कहाँ ? |
|---|---|---|---|

**अन्तर्वार्ता**

| | | | |
|---|---|---|---|
| १. | प्रचारले स्रष्टालाई सफल पार्दैन | प्रा.डा.गोविन्दराज भट्टराई | १ |
| २. | सुकर्मले जीवन आनन्ददायी | डा. गौरीशङ्करलाल दास | १२४ |

**लेख / संस्मरण / समीक्षा / आलेख / जीवनवृत्त / समालोचना / यात्रा–संस्मरण**

| | | | |
|---|---|---|---|
| १. | हाम्रो पुरुषार्थ र भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क | ज्ञानबहादुर छेत्री | १९ |
| २. | धरातलीय यथार्थको प्रतिबिम्ब डुवर्समा तीन दिन | उदय ठाकुर | २६ |
| ३. | पुग्नैपर्ने तीर्थस्थल : गोसाइँकुण्ड | जीवननाथ ढुङ्गाना | २९ |
| ४. | कवि हीरामणि खराल 'विषम' र उनको 'क्षितिजमा अक्षरहरू' | वत्सराज कश्यप | ४४ |
| ५. | अपर मुस्ताङदेखि ढोरपाटन हुँदै तानसेन पाल्पासम्म | विष्णुप्रसाद गौतम | ५० |
| ६. | चार आनाको प्रायश्चित्त | डा. तुलसी भट्टराई | ५८ |
| ७. | जन्मशताब्दीका सन्दर्भमा-स्व. मोहदत्त उपाध्याय काफ्लेको कार्यक्षेत्र र योगदान | डा. लक्ष्मीकान्त पन्थी | ६२ |
| ८. | गिदुवा फुलोस् ! फलोस् ! | डा. थानेश्वर अर्याल | ७६ |
| ९. | त्यतिखेरको आफू मरिसकेछु | अनिता पन्थी | ८२ |
| १०. | जेन-जी आन्दोलन र राजनीतिक मोड | रमेशकुमार बोहोरा | १०२ |
| ११. | उद्देश्यपूर्ण जीवन : पण्डित प्रेमनारायण | कृष्णप्रसाद पन्थी | १०८ |
| १२. | स्मृतिमा बालाहरि गुरु | पूर्णप्रसाद अधिकारी | ११३ |

**कथा**

| | | | |
|---|---|---|---|
| १. | मोतीका दाना | थानेश्वर पन्थी | ९२ |

| कति | के ? | कसको | कहाँ ? |
|---|---|---|---|

**कविता/मुक्तक/गजल**


| | | | |
|---|---|---|---|
| १. | अन्नदाताप्रति | काशीनाथ मिश्रित | ४३ |
| २. | केही मुक्तकहरू | डा. श्यामप्रसाद न्यौपाने | ५७ |
| ३. | रुखका ऐजेरुहरू | गोविन्द खनाल | ६० |
| ४. | परिवर्तन | डा. सीता सुवेदी | ७५ |
| ५. | स्वतन्त्रताको गीत | यामबहादुर थापा मगर | १०१ |
| ६. | गजल | लीलाराज दाहाल | १०७ |
| ७. | पोखौँ वाणी ललित | मुकुन्द शर्मा | ११८ |
| ८. | बिदा गर्दा छोरी | लक्ष्मीराज शर्मा पौडेल | १२० |
| ९. | जुभारु हुँदैन कवि | टेकनारायाण रिमाल "कौशिक" | १२१ |
| १०. | कलि र आडम्वर | भाष्कर गौतम | १२३ |


**स्थायी स्तम्भहरू**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट-११८ | अनिता पन्थी | १ |
| ३. | अनुभव/अनुभूति : डा. गौरीशङ्करलाल दास | शशि पन्थी | १२४ |
| ४. | पुस्तकालय परिचय | सम्झना नेपाली | १३० |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | १३४ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १३५ |
| ७. | यताउताबाट | गोरखापत्र अनलाइन, रेडियो रेसुङ्गा | १४२ |
| ८. | पाठक-प्रतिक्रिया | विष्णुमाया खत्री | १५० |
| ९. | किरण पुस्तकालयका आजीवन/मानार्थ सदस्यको परिचय | | १५२ |
| १०. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली | | १५३ |

# चाडपर्वप्रति सम्मान गरौं

* चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
* मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
* सभ्य, शिष्ट र मर्यादित रूपमा चाडपर्व मनाऔं,
* असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
* एक अर्काको चाडपर्वप्रति सम्मान गरौं,
* अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
* धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रचारले स्रष्टालाई सफल पार्दैन



✍प्रा.डा.गोविन्दराज भट्टराई

(प्रा.डा. गोविन्दराज भट्टराई बहुप्रतिभाशाली, अध्ययनशील वरिष्ठ साहित्यकार र प्रख्यात अनुवादकको रूपमा सुपरिचित हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी विषयमा एम्.एड., एम्.ए., गरी भारतको हैदरावाद विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि लिएका भट्टराई अंग्रेजी नेपाली अनुवाद विषयमा विद्यावारिधि गर्ने पहिलो नेपाली हुनुहुन्छ ।

साहित्यकार डा. गोविन्दराज भट्टराईको जन्म १२-०४-२०१० सालमा च्याङथापू, पाँचथरमा भएको हो । पछि उहाँहरू दमक नगरपालिका-१, भाङबारी, झापामा सर्नुभयो र हाल उहाँको बसाइ सुकर्मटोल, कीर्तिपुर, काठमाडौंमा छ ।

प्राथमिक विद्यालयदेखि त्रिभुवन विश्वविद्यालयसम्म ४५ वर्ष शिक्षण व्यवसायमा रही २०७३ देखि सेवानिवृत्त हुनुभएका प्रा.डा. भट्टराई अहोरात्र पठन, लेखन र प्रकाशन कार्यमा निरन्तर क्रियाशील हुनुहुन्छ । उहाँका नेपाली भाषामा ५ वटा उपन्यास, १० वटा निबन्धात्मक कृति, २ वटा कवितात्मक कृति, ८ वटा समालोचनात्मक कृति, २ वटा आत्मसंस्मरणात्मक कृति गरी २७ वटा कृतिहरू प्रकाशित भएका छन् । उहाँले नेपालीबाट अंग्रेजीमा अनुवाद गरेका पुस्तकहरूको संख्या ६ रहेको छ भने अंग्रेजीबाट नेपालीमा अनुवाद गरेका पुस्तकहरूको संख्या पनि ६ नै छ । उहाँका अरूद्वारा अङ्ग्रेजी तथा असमेली र बङ्गाली भाषामा अनूदित कृतिको संख्या चार रहेको छ । उहाँले नेपालीमा १९ भन्दा बढी कृतिहरूको सम्पादन गर्नुभएको छ भने अंग्रेजीमा ७ भन्दा बढी कृतिहरूको सम्पादन गर्नुभएको छ । उहाँकै बारेमा अरूले पनि आधा दर्जन जति पुस्तकहरू प्रकाशित गरेका छन् । उहाँले विभिन्न संस्थाबाट ३ दर्जन जति पदक, सम्मान र पुरस्कार प्राप्त गर्नुभएको छ । उहाँका यात्रासम्बन्धी एक दर्जनभन्दा बढी कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । उहाँसँग किरण पुस्तकालय, गुल्मीबाट प्रकाशित साहित्यिक त्रैमासिक पत्रिका ''हाम्रो पुरुषार्थ'' को वर्ष ५२, सम्पूर्णाङ्क १०७

को निमित्त साहित्यकार अनिता पन्थीले लिएको लिखित अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ। –**सम्पादक**)

**प्रश्न**– १. **आज म तपाईंसँग केही फरक कुरा गर्न चाहन्छु। किन पनि फरक कुरा गर्न चाहन्छु भने तपाईंसँग सम्बन्धित यस अघिका अन्तर्वार्तामा धेरै कुरा आइसकेका छन्; साहित्य तथा साहित्यिक व्यक्तित्वलाई लिएर, त्यस्तै अनेक वाद तथा सिद्धान्तलाई लिएर, भाषा तथा अनुवादका विषय अनि समालोचनालाई लिएर। फेरि यहाँ तिनै कुरा किन दोहोर्‍याउनु ? त्यसरी उही कुरा नदोहोर्‍याउन म अहिले होलोकास्टबाट बँचेका एक मनोवेत्ता भिक्टर फ्र्याङ्कललाई सम्भिmन चाहन्छु। भनिन्छ उनले मृत्यु शिविरमा पनि जीवनको अर्थ खोज्ने प्रयास गरे। त्यस्तो अवस्थामा बाँच्नु नै ठूलो कुरा हो। फेरि जीवनको अर्थ किन चाहियो ? जीवनको अर्थ भन्नुको तात्पर्य चाहिँ के हो ? के सबै मानिससँग जीवनको अर्थ हुनेछ ? यदि नहुँदा के फरक पर्छ ? आखिर जीवन जसरी पनि घट्ने नै छ। होइन त ?**

**उत्तर** : यो निकै बौद्धिक प्रश्न गर्नुभो। सन् १९०५ मा जन्मेका अष्ट्रियन नागरिक भिक्टर फ्र्याङ्कलको एकासी वर्षको उमेरमा (१९८६ मा) देहान्त भयो। उनी हिटलरको नाजीकालीन कठोर बन्दी शिविरमा पटक पटक थुनिए।

पहिले चेकेस्लोभाकियामा फेरि पोल्याण्डमा फेरि जर्मनीको डाचाउमा। ती कन्सन्टेशन क्याम्पका बन्दीले भोगेको यातनाबारे इतिहासमा पसेर हामीले पनि पढ्दै आयौं तर जीवन्त रूपमा मैले दुई साहित्यिक कृतिमा पढेँ– बीपी कोइरालाको **हिटलर र यहूदी** अनि सन् २०१४ का नोबल साहित्य विजयी प्याट्रिक मोदियानोको आख्यान **डोरा बुडर**।

त्यसो त नियात्राकार जर्मनीलाई नजीकबाट जान्ने स्रष्टा जीवा लामिछाने, त्यसको भ्रमण गर्ने ध्रुवचन्द्र गौतम, कृष्ण धरावासी, ईशान गौतम, जीवप्रसाद धमलाजस्ताका जर्मनी विषयक अन्य धेरै स्रष्टाका यात्रा वर्णन पनि पढेको छु तर अन्य विधाका सिर्जनामा जस्तो जीवन्तता कहीं नहुँदोरहेछ।

यतिखेर म जीवनको अर्थकै खोजी र तिनको अध्ययन गर्दैछु जर्मन विद्वान् फ्रेडरिक नित्सेका दर्शनमा। उनी चाहिँ हिटलरका राक्षसी वितण्डा शुरु हुनुभन्दा दुई दशकअघि बितेर गएका थिए। उनले जीवनभित्र एक उज्यालो बल्छ, त्यो बालेर हेर्नू भनेर सिकाउँदै गए। तर भिक्टर फ्र्याङ्कलले हिटलरी आतङ्क स्वयं भोग्नुपर्‍यो। यातना शिविर भोगे। उनको पनि जीवन दर्शन ता नित्सेको जस्तै थियो। जीवन अर्थपूर्ण छ,

उद्देश्यपूर्ण छ, खोजेर हेर उनले पनि यही भनिरहे ।

फ्र्याङ्कलले मानसिक स्वास्थ्य विषयक गहिरो चिन्तन गरे । यो जीवन ऊर्जाले भरिपूर्ण छ जीवन भन्ने सन्देश दिँदै लेखे । उनी मनोचिकित्साका नामी लेखक पनि हुन् । विश्वमा सर्वाधिक अनूदितमध्ये उनका कृति पनि पर्दछन् । तीन-तीन पल्ट मृत्युको मुखमा पसेर पनि जीवनका अर्थको चिन्तन गर्दै महान् अर्थको आविष्कार गरेर जगत्लाई प्राण भर्ने भिक्टर साना व्यक्ति होइनन्, उनी हुन् एक असाधारण प्रतिभा । जस्तै अन्धकारमा पनि उनका दर्शनले सकारात्मक जीवन-पथ देखाउँछ ।

विश्ववन्द्य फ्र्याङ्कलले पनि तीनवटा सूत्र बताएका छन्– कर्म गरौं, सिर्जनात्मक वा रचनात्मक दृष्टिले जीवनको उद्देश्य त्यहीं पत्ता लाग्छ । दोस्रो, मानवीय सम्बन्ध र प्रेममा कसरी जीवनको अर्थ अन्तर्निहित छ, त्यो अनुभव गरौं र तेस्रो कुरा क्षति, दुःख, यातना अर्थात् प्रतिकूलता र विपत्तिमा पनि जीवनको अर्थ खोज्ने, बुझ्ने, पत्ता लाउने प्रयन्त गरौं ।

जीवनको अर्थ जनसमान्यले खोज्दैनन् । दुःख-सुखले बनेको कालयन्त्रमा पसेपछि जीवन के हो सोच्न सक्तैनन्, भ्याउँदैनन् । यो दैवी लीला वा ईश्वरीय खेल हो; यो अपरम्पार छ भन्ने ठान्छन् । जीवन किन र केका लागि होला सोच्तैनन् । सोच्ने आवश्यक ठान्दैनन् । भरे र भोलिको छाकले उनीहरूलाई दौडाइरहेको हुन्छ । हामी पनि थोरै भ्याउने र गहिरिनेले मात्र सोचिरहेछौं । सोचे-नसोचे पनि जीवन त्यहीं छ, बितिहाल्छ ।

देहान्त हुनुभन्दा पाँच दिन पहिले ओछ्यानमा सुतिरहेका बेला सुतेरै घरदेखि उत्तरको बगैंचातिर हेर्दै हाम्रा पिताजीले भन्नुभो, “असार लाग्यो, त्यो तरुलको बेलो लामो भएछ, एक घना बाँस काटेर थाङ्ग्रा हाल ।” हामीले हाल्यौँ । “ती अमलाका दाउराहरू सुकिसके, कटहरको फेदमा लगेर हार लगाओ नानीहरू ।” हामीले लगायौं ।

सबैको जीवन कर्मको जालोभित्र हुँदोरहेछ । जीवनको उद्देश्य पत्ता लगाउन खोज्ने थोरै कोही छन् तर पनि हिँड्ने ता प्रकृतिले खनेको भन्दा अर्को बाटो छैन ।

परन्तु जीवनको उद्देश्य छ भन्दा; त्यो प्राप्त गर्ने उदेश्यले केही उच्च कर्म गरिन्छ, छैन भन्दा ढुक्कहरूले खनेका मार्गमा हिँडिन्छ । आफैँले खनेर हिँडने अत्यन्तै थोरै हुन्छन् ।

**प्रश्न– २. यसरी जीवनको कुरा गरिरहँदा तपाईलाई अरूले कसरी बुझिदिऊन् भन्ने चाहनुहुन्छ ? त्यसो त आफ्नो जीवन अरूको बुझाइअनुसार चल्ने कुरा होइन । तैपनि**

**त्यसको प्रभाव त पर्छ नै किनकि समाजमा आफूलाई भन्दा अरूलाई ज्यादा बाँचिदिनु परेको हुन्छ । उसो भए तपाईं आफ्नो लागि कत्तिको बाँच्नुभएको छ ? आफ्नो इच्छामा कत्तिको निर्देशित हुनुहुन्छ ?**

**उत्तर** : त्यस्तो केही छैन । मानवको उत्तम कर्म भन्नु नै दुई कुरा हुन् जस्तो लाग्छ– (क) अक्षरले समय चित्र बनाई राख्नु, भोलि आउनेले त्यो दर्पणमा हेर्लान्, (ख) अक्षरमै जीवनकला प्रस्तुत गर्न खोज्नु । त्यसो गर्दा आफूले आर्जन गरेको जीवन दर्शन र दृष्टिकोणको जगमा आफूले खेलेको भूमिका केही भए त्यो प्रस्तुत हुन्छ । यी मेरा इच्छाका कर्म हुन् । साहित्य सिर्जना र अध्ययनमै म आफ्नो स्पेश खोजिरहन्छु । अरूले पनि मलाई यिनै बिस्कुन सुकाइरहेको देखून् भन्ठान्छु तर मेरो उद्देश्य ता नवीन, चेतना, कर्म र मार्ग निर्देश हो ।

आफ्नो लागि पनि बाँच्ने कुरा सोध्नुभयो तर आज कस्तो लाग्छ भने रातोदिन बेहोश हुने गरी संघर्ष गर्दागर्दै म कसका लागि बाँचिरहेको छु भन्ने कुरा पनि बिर्सिएछु । एक जीवनको यो उद्योग मेरा लागि हो कि यो समाजको लागि हो या मुलुकको लागि भन्ने कुरा नसोची दौडिरहेको छु ।

**प्रश्न ३. आजको मानिस अतिशय भौतिकवादी हुँदै गएको छ । ऊ भौतिक सत्यको अलवा अरू कुरा स्वीकार्न मञ्जुर छैन । तपाईंको दृष्टिमा देखिने सत्यबाहेक अर्को पनि कुनै सत्य छ ? यदि छ भने आगामी पुस्तालाई कसरी त्यो कुरा बुझाउने ? हुन त आजका खगोलशास्त्रीका अनुसार यस ब्रह्माण्डको कूल ऊर्जामध्ये २५ प्रतिशत डार्क म्याटर, ७० प्रतिशत डार्क इनर्जी र जम्मा ५ प्रतिशत भाग मात्रै सामान्य पदार्थले बनेको छ । ब्रह्माण्डको ९५ % भाग अदृश्य पदार्थले बनेको छ भन्ने वैज्ञानिक तथ्यलाई पर सारेर हाम्रा पुर्खाहरूले बुझ्दै आएको अदृश्य सत्तालाई कसरी सम्बोधन गर्ने ? या त सम्बोधन नगर्नु नै जाती हुनेछ ?**

**उत्तर** : यस धर्तीमा अव्याख्येय आश्चर्यहरू छन् । हाम्रो ज्ञानले नभेट्ने गहिरा खाडलहरू छन् । जता पस्न खोज्यो त्यतै हराइन्छ । भूगोल, इतिहास, मानविकी, भाषा-साहित्य, समाज विज्ञान, पढनु पर्ने कति हो कति कुरा छन् । ब्रह्माण्डिकी अनेक अपरिचित काम कुराले भरिएको छ । एउटा अत्यन्तै छोटो जीवनमा हजारौंमध्ये एउटा मात्रै बाटो लिन सकिन्छ । त्यो पनि अलिकति हिँड्नासाथ रात परिहाल्छ । म ता कतै केही सोच्न पनि चाहन्नँ, मन लाग्दैन किनकि यो मन जंगलमा हरायो भने फर्केर फेरि कहिल्यै टुंगामा आउँदैन । विदेश जानेहरू देशको माया हुँदाहुँदै पनि नफर्केजस्तै हो ।

किनभने थकाइ, निद्रा, भोक-तिर्खा, माया, प्रेम, क्रोध, ईर्ष्या, आशा, निराशा, अगणित मनोवेगहरूको भारी बोकेर कुध्नु छ, एकैछिनमा घाम अस्ताइजाने जीवन छ। म सकी नसकी मरेर रातो दिन स्याँ स्याँ गर्दै भौतिकताको पछि दौडिरहेछु। मेरा मनले देखेका डाँडामा अलिक माथि पुग्न सक्छु कि, अलिक उज्यालो भेट्छु कि, अलिक कलाकर्म सकेर बिसाउन पाउँछु कि भन्ने आशले कुधेको छु।

अदृश्य सत्तामा ठूलो विश्वास छ मेरो तर तिनका दृश्यमान प्रतिमाहरू चाहिँ जाति, भाषा, धर्म, भूगोल पिच्छे फरक फरक भएकाले कतै विश्वास गर्न सकिएन। संसारमा यति धेरै मार्गहरू छन् जसले ईश्वर भनौँ या अदृश्य सत्ताको व्याख्या गरेका छन्। मूर्तिपूजक, अपूजक, अनेक थरी उल्लेख नभएका कति होलान्। दैवी शक्ति या भनौँ ईश्वरीय सत्तालाई बुझ्ने हरेक सम्प्रदायका आ-आफ्ना मिथक अनुसारका अन्धविश्वास छन्। म त्यता हुरुक्क हुन चाहन्नँ। ईश्वर छन् पनि छैनन् पनि। त्यस बुझाइअन्तर्गतका संस्कार र व्यवहारहरू कति होलान् ? त्यता नपसौं। आफ्नो काम गरौं। यस विषयमा अरूलाई कुनै आदेश र उपदेश गर्न म चाहन्नँ। यस्ता कुराहरू प्रमाणित गर्ने, अप्रमाणित गर्ने कुनै वैज्ञानिक आधारशिला छैन। आफ्नै अन्तर्ज्ञानले जे गर्नु भन्छ त्यही गर्ने हो। किनभने म पनि छ्याङ्ग आकाशमा छुइनँ। ईश्वरका कुरा गर्दा कुनै पनि सम्प्रदायले निर्माण गरेका अनेक भेदको आधारमा मानिस-मानिसबीचको विभेदले मलाई बिझाइरहन्छ।

**प्रश्न– ४. हाम्रो जस्तो गरीब मुलुकमा समेत पूँजीवादी समाजले एउटा आकार लिँदैछ। यस्तो अवस्थामा केही मानिसहरूको बुझाइ छ; उग्र उपभोक्तावादी हुँदै जानु भनेको सन्तुलित जीवन विघटित हुनु हो। के तपाईं यस कुरामा सहमत हुनुहुन्छ ?**

**उत्तर** : विघटित जस्तो नकारात्मक शब्दले वर्तमान विश्वसभ्यतालाई परिभाषित गर्न हुँदैन, यो केवल परिवर्तन हो। तर यसको गति अत्यन्तै तीव्र भएकाले हामीलाई रिङ्गटा चलेको मात्रै हो। एकदम तीव्र गतिको बिजुली रोटेपिङ (रोलर कोस्टर) भित्र बसेर रमिता हेरुन्जेल मज्जा आउँछ तर ओर्लेपछि रिङ्गटा ! तर एउटा गरीब मुलुक भनेको निर्धो अरूका मुख ताकेर अरू हाँसेका बेला डिच्च गर्ने परजीवी मानिसजस्तै हो। देशको उत्पादन छैन, निर्यात छैन, प्राकृतिक स्रोत प्रकृतिमै छन्, केवल युवा जनशक्ति निर्यात, केवल ऋण, अनुदान अनि अनुदानले देश चलेजस्तो। गोजीमा एक पैसा नभएका मूर्खहरू पनि जात्रा बजार गएर रमिता हेर्ने र जेरी पुरी खाने मोहमा घम्रिन्छन्; नेपाल मलाई त्यस्तै लाग्छ। हिमाल, पहाड र नदीको बयानले धनी हुइँने भए हुन्थ्यो तर त्यसो नहुँदो रहेछ।

क्यै नभए पनि यतिखेर हाम्रा गाउँगाउँमा फ्रीज चाहियो, ओभन, वाशिङ मिशिन, विदेशी ब्राण्डका लुगा, घडी, ब्याग, जुत्ता, अन्यत्रैको औषधि र फलफूल। हातहातमा दामी मोबाइल ल्यापटप– हामीजस्ता मूर्खलाई देखेर पूँजीवादीहरू आफ्नो मार्केट फैलाउन उत्सुक छन्। मैले गतवर्ष पूर्वी पहाडको यात्रामा देखेको मधेसदेखि पानीका बोतल ओसारिन्छन, इण्डियाको कोक्स्। हामी हाँसी हाँसी पूँजीवादी सुरुङभित्र पस्तै छौं।

**प्रश्न– ५. विद्यमान तथ्याङ्क अनुसार विश्वमै सङ्कटको रूप लिएको मानसिक विचलन; अनियन्त्रित किसिमले बढ्दै गर्दा के तपाईंलाई लाग्दैन किन यसो भइरहेछ ? मानिस जति सुखी हुँदै गयो त्यति नै दुःखी किन भइरहेछ ? किन भड्किरहेछ ? के आजको पुस्ता मानसिक रूपमै कमजोर भएको हो ? या अरू कुनै कारण छ ?**

**उत्तर** : त्यतातिर मेरो क्षेत्र होइन र अध्ययन पनि छैन। तर सामान्य ज्ञानले भन्छ, सृष्टिको आदि कालदेखि नै शारीरिक, मानसिक विमारले मानिसलाई प्रेम गरिरहेका छन्।

अहिले ससाना सांस्कृतिक समाजहरू टुक्रिए, थुनिए। आपसी सद्भाव, प्रेम, आदान-प्रदान शुष्क भए। तीस प्रतिशत मानिस नित्य बसाइँसराइमा छन्, नयाँ डायास्पोराका निर्मीति र भञ्जन निरन्तर छन्। यसरी परम्परागत बन्धन अनुसारको अनुशासन भञ्जित भएपछि सम्बन्धहरू पनि झन् अस्थायी हुँदै गएका छन्। अब समाज कसैको अभिभावक बन्न छोड्यो, सक्तैन। मानसिक विचलन बढी छ भने यही वियोजनका कारण होला। अर्थोकमा मेरो अध्ययन छैन।

**प्रश्न– ६. तपाईंको विचारमा यस जटिल अवस्थाको सामान्यीकरण गर्न कस्तो अभियान ल्याउनु पर्ला ? यस प्रसङ्गमा कतिपयले भन्न थालेका छन्; हाम्रो पाठ्यक्रममा आध्यात्मिक पाठ तथा योग साधनाको समावेश गरिनुपर्छ। यस कुरामा तपाईंको मत कस्तो छ ?**

**उत्तर** : म पूर्ण सहमत छु। अध्यात्ममा उज्यालो छ, एक समर्पण र एक गन्तव्य विन्दु। यस भौतिक जगत्बारे जान्न चाहेर, यसको निर्मीति र विविधताभित्र पस्न खोज्दा मानिसको स्थिति, गति एक आटव्य जंगलमा पसेको खरायको जस्तो हुन्छ। त्यसकारण अध्यात्म-ज्योतिले आलोकित हुन आफैंलाई अभ्यस्त गराउनु ठूलो कुरा हो। हाम्रो पालासम्म विद्यालयमा नैतिक शिक्षा थियो, संस्कृत शिक्षा थियो पढ्नु पढाउनु पर्ने। तिनको अध्ययनले बाल मनमा एउटा उपशमन प्राप्त हुन्थ्यो। तर

माओवादीले ती दुवै गुणको अन्त्य गरे र हाम्रो शिक्षा झन् जड, झन् शुष्क हुँदै गयो। जीवनमा नैतिक पक्षको जरो उखेलेरै जगत् निर्जीवतातिर जाँदैछ, हाम्रा नानीहरू स्वचालित यन्त्र (अटोमाटा) बन्दैछन्, त्यसमाथि एआईले घोडा चढेर ऊभित्रको मनोबल ढुङ्ग्याउँदैछ।

**प्रश्न– ७. के आध्यात्मिक चेतनाले हामीलाई मानसिक रूपमै बलियो बनाउनेछ ?**

**उत्तर** : यो किटेर भन्न नसकिने कुरा हो। किनभने त्यो बोध गर्ने उचाइमा अत्यन्तै न्यून संख्यामा पुग्दछ। अरू जनसामान्यका हृदयमा यो कुरा बस्ने ठाउँ हुँदैन। तथापि यसको महत्त्व बुझ्नेहरूले आफ्नो समाजमा आध्यात्मिक उज्यालो बाल्नलाई सतत प्रयत्न गरिरहेका हुन्छन्। जस्तो एउटा सानो दृष्टान्त यहाँ प्रस्तुत गर्दछु; **पूर्वीय सभ्यता; विश्व विख्यात विद्वान्हरूको दृष्टिमा** शीर्षक कृति।

यो एउटा सानो कृति हो। सिलाङका नेपाली जाति प्रेमी भाइ श्री सलिल ज्ञवालीद्वारा संकलित एवम् सम्पादित **ग्रेट माइन्डस् अन् इण्डिया**। उक्त कृति १०० जति विश्वविख्यात महान् व्यक्तिका भनाइको सङ्कलित रूप हो। ती अमूल्य अनुभवलाई मैले नेपालीमा अनुवाद गरें र सलिल भाइले जम्मा १४१ पृष्ठको कृति छापे। त्यसमा पूर्वीय सभ्यताको महानतम, प्राचीनतम गौरवको बयान छ। एक विद्वान्ले ता ग्रीसेली सभ्यता मध्य दिनको टुकी हो भने पूर्वीय सभ्यता मध्याह्नको सूर्य भनेका छन्।

बीचमा पसेका अनेक प्रकारका शुष्क भौतिकवादी झुण्डहरू त्यो झल्झलाकार अतीतलाई निस्तेज पार्न प्रयत्न गर्दैछन्। त्यसैले उनीहरू नै झन् ठूलो अन्धकारमा जाकिन्छन्। त्यो अनन्त उज्यालो कहिल्यै ननिभ्ने थियो, निभाउँदैछन्।

**प्रश्न– ८. प्रत्येक व्यक्तिअनुसार अध्यात्मवादको बुझाइ फरक फरक रहेको पाइन्छ। कतिको बुझाइमा कर्मकाण्डी हुनु नै अध्यात्म हो भन्ने छ। त्यस्तै कतिले प्रकृतिलाई बुझ्नु नै अध्यात्म हो भनेका छन्। अझ अगाडि कतिको बुझाइ छ 'म को हुँ' भनेर जान्नु नै अध्यात्म हो। 'म'को खोजी गर्ने यात्रालाई नै अध्यात्मवाद भनेर बुझ्ने समाज यसरी निर्माण हुँदैछ। अझ केही यस्ता बुझाइ पनि छन्; जसले भाग्यवादमा विश्वास गर्नु नै अध्यात्म हो भन्छन्। अध्यात्मवादी हुनु भनेको भौतिकवादको विरोधी हुनु हो भन्ने फेरि अर्को जमात छ। यस्तो विवादास्पद अवस्थामा तपाईंको अवधारणा कस्तो छ ? किन अध्यात्मवादप्रति हामी सकारात्मक हुन सकिरहेका छैनौँ ?**

**उत्तर** : उत्तर तपाईंकै प्रश्नमा छ। शायद त्यही होला– विविध अस्तित्व केन्द्रको दावी। तीमध्ये कुनै अस्तित्व केन्द्रको पक्षधर थिएँ भने त्यसकै पक्षबाट कस्सिन्थेँ

होला तर अध्यात्म र धर्म जोडिएका छन् । अध्यात्म ता एउटा मुक्त कुरा हो । यो भनेको व्यक्तिको परम सत्तासितको सम्बन्ध देखाउने माध्यम हो तर धर्म चाहिँ सामूहिक सम्बन्धको कुरा । हाम्रामा यो रुढता र जडताले जब्बर बनाएकोले गर्दा धर्मबारे मानिस जुन विभेदका पाठ सिकाउँछ त्यो ता धर्म होइन, अधर्म हो ।

अध्यात्मका पनि अनेक भेद छन्– धार्मिक, रहस्यवादी, प्राकृतिक, धर्मनिरपेक्ष, समभावी, जनजातीय । त्यसैले त्यता लाग्नुभन्दा एउटा श्लोक गाएर म चूपलाग्न चाहन्छु । यथा–

*अनन्तपारं किल शब्दशास्त्रं*

*स्वल्पं तथायुर्बहवश्च विघ्नाः*

*सारं ततो ग्राह्यमुपास्य फल्गु*

*हंसैर्यथा क्षीरमिवाम्बु मध्यात् ।*

यसको अर्थ के हो भने शास्त्र र ज्ञानहरू अपार छन् । जीवन छोटो छ, विघ्नहरू धेरै छन् । त्यसकारण हंसले पानीबाट दूध छुट्याएझैं तिनको सारमात्रै निकाल्नुहोस् अर्थोक पार लाग्दैन । त्यसैले म पनि आफ्नो ध्यानको कर्ममा, लक्ष्यमा हानिएको तीरजस्तै भएर बेलिन्छु । दायाँ बायाँ अर्थोक हेर्ने पर्खिने, रुने , रमाउने कुनै समय छैन ।

**प्रश्न– ९. नेपाली पाठ्यक्रममा आजकल प्रश्नहरू उठन् थालेका छन्– हाम्रो पाठ्यक्रममा दर्शनको अभाव छ । दर्शन बेगरको पाठ्यक्रमले जीवन बोध गराउन सक्दैन भन्ने छ । जीवन बोध गराउन के दर्शनशास्त्रको खाँचो छ ? के त्यसले जीवन खोज्न सिकाउँछ ? अर्थात् त्यसले जीवनको मूल्य बोध गराउँछ ? के जीवनदर्शनको अभावमा आजका नानीहरू भड्किएका हुन् ?**

**उत्तर** : यस्तै हो, अहिलेको शिक्षा र पढाइ यो दुईधारे तरबार भयो । एकातिरको धार देशमा मात्रै काम लाग्छ । अर्कातिरको धार विदेशमा । खासगरी विगत पचास वर्षदेखि अंग्रेजी शिक्षाको मार्ग खोल्नाले यो व्यापारीकरणको ठूलो माध्यम भो । धनीमानी लगानी कर्ताले कमाए । पैसा उठाए, सक्नेहरूलाई पढाए । यिनीहरूको कारणले नेपाली भाषा र संस्कृति सुकेनास लागेको शरीर भो । अब यो फिर्दैन किनभने ठूलाबडा धनीमानीकै प्राइवेट स्कूल, कलेज गर्दै विश्वविद्यालयसम्म छन् । ठूलाबडा र राजनीति गर्नेकै सन्तान त्यहाँ पढछन् । खर्च गर्न सक्नेलाई त्यहाँ हुलेर तिखारी संसारभरि बिक्न सक्ने बनाउँछन् । आज तिनकै कारण देश रित्तिदै छ । आज पढ्न नसक्ने दुःखी गरीब मार्जिनल खाडी मुलुक, मलेसिया, युक्रेन, रसिया पस्तै छन् । ती

स्वदेशमा फर्की आउँछन एकदिन । तर अंग्रेजी माध्यममा पढेर टाढाटाढा बेगिनेहरू कहिल्यै फर्किने छैनन् ।

दशबाह्र कक्षा पुग्दा उनीहरू विदेशतिर लाग्छन्; उतै बिस्तारै सेटल हुन्छन, ती कहिल्यै नेपाल फर्किंदैनन् । यसरी एक वर्गलाई यो देशको संस्कृति, भाषा, परम्परा डिलिट भए पनि क्यै छैन । आधी जति विद्यार्थी हीन भावना बोकेर देशमै पढन खोज्छन् तर यहाँका पाठ्यक्रममा देश भन्ने तत्त्व हुँदैन । अलिक अघि पञ्चायतकालमा यस्तो कक्षा गीत सिकाइन्थ्यो–

*जहाँ राजारानी हुन्छ त्यहाँ सिंगो नेपाल हुन्छ ।*

यो अति उग्र राष्ट्रवाद थियो । यो पनि नटिक्ने कुरा थियो, मेटियो । त्यसैले देशमा रहेका बालबालिका तिनका अभिभावक पनि इङ्गलिश स्कूलको खोजीमा गाउँ रित्याएर पहाडबाट मधेस झर्ने, गाउँ रित्याएर शहर पस्ने संस्कृति व्यापक छ । धेरै त पहाड रित्याएर झर्दैछन् । आयातित नक्कली संस्कृतिले हाम्रो नेपाली सभ्यता टाटेपाटे र थेग्ले भयो । राष्ट्रियता पढ्ने ठाउँ छैन, देशको माया पढाउने ठाउँ छैन, पढाउने कुरा छैन, आचरण छैन ।

राई, लिम्बू, मगर, गुरुङ, थारू, मैथिली, अवधी अनेक हाम्रा समुन्नत भाषा छन् । ती अमूल्य सम्पदालाई बिस्तारै माया-प्रेमले नेपाली भाषाको छेउमा वा सोही विद्यालयमा सिकाएर हुर्काउनु पर्ने । अंग्रेजी प्रभावले ती पनि त्यतै सोहोरिए । गतवर्ष पूर्वी पहाडको पल्लो छेउ पुगेँ– अंग्रेजी स्कूलमा सुर्के टाई कसेका पच्चीस तीस नानीहरू उफ्रिन्छन्, पर्तिरको सरकारी प्राविमा दुई जना विद्यार्थी र तीन् जना शिक्षक ।

देश डुब्दैछ । आफ्नो सांस्कृतिक आधार नभएको देश छिट्टै डुब्छ, म चिन्तामा छु । तर यो कसैले थाम्न सुधार्न सक्तैन । देशको शिक्षा प्रणालीमा दुई नीति गर्नु भनेको अत्यन्तै ठूलो मूर्खताको प्रदर्शनी रहेछ । यी अंग्रेजी स्कूल बन्द गर्दा पनि यी नानीहरूलाई देहरादून, शिमला, दार्जिलिङ, कालेबुङ, सिक्किम पुऱ्याउँछन् । यहीँ राख्ता यत्रो भेद छ देशभित्रै । शिक्षाविद् केदारभक्त माथेमाले शिक्षाको माध्यम दुईटा गर्नुहुन्न देश चिरिन्छ भनेको चालीस वर्ष भो अझै भन्दै हुनुहुन्छ । यसको बीज त क्रिश्चियनले रोपे; राज्यले मलपानी गऱ्यो । गर्दैछ । धनीमानीको स्वर्ग हो ।

यसको लागि सम्पूर्ण अंग्रेजी माध्यम विद्यालय बन्द गरेर नेपाली वा नेपालका कुनै पनि भाषा माध्यम बनाएपछि मात्र राष्ट्रको प्राण रहन्छ । अथवा देश डुबोस् भन्ने लक्ष्य भए सबै अंग्रेजी गरौं अनि कस्तो हुन्छ ! म सन् २०१२ मा शिलाङ गएँ ।

त्यहाँ तपाईंको भाषा के हो ? भन्दा 'अंग्रेजी' भन्थे। त्यस्तै हिजो मेरो एक नाति यहाँ आयो। तिमीले नेपालीमा कति अंक (मार्क्स) ल्यायौ बाबू ? भनें यस्तै छ देशको जरो। क्यान आइ स्पिक इन् इङ्लिश ? उसले भन्यो। मैले 'यस' भनें अनि उसले सिक्स्टी थ्री भन्यो।

**प्रश्न– १०. अहिलेको शिक्षाले आफ्नो जाति, भाषा, संस्कृतिप्रति गर्व गर्न सिकाएन; बरु उल्टै हीनता बोधतिर धकेलेको आक्षेप लागेको छ। के यो कुरा साँचो हो ? हाम्रा नानीहरूलाई जातिप्रेमी, देशप्रेमी तथा पहिचानप्रेमी बनाउन कस्तो शिक्षा चाहिन्छ ? मुलुकले देशभक्त नागरिक उत्पादन गर्न कस्तो नीति ल्याउनुपर्छ ?**

**उत्तर** . यस प्रश्नको उत्तर माथि आइसकेको छ।

**प्रश्न– ११. जीवन र शिक्षासँग सम्बन्धित प्रसङ्ग बदलेर अब केही भिन्न प्रश्नतिर लागौँ। म पुनः भिक्टर फ्राङ्कललाई जोड्न चाहन्छु। उनले कहीँ भनेका छन् प्रेम मृत्यु जतिकै शक्तिशाली हुन्छ। उनले यसो भनिरहँदा तपाईंको विचारमा प्रेम के हो ? प्रेम कस्तो अवस्थामा घट्छ ? प्रेम आफैँ सिर्जिन्छ या सिर्जना गराइन्छ ?**

**उत्तर** : फ्राङ्कलले प्रेमलाई दार्शनिक रूपले परिभाषित गरेका छन्। उनले भन्ने गरेको "लोगोथेरापी" भनेको जीवनको अर्थ र यसको उद्देश्य पत्ता लगाउने प्रक्रिया हो। प्रेम पनि त्यसैअन्तर्गत आउँछ, एक प्रकारको वैचारिक उपचार पद्धति।

उनको परिभाषाअनुसार प्रेम भनेको एक मूलभूत शक्ति हो। यसले अर्को व्यक्तिको आत्मिक वा अन्तर्मनको केन्द्रविन्दुमा छुन्छ, दुई अस्तित्वलाई रसायन लगाएजसरी जोड्छ। यो एक शक्तिशाली, आकर्षक र युगान्तकारी शक्ति हो जसले सम्बन्धलाई सुदृढतापूर्वक जोड्दछ।

तर यो केवल वासना वा संवेगात्मक झोक्का होइन। यो ता अर्थपूर्ण अनुभूति हो जसले जीवनको महत्त्व बताउँछ र उद्देश्य देखाउँछ। उनले आफ्नो "म्यान्स सर्च फर मिनिङ्ग" (अर्थको खोजी) भन्ने पुस्तकमा यी कुरा दर्शाएका छन्।

प्रेमले अन्यमा भएको क्षमता चिन्न सक्ने दृष्टि प्रदान गर्छ र अन्य पात्र वा चरित्रप्रति उत्तरदायी भाव बढाउँछ, यसले आफ्नै व्यक्तिगत विकासमा पनि साथ दिन्छ।

मेरो विचारमा त प्रेम के हो ? के हो के हो नि। यो जगत्प्रतिको अज्ञात मोह र आकर्षक तत्त्व हुनुपर्छ। यसको विविध स्वरूप भएकाले यो अपरिभाष्य अस्तित्व हो। सृष्टि थाम्ने ईश्वरको प्रबलतम सूत्र नै प्रेम हो। यो सृष्टिभरिको अन्तिम सूत्र पनि।

प्रेमका अनेक रूप छन्, अगणित भनौं– शारीरिक, मानसिक, भावात्मक,

आध्यात्मिक त्यस्तै आमाको, बालबालिकाको, शिक्षकको, गुरुको, पशुपंक्षीको, वनस्पति, विविध जीवित पदार्थले युक्त प्रेममय जगत्को । प्रत्येकको चुम्बकीय आकर्षक हुन्छ । शेक्सपियरको एक महान् उक्तिलाई उद्धरण गर्दछु– *प्रेम एउटा अग्नि हो त्यो अदृश्य स्थानमा बल्दछ, यो एउटा घाउ हो जुन दुख्छ तर अनुभव हुन्न* ।[१]

**प्रश्न**– १२. **तपाईंका उपन्यासहरू पढ्दा एउटा यस्तो प्रश्न उठ्छ । के तपाईंलाई संयोग मन पर्दैन ? सुखान्त मिलन किन रुचाउनु हुन्न ? हेर्नु त तपाईंका पात्रहरू वियोगमा कसरी तड्पिएका छन् ! के तिनीहरूप्रति थोरै भए पनि सहानुभूति राख्नु पर्दैन** ?

**उत्तर** : मलाई कृत्रिमता आउँदैन । मेरा आख्यानिक कथाहरू याथार्थिक जीवनका भोगाइ हुन्, तिनका प्रतिविम्ब । त्यसैले त्यहाँ जबर्जस्ती सुखान्त देखाउने बल गरिनँ । आखिर जीवन अनेक दुर्घटनाको खेल हो । खेल्दाखेल्दै कति दुर्घटनामै सक्किन्छन्, कसैले संयोग पनि भोग्छन् । विश्व साहित्य हेरौं न, ग्रीसेली दुःखान्त, शेक्सपिअरेली दुःखान्त । यसरी दुःखान्तले जितेको छ ।

विश्वप्रसिद्ध आख्यानहरू हेरौं– शार्लोट ब्रन्टेको **जेन आयर**, एमिली ब्रोन्टेको **वुदरिङ हाइट्स्** गुस्ताव फ्लुबेरको **मादाम बोभारी**, नेथनिअल हथोर्न्को **द स्कार्लेट लेटर**, गेटेको **द सरोज अव् यङ्ग लर्थर**, केइट चोपिन्को **अवेकनिङ** आदि विश्वका मुटु हल्लाउने दुःखान्त कथाहरू ।

**प्रश्न**– १३. **तपाईंको पछिल्लो उपन्यास 'नयाँ मुगलान' । जसमा कोपिलाप्रति किन त्यति धेरै क्रूर हुन मन लाग्यो ? के आफूले सिर्जना गरेको पात्रप्रति किञ्चित दया लागेन** ?

**उत्तर** : त्यस्तो दुःखको पराकाष्ठा भोग्ने कोपिलाहरू आफ्नै वरिपरि भेटें । कोपिला एक प्रतिनिधि पात्र हुन् । त्यस्तो भोगाइलाई ढाँटेर अर्को देखाउन सक्तिनँ । दिनदिन घनघोर जङ्गलभित्रबाट रोइरहेका नेपालीको स्वर सुन्दैछु ।

**प्रश्न**– १४. **नेपाली साहित्यमा अबको मार्ग कस्तो हुनुपर्छ** ?

**उत्तर**: वाममार्गीले भने जस्तो गरी साहित्यले राजनीतिको भजन गाउनुहुन्न । यी अलग कुरा हुन् । राजनीति भनेको भय, त्रासभित्र पसेर असत्य कर्महरूको व्यापार गर्ने एक तुरूप हो । त्यहाँ साहित्यिक चेतना नभएका, भाट मनोवृत्तिका जड सिद्धान्तका मान्छे फँसाएर तिनीहरूलाई जीवनभरि तिनकै पछि कुध्न लगाई तीमाथि आफू चढ्ने जुक्ति तयार पारेका हुन्छन् । त्यसकारण सर्वप्रथम अबको साहित्य राजनीतिदेखि टाढा हुनुपर्छ । यो राजनीतिक दल, पार्टी र पार्टीका हनुमानको पक्षपोषक तत्त्व नहोस् ।

---

१ (Love is a fire that burns unseen, a wound that aches yet is not felt.- Shakespeare)

यो स्वतन्त्र, निर्भीक र विवेकी जनताले नव सिर्जनात्मक चिन्तन खेल्ने ठाउँ बनोस् । नेपालको अधिकांश साहित्य मार्स, लेनिन, माओका सिद्धान्तको गुणगान र पुनर्व्याख्या भन्ने गरेका छन् । युग कहाँ पुग्यो, ती पश्चगामी धारका पूजकहरू समयभन्दा धेरै पहिले पछारिएका छन् । फेरि साहित्य राजनीतिक सिद्धान्तको प्रयोग–भूमि होइन । यो ता स्वतन्त्र विचारको, चिन्तनको, चेतनाको, दर्शनको, नवीन प्रयोगको, आविष्कारको प्रयोगभूमि हो । यो नित्य नयाँ लेखियोस् ।

अबको साहित्यको केन्द्रमा छेलिएको व्यक्ति, विषय, पात्र र स्थान आऊन् । अबको साहित्यमा मार्क्सवाद जस्तो केवल काल्पनिक उत्तेजना दिने आउटडेटेड सिद्धान्त नआओस् । यस्ता सिद्धान्तले यसको जन्मभूमि रसिया के भो ? चीन के पक्रेर आज यसरी दौडिरहेछ ? नेपालको दुर्गतिको कारण एउटा यही हो । २०२८ सालदेखि नयाँ राजनीतिको नाममा हत्या हिंसामा लाग्नेले २०६३ सम्म ती सर्वहाराको कति जीउ-धन समाप्त गरे तर आज हेरौं को छ सर्वहारा, कहाँ छन् जनता; कहाँ पुगे नेता ! कसले सोध्छ जनताका अशेष दुःखबारे ? सारासारा क्रान्तिकारीका दरबार हेरौं, गाउँगाउँमा देखिने भएर शहरमा लुकेका छन्, त्यहाँ पनि नआएर राजधानीमा, त्यहाँभन्दा धेरै विदेशमा । यहाँ अलिकति हल्लिँदा अपराधी विदेश भाग्छन् । राजनीति गर्नेहरू अघि लागेका छन् । एउटा बौद्धिक कहलिने वर्ग र तिनका पछि कुद्ने कवि लेखक र तिनका दलका पूजामा छन् । यसपालिको जेन-जी आन्दोलनपछि सबै यस्ता चरित्रको धोती खुस्केको देख्न पाइयो ।

एक स्रष्टा राजनीति-निरपेक्ष रहन सक्तैन तर त्यसमा आफ्नो प्राण अर्पण नगरोस् । राजनीति प्रायः फोहोर मैलाको, नाराको, भ्रूटको र भ्रष्टाचारको अखडा रहेछ हामीले जान्यौं ।

कम्तीमा चालीस वर्षसम्म देख्यौं नेपाली कांग्रेस, कम्युनिष्ट, राजावादी तीनवटा खाने मुख तर पस्ने एउटै भुँडी भएको एउटा राक्षस प्रजाति हो । मुख अलग्ग छन्, आत्मा एक छ । यो देशमा २००७ सालपछि आजसम्मकै राजनीति अति तुच्छ हुन गो ।

एउटा स्रष्टाले विश्व साहित्यको कुन नयाँ चिन्तन ल्याउँदैछ ? हाम्रामा कुनकुन लागू हुन्छन् ? त्यसतिर सचेत हुनुपर्ने समय छ । जस्तै कि उपनिवेशवादी दलनको विरोध गर्ने आँट १९५० का दशकपछि विश्वभरि पलायो । ठूलाठूला चिन्तक दार्शनिक व्याख्याता जन्मिए । त्यसमै जोडिएर आएका हुन् नव-नारीवाद, लैंगिकता जस्ता कुरा । त्यसबेलासम्म दमित वर्ग (सबाल्टर्न) पत्ता लाउने कोही थिएन । तर आज

हाम्रा कानैमा आएर गायत्री चक्रवर्ती बोल्छिन्, *क्यान् सबाल्टन्ज स्पीक ?* (गरीबको बोल्ने दिन आउँछ र ?)

मेरा कतिपय 'दलित' भनिने साथी छन, मेधावी विद्यार्थी छन्, प्रतिभाशाली स्रष्टा छन् तथापि युगौंको दलनले ती जोडले कराउन नसक्ने भएका छन् । मेरा बाहरूले उनका बाहरूसम्म दले । त्यो पीडा झट्टै खुर्केर नजाने रहेछ । समाजमा च्यापच्यापमा लुकेर पलाइरहने रहेछ । तर म आफ्नो तर्फबाट हामी एकै हो भनी बुझाउन बल गर्दैछु ।

त्यसो त यसबाट लाभ लिने क्याम्पेनरहरूको काम हो । तर बिस्तारै समाज उदारतातिर जाँदैछ । आर्थिक विभेद एउटा कुरा हो, अरू छन् खापमाथि खाप विभेदहरू । जात अघि लागेको छ । साहित्यमा यस्ता कुरा आउँदैनन् भन्न कसैले सक्तैन । देशको अवस्था देख्ता आफैँमाथि सरम छ ।

**प्रश्न– १५. अझै पनि नेपाली भाषा साहित्यका पाठकमा उत्तरआधुनिकताको बुझाइ सतही भएको लाग्छ । स्रष्टाहरू आफ्नो कृतिलाई पाठक, समीक्षक तथा समालोचकले उत्तरआधुनिक दृष्टिकोणले ठहर गरिदिऊन् भन्ने चाहन्छन् । के त्यसरी ठहर गर्दैमा कृति उत्कृष्ट हुने हो ?**

**उत्तर**ः उत्तरआधुनिकता वैश्विक परिवर्तन द्योतक सूत्र हो । विज्ञान र प्रविधिमा आएको परिवर्तनले साहित्य जगत् प्रभावित भएको छ । यो यातायात-सञ्चार, औद्योगिक विकास, देशदेशका मानिसको सिमाहीन परिक्षेप, बसाइँसराइ, सांस्कृतिक/धार्मिक विचलन, पहिचानको प्रश्न अहिलेको विमार ठूलाठूला र खपिनसक्ना, ती वैश्विक र व्यापक छन् । एउटा दृष्टान्त हेरौं– विश्व पर्यावरण, पर्यावरणीय चिन्ता । अघिको आउटडेटेड सिद्धान्त वर्गसंघर्ष र सर्वहाराको मुक्ति थियो तर आज त्यस्ता अरू पन्ध्र-बीस नवीन चेतना थपिएका छन् । मैले मेरा तीनवटा समालोचना/सिद्धान्तका कृतिमा तिनको समावेश गरेको छु । ती बहुपठित कृति हुन्– **उत्तरआधुनिक ऐना** (२०६२), **उत्तरआधुनिक विमर्श** (२०६४) अनि **उत्तरआधुनिकता र समयबोध** (२०६८) । त्यसपछि मेरा दुई कृति **डायास्पोरा सिद्धान्त** अनि **पर्या सिद्धान्त र समालोचना** (सह-सम्पादित) गरी कम्तीमा छवटा नवीन कृतिमा तेह्रवटा नवीन सिद्धान्त चिनाएँ । बुझ्ने नेपाली पाठक/चिन्तक समालोचकले नवीन मार्ग समातेका छन् नबुझ्नेहरू जडसूत्रको पूजा गरिरहेका छन् । तर यस्ता नवीन विचार वा परिवर्तित चेतनाका कुरा *यो नयाँ कानून यस मितिदेखि लागू हुन्छ* भनेर सरकारले घोषणा गरेजस्तो होइन । यी स्वैच्छिक, वैचारिक परिवर्तनका सम्बन्धमा पनि पूरा रुढता पक्रेर बसेका, यथास्थितिवादी, संरचनावादी सँगसँगै घम्लिरहेका हुन्छन् ।

यस्ताहरू आफू परम रुढिवादी, यथास्थितिवादी समयको परिवर्तन नबुझ्ने हुन्छन् । ताना शर्माले सन् २०१२ मा *उत्तरआधुनिके ढेडुहरू* भने, छापियो । भर्खर मनु ब्राजाकीले त्योभन्दा तुच्छ शब्द प्रयोग गरे । यस्ता अरू पनि बेहोस लेखकहरू छन् जो प्राचीन युगको निद्राबाट ब्यूँझन सकेका छैनन् । यी नवीनताका बैरी हुन् ।

यो नवीनताको कसी हो भन्ने सुनेपछि ढंग पुग्ने नपुग्ने सबैलाई त्यस्तो हुन मन लाग्छ । हाम्रा गाउँमा अधिकारी गुरु थिए– धरान जन्त जाने भनेपछि कसैको प्यान्ट शर्ट मागेर लगाउँथे । तर मलाई भुँडी दुख्छ, त्यसैले पटुका बाध्ने बानी परेको छ भन्दै टेरलिनको शर्टभित्र पटुका बाँध्थे बाहिरैबाट जंगली बाहुनको विजोग देखिने गरी ।

कसैले उत्तरआधुनिकतालाई त्यसरी पनि लिन्छन्– एक/दुई शब्द वा पद भिरेर देखाउँछन् । त्यस्तै बोध भन्ने कुरा क्रमिक हुन्छ । यी नवीन चेतहरू हाम्रो परिवेशमा, दैनिकीमा कहाँबाट कसरी प्रवेश गर्दछन्, तिनको प्रभाव के कस्तो छ हाम्रो सोचमा परिवर्तन कसरी थपिँदैछन् भन्ने कुरा बोध गर्नु आकस्मिक कुरा होइन । कुनै नामी दबाइ गोली खाएर त्यसको प्रभावको डिग्रीमापक यन्त्र हामीमा छैन । साहित्यिक कर्महरू, यसका सिद्धान्तहरूको प्रभावमापक यन्त्र फेरि कुनै छैन ।

**प्रश्न– १६. आजका स्रष्टाहरू ज्यादा प्रचारमुखी हुँदै गएको आरोप लाग्ने गर्छ । त्यसरी प्रचारमै रमाउने स्रष्टाहरूलाई के भन्न चाहनुहुन्छ ? प्रचारले के उसलाई जीवन्त बनाउन सक्छ ? के उसलाई सफल पार्न सक्छ ?**

**उत्तर** : अघि हाम्रा बाहरूका पालामा बनारस तीर्थ गर्न जानेलाई अनुरोध गर्थ्यौं– तपाईं बनारस जान लागेको सुनें, फलानो किताव बाबू माधवप्रसाद एण्ड सन्स राजा दरबाजा कचौडी गली बनारसबाट ल्याइदिनु होला । पुस्तकहरू **पूजाविधि**, **शकुनावली**, **लाल–हीराको कथा**, **भागवत टीका**, दानगर्ने **गीता**, **ज्योतिष विधि** यस्तै हुन्थे । हामीले विराटनगरमा पुस्तक दोकान गर्दा मेरा माइला दाजु हिउँदको लागि **स्वस्थानी ब्रतकथा** एकभारी मगाउनुहुन्थ्यो । बनारसदेखि रेलमा आउँथ्यो । बिल्टी छुटाउन जोगबनी रेल्वे स्टेशन जानुपर्थ्यो ।

आज मेरा भाञ्जा-भाञ्जीले **फ्रेन्जी बुक्स** भन्ने पुस्तक लेनदेन डिजिटल प्लेटफर्म खोलेका छन् । कहीँ देखिन्न त अनलाइन प्लेटफर्म, बेलाबेला फोन गर्छन्, मामा... यस्ता पुस्तक बजारमा आएका छन्, हजुरलाई चाहिन्छ कि ? कसरी ल्याउँछौ ? अर्डर गर्नासाथ एक दुई दिनमा इण्डियाबाटै भए पनि ल्याइदिन्छ । त्यसो त जहाँको जहाँ पनि पुऱ्याउँछ, जहाँबाट जुन पनि ल्याउँछ । अझ अमेजनबाट छन् पुस्तकहरू अव फिजिकल हो ती डिजिटल अहिलेको बुक वर्ल्डबारे शब्दावली नै भिन्दै छ यो कसरी

लेख्ने छाप्ने, वितरण वा प्रचार गर्ने भन्ने विषयमा ।

नेपाल भर्खर झ्याल खोल्दैछ । त्यस जगत्को जानकारी छैन । देश छोडेर यूरोप, अमेरिका जानेहरूले त्यो डिजिटल विश्वमा भाग लिँदैछन् । अहिले साइबर संस्कृति व्याप्त छ ।

अब आयो प्रचारको कुरा । प्रचार उहिले हाम्रो पालामा पनि हुन्थ्यो । एक हजार छाप्थे । दुई तीन सय प्रतिमा मात्रै कभर हाल्थे । तीन महीना पछि कभर फेरेर तीन महीनामै दोस्रो संस्करण आयो भनी हल्ला गर्थे, पुस्तक ता भुसको थैलो नै हुन्थ्यो ।

आज प्रचारका सरल उपाय छन्, डिजिटल छन्, कागजी छन्, पैसा तिरेर, गुहार मागेर गर्ने गराउने कुरा छन् । लाइक, रिक्वेष्ट, डिमाण्ड, फलो आदिका गणितीय छन् । त्यस्तै फिजिकल बाहेकका डिजिटल र भर्चुअल छन् । ती सबै हाम्रै लागि हुन् । एउटा भिन्न अण्डरवर्ल्ड छ, होम डेलिभरी र डिस्काउन्ट छ, भिडियोग्राफी छ । पुस्तक पनि अब प्रचारले बिक्ने वस्तु भए, त्यसभित्रको मूल्य चिन्नु पर्दैन ।

हाम्रा स्रष्टाहरू पनि गर्छन् । जान्नेले गर्छन्, केही अस्थायी भ्रान्ति सिर्जनाको कुरा मात्र हो । भुस र चामल बिस्तारै आफैं समयले छुट्याउँछ । गहिरो कृतिले आकाशमाथि बत्तिएर उडिरहनु पर्दैन । कोइलीले एउटा हाँगामा बसेर मीठो गीत गाइरहन्छ । त्यसको महत्त्व बोध गर्ने चाहिन्छ । कुशल स्रष्टा गीत गाउने कोइली, मयुर, मैना, सुगा हो । तर त्यो वन ता कोकले, चिबे, कौवा, बकुल्ला, चिल सबैको बराबरी हो । कोही मर्नेगरी कर्कश स्वरमा चिर्बिराउँछन् कोही आकाशको केन्द्रसम्म उड्छन, मीठो स्वरमा गाउन नजान्नेहरू ।

प्रचारले स्रष्टालाई सफल पार्दैन । केवल साधनाले असीमित अध्ययनले, ध्यानले, कल्पना, चिन्तन र म कसरी राम्रो लेखौं भन्ने सपना जपनाले मात्रै हुन्छ । त्यसको लागि सम्पूर्ण भावको समर्पण चाहिन्छ । सर्वप्रथम उत्कृष्ट ठहरिएका नामी कृति हुरुक्क भएर पढ्नू भन्छु म ।

**प्रश्न– १७. सिर्जना र समालोचनाबीच कस्तो सम्बन्ध हुनुपर्छ ?**

**उत्तरः** यी एउटै सिक्काका दुई पाटा हन् । पहिले ता सिर्जना/कृति चाहिन्छ तबमात्रै त्यसमा आधारित भई समीक्षा समालोचना गर्ने कुरा आउँछ । यसरी हेर्दा समालोचक गौण वा द्वितीयक सेकेन्डरी) मात्र रहेछ भन्ने लाग्छ । तर त्यो लाग्छ मात्रै हो किनभने मानिसले आफ्नो मनको समालोचना सिद्धान्त बोकेरै सिर्जना गर्छ । त्यो मनको समालोचकले पढेकै हुन्छ । सिर्जना भनेको जीवनको समीक्षा र समालोचना नै हो । यसरी यी दुवै अन्योन्याश्रित हुन्छन् । राम्रा स्रष्टा भएनन् भने साहित्यको स्तर उठ्तैन,

साहित्य नउठी समाजै उठ्तैन । राम्रा समालोचक भएनन् भने साहित्यै उठ्तैन; साहित्य बगानको गोडमेल हुँदैन । कलमी काटनु, झार गोड्नु, काँटछाँट गरिरहनुपर्ने कुरा हो साहित्य पनि । यो जहिले पनि यथास्थिति विरुद्ध र नवीनताको पक्षमा हुन्छ ।

नवीन भनेर नित्य नवीनहरूको खोजीमा जीवन अर्पिने पनि होइन । एउटा नवीन सिद्धान्त, समालोचना, दृष्टिकोण आएपछि त्यसको विकल्पमा अर्को नआउन्जेल त्यो चलाइरहने हो । तर कहिले छानो चुहिन्छ, कहिले झ्याल मकाउँछ, कहिले साङ्ला र मुसाले घर बसिनसक्नु हुन्छ, कहिले भल पस्छ, कहिले पहिराले तान्न खोज्छ, भत्केका बिग्रेका ठाउँमा मर्मत गरिरहनुपर्छ । साहित्य पनि एउटा जीवित शरीर हो । विमार लागिरहन्छ । त्यसको उपचार ओखती निरन्तर गरिरहनुपर्छ । त्यसकारण एउटा समालोचक भनेको सिद्धान्तकार वा सिद्धान्तवेत्ता पनि हो । उसको बौद्धिक एन्टिनाले टिपेर टाढा नजिकका सामाजिक, बौद्धिक, वैज्ञानिक परिवर्तनहरू के के आउँदैछन्, तिनले साहित्य सिर्जनामा के के परिवर्तन ल्याए, ती कुरा बुझ्दै बुझाउँदै लेख्ने गर्नुपर्दछ । तर हाम्रामा एकजोर मकाएका सिद्धान्त भिरेर सधैं समालोचक बन्ने साहित्यकार धेरै छन् । नव चेतना बेगरको लेखकभन्दा समालोचक धेरै खतरा हो । त्यो धमिराले समाज टोकिरहेको हुन्छ । त्यस कारणले पनि होला फिनिश कवि/संगीतकार जाँ सिबेलियासले भनेका छन्– "कुनै समालोचकको नाममा आजसम्ममा एउटा पनि सालिक स्थापना गरिएको छैन ।"[२]

यो सत्य कुरा हो । मैले पनि जीवनमा अत्यन्तै धेरै समय सिर्जनामा भन्दा चार गुणा बढी समालोचनामा लगाएँ । समालोचना होइन, समालोचनात्मक सिद्धान्तको खोजी अध्ययन र दिशाबोध गर्न गराउनमा । सगर्व भन्छु– एक जीवनमा नेपाली वाङ्मयको लागि कसैले यति गरेन होला । मेरा कुराहरू अंग्रेजी सिर्जना र समालोचनाको अध्ययनबाट आएका हुन् । यसको जग चाहिँ हाम्रो अंग्रेजी विभागका महान प्राध्यापक गुरुहरू हुन् । उहाँहरूप्रति मेरो शिर नित्य निहुरिन्छ । त्यसो ता यी विचारको जरो विद्यावारिधि गर्न इण्डिया जाँदै भेटेको थिएँ ।

तर आज कसैले 'प्रसिद्ध समालोचक' भन्दियो भने मलाई झनक्क रिस उठ्छ किनभने स्रष्टा वा साहित्यकारको सृष्टि कसैले चोर्दैन ।

कसैले महाकविको **मुनामदन** जस्तो कृति रच्ला, कसैले **मुलुकबाहिर, बसाइँ** वा **मुगलान** जस्तो तर त्यो मूलको छायाँको छायाँ मात्रै हुन सक्छ । मैले २०४७ सालदेखि आजसम्ममा आठवटा सिद्धान्त र समालोचनाका कृति निकालेँ । उत्तरआधुनिक कृति निकालेँ । **उत्तरआधुनिक विमर्श** निकाल्न ता २० वर्षको निरन्तर लगानी छ । तर

२ A statue has never been built in honour of a critic. Jean Sibelias

आज हेर्छु ती प्रत्येक कृतिको सार बारम्बार चोरिएकै छ। स्रोत जनाउनु पर्दैन। शुरुको **काव्यिक आन्दोलनको परिचय** ता नेपाल भारत दुवैतिरबाट प्रतिलिपि छापिए वितरित भए।

त्यो मात्र होइन यताबाट विश्वनाथ, आनन्दवर्धन, भामह, मम्मटसम्मै पुगे पनि उताबाट प्लेटो, अरस्तुसम्म कण्ठ पारे पनि समालोचना आखिर कतै न कतै पलाएको वृक्ष रहेछ। मैले नै गरें भन्ने ठाउँ हुन्न। यो अरूसँगै जोडिन्छ।

सिर्जना र समालोचना एक विना अर्को बाँच्तैन तर देख्ताखेरि सिर्जना पहिलो हो। समालोचना त्यसैलाई खन्ने, खोस्रिने, गोड्ने, सुकेका हाँगा पात काट्ने, जरा खोतल्ने काम हो। जुनसुकै सिर्जनाको जरामा खुम्ले कीरा लागेको हुन्छ। कोही यताबाट हेर्दा देखिन्छ, कोही उताबाट।

सिर्जनाको जे जस्तो बोट भए पनि त्यसको फल स्रष्टाले खान्छ तर समालोचनाको फल ता अर्कैले खान्छ। त्यसैले मैले एक ठाउँ भनेको छु– *समालोचना गर्नु भनेको अर्काको बाँझो बारी जोत्नु जस्तै हो। पसिना काढेर जोत्यो कमाई उसैले खान्छ*।

यी दुईबीच सम्बन्ध यस्तै हुनुपर्छ भन्न सकिन्न। अति प्रशंसाले पनि लेखक समालोचक दुवैलाई मार्छ। साहित्य रच्नु भनेको एउटा मूल्य स्थापना गर्ने कर्म हो भने प्रशंसाले मूल्य रेखालाई अतिक्रमण गर्दै ठेलेर समालोचकले पर पुऱ्याउँछ। त्यस्तै कृतिको प्राप्ति के हो भन्ने कुरा खुट्याउन सकेन भने त्यस समालोचकले स्रष्टाको प्राण लिनसक्छ अंग्रेजी कवि जोन् कीटस् कठोर आलोचना खप्न नसकेरै मरे।

त्यसकारण मूल्यको सर्वस्वीकार्य विन्दुमा स्थिर भएर उभिन सक्ने समालोचक मात्र काम लाग्छ। फ्रयाङ्क ए क्लार्कले भनेका छन्– समालोचना भन्ने कुरा शीतल वर्षा जस्तै जरा नखल्बलाई मानिसको उन्नतिलाई सम्पोषित गर्ने प्रकृतिको हुनुपर्छ।[३]

**प्रश्न– १८. अन्त्यमा, नयाँ पुस्ताका लेखकलाई के भन्न चाहनुहुन्छ ?**

**उत्तर**: नयाँ पुस्ताका भाइ-बैनीलाई मेरो अनुभवमा आधारित सल्लाह के छ भने–

(१) ईश्वरीय अथवा दैवी शक्तिको वा स्रष्टाको ससानो अंश पाएकाहरूमा स्रष्टा बन्ने, सिर्जना गर्ने, लेख्ने हुटहुटी पलाउँछ। त्यसो त लेख्न थालेपछि मात्र त्यो चेतना बीज उम्रिन्छ। चेतना बीज उम्रेपछि म लेखक बन्छु भन्ने हो भने मर्ने दिनसम्म पनि त्यो आएको थाहा हुन्न। त्यसकारण सिर्जना कर्म आजै थाल्नुहोस्।

---

३ Criticism like cool rain, should be gentle enough to nourish a man's growth without destroying his roots.— Frank A. Clark

२) सिर्जनाभन्दा पहिले अध्ययन आवश्यक पर्छ । नेपाली साहित्यमा स्थापित भएका राम्रा पुस्तक पढ्ने बानी गर्नुपर्छ । कलिलो उमेरमा त्यो अमृत चाखेपछि जीवनभरि त्यसको पोषक रमरमले छाड्दैन ।

३) आफ्ना घरमा सासानो भए पनि एउटा पुस्तकालय आरम्भ गर्नुहोस् । अझ बहिनीहरूले ता भर्जिनिया उल्फको एक रचना छ– ***उनको आफ्नै कोठा (अ रुम अव् वन्स औन)*** विषयमा विचार गर्नोस् । नेपालमा आफ्नै कोठा नभएका नारी कति छन् ? नारी स्वतन्त्रताको पहिलो पाठ आफ्नै कोठा हो । त्यो अन्य उद्देश्यको लागि होइन, पढ्न लेख्न ससानो पुस्तकालय आरम्भ गर्न । नत्र तपाईंहरूलाई जीवनको उज्यालो देखाउने बत्ती कहिल्यै बल्दैन, कसैले बाल्दैन । अब ता बिहे गरेर जाने युवतीले पनि आफ्नो लागि पढ्ने लेख्ने मेरो अलग्ग कोठा छ-छैन सोधून् भन्ने लाग्छ । नारी स्वतन्त्रता त्यहाँबाट शुरु हुन्छ । श्रृङ्गार बक्सबाट होइन ।

४) सबै खालका कृति पढ्नुहोस् तर त्यसरी छरिएर हुन्न बिस्तारै आफ्ना विधा, क्षेत्र रुचितिर ढल्किनुहोस् । हानेको काँड जस्तै एकै लक्ष्यविन्दु ताक्नोस् ।

५) यो आनन्दको मार्ग हो, यसमा यश कीर्ति पनि छ । तर धैर्यले धेरै वर्ष मलजल गरेपछि मात्र फल लाग्न थाल्ने नरिवलको बोट हो ।

६) आसामका साहित्यकारहरू साहित्य सिर्जनालाई 'सृष्टि' भन्छन्, कस्तो मीठो लाग्छ, यो सृष्टि नै हो कसैले नगरेको कर्म गर्ने बुद्धि हो ।

७) साहित्य भन्ने कुरा कल्पना, संवेग भाव बुद्धि सबै मिलाएर यथार्थको प्रतिमूर्ति बनाउने कला हो । यसको अन्तिम उद्देश्य ता समाजको निरन्तर सुधार हो, आफ्नै जीवनको र देशको (भाषाको) मूल्य मापन गर्ने एकमात्र कर्म हो ।

यो मानव सभ्यताको पहिलो र अन्तिम सदा सुवासित पुष्प हो । त्यसकारण युवाकालदेखि नै भित्री मनले साहित्यको पूजा गर्न थाल्नोस् ।

बिस्तारै सल्किनोस्, बत्ती बल्न थाल्छ । कहीँ नभेटिने सुख र आनन्द पग्लिन थाल्छ ।

धन्यवाद ।

**सुकर्मटोल, कीर्तिपुर**

# हाम्रो पुरुषार्थ र भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क



ज्ञानबहादुर छेत्री

तम्घास, गुल्मीको किरण पुस्तकालयबाट प्रकाशित त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थ-को सम्पूर्णाङ्क १०५ (वर्ष ५२, अङ्क २, माघ-चैत २०८१ वि.सं.) भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कका रूपमा प्रकाशित भएको छ।

७ जुन २०२५, बिहान ९ बजे काठमाडौं, पुतलीसडक, रामशाहपथको ग्रीन लिफ रेस्टुरेन्टमा आयोजित गाम्भीर्यपूर्ण सभामा नेपालका विशिष्ट अतिथिहरूको उपस्थितिमा भारतबाट आमन्त्रित मुख्य अतिथि ज्ञानबहादुर छेत्रीका हातबाट हाम्रो पुरुषार्थको उक्त अङ्क विमोचन गरियो।

उक्त सभामा डा. तुलसी भट्टराई, डा. गोविन्दराज भट्टराई, डा. ज्ञानु पाण्डे, प्रमोद प्रधान, राधेश्याम लेकाली, शरद प्रधान, अश्विनी कोइराला, विजय हितान, विमल भौकाजी, अनिता कोइराला, हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीलगायत अरू धेरैजना विद्वान् सर्जक-सम्पादकहरूको उपस्थिति थियो।

हाम्रो पुरुषार्थको यो बृहत् (पृष्ठ संख्या ४१० प्लस) विशेषाङ्कमा भारत तथा नेपालका साहित्यकारहरूका अन्तर्वार्ता, निबन्ध, समालोचना, कथा र कविता समावेश गरिएका छन् जसमा दशवटा अन्तर्वार्ता, तेत्तीसवटा लेख, तीनवटा कथा र पाँचवटा कविता गरी सर्वमोठ अठसट्ठीवटा रचना परेका छन्। रचनाकारहरूमा अति विशिष्ट लेखकदेखि नवीन सैनिक कवि विशाल के.सी. सम्म छन् भने महिला लेखक १२ जना (१७.४४ प्रतिशत) रहेको पाइन्छ।

## मुखपृष्ठ

पुस्तक होस् या पत्रिका हातमा पर्नसाथ त्यसको मुखपृष्ठ नै पाठकका आँखामा पर्छ। पाठकले ओल्टाइ-पल्टाइ हेर्छ अनि मात्र ऊ सूचीपत्र, सम्पादकीय हुँदै पुस्तकका भित्र प्रवेश गर्छ। कतिपय पुस्तक त प्लास्टिकले सील गरिएका हुन्छन्। त्यस्तोमा मुखपृष्ठ हेरेरै पाठकले किन्ने-नकिन्ने तय गर्नुपर्ने हुन्छ। मुखपृष्ठ आकर्षक र अर्थपूर्ण

छ भने त्यसले पाठकमा सकारात्मक प्रभाव पार्दछ । हाम्रो पुरुषार्थको मुखपृष्ठ अर्थपूर्ण छ, यसले धेरै कुरा बताउँछ। यसको मुखपृष्ठमा भारतमा जन्मेका दुईजना विश्वख्यात साहित्यकार - इन्द्रबहादुर राई र लीलबहादुर क्षत्रीको छायाचित्रले गहिरो अर्थ वहन गरेका छन्। उसै गरी यसमा भारतबाट प्रकाशित भएका केही ऐतिहासिक पत्र-पत्रिकाहरू --- गोर्खे खबर कागत्, गोर्खा संसार, गोर्खा, दियालो, भारती, तेस्रो आयाम आदि पुराना पत्रिका खोजी गरी तिनका फोटाहरू मुखपृष्ठमा सजाउनाले पत्रिकाको सौष्ठव बढेको छ। यसबाट सम्पादकको कला चेतना र अनुभवी व्यक्तित्व पनि सुस्पस्ट भएको छ।

## लेखहरूको संक्षिप्त विवरण

### अन्तर्वार्ता

हाम्रो पुरुषार्थको यो अङ्कमा शुरूमा नौवटा अन्तर्वार्ता राखिएको छ, अर्को एउटा सम्पादकले लिएको अन्तर्वार्ता चाहिँ पुछारतिर राखिएको छ। यसमा जम्मा दशवटा अन्तर्वार्ता छन्।

गुवाहाटी विश्वविद्यालयका प्राध्यापक डा. खगेन शर्माको अन्तर्वार्ता, वार्ताकार मुक्तिप्रसाद उपाध्याय।

साहित्य अकादेमी पुरस्कार विजेता लोकनाथ चापागाईंको अन्तर्वार्ता,वार्ताकार मुक्तिप्रसाद उपाध्याय।

साहित्य अकादेमी पुरस्कार विजेता छविलाल उपाध्यायको अन्तर्वार्ता, वार्ताकार ज्ञानबहादुर छेत्री।

डा. इन्दुप्रभा देवीको अन्तर्वार्ता, अन्तर्वार्ताकार मुक्तिप्रसाद उपाध्याय।

साहित्य अकादेमी अनुवाद पुरस्कार प्रापक सुवास दीपकको अन्तर्वार्ता, वार्ताकार डा. देवचन्द्र सुब्बा।

साहित्य अकादेमी बाल-साहित्य पुरस्कार प्रापक मुक्ति उपाध्यायको अन्तर्वार्ता, वार्ताकार पूर्ण शर्मा।

साहित्य अकादेमी पुरस्कार विजेता पद्मश्री लीलबहादुर क्षत्रीको अन्तर्वार्ता, वार्ताकार अखण्ड भण्डारी।

असमीया साहित्यकार डा. वन्ति शेनचोवाको अन्तर्वार्ता, वार्ताकार डा. इन्दुप्रभा देवी।

कवि नीलिमा आचार्यको अन्तर्वार्ता, वार्ताकार डा. खगेन शर्मा।

विष्णुदत्त शर्माको अन्तर्वार्ता, वार्ताकार हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थी।

पहिलो अन्तर्वार्तामा मुक्तिप्रसाद उपाध्यायले सोधेका प्रश्नहरूको यथायथ उत्तर दिने क्रममा डा. खगेन शर्माले भारतमा नेपाली भाषामा पठनपाठनका समस्याहरू पर्गेल्दै महत्त्वपूर्ण जानकारी दिएका छन्। नेपाली भाषालाई प्रविधिसँग जोड्ने कुरामा ध्यान दिनु पर्ने कुराका साथ उनले भारतमा मानक व्याकरण, शब्दकोश, विश्वकोश आदि निर्माण गर्नु पर्ने काम थाँतीमा रहेको बताए। डा. देवचन्द्र सुब्बाले लिएको अन्तर्वार्तामा सिक्किमका वरिष्ठ साहित्यकार तथा पत्रकार सुवास दीपकले एउटा डरलाग्दो सत्य खुलासा गरेका छन्। उनले भने, यतिखेर धेरै पुस्तकहरू प्रकाशित भएका छन् तर पाठकको संख्या भने घट्दै गएर चिन्ताजनक स्थितिमा पुगेको छ। अंग्रेजी माध्यमका स्कुल बढी मात्रामा खोलिनु यसको मुख्य कारण भन्ने उनको ठम्याइ छ।

अरू अन्तर्वार्ताहरू पनि पठनीय छन्। तिनमा लीलबहादुर क्षत्री, लोकनाथ उपाध्याय, छविलाल उपाध्याय जस्ता ख्यातिप्राप्त साहित्यकारहरूले आफ्ना सिर्जनाका साथै नेपाली समकालिन साहित्य माथि पनि प्रकाश पारेका छन्। अन्तर्वार्तामा तीनजना महिला सर्जक (डा. इन्दुप्रभा देवी, डा. वन्ति शेनचोवा र नीलिमा आचार्य) ले आफ्ना कृतिहरूको बारेमा जानकारी दिएका छन्। उनीहरूले महिला सर्जकका समस्याबारेमा पनि धेरै कुरा चर्चा गरेका छन्। यसरी अन्तर्वार्तामा महिला सर्जकलाई समेट्न सक्नु हाम्रो पुरुषार्थ-को सराहनीय पक्ष हो। यसबाट सम्पादक शशि पन्थीको भेदभावहीन दूरदृष्टि र फराकिलो विचार झल्किन्छ।

## निबन्ध, समालोचना र लेखहरू

डा. तुलसी भट्टराई, डा. गोविन्दराज भट्टराई, डा. यमबहादुर छेत्री, डा. सृजना शर्मा, डा. लक्ष्मीकान्त पन्थी, मुक्तिप्रसाद उपाध्याय, भवानी अधिकारी, ज्ञानबहादुर छेत्री, टीका ढुङ्गेल, छत्रमान सुब्बा, डा. वीणा हाङ्गखिम, डा. व्यञ्जना शर्मा, अनिता पन्थी, दुर्गाप्रसाद श्रेष्ठ, शरद प्रधान, राजेन्द्र पन्थी, नवीन पौडेल, आचार्य लक्ष्मण भण्डारी, गङ्गा अभिलाषी, पुष्कर अथक रेग्मी, राजेन्द्रगोपाल सिंह, डा. टेक नारायण उपाध्याय, उदय ठाकुर, चन्द्र दुलाल, डा. बाबुराम ज्ञवाली, महेशचन्द्र बराल, दिल साहनी, नैना अधिकारी, पूर्णकुमार शर्मा, योगेश खाती, लक्ष्मण वियोगी, विशाल के.सी., टेकेन्द्र बस्याल।

हाम्रो पुरुषार्थको यस अङ्कको निबन्ध, समालोचना र लेखहरूको खण्ड (पत्रिकामा छुट्टै खण्ड भनिएको छैन) महत्त्वपूर्ण छ किनभने सबैभन्दा धेरै जानकारी यसै खण्डमा पाइन्छ । डा. तुलसी भट्टराईले उनको लेखमा नेपाली भाषालाई नेपाल र भारतको सम्बन्धलाई सुदृढ पार्ने महत्त्वपूर्ण कडी ठहर गरेका छन् । लेखमा उनले भारतका केही जातीय संघ-संस्था र पत्र-पत्रिकाको चर्चा पनि गरेका छन् । डा. लक्ष्मीकान्त पन्थीको नेपालबाहिर नेपाली भाषा र साहित्यको गतिविधि भन्ने लेखमा पनि भारतीय नेपाली साहित्यको झलक प्रस्तुत गरिएको पाइन्छ । उसै गरी दिल साहनीले पनि विशेष भारतबाट प्रकाशित पत्र-पत्रिकाको जानकारी दिने प्रयास गरेका छन् ।

भारतका सबै राज्य वा भेकहरूमा नेपाली भाषा समान रूपमा विकसित भएको छैन । उत्तर भारतका पहाडी राज्यहरू नेपाली भाषा-साहित्यका प्रमुख क्षेत्र हुन् । नेपाली भाषामा सबै सरकारी काम हुने एकमात्र राज्य सिक्किम हो । त्यसबाहेक दार्जीलिङ र कालिम्पोङ जिल्लामा नेपाली भाषामा प्राथमिक तहदेखि महाविद्यालयसम्म पठनपाठन हुन्छ । सिक्किम, नर्थ-बङ्गाल र बनारस विश्वविद्यालयमा नेपालीमा उच्चतम डिग्री विद्यावारिधि तहको अध्ययन गर्न सकिन्छ । पूर्वोत्तरका अन्य राज्यहरू --- असम, मेघालय, मिजोरम र मणिपुरमा नेपालीभाषी जन समूहको बसोबास छरपट्ट रहेको छ । नेपाली मातृभाषामा पठनपाठनको सुव्यवस्था नभए यी राज्यहरूमा नेपाली साहित्यको विकास हुँदै छ । बनारस शुरूदेखि नै नेपाली साहित्य प्रमुख केन्द्र रहिआएको छ । उदय पत्रिकाका सम्पादक दुर्गाप्रसाद श्रेष्ठले नेपाली साहित्यमा बनारसको देन शीर्षकको लेखमा वर्णन गरेका छन् । राजेन्द्र गोपाल सिंहले बनारसको छात्रदूतबारेमा जानकारी दिएका छन् । मेघालय राज्यमा नेपाली साहित्यको स्थितिबारेमा डा. टेकनारायण उपाध्यायले चर्चा गरेका छन् । राजेन्द्र पन्थीले पनि मेघालयका एकजना कवि कृष्णप्रसाद ज्ञवालीका कविताको विश्लेषण गरेका छन् । अनिता पन्थीले विक्रमवीर थापाको कथा-कृतिको चर्चा गरेकी छन् । उसै गरी मणिपुरको नेपाली साहित्यबारेमा भवानी अधिकारीले प्रकाश पारेका छन् भने महेशचन्द्र बरालले उत्तराखण्डको नेपाली साहित्यको जानकारी दिएका छन् । पूर्णकुमार शर्मा, ज्ञानबहादुर छेत्री र डा. बाबुराम ज्ञवालीका लेखहरूमा असमको नेपाली साहित्य बारेमा चर्चा गरिएको छ ।

पारसमणि प्रधान, रामकृष्ण शर्मा, मातृका गजमेर, डा.गीता छेत्री, डा. गोकुल सिन्हा आदि दार्जीलिङका सर्जकहरूका विषयमा विभिन्न लेखकले छलफल गरेका छ्न् । यसका अतिरिक्त भाषा आन्दोलन, लाहुरेको रेलिमाई, हरितालिका व्रत, ग्रेट माइन्ड्स अफ इण्डिया जस्ता लेख र 'खाने मुखलाई जुँगाले छेक्दैन' जस्ता रोचक

निबन्धले पत्रिकाको स्तरलाई केही खुडकिला माथि पुऱ्याएको छ।

यस अङ्कमा मुक्तिप्रसाद उपाध्याय र विश्वख्यात आख्यानकार लीलबहादुर क्षत्रीको कृतित्वमाथि सबैभन्दा बढी चर्चा गरिएको छ। अखण्ड भण्डारीले लिएको अन्तर्वार्तादेखि डा. गोविन्दराज भट्टराईको नेपाली महाजातिका एक उच्च प्रकाशस्तम्भ श्री लीलबहादुर क्षत्रीप्रति र लक्ष्मण वियोगीको लीलबहादुर क्षत्रीका नाटकहरू गरी तीनवटा लेखमा लीलबहादुर क्षत्रीको कृतित्वको बयान गरिएको छ भने मुक्तिप्रसाद उपाध्याय सन्दर्भका पाँचवटा लेख रहेका छन्।

**कथा**

यस अङ्कमा तीनवटा कथा र पाँचवटा कविता समावेश भएका छन् जो यस प्रकार छन् :

अजिङ्गर - मनप्रसाद सुब्बा।

मूक दर्शक (लघु कथा) - इन्दिरा गौतम।

धर्तीकी परी --- ललिता जोशी छेत्री।

**कविता**

कुसुम गौतम, टेकनारायण रिमाल, अमित घिमिरे, ओमबहादुर बगाले थापा, सीता देवी।

यीबाहेक पत्रिकाका नियमित स्तम्भ, संस्थागत गतिविधि, सूचना र थोरै विज्ञापन प्रकाशित भएको पाइन्छ।

हाम्रो पुरुषार्थ (त्रैमासिक)पत्रिकाको यो अङ्क विशेष गरी भारतीय नेपाली भाषा-साहित्यका अध्येताका लागि धेरै उपयोगी बनेको छ। यो महत्त्वपूर्ण कर्म गर्ने सम्पादक शशि पन्थी र उनको टीमलाई साधुवाद।

नेपालबाट यसअघि पनि भारतका विभिन्न क्षेत्रहरूलाई लिएर विशेषाङ्क प्रकाशित भएका हुन् जसमा रोचक घिमिरे सम्पादित 'रचना'-को असमे नेपाली विशेषाङ्क (अङ्क ११२ वैशाख-जेठ २०६८ वि.सं.), रामप्रसाद पन्त सम्पादित 'दायित्व' (पूर्णाङ्क १०७, साउन-भदौ २०७४ वि.सं.) र सूर्य लाकोजू सम्पादित 'अक्षरमार्ग' आदि पत्रिका प्राप्त भएका छन्।

भारतका दार्जीलिङ, खर्साङ, कालिम्पोङ्, डुवर्स, सिलिगुडी, सिक्किम, असम, मेघालय, मणिपुर, मिजोरम, नागाल्याण्ड, बनारस, देहरादून आदि प्रमुख क्षेत्रहरूको

प्रतिनिधित्व भएको हुनाले हाम्रो पुरुषार्थको यो अङ्क सही रूपमा भारतीय साहित्य र साहित्यकार विशेषाङ्क भएको भन्न सकिन्छ । यसमा समावेश गरिएका निबन्ध र समालोचनाहरू उच्चस्तरीय र जानकारीमूलक रहेका छन् । यो भारतीय नेपाली साहित्यको इतिहास होइन (एउटा पत्रिकाको एउटा अङ्कमा त्यो सम्भव हुँदैन) । तर यति चाहिँ निसयेच भन्न सकिन्छ --- हाम्रो पुरुषार्थको यस अङ्कमा समकालीन भारतीय नेपाली साहित्यको मोटामोटी रूपरेखा पाउन सकिन्छ ।

यस अङ्कमा डा. तुलसी भट्टराई, डा. गोविन्दराज भट्टराई, डा. यमबहादुर छेत्री, डा. लक्ष्मीकान्त पन्थी, शरद प्रधान, अनिता पन्थी आदि नेपालका विशिष्ट साहित्यकारहरूका भारतीय नेपाली साहित्य विषयमा समालोचनात्मक लेख समेटिनु पनि पत्रिकाको महत्त्वपूर्ण पक्ष हो । यसबाट नेपालका साहित्यकारहरू र भारतीय साहित्यकारहरू बीचको योगसूत्र अझ बलियो, अझ फराकिलो भएको छ ।

यसमा म्यान्मारका सर्जकहरूका चारवटा कविता समेटिनु पनि अर्को सकारात्मक पक्ष हो । म्यान्मारमा नेपाली जनगोष्ठीको बसोबास धेरै पुरानो हो भन्ने कुरा त प्रचलित उखान (बर्म गयो कर्म सँगै) बाटै बुझिन्छ । तर त्यहाँको सामरिक शासनले गर्दा नेपाली भाषा फष्टाउन सकेन, खडेरीको खेती जस्तो भयो । त्यसैले भारत र नेपालबाट त्यहाँका नेपाली सर्जकलाई विशेष प्रोत्साहन दिनु अति आवश्यक छ । किनभने राष्ट्रको राजनैतिक सीमाले हामीलाई छुट्याए पनि भाषा-साहित्य-संस्कृतिले सारा विश्वका नेपालीलाई जोडेको छ । जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (प्रधान सम्पादक डा. माधवप्रसाद पोखरेल) को तेस्रो ठेलीमा विश्वका विभिन्न देशहरूमा कसरी नेपाली साहित्यको विकास हुँदैछ त्यसको झलक प्रस्तुत गरिएको छ ।

**सम्पादकीय**

सम्पादकीय पढ्दा पत्रिकाको लक्ष्य, उद्देश्यका साथै सम्पादकको उदार दूरदृष्टिको कुरा छर्लङ्ग हुन्छ । सम्पादकले घतलाग्दो कुरा लेखेका छन् सम्पादकीयमा । उनले लेखेका छन् :

- हिजो नेपाल निदाउँदा दार्जीलिङ र देहरादूनले जगाउँथे । घन्कन्थे जागरणका गीतहरू त्यता । दार्जीलिङ र सिक्किममा भाषा बचाउन संघर्ष हुँदा यताका मनहरू पनि जुर्मुराउँथे । त्यता नेपाली भाषाले मान्यता पाउँदा यताका मनहरू पुलकित हुन्थे ।
- भारतभूमिमा नेपाली साहित्यका हरा-भरा, उर्वरा फाँटहरू छन् । त्यहाँ अन्वेषण

र सृजनका फराकिला सामर्थ्य र आँटहरू छन् । झन् चर्को छ भाषाप्रेम त्यता । अपूरो हुन्छ नेपाली भाषा र साहित्य त्यताको उल्लेखविना । अधूरो हुन्छ नेपाली साहित्यको इतिहास भारतीय नेपाली साहित्यलाई बिर्सेर ।

- सूधपा-ले दार्जीलिङबाट नेपाली भाषा र साहित्यलाई दिएको योगदान अविस्मरणीय छ । नरबहादुर भण्डारी, दिलकुमारी भण्डारी, इन्द्रबहादुर राई, पवन चामलिङहरूको भाषाप्रेम अविस्मरणीय छ । हामी सम्झिरहन्छौँ - हरिप्रसाद गोर्खाराई र चन्दनसिंह ठाकुरका योगदानहरूलाई । हामी सम्झिरहन्छौँ - बर्मा, आसाम, मेघालय, सिक्किम, दार्जीलिङ, बनारस र देहरादूनसम्म नेपाली भाषाका बिउ रोप्नेहरूलाई, नेपाली साहित्यका फूल फुलाउनेहरूलाई ।

कवि भानुभक्तले तनहूँ, रम्घालाई विश्वख्यात पारे । उसै गरी गुल्मीको तम्घास भन्ने एउटा अख्यात ठाउँलाई हाम्रो पुरुषार्थ-ले भारत र म्यानमारमा ख्याति पुऱ्यायो । यति ठुलो र महत्त्वपूर्ण कर्म तम्घासका शशि पन्थीले एक्लै गरेका होइनन् भन्ने कुरा उनले अकपट स्वीकार गरेका छन् । डा. गोविन्दराज भट्टराईले नेपथ्यमा रहेर हाम्रो पुरुषार्थ-लाई ठूलो सहयोग पुऱ्याएको रहेछन् । हुन पनि डा. गोविन्दराज भट्टराईले नेपाली भाषा र साहित्यलाई विश्वव्यापी पार्नमा जुन योगदान दिएका छन् त्यो कुनै समकालीन साहित्यकारसँग तुलना हुन सक्तैन । दाँज्नै पर्दा, दुई सय वर्षअघिका भानुभक्तलाई नै ल्याउनुपर्छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक) सम्पादक - शशि पन्थी**

**सह-सम्पादक : दीन पन्थी**


**सहयोगी - गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. ।**

**किरण पुस्तकालय, तम्घास, गुल्मी ।**

मोबाइल - ९८५११४८८०७, ९८४७५०६२८८

Email : hamropurushartha@gmail.com

shashipanthi9@gmail.com




-तेजपुर, असम

# धरातलीय यथार्थको प्रतिबिम्ब डुवर्समा तीन दिन





उदय ठाकुर

डुवर्स नेपाली साहित्य विकास समिति वीरपाडा जिल्ला जलपाइगुडीबाट गोर्खाली सुधार सभालाई ३ दिवसीय स्वर्ण-जयन्ती महोत्सव आयोजनामा प्रतिनिधित्व गर्नको लागि निमन्त्रणा आएपछि अध्यक्ष श्री पदम सिंह थापा अनि महामन्त्री श्री गोपाल क्षत्रीज्यूले मलाई त्यहाँ प्रतिनिधित्व गर्न र जानलाई भन्नुभयो। म भित्रभित्रै निकै रमाएँ नवीकरणको आशाले।

डुवर्समा नेपाली भाषा साहित्यका गतिविधि र विकास विस्तारमा व्यक्तिगत तथा संस्थागत रूपमा अनेकौं प्रयत्नहरू भइरहेको जगजाहेर नै छ। भानु जयन्तीलगायतका साहित्यिक पर्व धुमधामसँग मनाउने र विभिन्न पत्रपत्रिका तथा पुस्तक प्रकाशन गर्ने कार्य निरन्तर रूपमा भइरहेको पनि बोध छ। प्रत्येक वर्ष यस्ता विशेष कार्यक्रमहरूमा नेपाल, भारत, भूटानबाट पनि साहित्यिक व्यक्तित्वहरू सहभागी हुने परम्परा रहिआएको छ। यसपटक (२०२४ डिसेम्बर) मलाई पनि त्यो शुभ अवसर जुट्यो।

मेरो सँगसँगै साथी भूपेन्द्र अधिकारीलाई पनि निमन्त्रणा थियो अनि उहाँ आफ्नी पत्नी डाक्टर मनकुमारी गौतमसँग जाने जानकारी पाएँ। भूपेन्द्र अधिकारीज्यूले यताबाट जाने समय निर्धारण, रेलवे टिकट आदिको व्यवस्थापन गर्नुभयो। हामी निर्धारित समयमा रूडकी पुग्यौं। यहाँ अमरनाथ एक्सप्रेसमा हाम्रो आरक्षण थियो। रेल आयो, हामीहरूले आफ्नो डिब्बा र बस्ने स्थानमा आएर आसन जमाइयो। बिस्तारै ढल्किने तरखर भयो। सुत्ने सुविधा रेलको रमाइलो र आरामदायी पक्ष हो।

छकछक छकछक गर्दै आफ्नो गतिमा रेल अगाडि बढिरहन्छ। स्टेसनहरूमा एकछिन रोकिन्छ। रेलको गति र जीवनको गति उस्तै लाग्दछ। समय समय चिया खाजा खानेकुरा लिएर ओहोरदोहोर गरिरहन्छन् व्यापारीहरू। उत्तरप्रदेश, बिहार पार गरेर रेलवेले बङ्गाललाई स्पर्श गर्छ। तेस्रो पटक न्यू जलपाइगुडीको धर्ती स्पर्श गर्न र नवीनतासँग साक्षात्कार गर्न पाइने आन्तरिक खुसीले मन गदगद भएको

थियो । मानव जीवनको गतिशील, फराकिलो र सचेत बनाउने अपरिहार्य माध्यम हो यात्रा । पुर्खाले ''देश खाई शेष हुनुपर्छ'' भन्ने उखान भनेका थिए । हामी ३ः३० बजे न्यूजलपाईगुडी स्टेसनमा उत्रियौँ । बासको लागि प्रणामी मन्दिर आयौँ ।

डुवर्समा साहित्यिक कार्यक्रम २७, २८ ,२९ डिसेम्बरमा हुनु थियो । हामी २२ डिसेम्बर २०२४ मा सिलगुडी आएका थियौँ । २३,२४, २५ ,२६ डिसेम्बरको उपयोग गर्न हामी झापा नेपालमा घुम्न निस्कियौँ । धार्मिक ग्रन्थहरूमा अहिले पनि भारत र नेपाललाई एउटै भूगोलमा राखेर भारतवर्षे भरतखण्डे जम्बू द्वीपे नेपाल देशे ...... इत्यादि सम्बोधन गर्ने गरेको पाइन्छ । सुगौली सन्धिअघि र पछिसम्म पनि भारत र नेपाल दुवै देशहरू आफ्नो राष्ट्र बन्ने प्रक्रियामै रहँदाको अवस्थामा कति नागरिकहरू पनि आफ्नो जीवन यापनार्थ यताउता दुवैतिर आउने जाने वा बसोबास गर्ने प्रक्रिया पनि चलेकै हो ।

साथी भूपेन्द्र अधिकारी अनि उहाँकी श्रीमतीका त्यहाँ आफन्त नै थिए । उनीहरूले बडो आत्मीयताले हाम्रो सत्कार गरे अनि त्यहाँ हाम्रो बास धेरै रमाइलो रह्यो । हाम्रो समय झापामा मनोरञ्जनपूर्ण र उत्सवमय रह्यो । झापामा आतिथ्य पाई भावविभोर भएर हामीहरू त्यहाँदेखि फिर्ता डुवर्स जानलाई बस, रेक्सा हुँदै काकरभिट्टा भएर भारतभूमिमा आयौँ ।

हामी सिलगुडीदेखि डुवर्स जानलाई बसमा बस्यौँ । फराकिलो सडकमा बसभित्र बसेर पनि हामी कुदिरहेका थियौँ । बाटोको हरियालीपूर्ण रमिता का बीचमा चिया बगानले स्वागत गऱ्यो । डुवर्सक्षेत्रले पनि स्वागत गऱ्यो । बसका पाङ्ग्रा घुमेका छन् । त्यो घुमाईसँगै मन पनि घुमेको छ । हामी केही भूलले गर्दा हाजिपोरा पुग्यौँ तर कसैको सल्लाह अनि आयोजकको भनाइ मोबाइलमा स्पष्ट गरेपछि कालचिनी आयौं । कालचिनीमा मुख्य सहायक ललित नयाँसुरले ट्याक्सी गरी आयोजन स्थल वीरपाडा पुऱ्याउने व्यवस्था गरिदिनुभयो । कालचिनीमा ललितज्यू हाम्रो प्रतीक्षामा हुनुहुन्थ्यो । हामी उभिएको स्थानमा शहीद मेजर दुर्गा मल्लको घोडामा बसेको सालिक हेरेर हामी रोमाञ्चित भयौँ । श्रद्धाले शिर आफै नमनको मुद्रामा आयो । शहीद दुर्गा मल्लको साथसाथै त्यहाँ नै आदिवासी स्वतन्त्रता सेनानी विश्वामुंडाको पनि सालिक थियो । हामी ट्याक्सीमा बसेर गोर्खाली चालकसँग कुराकानी गर्दै वीरपाडा आयोजन स्थलमा आयौं । भोजन ग्रहण गऱ्यौँ, बस्नको लागि त्यसपश्चात् "पथेर साथी" गेस्ट हाउसमा आएर सामान थन्काएर सुत्नपट्टि लाग्यौँ । वातावरण रोमाञ्चक थियो ।

जुन जोस, जाँगर र उभङ्गका साथ मित्रहरू तन्मय भएको देखिन्थ्यो , यसबाट

नेपाली जातिका कर्मशीलता र जुझारु पनको झलक मिल्दथ्यो । यहाँ एउटा भव्य ऐतिहासिक साहित्यिक मेलाको तयारी थियो । आयोजन स्थल थियो संस्थापक दिलबहादुर राईको दान गरेको जमिन वीरपाडा नेपाली हाइ स्कुल अलिपुरद्वार । यहाँ नेपालीत्व प्रदर्शनको साहित्यिक रसास्वादनको बेग्लै अनुभूति भइरहेको थियो । विभिन्न राज्यबाट आएका नेपाली साहित्यकारहरूको जमघट थियो । साहित्यिक कार्यक्रममा आएका हामीले जीवनका विभिन्न पक्षलाई पनि अवलोकन गरिरहेका थियौँ । आफूलाई गोर्खाली भनेर परिचय दिँदै गर्दा शिर गर्वले ठाडो भइरहेको थियो । सबैलाई समयको समायोजन गर्न गाह्रो भइरहेको अवस्थामा पनि नेपाली सांस्कृतिक जीवनलाई पूर्ण जागृत गर्दै सकेसम्म प्रवासमा रहेका सबै जसो नेपालीलाई जोड्ने पुलको काम यस कार्यक्रमले गरेको थियो । डुवर्स नेपाली साहित्य विकास समितिको अहम् भूमिका साधुवादयोग्य देखेँ । कार्यक्रम स्थलमा विशेष रौनक थियो । प्रथम सत्रमा विभिन्न राज्यबाट आएका अतिथिहरूलाई खादा ओडाएर स्मृति चिह्न दिएर सम्मान गरियो । अतिथिमध्ये म पनि एक थिएँ । सबैले छोटकरीमा आफ्नो-आफ्नो संस्थाको परिचय दिए । दोस्रो सत्रमा विस्तृत साहित्यिक छलफलको कार्यक्रम थियो । यसै प्रकार दोस्रो दिन नेपाली भाषी डुवर्सका कवि कवियित्रीहरूले सुन्दर कविता पाठ गरेर अतिथिहरूलाई आनन्दित पारे अनि तत्पश्चात् तेस्रो दिन नेपाल, भारत, भूटानबाट आएका कवि कवयित्रीहरूले कविता पाठ गरे । साथै पालैपालो आएका साहित्यिक व्यक्तित्वहरूले आआफ्ना क्षेत्रमा भए गरेका साहित्यिक गतिविधि तथा वर्तमान नेपाली साहित्यको अवस्था बारेमा राम्रो जानकारी दिए । आफ्ना-आफ्ना भावना विचार र शैलीले श्रोताहरूलाई मनोरञ्जन र सन्देश दिन स्रष्टाहरू प्रयत्नशील रहे । नेपालीत्व झल्काउने नृत्यहरू तथा गीतहरू पनि हेर्‍यौँ, सुन्यौँ । साहित्य, संगीत र कलामा नेपालीहरू निपुण छन् भन्ने पुष्टि भयो ।

३० डिसेम्बर २०२४ हामी फर्कने दिन थियो । सिलगुढी आएर राति ९:४५ बजे न्यूजलपाइगुडीदेखि तोकिएको समयमा रेल चढ्यौँ । मित्रहरूसँग हार्दिकता साथ बिदा माग्यौँ । थोरै दिनको भए पनि मित्रतालाई प्रगाढ रूपमा लिएकै थियौँ । फेरि चाँडै भेट हुनेछ भन्ने आशाका साथ हामी छुट्यौँ । रेलमा बसेपछि डुवर्स बसाइका अविस्मरणीय पलहरू सम्झँदै समय कटाउने मेलो गरियो। यो यात्रा मेरो निम्ति बहुआयामिक रह्यो । खुसी लाग्यो । अब मलाई फेरि साहित्यिक यात्रा कहिले होला भन्ने प्रतीक्षा छ ।

गोर्खाली सुधार सभा देहरादून कैन्ट, उत्तराखण्ड, भारत ।

# पुग्नैपर्ने तीर्थस्थल : गोसाइँकुण्ड

जीवननाथ ढुङ्गाना



सबै मानिसहरूमा विभिन्न स्थानमा पुगी घुमेर त्यहाँको जनजीवन, प्राकृतिक सुन्दरता, रीतिथिति, रहनसहन, शिक्षा-दीक्षा, आर्थिक, सामाजिक र राजनीतिक जानकारी लिने अभिरुचि रहेको हुन्छ। यस्ता स्थानमा घुम्ने रहर ममा पनि थियो र छ पनि। नेपालीहरूमा पनि बिस्तारै आफ्नै देशमा घुम्ने प्रचलन बढ्दै गएको छ। नेपालमा घुम्नैपर्ने विभिन्न स्थानहरू रहेका छन् । जसमध्ये केही मुख्य स्थानहरूमा पाथिभरा, तिनजुरे-मिल्के, कन्याम/इलाम/श्रीअन्तु, हिले, भेडेटार, बुढासुब्बा, चतराधाम, जनकपुर, नाम्चेबजार, ओखलढुङ्गा, जिरी, गढीमाई, सिन्धुली गढी, दोलखा, कालिञ्चोक भगवती, हलेसी महादेव, नगरकोट, काठमाडौँ उपत्यका, मकवानपुर गढी, धुलिखेल, देवघाट, सौराहा (चितवन राष्ट्रिय निकुञ्ज), पोखरा, जोमसोम, मनाङ, लुम्बिनी, घनघश्याको उकालो, मुक्तिनाथ, सुपादेउराली, काँक्रेविहार, राराताल, तिलिचो ताल, स्वर्गद्वारी, त्रिपुरासुन्दरी मन्दिर, वेणी, पाल्पा, गुल्मीको रेसुङ्गा, रिडी, सिकलेस, घलेगाउँ, बन्दीपुर, अन्नपूर्ण क्षेत्र आदि रहेका छन् भने यस्ता अनेक क्षेत्रहरू नेपालमा पाइन्छन् जहाँ पदयात्रा, धार्मिक यात्रा र अवलोकन यात्रा गर्न सकिन्छ । आजको समयमा नेपालीहरू आन्तरिक पर्यटनमा मात्र होइन विदेशी भ्रमणमा जानका लागिसमेत विभिन्न ट्राभल एवम् टुर्स एजेन्सीहरूले विभिन्न माध्यमबाट घुमाउने प्रचलन व्यापक हुँदै आएको पाइन्छ। यस्ता सुविधाले समेत नेपालीहरूमा भ्रमणप्रति रुचि बढेको पाइन्छ।

मलाई पनि सानै उमेरबाट घुम्न जाने चाहना भइरहन्थ्यो। मेरो प्रथम औपचारिक भ्रमण भने कक्षा सातमा अध्ययनरत रहँदा कृषि विषयको ज्ञान लिनका लागि हामीहरूलाई शीतल झा सरले हाल क्यान्सर अस्पताल भएको स्थानमा रहेको कृषि फर्मको अवलोकनार्थ ल्याउनुभएको थियो । त्यो दिनभरको घुमाइमा हामीहरूले कलमी गर्ने, ग्राफ्टिङ गर्नेलगायतका कुराहरू सिकेका थियौँ । यसरी आरम्भ भएको घुम्ने काम आजपर्यन्त समय मिलाएर अनवरत चलिरहेको छ । यसक्रममा मैले

पोखरा, लुम्बिनी, स्वर्गद्वारी, इलाम, तीनजुरे, हिले, बुढासुब्बा, जनकपुर, सुर्खेत, गोर्खा, कालिञ्चोक भगवती, दोलखा भीमसेन, सुन्दरबजार, सुपादेउराली, जिरी, सिन्धुली गढी, मकवानपुर गढी, सिराइचुली, दोलखा, सिकलेस, बन्दीपुर, बारपाक, बागलुङ, नेपालगन्ज, पश्चिममा टनकपुर बाँध र पूर्वमा मेचीपुलसम्मको महेन्द्र राजमार्ग आदि क्षेत्रहरू घुमेको छु। यसरी घुम्दा कति धार्मिक यात्रा थिए भने कतै विशुद्ध अवलोकन भ्रमण रहेका छन् भने कुनै व्यक्तिगत कामका यात्रा थिए। यसरी विभिन्न उद्देश्य भएका यात्रा गरियो । यी यात्राहरू कतै एकल थिए भने कतै सहकारीबाट, कतै सामूहिक यात्रा थिए।

मलाई धेरै पहिलेदेखि नै पाथीभरा मन्दिर, राराताल, मुक्तिनाथ मन्दिर, गोसाइँकुण्ड, तिलिचो ताल, खप्तड क्षेत्र पुग्ने इच्छा थियो। यसैमध्ये यसै साल अर्थात् २०८२ साल जेठ १९ गते मलाई जान मन लागेको एक स्थान गोसाइँकुण्ड जाने इच्छा पूर्ण भयो। दुई वर्ष अघिदेखि जाने योजना बनाउँदै थियौँ तर खै के नमिलेर हो, मिलिरहेको थिएन। भन्छन् नि कुनै पनि कार्य आफूले सोचेरमात्र हुँदैन, समय आउनै पर्छ। यो वर्ष त्यो कुरा पूर्ण हुने भयो । १६ गते छिमेकी दाजु-भाउजू (शिवराज बास्तोला) ले "गोसाइँकुण्ड जाने होइन भाइ ? अहिले दशहराको मेला परेको र त्यहाँ जाने यो अति उत्तम समय हो" भन्नुभयो । उहाँले भोलिपल्टै जाने कुरा गर्नुभयो तर घरको चाँजोपाँजो मिलाउनुपर्ने भएकाले "दुई दिनपछि जाँदा हुँदैन र दाजु ?" भनेँ। दाजुले "नारायणगढबाट धुन्चे जाने बस एक-एक दिन बिराएर जान्छ। भोलि बसको जाने पालो रहेछ" भन्नुभयो। मैले "त्यसो भए १९ गते जाऊँ न त दाजु, दुई दिनले के पो फरक पर्ला र !" भनेँ । उहाँले बस चालकलाई फोन गरेर १९ गतेका लागि उहाँको जोडी, मेरो जोडी र मेरी उनकी दिदी पाँच जनाको लागि सिट रिजर्भ गर्नुभयो। अठार गते दिउँसो त "भोलिबाट सम्पूर्ण कालो प्लेटयुक्त सार्वजनिक गाडी बन्द" भन्ने खबर सुनेँ। मैले दाजुसँग "के गर्ने ?" भनेर प्रश्न सोधेँ। दाजुले "मुक्तिनाथ जाने यो सबैभन्दा राम्रो सिजन हो। जसरी भए पनि जाने ?" भन्नुभयो। हामीले पनि "हुन्छ एउटा निजी गाडी खोजौँ र जाऔँ। केही महङ्गो न पर्ने हो ?" भन्यौँ। उहाँले स्वीकार गर्नुभयो। साँझपख दाजु बसपार्कमा जानुभएछ। त्यहाँ कैलाशनगरका चौबीस जना यात्रुहरू पनि गोसाइँकुण्ड जाने कुरा त्यसै समूहका एक जना यात्रीबाट थाहा पाउनु भएछ। दाजुले पनि 'गोसाइँकण्ड जान लागेको र गाडी खोज्न आएको' कुरा बताउनुभएपछि उहाँले पैँतीस जना अट्ने बसमा चौबीस जना तीर्थयात्री र केही त्रिशूलीसम्म जाने यात्रीहरू भएकाले हामीलाई पनि त्यसैमा जान आग्रह गर्नुभएछ। दाजुले त्यसलाई

स्वीकार गर्नुभएछ। गाडी १९ गते बिहान ८:०० बजे बसपार्कबाट जाने निर्णयका साथ उहाँ घर फर्किनुभयो र हामीलाई सोको जानकारी दिनुभयो।

भोलिपल्ट अर्थात् जेठ १९ गते बिहान नुहाइ-धुवाइ, शौचादि र हलुका चियानास्तापछि घरबाट पैदल हिँडेर ८:०० बजे पारस बसपार्क पुग्यौँ। फाट्टफुट्ट तीनपाङ्ग्रे सार्वजनिक गाडी चले तापनि हामी 'धुन्चेबाट दुई-तीन दिन पैदल हिँड्नुपर्ने भएकाले आजैबाट यसको तयारी गरौँ न' भनेर हिँडेका थियौँ। बसपार्कमा पुगेर केही समय बस्यौँ तर बस आउने छाँट छैन। दाजुले हिजो भेट भएका मानिसलाई फोन सम्पर्क गर्नुभयो। उताबाट गाडी बन्द भएकाले गाडीमा तीर्थयात्रीको ब्यानर बनाउन दिएकाले केही ढिलो हुने भयो भनी जानकारी दिनुभयो। नौ बजेसम्म गाडी आएन। पुनः दाजुले फोन गर्नुभयो। उताबाट ब्यानर सुक्न केही समय लाग्ने र पोखरा बसपार्कबाट दुई-तीन जना यात्रु चढ्ने भएकाले बस त्यतैबाट जाने भएकाले हामीहरू त्यहीँ पुग्नुपर्ने कुरा गर्नुभयो। दाजुले त्यो कुरा हामीलाई बताउनुभयो। हामीले बरु दियालो बङ्गला जाने निर्णय गर्‍यौँ र सोही कुराको जानकारी गरायौँ। बस्दा-बस्दा दिक्क लागेकाले त्यही एक-एक कप चिया पियौँ र एउटा टेम्पो चढेर गन्तव्यतर्फ बढ्यौँ। त्यहाँ थुप्रै मानिसहरू विभिन्न स्थानतर्फ जाने मानिसहरूको भीड थियो। कोही भन्दैथिए, 'एउटा पनि बस चलेको छैन, सायद तपाईँहरूको बस पनि आउँदैन कि !" बस हिँड्ने भनेको समयभन्दा दुई घण्टा ढिलो हुँदा पनि हाम्रो सवारी साधन नआएकाले कतै हामीहरूलाई झुक्याएका त होइनन् नि भन्नेसमेत सोच पलाउन थाल्यो। बल्लबल्ल बस आइपुग्यो। भाग्य बलियो भएकाले पछाडिको पूरै सिट हाम्रो लागि पर्‍यो।

जे होस्, धेरै अगाडिदेखिको सपना पूरा हुनेभयो भनेर खुसी हुँदै पछाडिको सिटमैँ भए पनि गन्तव्यतर्फ बढ्यौँ। मुगलिनसम्म त बाटो राम्रै भएकाले सजिलै भयो तर त्यसपछि भने कुरा गरी साध्ये भएन। निर्धारित समयभन्दा ढिलो भएको र सार्वजनिक सवारी साधनहरूको चहलपहल नभएकाले बाटो खालिजस्तै भएकाले बसको गति तीव्र भएकाले हामीलाई यात्रा गर्न निकै गाह्रो भयो। चालकलाई केही बिस्तारो चलाउनका लागि आग्रह गर्‍यौँ। केही समय त ठिकै भयो तर बिस्तारै फेरि दुर्दशा प्रारम्भ भयो। केही समयपछि गाडी फिस्लिङ पुगेर रोकियो। पाँच मिनट बित्यो, दश मिनट बित्यो तैपनि गाडी अगाडि बढ्ने छाँट देखिँदैन। गाडी मालिक, चालक र सहचालक तीनैजना कता गए केही थाहा छैन। हामीहरू प्रायः सबै तल ओर्लियौँ र कसैले काँक्रो नुन-खुर्सानीसँग खान थाले भने कोही चिया-नास्ता गर्न। एक घण्टा

बित्यो तर बस अगाडि बढ्ने छाँट छैन । सबै चिच्याउन थाले तर बसका तीनैजना हराएका छन् । त्यस्तैमा थाहा भयो त्यो बसले अघिल्लो दिन त्रिशूलीबाट फर्किंदा एउटा मोटर साइकललाई ठक्कर दिएको रहेछ र प्रहरीले रोकेका रहेछन् । हामीहरू गएर प्रहरीसँग अनुरोध गरेपछि बल्ल के-के कागज बनाएर दिएपछि गाडी अगाडि बढ्न पायो ।

एक त पहिले नै ढिलो हिँडेको, त्यसमाथि लगभग एक घण्टाभन्दा बढी त्यहाँ रोकिएकाले चालकले गाडीको गति पुनः तीव्र बनाए । हामी पछि बस्नेको अवस्थाको बारेमा के भन्नु र ? हत्तु भइयो । बाटो बनाउने ठेकेदार र घुसखोर कर्मचारीहरूलाई सराप्दै अगाडि बढ्यौं । बसभित्रै खाना कहाँ खाने भन्ने कुरा चल्यो । बस मालिकले सलाङघाट स्थित एउटा होटेलमा (नाम नभनौं कि ?) खाना खाने भनेर गाडी रोक्यो । देख्दा राम्रो, सफा-सुग्घर र पछाडिपट्टि व्यवस्थित फूलबारी तथा कुर्ची-टेबल तथा त्रिशूलीको बहाव हेर्न पाइने ठाउँ । सबै एकल र समूहमा फोटाहरू खिच्न थाले । होटलवालाले आज गाडीहरू कम हिँड्ने भएकाले खाना तयार नभएको तर केही समयमै तयार गरिदिने कुरा गरेपछि हामी त्यहीं खाना खाने भयौं । केही समयपछि खाना तयार भयो । भात त तातै थियो तर तरकारी र अचार भने सायद दुई-तीन दिन अघि बनेको थियो कि ? ठुस्स गनाएको थियो । प्रायः सबैले दालसँग मात्र खाना खाए । होटलवालालाई खानाको कुरा गर्दा त्यस्तो नभएको भनेर आफ्नो चरित्र उदाङ्ग पारे । सबै खाना फ्रेस भनेको त भात र दालबाहेक अरू सबै बासी । मानिसले पैसाको लागि केसम्म गर्न सक्छन् भन्ने उदाहरण पाइयो । खाना सबै पकाउनुपर्ने भएकाले हामीहरूले बाटोमा अरू कतै तयारी अवस्थामा रहेको होटेलमा खाना खाँदा समयको सदुपयोग हुन्छ भन्दा बस साहूले यहाँजस्तो राम्रो अन्त कतै पाइँदैन भनेर हामीलाई भनेकाले बसमा चढेपछि धेरैले खानाको सिकायत गरे । सायद उहाँहरूलाई ज्वाइँलाई जस्तै ताजा खाना खुवाए होलान्, होटलवालाहरूले त्यसैले उनले होटल र खानाको बखान नै गरिरहे ।

गाडी अगाडि बढ्यो । बाह्र बजे त्रिशूली पुग्ने योजना भएकोमा यस समयसम्म गजुरी पनि पुगिएको छैन । आजको पहिलो बास धुन्चेबाट हिँडेर देउरालीसम्म पुग्ने थियो तर चालक र बस मालिक 'तपाईंहरू धुन्चेमै बस्नुहोस्, त्यहाँ म राम्रो होटलको व्यवस्था गरिदिन्छु' भन्न लागे । खाना खानुअघिसम्म जेट प्लेनको गति लिएको बस खाना खाएपछि त ठेलागाडाको गतिमा चल्न थाल्यो । हामी पछाडि बसेकालाई त सजिलै थियो त्यो खोलाको बगरजस्तो बाटोमा तर आजको गन्तव्य नपुगिएला

भन्ने चिन्ताले दिक्क बनाउन थाल्यो । गल्छी पुगेपछि पृथ्वी राजमार्ग छोडेर त्रिशूली राजमार्ग हुँदै उत्तरतर्फ लागियो । बाटो राम्रो छ तर बसको गति भने उही कछुवाको जस्तै छ। सबैले गति बढाउन भने तर गति बढ्दैन । सायद चालक र बस मालिकले बिहान खाना खुवाएको ठाउँमा जस्तै हामीलाई उनीहरूले भनेको होटलमा राख्दा केही कमाइ हुन्थ्यो कि ? भन्ने सोच्न पुग्यौँ । बसको गतिलाई दृष्टिगत गर्दा आजको बास धुन्चे नै हुने हो कि भन्ने सोचाइ आयो । हामीलाई पहिले जाने साथीहरूले भनेअनुसार धुन्चेबाट लभगभ छ कि.मि. हिँडेर पुगिने देउरालीमा पुगेर बस्नुपर्ने कुरा बताइएको थियो तर त्यसो नहुने देखिएको थियो । बस लगभग डेढ बजे देवीघाटभन्दा केही अगाडि पुग्यो ।

देवीघाट र त्रिशूलीसम्म बाटो नबन्दै हिँडेर गएको हुनाले त्यहाँ केही समय बस रोकिए पनि घुम्न गइनँ । म पहिला आउँदा नै राजा पृथ्वीनारायण शाहको समाधिस्थल देखेको थिएँ । त्यहाँ लेखिएको एउटा सूचनापाटीमा यस्तो लेखिएको थियो - "वि.सं. १८३१ (सन् १७७४) मङ्सिरको मध्यतिर जाडो छल्न नुवाकोट गएका पृथ्वीनारायण शाह नुवाकोट दरबारमा बिमारी परेका थिए । उनको स्वास्थ्य धेरै खराब हुँदै गएपछि उनैको इच्छाअनुसार त्यहाँको देवीघाट लगिएको थियो। नौ दिनसम्म घाटमै रही माघ १ गते बिहान सात बजे उनको निधन भएको थियो ।" यो भनाइ नेपाली र अङ्ग्रेजी भाषामा लेखिएको थियो । यसका साथै पृथ्वीनारायण शाह सिकार खेल्न गएको बेलामा बाघको आक्रमणमा परी गहिरो चोट परी घाइते भएको र त्यसैका कारण उनको मृत्यु भएको कुरासमेत पाइएको छ । उनले विभिन्न उपदेश घाटमै रहेको समयमा दिएका थिए । ती उपदेशहरूको सङ्ग्रहलाई नै दिव्योपदेश भनिएको समेत त्यस सूचनापाटीमा उल्लेख गरिएको थियो । थाहा छैन, अहिले त्यो सूचनापाटी छ, या छैन ?

त्यहाँ तीनजना यात्री उत्रिए । पछाडि सिटमा बसेका तीनजना महिला यात्रीलाई अगाडि चढाइयो । त्यहाँबाट केही अगाडि पुगेपछि बाटो बन्द भएकाले डाइभर्सन प्रयोग गर्ने निर्देशन गरिएको बोर्ड देखियो । एउटा भनाइ नै छ - 'दुर्भाग्य कहिल्यै एक्लै आउँदैन' । साँच्चै हाम्रो नियति यस्तै देखिँदै थियो । त्यहाँबाट देवीघाट लगभग एक कि.मि. मात्र रहेको जानकारी बाटो छेउमा रहेको किलोमिटरको सङ्केत बोर्डबाट भयो । बस त्यहाँ भएको त्रिशूली नदीमाथि बनेको फलामे पुल हुँदै उत्तरतर्फ लाग्यो । सानो गाउँले एउटा गाडी पनि बल्लतल्ल हिँड्ने कच्ची बाटोबाट बस अगाडि बढ्यो । अगाडि एउटा सानो ट्याक्टर रहेछ, त्यसलाई छाडेर अगाडि बढ्न नै लगभग

आधा घण्टा लाग्यो । अगाडिबाट गाडी आउँदा दुईवटा गाडी पास हुने बाटो हेरेर पर्खिरहनुपर्ने । सायद परिस्थितिले हामीलाई हाम्रो गन्तव्यमा नै नपुऱ्याउन खोजेको हो कि ? यस्तै सोच्दै हामी एक कि.मि.को बाटो छोडेर पाँच कि.मि. जति हिँड्यौँ । राम्रो बाटो भएको भए पाँच-सात मिनेट लाग्ने दूरी कटाउन लगभग एक घण्टा लाग्यो । बस देवीघाटभन्दा एक कि.मि. जति अघि पुगेर पुनः देवीघाटतर्फ घुम्यो । त्यहाँबाट हामीहरूसँगै जाने सात जना तीर्थयात्रीहरू रहेछन् । साथै त्यहाँ पनि तीन-चार जना यात्रीहरू ओर्लिएकाले हामीहरू पनि अगाडि बस्न पायौँ । त्यहाँ चढेका सबै महिला तीर्थयात्रीहरू थिए । तीमध्ये दुई जनालाई सिट पुगेन । उनीहरू बोनटमा बस्न पुगे ।

बस पुनः त्यहाँबाट उत्तरतर्फ हानिन सुरु गऱ्यो । तीन बजे बल्लतल्ल बस नुवाकोटको बट्टार बजारमा पुग्यो । त्यहाँ फेरि चालकले ब्रेक केही हल्का भएकाले कस्नुपऱ्यो भन्दै एउटा वर्कशपमा रोक्न पुगे । त्यहाँ हामीहरू उत्रिएर चियानास्ता र हल्का हुने काम गऱ्यौँ । लगभग पन्ध्र मिनेटपछि बस पुनः उत्तरतर्फ लाग्यो । केही समयपछि त्रिशूली जाने बाटो छोडेर पीच गर्न तयार गर्दै गरेको बाटोतर्फ बस अगाडि बढ्यो । केही समयपछि त्रिशूली क जलविद्युत् आयोजनालाई छोड्दै बस बेत्रावती (नुवाकोट र रसुवा जिल्लाको सीमानामा बगेको बेत्रावती नदीमाथि बनेको पुल) पार गरेर बस पासाङ ल्हामु राजमार्ग (साथै त्रिशूली राजमार्ग पनि भनिने) हुँदै उकालिन थाल्यो । बस उकालिन थालेपछि क्रमशः चिसोको अनुभूति हुँदै गयो । अत्यन्तै डरलाग्दो घुमाउरो सानो बाटो हुँदै बस उकालिँदै छ, ठस्ठस् कन्दै । बट्टारमा तीर्थयात्रीबाहेकका यात्रीहरू ओर्लिएका हुनाले हामीहरू कैलाशनगरका २४, भरतपुरका ५ र देवीघाटका ७ तथा बस मालिक, चालक र सहचालक गरी ३९ जना लिएर बस उकालिँदै रहेको छ । बसबाट देखिने हरियालीयुक्त प्राकृतिक सौन्दर्य, पहाडी क्षेत्रका घरहरू, वरिपरि लगाइएका खेतीपाती र बीचबीचमा आइरहने ठाउँहरू (बान्द्रे, बनुवा, बेतनी, धारापानी, कालिकास्थान, धारापानी, कटुन्जे, भोगटिनी, सुँवारा, आर्मी चेकपोष्ट, बाघबजार, घुम्ती बजार, गुम्बाडाँडा, नयाँबस्ती, राम्चे, ग्राङ, ठाडे, सोले झरना, लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय । यहाँ सबै बाहिरबाट गएका नेपालीहरूले रु. १०० तिर्नुपर्ने रहेछ र धुन्चे) हेर्दै अगाडि बढिरहेका छौँ । बसमा गफगाफ त भइरहेका छन् तर अन्य धार्मिक स्थलतर्फ जाँदाजस्तो भजन-कीर्तन, नाच-गान, ठट्टा-रमाइलो छैन, सबै खासखुसमा नै व्यस्त छन् भने कोही मस्त निदाएका छन् । नुवाकोटबाट धुन्चेको ४८ कि.मि. पार गर्न बसलाई लगभग तीन घण्टा लगाई लगभग साँझपख (६ बजेतिर) बस धुन्चे पुग्यो । बस चालकले बाटैबाट एउटा होटलमा गफ गरिसकेका रहेछन् । उनले बस त्यही होटलको

अगाडि लगेर रोके र त्यहीँ बस्न आग्रह गरे । हामीहरू सबै जना ओर्लियौँ र यताउता छरियौँ । संयोगले यसै समयमा धुन्चेबाट लगभग तीन कि.मि. टाढा गोसाइँकुण्ड-५, खेन्डी (२३०० मिटर) मा रहेको न्यू भिलेज होटल एण्ड लजका मालिक भेटिनुभयो । उहाँले हामीहरू यताउता गरेको देखेर "तपाईँहरू किन अलमल गरिरहनुभएको ?" भनेर सोध्नुभयो । हामीहरूले "यतै बस्ने कि नबस्ने भनेर सोच्दै छौँ" भन्यौँ । उहाँले "मेरो होटल यहाँबाट तीन कि.मि. टाढा छ । तपाईँहरू लगभग अढाइ-तीन घण्टामा पुग्न सक्नुहुन्छ । लगभग नौ बज्छ । यति हिँडेर बस्नुभयो भने भोलिबिहान पाँच बजे हिँड्न पाउनुहुन्छ । अलि छिटो हिँड्नुभयो भने साँझमा गोसाइँकुण्ड पुग्नुहुन्छ र फर्किएर लौरीविनायकमा बस्न सक्नुहुन्छ । नत्र गोसाइँकुण्डमै बस्न पनि सक्नु हुन्छ । यदि त्यति हिँड्नुभएन भने लौरीविनायकमा बास बसेर भोलिपल्ट बिहानै जान सक्नुहुन्छ । यदि धुन्चेमै बस्नुभयो भने तपाईँहरू भोलि बेलुका ढिम्सा (३१०० मि.) वा चोलाङपाटी (३५८४) मिटरसम्म पुग्नुहुन्छ । यसो गर्दा तपाईँहरूलाई एक दिन बढी लाग्न सक्छ, अरू तपाईँहरूको विचार" भन्नुभयो ।

हामीहरूले सोच्यौँ - "उहाँको कुरा ठिक हो, हामीले यसै गर्नुपर्छ । "हामीहरू हिँड्ने निर्णयमा पुग्यौँ र चालकलाई केही अगाडिसम्म गाडी लैजान भन्यौँ । चालक र मालिक हामीलाई "यस्तो रातको बेलामा नहिँड्नुहोस् । आज यतै बस्नुहोस्" भन्दै अनुरोध गर्न थाले । हामीले उहाँहरूको आग्रहलाई मानेनौँ र अगाडि बढ्ने निधो गर्‍यौँ र आआफ्ना सामान झिक्न लाग्यौँ । त्यहीँ झर्न लागेको देखेर त्यहाँका स्थानीयले "गाडी त यहाँबाट झन्डै आधा किलोमिटर अगाडिसम्म जान्छ" भने । त्यसपछि लाचार भएर चालकले हामीलाई लिएर अगाडि बढ्यो । त्यहीँ कोही लाइट, लेक नलाग्ने औषधि, सिटामोल आदि किन्न थाले भने कोही केही नकिनी अगाडि बढ्ने तरखर गरे । केही अगाडि बढेपछि सबैले एक-एकवटा लौरो कसैले दस त कसैले बीस रूपैयाँमा किनेर पैदल यात्रा सुरु गर्‍यौँ । केही समय तेर्पायाँ-तेर्पायाँ सिमेन्टेड बाटो अगाडि बढ्यौँ । हिँडेको लगभग आधा घण्टापछि एउटा सानो झोलुङ्गे पुल तर्‍यौँ र माथि पुग्न नसक्ने तीर्थयात्रीहरूको लागि बनाइएको सानो गोसाइँकुण्ड पुग्यौँ । त्यहाँबाट भने उकालो सुरु हुँदो रहेछ । सिमेन्टेड सिँढीयुक्त बाटोमा अघिल्लो रात भीषण पानी परेकाले सबै सफा थियो । हामीभन्दा अगाडि जाने छिमेकी तीर्थयात्रीहरूले भनेअनुसार त त्यहाँ घोँडाको लिदी भरिएको भन्ने सुनिएको थियो तर हामी पुग्दा त्यस्तो केही थिएन । यात्रा अगाडि बढ्दै गयौँ, बाटोको उकालोले उग्ररूप लिन थाल्यो । लगभग दस मिनेट हिँडेपछि सुस्ताउनुपर्ने स्थिति सुरु भयो । केही अगाडिसम्म

सबै एउटै लाम लागेका हामीहरू दुई-चार जनाको समूहमा बाँडिन थाल्यौँ। सानोसानो टुक्रामा विभक्त हामीहरू आआफ्नै रफ्तारमा उकालो चढिरह्यौँ। झमक्क रात पर्न लाग्यो। अघिसम्म जूनको उज्यालोमा देखिने बाटोमा अहिले मोबाइलको लाइट र टर्चको लाइटले झलमल्ल हुन थाल्यो। साढे दुई घण्टा हिँड्दा पनि जङ्गलबाहेक केही देखिँदैन। कोही-कोही त 'बेकार आइएछ, तलै बस्नुपर्ने रहेछ' समेत भन्न थाले। कोही 'होइन, आज त हामी थाकेका छैनौँ, त्यसैले बाटो छोट्याउनु नै राम्रो। भोलि दिउँसो हिँड्नुभन्दा त यो शीतलमा हिँड्नु नै राम्रो' भन्दै सुस्त-सुस्त पाइला अगाडि बढाउँदै थिए। लगभग नौ बजेतिर बल्ल केही माथि बिजुलीबत्ती झलमल्ल बलेको देखियो। हामीहरू खुसी भयौँ, गन्तव्य देखिएकोमा। 'अब त पाँच-सात मिनेट त होला नि!' भन्दै अगाडि बढ्यौँ तर थाकेकाले हो वा टाढै भएकाले हो त्यति नजिकैको ठाउँ कटाउन पनि लगभग आधा घण्टा लाग्यो। बल्ल-तल्ल गन्तव्यमा पुग्यौँ। हामीभन्दा अगाडि चार-पाँच जना पुगेर थकाइ मारिसकेका थिए। हामीहरू पुगेर केही समय विश्राम गरेपछि बिस्तारै अरू पनि आउन सुरुभयो। लगभग साढे नौ बजेसम्म सबै आइपुगे। त्यति बेलासम्म हिँडेको हुनाले होला गर्मीले असिन-पसिन भएका हामी त्यहाँ पुगेर केही सुस्ताएपछि त शरीरले बाक्लो कपडा पो खोज्न थाल्यो। हिँड्दा गर्मीले असिन-पसिन भए तापनि चिसोले फुर्ती महसुस गरायो। असिन-पसिन भएकाले नुहाउनुपऱ्यो भन्ने धेरैको सोच थियो तर केही समय सुस्ताएपछि धारामा गई हातमुख धुँदा नै पानीले सातो उडायो। कसैले नुहाउने प्रयास गरेनन्। म पनि त्यही ड्याङको मुला न परेँ, के नुहाउनु ?

होटल मालिकले धुन्चेबाटै हाम्रो टोली आउने खबर गरिसकेका रहेछन्। हामीहरू सबै आइपुगेपछि तातो पानी र कालो चिया त्यहाँका कर्मचारीहरूले दिनुभयो। होटल बाहिरै बसेर हामीले इच्छानुसार तातो पानी र चिया पियौँ। पानी सिमसिम परेको हुनाले निकै चिसो अनुभूति हुँदै थियो। हामीहरूलाई आआफ्ना कोठा देखाइयो। हामी पाँचजना एउटै कोठामा पुग्यौँ। झोलीतुम्बा थन्क्याएर केही समय ओछ्यानमा पल्टिएर सुस्तायौँ। केही समयपछि खाना खान बोलाइयो। खाना खायौँ भोकले हो वा के हो ? खाना यति स्वादिष्ट लाग्यो कि वर्णन गर्न गाह्रो छ। सय जना अटाउने होटलमा हामीहरूलगायत अन्य टोलीका तिर्थालु गरी लगभग पचास जना थियौँ। टन्न खाना, तीन घण्टाको टोपी खस्ने उकालोको हिँडाइ, बसको उफ्राइले हो कि सबै खाना खाएपछि सुत्ने तरखरमा लाग्यौँ। सुत्नुअगाडि भोलि बिहान लौरी विनायकसम्म मात्र जाने योजना बन्यो र उज्यालैमा पुग्ने हुनाले पाँच बजे हिँड्ने निर्णय गरी सुत्न गयौँ।

भोलिपल्ट बिहानै चार बजेबाट उठ्ने र तयार हुने क्रम सुरु भयो । नुहाउने प्रयास कसैले गर्न सकेनन् । मुख धुन पनि तातोपानी प्रयोग गरियो । चिया-नास्ता गरेर पौने पाँचतिर उकालो लाग्न थाल्यौँ । सात जना हिँड्न नसक्ने भएकाले सत्र-सत्र हजार तिरेर घोडामा चढे भने हामीहरू झोलीझाम्टा बोकेर उकालो लाग्न थाल्यौँ । लगभग एक घण्टापछि देउराली (२,६३० मि.) पुगियो । केही समय त्यहाँ विश्राम गरियो । केहीले साधारण चिया, नास्ता गरे भने केही हल्का हुने काम गरे । थकाइ मार्दै वरिपरिको प्राकृतिक सुन्दरतालाई हेर्दै लगभग दस मिनेटपछि पुनः हामी अगाडि बढ्यौँ । बल्ला उकालो भनेको के हो ? भन्ने थाहा भयो । पाँच पाइला उक्लियो आएकै बाटो फर्किएर सुस्तायो, अनि फेरि अगाडि बढ्यो गर्न थाल्यौँ । पूरै जङ्गलको बाटो, निरन्तर अगाडि बढ्दै रह्यौँ । लगभग दुई घण्टापछि ढिम्सा (३१०० मि.) पुग्यौँ । सानो पाँच-सातवटा घर केही स-सान पसल भएको त्यो ठाउँमा रहेको धाराको चिसो पानी पिएर केही समय सुस्ताएर पुनः अगाडि बढ्यौँ । कोही अगाडि गइसकेका छन्, कोही सुस्ताउँदै छन्, कोही आउँदै छन् । हामी केही समय सुस्ताएर पुनः अगाडि बढ्यौँ । केही समय उकालो चढेपछि केही तेर्पायाँ बाटो रहेछ, केही सजिलो महसुस भयो । केही पाइला छिटो चल्न थाल्यो । केही समयपछि पुनः उकालो सुरु भयो । अघिल्लो दिन माथि बास बसेका मानिसहरू फर्किन थालेको पाइयो । अब कति टाढा छ ? बाटो कस्तो छ ? सोध्दै उकालिइरहेका छौँ । समय-समयमा गफ गर्दै केही सुस्ताउँदै अगाडि बढिरह्यौँ । बिहान लेक नलाग्ने औषधि खाएकाले हो वा के कारणले हो ? मेरो टाउको एकदम दुःख्न थाल्यो । अर्कै एक टोलीकी एक महिलाले औषधि खाएपछि हिँड्नै नसक्ने बनेको र त्यहीँबाट फर्किएको कुरा सुनेपछि एकदम डर लाग्यो । एउटा सिटामोल खाएँ । कतै मेरो पनि अवस्था त्यस्तै हुने हो कि भनेर आत्तिएँ । बिस्तारै-बिस्तारै अगाडि बढिरहेँ । अहिले लेक लाग्ने उचाइ आएको छैन भन्दैथे त्यसैले कहिले चकलेट खाने, कहिले के खाने गर्दै अगाडि बढिरहे । पहिलाको भन्दा उकालो कम भएकाले होला केही सहज महसुस भइरहेको थियो । चन्दनबारी (३३०० मि.) आइपुग्यौँ । त्यहाँ केही समय विश्राम गरियो । लसुनको सुप एक कप दुई सय पचास तिरेर खाएपछि केही सञ्चो भएको अनुभूति भयो ।

विश्राम गर्ने क्रममा त्यहाँ रहेको चिज उत्पादन केन्द्र घुम्नुपर्‍यो भन्ने सोच आयो र बाटोमाथि भएको त्यस केन्द्रतर्फ लागेँ । तर ढोका बन्द भएकाले बाहिरबाट हेरेर चित्त बुझाएँ । केही साथीहरू अगाडि गइसकेका थिए भने केही आउँदै थिए । हामीहरू लगभग बीचमा रहेका थियौँ । केही समयपछि पुनः अगाडि बढ्न लाग्यौँ । बाटो फेरि

डरलाग्दो उकालो सुरु भयो । चितवनमा पाँच सय मिटर पनि मोटर साइकल चढ्नुपर्ने हामी तिघ्रेहरू कछुवाको काललै घिस्रिँदै थियौँ । बाटोमा नेपाली सेनाले धुन्चेबाट कति कि.मि. आयौँ, अब गोसाइँकुण्ड पुग्न कति बाँकी छ भन्ने समयसहितको सङ्केतहरू (जस्तै : एकातिर धर्मद्वार (३५०७ मि.) धुन्चे जाने बाटो (६ घण्टा, ८ कि.मि.) र गोसाइँकुण्ड जाने बाटो (६ घण्टा ३० मिनेट, ७ कि.मि., श्री श्रीनाथ गण) राखेकाले धेरै सोधिरहनुपर्ने रहेनछ । लगभग एक बजेतिर हामी चोलाङपाटी (३५८४ मि.) पुग्यौँ । थकित हामीहरू त्यहीँको 'लाङटाङ लिरुङ भ्यू होटल'मा खाना खाने भयौँ । प्रति प्लेट पाँच सय रहेछ सादा खानाको । मोलमोलाइ गर्दागर्दा बल्लतल्ल चार सयमा खाना खुवाउन तयार हुनुभयो साहूजी । खाना खाइयो, खाना स्वादिलो थियो । खाना खाएपछि मैले त्यहाँ पनि लसुनको तात्तातो सुप खाएँ । साँच्चै त्यसले मेरो टाउको दुःखाइ लगभग छैन भन्ने बनाइदियो । खाना खाएर त्यहाँबाट लगभग दुई बजेतिर उकालो लाग्यौँ । चोलाङपाटीबाट उकालो लागेपछि पानी आउने, रेनकोट लगाउने, केही समयमा पानी हराउने, रेनकोट खोल्ने क्रम धेरैपटक भयो । त्यसैले सबैले रेनकोट बाहिरै लिइरहेका थिए । खाना खाएपछि भने घोडा चढेर जानेबाहेक अरू सबै एकै ठाउँमा जम्मा भयौँ ।

खाना खाएर पुनः अगाडि बढ्यौँ । बाटोमा आउने र जाने तीर्थालुहरू, यात्रीका झोला बोक्ने भरियाहरू, घोडा चढ्ने र डोऱ्याउनेहरू प्रशस्त छन् । फर्किनेहरू हामीहरूलाई के, कसरी हिँड्ने, के के खाने भन्ने सम्झाउँथे । हामीहरू पनि 'भोलि त हामीहरू पनि यसरी नै आउनेहरूलाई सम्झाउँदै झर्छौँ होला हगि' भन्दै अगाडि बढ्दै थियौँ । खाना खाएर आधा घण्टा जति बढेपछि पुनः पानी पर्न थाल्यो । सबै रेनकोट ओढ्न थाले । अब डेढ-दुई घण्टामा हाम्रो आजको गन्तव्यमा पुगिन्छ भन्दै बिस्तारै हिँड्न थाल्यौँ । सबैले आफूले लिएर गएका खानेकुराहरू (भुटेको मकै, बदाम, छोकडा, ओखर, अचार, अमला) एकआपसमा बाड्दै-खाँदै अगाडि बढिरहेका छौँ । लगभग चार बजेतिर हामी लौरीविनायक (४६१० मि.) पुग्यौँ । त्यहाँ पुगेर प्रतिव्यक्ति बाह्र सय रूपैयाँमा खाने बस्ने गरी आआफ्नो कोठामा गयौँ र आराम गऱ्यौँ । सात बजे उठेर खाना खायौँ । खाना खासै मिठो लागेन । तैपनि खाइयो । सबैले खाना खाएपछि पुनः लेक लाग्ने औषधि खाए । मलाई बिहानै अप्ठेरो लागेकाले खाइनँ । सबैले भोलि बिहानै चार बजे मूल गन्तव्य गोसाइँकुण्ड (४३८० मि./१४३७० फिट) पुग्ने निर्णय भयो ।

भोलिपल्ट बिहान चार बजे हिँड्ने भने पनि पाँच बजेपछि बल्ल हिँडियो ।

लौरीविनायकबाट गोसाइँकुण्डको दूरी तीन किलोमिटर भए तापनि लौरीविनायकको उकालो निकै डरलाग्दो छ भन्ने सुनिएको थियो तर अगाडि बढ्दै जाँदा मलाई त मिनी गोसाइँकुण्डबाट सुरु भएको उकालो र देउरालीमाथिको उकालोभन्दा सजिलो नै लाग्यो । सोझो बाटो हुँदो हो त दस मिनेट लाग्ने बुद्धबिहार पुग्न झन्डै सवा घण्टा लाग्यो । त्यहाँसम्म हामी भरतपुर पाँचजनाको समूह मूलबाटो छोडेर घोडेटो हुँदै बुद्धबिहार गयौँ । यो बाटो मूलबाटोभन्दा कम उकालो लाग्यो । साँच्चै हामीहरूभन्दा अगाडि गएका साथीहरूभन्दा हामी नै चाँडो गुगेका थियौँ । त्यहाँबाट आधा घण्टाजति हिँडेपछि उकालो सकियो अनि तेर्पायाँ-तेर्पायाँ बाटो हुँदै हामी अगाडि बढ्यौँ । केही समयपछि गोसाइँकुण्ड, भैरवकुण्ड देखिन थाल्यो । त्यहाँबाट ओरालो र सम्म बाटो हुँदै लगभग साढे आठ बजे गोसाइँकुण्डमा पुग्यौँ । बाटोमा बाक्लै हिउँ परिरहेकाले त्यसमा चिप्लने डरले बिस्तारो हिँडेका थियौँ । कुण्डको माथिपट्टि चारपाँचवटा होटल र लजहरू थिए । त्यहाँबाट केही तल तालमा पुगेर आफ्ना झोली-झाम्टा बिसायौँ । जुत्ता खोलेर यसो कञ्चन पानीको तालमा खुट्टा राखेको त पानी अत्यन्तै चिसो भएको थाहा भयो । मैले ननुहाउने सोच बनाएँ, तर सबैजना डुबुल्की मारेको देखेर ममा पनि डुब्ने रहर बन्यो र लुगा खोलेर तीन पटक डुबुल्की लगाएँ र नयाँ कपडा लगाएँ । पहिलोपल्ट पानी छुँदा सात्तो उडेको थियो तर नुहाउँदा त्यति चिसो लागेन । जे होस् सबैले नुहाए । नुहाएर पूजा गरेपछि त्यहाँबाट फर्कियौँ ।

तालभन्दा केही पर महादेवले त्रिशूल हानेर पानी निकालेको ठाउँ देखियो । कोही त्यहाँ गए भने कोही गएनन् । हामीहरू पाँचजना भने गएनौँ । त्यहीँबाट निस्किएर बनेको तालको पानी बोतलमा राखेर फर्कियौँ र तालमाथिको एउटा होटलमा पुगेर तातो पानी र एक-एक कप कालो चिया सय-सय रूपैया तिरेर पियौँ । होटलका साहूजीले गोसाइँकुण्डमा हिन्दूले देवाधिदेव महादेवको रूपमा, बौद्धले आर्य अवलोकितेश्वरको रूपमा मान्ने गर्दछन् र बोन्पो (तान्त्रिक) हरूले तन्त्र साधना गर्ने कुराको जानकारी भयो । यसका साथै धेरैजसो यात्रुहरू धार्मिक रूपले नभई पैदल यात्राका लागि आउने गरेको कुरा थाहा भयो । यहाँ काठमाडौँबाट हेलिकप्टरबाटसमेत तीर्थालुहरू आउने रहेछन् । हेलिकप्टरमा आउने तीर्थालुले दस मिनेटभित्र नुहाउने, पूजा गर्ने गरिसक्नुपर्ने कुरासमेत जानकारी भयो । त्यहाँ रहेको हेलिप्याड हामी पुग्दा पूरै हिउँले भरिएको थियो ।

गोसाइँकुण्ड कसरी बन्यो भन्ने कुरा मैले सुनेअनुसार देवता र दानव मिलेर समुद्र मन्थनबाट गाई, ऐरावत, पारिजातजस्ता विभिन्न अलौकिक वस्तुहरू निस्किँदै जाँदा

कालकूट विष पनि निस्कियो। यो विषको प्रभावले देवता र दानव मूर्छा पर्ने र मर्न पनि लागे, यो विषलाई व्यवस्थापन नगरेमा संसार र सृष्टि नै भष्म हुने सम्भावना आएपछि सबै देवता र दानव भगवान् शिवको शरणमा पुगे। सृष्टि बचाउनका लागि महादेवले विष आफैंले सेवन गरे। त्यही विषको कारणले उनको घाँटी नीलो भएकाले नीलकण्ठ नाम रहन गएको हो। विष सेवन गरेपछि विषले महादेवलाई पनि बेहोसजस्तै बनाएछ। त्यो विषको डाहा शान्त पार्न हिमालय पर्वतमा पुगेर आफूसँग भएको त्रिशूलले भित्ता खोपे र त्रिशूलको तीनवटा चुच्चोबाट बनेको धाराको पानी पिएपछि डाहा शान्त भएको र त्यही त्रिशूलधाराबाट उक्त पानी बगेर गई गोसाइँकुण्ड बनेको भन्ने भनाइ सुनेको थिएँ। त्यस कुण्डको बीचमा अहिले पनि भगवान् शिव रहनुभएको र कतिले देखेको भनाइ पनि सुनियो।

नेपालका बडाकाजी नामले परिचित अमरसिंह थापाको मृत्यु गोसाइँकुण्डमा नै भएको थियो भन्ने सुनेको थिएँ। नेपाल-अङ्ग्रेज युद्धपछि अमरसिंहमा वितृष्णा जाग्नुका साथै उनलाई भूमिकाविहीन र निष्क्रिय बनाएकाले मानसिक रूपमा व्यथित भएकाले उनी मानसिक शान्ति र दशहराको मेला भरी पूजाआजा गरी जनैपूर्णिमा सकेर फर्किने गरी कान्छी मुखिनीका साथ जेठ १८७३ मा गोसाइँकुण्ड गएका थिए र पूजापाठ गरी बसेका थिए। तर जनैपूर्णिमा आउनुभन्दा दस दिनअगाडि नै साउन १२ गते राति ११:४५ बजे उनको निधन भएको कुरा कतै पढेको थिएँ।

घरबाट हिँडेको तेस्रो दिन नेपालको सबभन्दा अग्लो स्थानमा रहेको तीर्थस्थल गोसाइँकुण्डबाट लगभग दस बजे फर्कियौँ। फर्किँदै गर्दा हिजो घोडा चढेर आएका हाम्रो टोलीका साथीहरू बल्ल-तल्ल कुण्डतर्फ आउँदै गरेको देख्यौँ। उहाँहरूलाई किन घोडामा नआउनुभएको त ? भनेर सोध्दा घोडावालाहरूले ल्याउनुपर्ने भए तापनि उनीहरूले धोका दिएको कुरा गरे। घोडावालाहरूले हिजै पैसा लगेको र आज नआई धोका दिएको कुरा गरे। साथीहरूले आज धुन्चेबाट आई बसेको होटलमा नै बस्ने हो, तपाईंहरू जाँदै गर्नुस्, हामी आउँदै गर्छौँ भन्नुभयो। हामीहरू फर्किन थाल्यौँ। हामीहरू भैरवकुण्ड हुँदै लौरीविनायक, चोलाङपाटी, चन्दनबारी आयौँ। हामी भरतपुर-१२ बाट गएका पाँच जनाको टोलीले चन्दनबारीमै खाना खायौँ। हामीले खाना खाएर हिँड्न लाग्दा देवीघाटबाट गएका सात जनाको महिला टोली आइपुग्यो। उहाँहरूसँगै ओरालो झर्न थाल्यौँ। सात जनाको टोलीले बाटोमा परेको एउटा सानो दोकानमा बसेर चिया र आफूले लिएर आएका खाना खान थाले। हामी पाँच जना भने ओरालो झर्दै गयौँ। बाटोमा उकालो चढ्नहरूको लर्को लागेको थियो। उहाँहरूसँग कुराकानी

गर्दै हामी झर्दै थियौँ । उकालो चढ्नभन्दा ओरालो झर्न मुस्किल भइरहेको थियो । देउराली पुग्दा झमक्क साँझ परिसकेको थियो । हामीहरू थाकेर लखतरान भइसकेका थियौँ अब तल झर्ने कि यहीँ बस्ने भन्ने दोधारमा पऱ्यौँ । त्यहाँ कालो चिया पिएर अगाडि बढ्ने निर्णय गऱ्यौँ । बिस्तारै झर्न लाग्यौँ । हिँड्दै गर्दा ठूलै पानी पर्न थाल्यो । दुईवटा टर्च लाइट, पाँच जना मानिस, त्यसमाथि पानी परेर मैले बोकेको लाइट कहिले बल्ने कहिले निभ्ने हुन थाल्यो । रेनकोट लगाएर ओर्लिइरह्यौँ । लगभग आठ बजे हामी पहिलो दिन बसेको होटलमा हत्तु भएर पुग्यौँ । हामी त्यहाँ पुग्दा हाम्रो टोलीका छत्तीसजनामध्ये घोडा चढेर आउनुभएकी एक महिलामात्र रहिछन् । हामी छ जनामात्र त्यहाँ बस्न पुग्यौँ । अरू कोही देउराली त कोही ढिम्सामा बसेको जानकारी भयो ।

भोलिपल्ट बिहान हामी छ बजे मात्र उठ्यौँ । बिहानको कार्य सकेर चिया-नास्ता गर्दै गर्दा हाम्रो टोलीका सहयात्रीहरू आउन थाले । बिस्तारै हामी समूहमा मिलेर अगाडि बढ्यौँ । वास्तवमा सबभन्दा डरलाग्दो बाटो त यही हो जस्तो लाग्यो । फेरि टोली छिन्नभिन्न भएर अगाडि बढ्दै छ । हामी पाँचजना भने जहिले पनि सँगै रहेका थियौँ । मिनी गोसाइँकुण्ड आइपुग्दा भरतपुर-१२, हुलाकचोकका पाँचजनाको टोली भेटियो । कुराकानी भयो । उहाँहरू स्याफ्रुबेसी, टिमुरे हुँदै चाइनाबोर्डरसम्म जाने जानकारी भयो । उहाँहरूसँग हामीहरू पनि जाने भयौँ । फर्किँदै गर्दा बाटोमा एउटा जीप भेटियो त्यसैमा नौ-नौ सय तिरेर जाने भयौँ । धुन्चेबाट लगभग एक कि.मि. अगाडिबाटै त्यही जीप चढी हामी पुनः पासाङ ल्हामु राजमार्ग हुँदै नयाँ गन्तव्यतर्फ अगाडि बढ्यौँ । बाटोको अवस्था उही हो कतै पिच, कतै खाल्टाखुल्टी, कतै गाउँ, कतै जङ्गलयुक्त घुमाउरो र सानो । अगाडिबाट आएको गाडीलाई साइड दिन ठाउँ खोजेर रोक्नुपर्ने । खोपाङ, ठुलो भार्खु हुँदै धुन्चेबाट हिँडेको लगभग एक घण्टा जतिमा सात घुम्ती भन्ने स्थानमा पुगियो । त्रिभुवन राजपथको घुम्ती सम्झाउने त्यो ठाउँबाट गाडी तलतल झर्दै अगाडि बढ्दै छ त्रिशूली नदी र चिनिया भूमिबाट बग्दै आएको भोटेकोशी खोला र मिलेको त्रिशूलीको किनारमा बनेको बाटो । अगाडिबाट आउने चाइनाबाट आएका इभी गाडीहरूका साथै मालवाहक ट्रकहरू तथा काठमाडौँबाट स्याफ्रुबेसी आउँदै गरेका बसहरू प्रशस्तै भेटिएका थिए । अगाडि बढ्दै जाँदा त्रिशूली नदीमा बनेको चिलिमे जलविद्युत् परियोजना भेटियो । त्यहीँ बनेको त्रिशूली नदीको पुल तरेर जीप अगाडि बढ्दै छ । हामीहरू दुईतिर पहाड र बीचमा त्रिशूली नदी र छेउमा बनेको बाटो वरिपरिका केही घरहरू हेर्दै अगाडि बढेका थियौं । पुरानो स्याफ्रुबेसी, चिलिमे पुल, रसुवागढी पावर हाउस, स्याफ्रुबेसी, टिमुरे हुँदै हाम्रो गन्तव्य मितेरी पुलमा पुग्यो ।

एक बजेपछि मात्र पुल खुल्ने रहेछ । त्यहाँ नेपाल र चीन दुवैतर्फ पुलको बीचमा गेट बन्द थियो । नेपालपट्टि केही गाडीहरू, मानसरोवर जान तयार भएर बसेका भारतीय तीर्थयात्रीहरू थिए । पारिपट्टि चाइनाको दुईवटा झण्डा फहराइरहेका झण्डायुक्त ठूला चार-पाँचवटा घरहरू थिए । केही समयपछि गेट खुल्यो । हामी दसजनामध्ये दुई जनासँग आफ्नो परिचय खुल्ने सरकारी कागजात भएकाले चाइनिज क्षेत्रमा प्रवेश गर्न पाए । हामीहरू आठ जना भने हिस्स बुढी हरिया दाँत भयौँ । मोबाइलमा भएका नागरिक एपका कागजातको त कुनै सुनुवाइ नै नहुने रहेछ । हामी त्यहीँ उभिएर पुलवारिको नेपाल र पुलपारिको चीनको भूगोल हेर्दै बस्यौँ । दुवैतर्फको भूगोल उस्तै छ, तर देश भने फरक । चराचुरुङ्गीहरू यताबाट उता, उताबाट यता गरिरहेका छन्, हामीहरू विश्वको सबैभन्दा चेतनशील प्राणी पाँच पाइला परको अर्को देशलाई हेरेर चित्त बुझाउन बाध्य भयौँ । लगभग एक घण्टापछि दुईजना हातमा केही सामान लिएर फर्किनुभयो । उहाँहरू आएपछि हामी फर्कियौँ । बाटो दुवै साइडमा सयौँको सङ्ख्यामा रहेका खाली कन्टेनरहरू चीनतर्फ जान तयार छन् भने केही चीनबाट फर्किएर उत्तरतर्फ हानिएका छन् । यसका साथै बाटामा हजारौँको सङ्ख्यामा इभी गाडीहरू उभिएका छन् । त्यहाँ हेर्दा त्यही एउटा नाकाबाट मात्र कति पैसा विदेशिन्छ होला भन्ने सोचेँ । हामी फर्कियौँ । अघि गएको बाटो हुँदै हामी धुन्चेतर्फ हानियौँ । धुन्चेबाट आउने क्रममै होटलमा खाना बनाउन लगाएकाले त्यही पुगेर खाना खाने भयौँ । तीन बजेतिर खाना खायौँ र त्रिशूली जाने लोकल बस चढेर अगाडि बढ्यौँ । हामी चढेको बसका चालकले त्रिशूलीबाट वीरगन्ज जाने बसका चालकसँग सम्पर्क गरेर हाम्रो लागि सिट रिजर्भ गरिदिएकाले हामी आजै घर पुग्ने भएकाले खुसी भयौँ । अन्यथा त्रिशूलीमै बस्नुपर्ने हुन्थ्यो । वीरगन्ज जाने बस हामीहरूलाई नै कुरेर बसेको रहेछ । हामी पुग्यौँ, बस अगाडि बढ्यो । त्रिशूलीबाट हिँडेको पाँच घण्टापछि राति एक बजे हामी बसबाट उत्रियौँ र घरतर्फ लाग्यौँ ।

गोसाइकुण्ड जाने क्रममा गह्रुँगो सामान नबोक्ने । आफूलाई आवश्यक पर्ने पानीको बोतल, रेनकोट, टाउको दुखाइ कम गर्ने औषधि, लेक लाग्न रोक्ने औषधि, स्वास-प्रश्वासमा केही समस्या भएमा इन्हेलर, लसुन, टिम्मुर, चकलेट, चप्पल, बाक्लो कपडालगायत केही पातला कपडा मात्र बोक्न उपयुक्त हुने हाम्रो अनुभव रह्यो ।

भरतपुर-१२, चितवन

# अन्नदाताप्रति

(चित्रलेखा छन्द)



✍ काशीनाथ मिश्रित

पानी आयो दरर दरर यो भूमिमा बर्सिएर
आशा जाग्यो जल जमिन भरी आउला सर्सिएर
खाल्टाखुल्टी पनि भरिन गए हर्ष लाग्यो अपार
आशावादी किरण छर नयाँ मास लाग्यो असार ।

यो बेलामा अब नबस घरै निस्क हाम्रा किसान
बग्लान् तिम्रा तरतर पसिना सिञ्चने छौ महान ।
बालीनाली, विविध बिजनले खोज्छ तिम्रै सुसार
आशावादी किरण छर नयाँ मास लाग्यो असार ।

कल्ले जोत्ला जमिन भन हलो बोक्न आफै नआए ?
को खन्देला कृषक जन तिमी खेतमा नै नआए ?
आऊ तिम्रा करकदम चले मात्र लाग्नेछ पार !
आशावादी किरण छर नयाँ मास लाग्यो असार ।

तिम्रै बाटो युगल नयनले हेर्दछन् आज सारा
बन्छौं हामी सब जन बबुरा भोकले बेसहारा
तिम्रै खाँचो अविरल छ यहाँ नत्र लाग्दैन पार
आशावादी किरण छर नयाँ मास लाग्यो असार ।

हत्केलामा अनवरत उठे धेर ठेला तथापि
लड्दा माटोसित तन चुडियोस् हार खान्नौ कदापि
पाउन्नौ खै मल समय छँदै वेदना छन् हजार
आशावादी किरण छर नयाँ मास लाग्यो असार ।

संसारैका जनक पनि तिमी शास्त्रले हो भनेको
बाँझो धर्ती जति कृषकविना को छ खोस्नी खनेको ?
शेखी गर्छन् किन अरु जनले बुझ्न बाँकी छ सार
आशावादी किरण छर नयाँ मास लाग्यो असार ।

हाम्रा सच्चा कृषक जन तिमी धन्य छौ अन्नदाता !
भर्छिन् तिम्रै करचरण चुमी प्राण यी भूमि-माता
देखूँ तिम्रो हरदम हँसिलो, शान्तिप्रेमी मुहार !
आशावादी किरण छर नयाँ मास लाग्यो असार ।

रुरुक्षेत्र ५, गुल्मी ।

# कवि हीरामणि खराल 'विषम' र उनको 'क्षितिजमा अक्षरहरू'

✍ वत्सराज कश्यप

## कवि परिचय

वाङ्मयसेवी खरेल/खराल बन्धुहरू पश्चिम नेपालको बागलुङ, गुल्मी, पाल्पा, अर्घाखाँचीबाहेक काभ्रेमा पनि छन् । नेपालका प्रायः सबै क्षेत्रमा यी बन्धुहरूको रहरलाग्दो सक्रियता, सहभागिता, कर्मशीलता र समर्पणभाव झल्किन्छ। कवि हीरामणि २०१६ साल वैशाख ३ गते साविक वामी ठुलाखर्क, गुल्मीमा जन्मेका हुन्। आन्तरिक बसाइ-सराइका क्रममा हाल वैकुण्ठचोक, लङ्कु, भ.म.न.पा.-४, चितवनमा उनको स्थायी बसोबास छ। स्नातकसम्मको शिक्षाप्राप्त कविले मदनपोखरा, पाल्पा र बुटवल बहुमुखी क्याम्पसबाट शिक्षाप्राप्त गरे भने नेपाल सरकारको शाखा अधिकृत पदबाट अवकाश प्राप्त गरी समाजसेवा र साहित्य सिर्जनामा सक्रिय छन् । उनका हालसम्म कवितासङ्ग्रह दुई र खण्डकाव्य एक प्रकाशित छन् । सयथुँगाा (कवितासङ्ग्रह, २०७६), जीवनयात्राको कविता (कवितासङ्ग्रह, २०७०) र क्षितिजका अक्षरहरू (कवितासङ्ग्रह, २०८२) पुस्तकाकार कृति हुन् । साहित्य सिर्जनाका अतिरिक्त उनी दसवटा जति शैक्षिक, धार्मिक, सामाजिक सङ्घ-संस्थासँग सम्बन्धित छन् । जसमा नेपाल रेडक्रस सोसाइटी, खराल वंश प्रतिष्ठान, त्रिवेणी साहित्य प्रतिष्ठान, वैदिक विद्या प्रतिष्ठान गुरुकुलम्, बाल सुसंस्कार वैदिक गुरुकुल, गुल्मी-चितवन मैत्री समाज, ज्ञानज्योति पुस्तकालय, शेयर सदस्य लेखा सुपरीवेक्षण समिति, सामुदायिक साकोस तथा सहकारी अभियानमा उनको विशेष योगदान छ।

## 'क्षितिजका अक्षरहरू'को भौतिक स्वरूप

यो कवितासङ्ग्रह धान दिवस (असार १५, २०८२)का दिन त्रिवेणी साहित्य प्रतिष्ठानको ३६औँ स्थापना दिवस पारेर एक भव्य समारोहमा विमोचन भएको थियो। स्मार्ट साइज, चार रङ्गको आकर्षक आवरणमा इन्द्रेणीमय आकाशको भौतिक दृश्यचित्र यसको अग्रभागमा छ भने पश्चभागमा लेखकको व्यक्तिवृत्तको परिचयमा

केन्द्रित छ । अग्रभाग भित्री पृष्ठमा कविका आफन्त नौ जनाको रङ्गीन चित्र छ भने पश्चभागको भित्रपट्टि अमेरिका भ्रमणका छवटा रङ्गीन एलबम साइजका चित्रहरू छन् । त्रिवेणी साहित्य प्रतिष्ठानको प्रकाशन, सूर्यमुखी छापाखानाको मुद्रण, २७५।- रूपैयाँ मूल्य, श्रीमती लक्ष्मी खराल प्रकाशक, मातापिताका सचित्र कवितात्मक समर्पण छ । हीरामणिको कवितात्मक मूल्याङ्कनका सन्दर्भमा त्रिवेणी साहित्य प्रतिष्ठानका संस्थापक अध्यक्ष प्रा.डा. नारायणप्रसाद खनालले उनको वंशवृक्ष र कवितात्मक मूल्यको सङ्क्षेप तर गम्भीर विवेचना गरेका छन् । कवि तथा गजलकार भरतबाबु ढकालको आठपङ्क्तिको शुभकामना हुनु, त्रि.सा.प. का अध्यक्ष इन्द्रराज पण्डितको प्रकाशकीयभित्र संस्थागत उन्नयन, कृति प्रकाशनको गौरव, पुस्तक प्रकाशनार्थ पुरस्कार संस्थापकका प्रति कृतज्ञता ज्ञापन गर्नु, भूमिका लेखक, मुद्रक सबैका प्रति कृतज्ञता व्यक्त गर्नु, सहप्रकाशनको कलमभित्र लक्ष्मी खरालका सन्तान प्रजनन, पारिवारिक सङ्घर्षको पीडा, गृहस्थी र कृतिसभ्यताका सङ्घर्षपूर्ण क्षणको चित्रण गर्नु, पुस्तक प्रकाशनार्थ सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्नु, 'मेरो भन्नु यति मात्र' भित्र पनि कविता लेखनको रचनागर्भसँगै पुस्तक प्रकाशनसम्मका पात्र, परिवेश र शुभेच्छुकप्रतिको कृतज्ञताज्ञापनबाट आफ्नो आत्मकथ्य सकिएको छ । यसमा ४१ वटा गद्यलयका कविताहरू छन् भने, २५ वटा पद्यलय, लोकलय र गीतिलयमा रचना गरी एकप्रकारको रबर छन्दको उपयोग गरिएको अवस्था छ । ६६ वटा कविताहरूको विषयसूची छैन । स्रष्टा ६९ वर्षमा हिँड्दै गरेको अवस्थामा ६६ को सङ्ख्या हो कि ? अन्य कुनै कारण हो, खुलाइएको छैन । समग्रमा कवितासङ्ग्रहको रूपमा कविको तेस्रो मानसिक सन्तानको जन्म भएको छ । यसभित्र कथ्यसन्दर्भका विषय र प्रस्तुति सङ्क्षेपमा प्रकाश पार्ने पङ्क्तिकारको उद्देश्य रहेको छ ।

**'क्षितिजका अक्षरहरू' (गद्यहरू)**

सर्वप्रथम अक्षरहरू स्पष्ट हुन्छन्, दृश्य र श्रव्य हुन्छन् । सुदूर क्षितिजमा अक्षर देखिँदैनन्, सूर्य, चन्द्र र तारा देखिन्छन् । कवितासङ्ग्रहको शीर्षक बिम्बात्मक छ । अक्षरको आकाश फराकिलो छ, अभेद्य छ, अनन्त छ भन्ने कथ्य वा भाष्यनिर्माण गर्न खोजिएको प्रतीत हुन्छ । सम्पूर्ण कविताको सारवस्तुले जीवनका समग्र आरोह-अवरोहहरूको चित्रण गरेको छ । म आफूले पनि कविताहरूको सारवस्तु पर्गेल्ने पक्षमा जमर्को गरेको छु । प्रथम कविताको क्षितिजका अक्षरहरू र अन्तिम कविता देशभक्तिको आह्वानपछि त्रिवेणी साहित्य प्रतिष्ठानद्वारा प्रकाशित कृति सङ्ख्या,

नाम, विधा, लेखक र प्रकाशन वर्ष राखेर पूर्णता दिने काम भएको छ ।

*क्षितिजका अक्षरहरू*भित्र मिर्मिरे प्रहरबाट जीवनचक्र आरम्भ गर्नु, कृषि, हिमाल, सांस्कृतिक गुञ्जन, पक्षीको चिरविराहटपूर्ण ध्वनि, सौन्दर्यभित्र मानवीय जीवनका एषणा र आकाङ्क्षा, प्रकृति र पर्यावरणका बीच मानवीय जीवन र जगत्‌को चित्रण यस कविताबाट भएको छ । यसको आरम्भ पनि त्यहीँबाट हुन पुगेको छ । *दिनचर्या* शीर्षकभित्र आफ्नो दैनिकीभित्र देशको दैनिकीलाई रूपान्तरण गर्नु, लकडाउन, भूकम्प, छिमेकीको ठुल्दाइ प्रवृत्ति, सहकारी पीडित र पीडकको दशा-दुर्दशाको चित्रण, युवा पलायन, जीवनको बाँझोपन, कर्मशील बन्ने चरित्र र समयका बीच आफ्ना दिनचर्यालाई राष्ट्रिय चिन्तनमा समेट्ने काम भएको छ ।

*महङ्गी* शीर्षकमा सुविधाभोगी भ्रष्ट नेताको चरित्रलाई नङ्ग्याउनु, स्वदेशी र विदेशी बसाइँ-सराइबाट आफ्नो देश पिल्सिँदै गएको अनुभूति गर्नु, कृषिको परनिर्भरता, शिक्षा र स्वास्थ्यको डाइनासोरजन्य चरित्र, औद्योगिक प्रतिष्ठानको विक्री, भुइँमान्छेको थप शोषण र उत्पीडनमाथि प्रकाश पार्नु, बाल्यकालीन र युवाकालीन समयका रागात्मक स्वरूपका इच्छा, आकाङ्क्षा र यथार्थताको स्मृतिबिम्ब चित्रण गर्नु, प्रेमान्ध चरित्रको चित्रात्मक मनोदशासँगै रूपान्तरित जागरणको खबर व्यक्त गर्नु, मानव जीवनका सम्पूर्ण पहेलीहरूमा भावनाको निर्विकल्प र शास्वत सत्यलाई स्वीकार्नु, आर्थिक रूपले विपन्न पहाडिया समाज, परिवार, कृषिकर्म भए पनि दीनहीन मलीन अवस्थाको जीर्ण आवासमा भाग्य र भविष्यको अन्त्यहीन प्रतीक्षाको चित्रण हुनु, अक्षरको खेतीमा रमाउन खोज्नु र त्यसको व्यवस्थापन गर्न नसकेकोमा पश्चात्तापी बन्नु, कोरोनाकालीन विश्वमानव समाजको भयावह चित्रणका साथ चौतर्फी स्वार्थ र भ्रष्टाचारको जगजगी देखेर कविको मनोदशा चिन्तित हुनु, बाँच्ने प्रबल इच्छासँगै मृत्युवरण गर्नुपर्ने नियतिको चित्रणका साथ सामाजिक परम्परा र संस्कारसँगै आत्माको अमरत्व स्वीकार्नुसम्मका विविध विषयबाट कविताको यात्रा अगाडि बढेको छ ।

नेपाली राजनीतिको सङ्घर्षशील चरित्रको उपहास र दुरुपयोगको चित्रण गर्नु, विभिन्न कालखण्डमा भएका आरोह-अवरोहका बीच हिंसात्मक इतिहास, संभ्रान्त र सामन्ती राजनैतिक प्रवृत्ति, कुशासन र भ्रष्टाचारको व्यापकतालाई चित्रण गर्नु, प्राकृतिक जीवन पद्धतितर्फको आकर्षणमा आफ्नो ग्रामीण सभ्यता, मूल्य र मान्यताका अविस्मरणीय पलहरूको चित्रणका बीच आन्तरिक बसाइँ-सराइ गर्दा पनि प्राकृतिक मूल्य छैन भनेर पुनः प्रकृतिमा रमाउनु, प्रत्येक क्षेत्रमा हुनेगरेका राजनैतिक कुरुप दृश्यले

आफू पनि हिलोको दलदलमा फसेको अनुभूति गर्नु, नेपाली राजनेताको समग्र चरित्र देखेर आम जनमानसमा धैर्य र संयमको सीमा समाप्त भएको अवस्थामा राष्ट्रघात र भ्रष्टाचारलाई टुलुटुलु हेरेर बस्नुपर्ने अवस्थाको चित्रण गर्नु, नेपालको प्रारम्भदेखि पौराणिक र ऐतिहासिक कालखण्डमा शान्तिको अन्वेषण गरे पनि प्राप्त हुन नसक्ने कुराको चित्रण हुनु, संसदीय व्यवस्था र गणतन्त्रात्मक कालमा नेपाली सांसदले गरेका भ्रष्टाचारका नग्नताको चित्रण गर्नु, नेपाली राजनीतिको इतिहास सत्तालिप्सा र आपसी कलहबाट आक्रान्त छ भन्ने कुरालाई सत्ताधारीहरूको क्रियाकलापमा दर्शाउनु, शुभचिन्तकहरूभित्र नेपाली वर्तमान परिवशको चित्र मुखरित गर्दै नेपाली पिताका आन्तरिक संवेदना र वास्तविकताको चित्र उजागर गर्नुसम्मका विषय यसमा छन् ।

नेपाली इतिहासको चरित्रसँगै आम नेपालीको अवस्थामाथि प्रकाश पार्नु, चुनावी राजनीति, विजेता राजनेता र भुइँमान्छेको यथास्थितिप्रतिको अवस्था दर्शाउनु, निर्वाहपूर्ण जीवीकोपार्जनबाट सुविधासम्पन्न स्थितिमा पुगेको आफ्नोपनको चित्रण गर्नु, नेपाली समाज, राजनीति र प्रशासनमा विद्यमान नातावाद, कृपावाद, भनसुनको चलखेल आदि नेपाली बडप्पनजन्य चरित्रको चित्रण हुनु, सांस्कृतिक विचलन, विलासी गणतन्त्र, खर्चालु प्रवृत्ति, अर्काको देखासिकी गर्ने नेपाली प्रवृत्तिको चित्रणमा रमाउनु, समयको यात्रामा निस्केको मान्छेको मृत्यु मर्ने-मार्ने, बेपत्ता पार्ने, कथित दस लाखको क्षतिपूर्तिमा मानव जीवनको मूल्य तोक्ने स्थितिको चित्रण गर्नु, लाहुरेको वैवाहिक जीवनका उहापोहहरूको विश्लेषण गर्नु, वर्तमान नेपालको भौतिक, आर्थिक र भौगोलिक परिदृश्यको चित्रणकाबीच अन्धकारपूर्ण भविष्यको नेपालको भविष्यप्रति सङ्केत गर्नु, मानवीय संस्कारको ऐतिहासिकता र जीवन्ततामाथि प्रकाश पार्नु, व्यक्तिजीवनको भोगाइलाई रोदनको पीडादायी चरित्रका रूपमा बुझ्नु र सम्पूर्ण जीवनका चक्रलाई रुवाइका साथ मूल्याङ्कन गर्नुमा कविताको मर्म छ ।

सिल्टिमुरको विश्वका बीच मृत्युका बहुआयामिक स्वरुपमाथि प्रकाश पार्नु, मान्छे बन्धनै-बन्धनले जेलिएको छ र बन्धनबाट मुक्त हुन चाहेर पनि मुक्त हुन सक्दैन भन्ने सन्देश दिनु, वर्तमान नेपालको दशा र दुर्दशापूर्ण स्थितिको चित्रण गर्नु, उनी आउँछिन् अमूक पात्र लक्ष्मी, सरस्वती, जीवन साथी, मुक्ति स्वरुपा जो भए पनि आफ्नो सहयात्री भई आउने कुरामा विश्वस्त देख्नु, बलशाली अतीतको जीवनशक्ति र वर्तमानमा समग्र अशक्त अवस्थामा अर्कोको नियन्त्रणमा बाँच्नुको सकसपूर्ण जीवनको चित्रण गर्नु, सन्ततिबाट तिरस्कृत भएर बाँचेको अवस्थामा मृत्युको निर्विकल्प स्थिति दर्शाउनु,

स्वास्थ्य सबल र ऊर्जाशील भई जीवन भोग्ने सपनाको प्रतिबिम्ब झल्काउनु, आदेश र उपदेशका बीच व्यवहारमा भिन्न चरित्रको प्रदर्शन गर्नु, क्रान्तिकारीलाई सलाम भनिए पनि व्यवहारमा त्यसको उपहास भएको स्थिति दर्शाउनु, खस-आर्यहरूको सभ्यता र नश्ललाई उत्खनन गर्ने प्रयासमा केन्द्रित हुनु, रहरलाग्दो विगत र वर्तमानमा खण्डहर तथा उजाड भएको सन्दर्भ व्यक्त गर्नु, आफूले कविता लेख्न नसकेको र मात्र प्रयास गरेको स्पष्टीकरण दिनु, आफ्नो मातृभूमिको खण्डहरपूर्ण अवस्था देखेर दुःखी हुनुसम्मका विषयसामग्री यसमा आएका छन् ।

**पद्यहरू** : यस खण्डमा २५ वटा कविताहरू छन् । ती सबैमा लयात्मक विविधता छ । गीतिलय, गजलमय, लोकलय, शास्त्रीय लयमा कविताहरू रचिएका छन् । यी सबै कविताहरू लघु र मझौलो आयतनको संरचनामा आधारित छन् । मानवमृत्युको समय र सागर यात्री (मलामी) भई जानु र फर्किएपछि मृतकलाई बिर्सनुसम्मका मानवीय नियतिलाई दर्शाउनु, राष्ट्रप्रेमभित्र *ए आमा नेपाल, तिमीलाई संसारकी राम्री बनाउँला* भन्ने गीतको अनुसरण गर्न खोजिए पनि यसमा नेपाली शिर ठाडो पार्ने सम्पूर्ण सौन्दर्यलाई जागृत गराउनु, कुनै कार्यक्रम विशेषमा राष्ट्रियतालाई प्रश्रय दिई स्वागतगान गरिएको भाव उद्बोधन गर्नु, गजलमा प्रेम, अनुरागसँगै वियोग र वेदनाका साथ मृत्युचिन्तनसमेत मुखरित हुनु, लोकलयमा राष्ट्रगीत गुञ्जित हुनु, कालापानी र लिम्पियाधुरा छोडिदैन, नेपालकै हो भन्ने दृढता प्रकट गर्नु, नेपालको भ्रष्टाचार पूर्ण स्थिति, लासमा, कात्रोमा कर्मचारीतन्त्रको कमिसन हुनु, विकास बजेटलगायत सम्पूर्ण क्षेत्रमा भ्रष्टाचार भएको देख्नु, नेपाली भूगोल, माटो, प्रकृति, हिमाल, पहाड, तराई आदिको सौन्दर्यलाई चित्रण गर्नु, नेपाल देशको स्वतन्त्र स्वरुपलाई प्राकृतिक विविधताका बिम्बमा राखेर राष्ट्रिय रूपमा चिन्तन गर्नु, नेतादेखि जनतासम्म राष्ट्रिय चेतना जागृत गराउने सन्दर्भ दर्शाउनु, ठुलो रक्तपात, सङ्घर्ष र बलिदानबाट आएको संविधानलाई सबैले रक्षा गर्नुपर्दछ भन्ने सन्देश दिनु, झलकमान गन्धर्वको लोकलयलाई पछ्याउँदै लिम्पियाधुरा केन्द्रित राष्ट्रिय भावधारा छताछुल्ल रूपमा प्रकट गर्नु, रारातालको अवलोकन र स्वरुपको वर्णनातीत सौन्दर्यमाथि प्रकाश पार्नु *वा* शीर्षकभित्र पिताको सङ्घर्षपूर्ण समर्पण र सन्ततिको भविष्य निर्माणमा चिन्तनको स्मरण गर्नु, भौतिक मानव जीवनलाई सुखद, सिर्जनशील बन्ने-बनाउने सुझव दिनु, मान्छेका कमी-कमजोरीको रेखाङ्कन गर्दै उसमा मानवीय गुणको अपेक्षा गर्नु, गुरुकुल

संस्कृतिको संरक्षणमा संस्कृत भाषालाई जीवन्त बनाउनुपर्दछ भन्ने सन्देश दिनुसम्मका विविधतापूर्ण कविताबाट राष्ट्रिय भावधारा अगाडि बढेको छ।

नेपालको भविष्य सम्झेर सम्पूर्ण नेपालीहरूलाई कर्मशील हुने सन्देश दिनु, आफ्नो जीवनको अस्तित्वविहीन बन्दै गएको स्थितिमा पश्चात्तापी बन्नु, नेपाल र नेपाली उपहासको पात्र भएकोमा दुःख प्रकट गर्दै ज्ञानको ज्योति जागरण गर्ने चेतना प्रदान गर्नु, *ज्ञानज्योति पुस्तकालय* शीर्षकमा पुस्तकालयको औचित्य, ज्ञानको क्षेत्र बिस्तारलगायत बहुआयामिक स्वरुपमाथि प्रकाश पार्नु, फेवाताललाई बिम्ब बनाएर देशको सम्पूर्ण धरातलीय यथार्थ बोध गराउनु, *सती* शीर्षकमा राष्ट्र निर्माणका लागि आफू सदैव कर्मशील छु भन्ने सङ्कल्प गर्नु, *विनय* शीर्षकभित्र मान्छेलाई सम्पूर्ण मानवीय गुणले निपुण हुनुपर्दछ भन्ने सन्देश दिनु, *भातृमाया*मा पनि आफ्नोपन र मान्छेमा आत्मीय भावना हराउँदै गएकोमा चिन्ता प्रकट गर्नु, मान्छेका सम्पूर्ण कुरा बिर्सेर सबै नेपालीले देशभक्ति वा देशप्रेमलाई पहिलो प्राथमिकता दिनुपर्दछ भन्ने सन्देश यसमा व्यक्त भएको छ।

**निष्कर्ष**

कवि हीरामणि खराल 'विवश' अब कवितामा हीराजस्तै चम्किलो र खारिएर आउनुपर्दछ । एउटा खण्डकाव्य र दुई कवितासङ्ग्रह प्रकाशन गरेर शोधार्थीका निमित्त उनी शोधनायक भएका छन् । उनका सम्पूर्ण कविताहरूमा नेपाली संस्कार र संस्कृतिको संरक्षण, प्रकृति र पर्यावरण चेतनासँगै वर्तमान नेपालको दशा-दुर्दशाप्रति चिन्ता प्रकट गरिएको राष्ट्रिय भावधारालाई प्राथमिकता दिइएको छ । ईश्वर, प्रकृति, धर्म, मानवसेवा, संस्कृति संरक्षण, राष्ट्रिय जागरण र राष्ट्र निर्माणका भावनाहरू पनि उनका कवितामा सल्बलाएका छन् । पद्य कविताहरूमा अपवादस्वरूप छन्दभङ्गको स्थिति छ। विज्ञसँग सल्लाह गर्नु आवश्यक देखिन्छ। आगामी साहित्यिक यात्रा/नियात्रा/संस्मरण/आत्मकथा चिन्तनसँग सरोकार राख्ने रचना सामग्रीले पूर्णता पाउन सकोस्। लेखकमा लेखकीय ऊर्जा प्राप्त भइरहोस्, यही शुभकामना छ।

# अपर मुस्ताङदेखि ढोरपाटन हुँदै तानसेन पाल्पासम्म



विष्णुप्रसाद गौतम

मानिसले पुस्तकका पानाहरू पढेरभन्दा प्रकृतिका पानाहरू पढेर दिगो र चिरस्थायी ज्ञान आर्जन गर्न सक्छ। यही शाश्वत उद्देश्य तय गरेर हामी सालिन्दै भ्रमणमा निस्कन तम्तयार हुन्छौं । मेरो देश स्वर्गकै अनुपम टुक्रा हो । सानो कमिला जत्रो नक्सामा ब्रह्माण्डकै विविधता अटाएको रहेछ।

२०८२ साल जेठ २३ गते शुक्रबार दीपक सापकोटा हेटौंडा-४ को महेन्द्र स्कार्पियोमा सात जनाको टोली अपर मुस्ताङ हानियो । डुलुवा टोलीमा रमेशमोहन अधिकारी, चन्दन अमात्य, सीताराम दाहाल, विष्णु गौतम, बालकृष्ण दाहाल, बी.एन. श्रेष्ठ र उहाँकी जीवन संगिनी रिमा समेटिएका थियौं । हुम्ला, जुम्ला र रारा जाने इच्छा राख्ने साथीहरू धेरै पहिलेदेखि नै जुर्मुराउँदै थियौं । तन, मन र उद्देश्य मिल्ने साथीहरूको समूह बटुल्न भ्यागुताको धार्नी पुऱ्याउनु जस्तै हुँदोरहेछ। यस वर्ष १० दिन अगावै मनसुन सुरू भएकाले लामो यात्रालाई खुम्च्याएर सातै दिनमा इतिश्री गर्ने अठोट गऱ्यौं । पूर्वमा ठूलो पानी परेर धनजनको समेत क्षति भैसकेको थियो । आफन्तहरू यात्रा रोक्न आग्रह गर्दै हुनुहुन्थ्यो। तर मन गरुङ्गो पार्दै रुगाले ग्रस्त पारेको भए पनि औषधि सेवन गर्दै अठोटलाई टुटाउन मन मानेन। अमेरिकामा बस्ने छोराले बोल्दाबोल्दै ड्वाट्ट फोन काटिदिएकाले मन झन् गह्रुङ्गो भएको थियो।

गत वर्ष पनि ठीक यही समयमा रुकुम, रोल्पा, जाजरकोटलगायत ८ जिल्लाहरूको ९ दिने भ्रमण छिचोलेका थियौं । गत वर्ष एक थोपा पनि पानी नपरी घर फर्किएझैं यसपालि पनि सहजै सात दिनमा फर्कियौं। कहीं कतै पनि अवरोध केही भएन। ईश्वर दाहिना नै रहे।

गैंडाकोटबाट काली गण्डकी करिडोर हुँदै उत्तरतर्फ हानिएको हाम्रो यात्रा नदीको सुसेली, चराहरूको चिर्बिराहट, अनुपम प्राकृतिक छटा अनि सुन्दर बस्ती र फाँटहरूको मन्त्रमुग्ध भएर अवलोकन गर्दै सुदूर गन्तव्य माथिल्लो मुस्ताङतर्फ सिधै हानियो ।

विकटता र जोखिमयुक्त स्थानहरू टुङ्ग्याउँदै फर्किंदा बाटामा पर्ने रमणीय स्थानहरू घुम्ने हामी सबैको सहमति जुट्यो ।

पहिलो दिनको हाम्रो यात्रा तातोपानी पुगेर रोकियो । राति भव्य हिलसाइड होटलमा विश्राम लियौँ । लजिङ फुडिङ महङ्गो जस्तो महसूस गर्नु सिवाय अर्को विकल्प थिएन ।

२४ गते शनिबार घासा मुस्ताङ हुँदै बाटोमा कतै नअल्मलिई लेतेमा प्रति कप रू. ४०।- को कालो चिया र एक पाउण्ड पाउरोटीको रू. १५०।- तिरेर खाँदै रमाउँदै चिया पसल्नीलाई रू. १०।- टिप्स दिएर अघि बढ्यौँ । अपर मुस्ताङ (कोरला नाका) जाने बाटो कच्ची ग्रेभल रहेछ । बस्तीहरू फाट्टफुट्ट पातलो देखिन्थे । भीरपाखामा कुँदिएका प्राकृतिक चित्रहरू ज्यादै मनमोहक देखिए । सच्चा चित्रकारिता त प्रकृतिले पो कोर्दो रहेछ । जे सोच्यो त्यही हो जस्तो लाग्ने ती चित्रहरू साँच्चै अलौकिक लाग्थे ।

निर्जला एकादशीको दिन परेकाले मैले र बालकृष्ण दाहालले त भात नखाने अठोट गरिसकेका थियौँ । बाटामा फलफूलहरू पनि कहीँ कतै केही देखिएन । आफूसँगै भएका चनामकै कट्याङकुटुङ चबाउँदै लोमान्थाङको तलको चराङ पुग्यौँ । पाकिरहेको खाना कतै पनि पाइँदोरहेनछ । अर्डर गरेपछि एक घण्टा जति कुरेर खाना पाक्यो । बाटाभरि सोध्दासोध्दै निराश भइसकेका थियौँ । चराङ पुगेर लुम्बिनी गेष्ट हाउसमा स्वीटजरल्याण्डमै जन्मेका ह्याण्डसम नेपाली भाइले सञ्चालन गरेको होटलमा साथीहरूले सफा अनि मिठो खाना खानुभयो । बीचमा ट्रस हालेर खान बस्न मिल्ने गरी बनाइएको थारू संस्कृति झल्कने आठ कोठे लज मनमोहक थियो । भाइको सेवा र शिष्टता बिर्सनै नसकिने थियो ।

हिमालपारिको मुस्ताङ्गे राजा जिग्मे परबल बिष्टको ऐतिहासिक दरबार फर्कँदा हेर्ने बाचा गर्दै १५२५० फिट उचाइमा रहेको कोरोला नाका हेर्न कस्सियौँ । २४ नं. सीमा स्तम्भभन्दा पारि जान सिडिओको सिफारिस चाहिँदो रहेछ । नागरिकता बोकेर पारि जान पाइन्छ कि भनेर हिँडेका हाम्रा सपनाहरू चकनाचुर भए । फोटो सेसन चलाएर केही किनमेल गरेर बोर्डरबाटै फर्कियौँ । मुखमा कपडा बेरेर व्यापार गर्न तम्सेका नेपाली ठिटाठिटीहरू हँसिला देखिए पनि हिउँले डढेर अनुहार कालो देखियो । व्यापारमा खप्पिस तिनीहरू नमस्ते भन्दै मिठो बोलेर आ-आनो पसलतिर हामीलाई आकर्षित गर्न खप्पिस थिए । चार सयको सामान छ सय भनेर पाँच सयमा बेचे, पछि फर्कन लाग्दा चार सयमै दिन तत्पर भए । लु लाग्ने डरले आवश्यक औषधिहरूको

जोहो गरेका हामी कसैले पनि औषधि चाहिँ प्रयोग गर्नु परेन । तर मलगायत कतिपय साथीहरू, दम बढेर डाँडोमा चढ्न नसकी थचक्कै बस्नुपऱ्यो ।

फर्कँदा एकीकरण पछि पनि धेरै पछिसम्म पनि अस्तित्वमा रहिरहेको लोमान्थाङ्मा अवस्थित, मुस्ताङ्गे राजा जिग्मे परवल बिस्टको दरबार हेऱ्यौँ । राजाको निधनपछि दरबारको शान खस्केछ । माथिल्लो तलामा राखिएका ऐतिहासिक वस्तुहरू हेर्न पनि नपाइने भएछ । क्युरिओ पसलमा नेपालीहरूलाई छिर्ने अनुमति नै रहेनछ । फर्केर चराङमै बास बसी बिहान खाना खाएकै होटलमा बेलुका फापरको ढिँडो खुवाउन फोन गरी सहमति पनि जनाइएको थियो । तर के कारणले हो पछि खान जुरेन । मैले त रात परिसकेकाले एकादशी नै भए पनि पस्केर ल्याएको भातै स्वीकारेँ । तर बालकृष्ण दाहाल बाले आलु र दूध मात्र खानुभयो ।

भोलिपल्ट २५ गते बिहान १०:०० बजेतिर कागबेनी पुगेर आ-आना पितृलाई तर्पण दिई १२.३० बजे मुक्तिनाथ पुगी लाइन लागेर दर्शन गऱ्यौँ । पाल्की र घोडा चढ्ने मानिसहरू पहिलेभन्दा निकै बढेछन् । भगवान् विष्णु र बुद्धको स्वरूप मानिने मन्दिरमा भित्र झुमा पुजारी बस्दा रहेछन् भने बाहिर टीका लगाइदिन वैष्णव बस्ता रहेछन् । झुमाले चढाइएको अक्षता प्रसादस्वरूप दिँदा रहेछन् । त्यहाँका अन्य रमणीय मन्दिर पार्कहरू अवलोकन गर्दै तल झरेर थकाली भान्सा घरमा मिठो घिउ झ्वाइँ पारेको फापरको ढिडो र भात इच्छाअनुसार मिठो मानेर खायौँ । ओर्लदाँ बाटोमै पर्ने ढुम्बाताल हेरेर मख्ख पऱ्यौँ । बेनीबाट माथि विकट डाँडोमा चढी पुलह आश्रम हेरियो, जहाँ रावण पार्क र रावणको नाभि गाडिएका भव्य स्थलहरू रहेछन् । चढ्दा बाटो अल्मलिएर गाडीको तेल ट्याङ्की नै कुचिएछ । तल झर्दा राम्रो बाटो फेला परेकाले सहजै तल ओर्ल्यौं । बेनीमा झरेर लोकल चामलको भात, निगुरोको तरकारी र मूला, करेलाको अचारसहित मिठो भोजन गऱ्यौँ । जस्को स्वाद अझै जिब्रोमै झुण्डिरहेको छ।

फर्कदा मुस्ताङको थाक टुकुचेमा प्रसिद्ध कवि भूपि शेरचनको जन्मघरमा फोटा खिचाई मुस्ताङ बजार क्षेत्र घुमेर स्याउका परिकारहरू किन्यौँ । याकमाथि चढेर साथीहरूले फोटा पनि खिचाउनुभयो । निर्जीव भए पनि याक सजीव जस्तै आभास हुन्थ्यो । बेलुकापख नेपालकै तेस्रो ठूलो झरना रूप्से मनमोहक रहेछ, आनन्दविभोर भयौँ । बेलुका तातोपानी बजारमा होटल बुकिङ गराई खाना बनाउने अर्डर दिएर तातोपानी कुण्डमा रु. ५०।- तिरी माछोझैँ सल्बलायौँ । रमेश सर आँखामा औषधि राख्नुपर्ने कारणले छुट्नुभयो । तातो पानी सहन गाह्रो जस्तो भयो । केही छिन डुबेर

बसेपछि छेवैको चिसो धारामा साबुन लगाएर मयल पखाल्यौं । विदेशीहरूसँग रु. १५०।- शुल्क असुलिँदो रहेछ। एकातिर पानी बगाएर पोखरी रित्तो पारिएकाले एउटै पोखरीमा महिला, पुरुष, स्वदेशी विदेशीसँगै रमायौं । नुहाइसकेपछि त खल्खल्ती पसिना आएर गञ्जी निथ्रुक्कै भिज्यो। पेटबाट ग्याँससमेत बारम्बार बाहिरिँदा आरोग्यता पाएको महसूस गरियो ।

बिहानी पख त्यहाँबाट छुटेर ९ रोपनी क्षेत्रमा फैलिएको एउटै चट्टानमाथि बनाइएको सुन्दर गलेश्वर हेरी बाग्लुङतर्फ मोडियौं। कालिका मन्दिरबाट १५-१६ कि.मी. अगाडि बढेको पत्तै पाइएन। सबैले पहिले दर्शन अवलोकन गरिसकेकाले फर्केर नजाने सहमति जुट्यो। बाग्लुङको कुँडुलेमा सहस्र शालिग्राम सङ्ग्रहालय अवर्णनीय नै लाग्यो। विभिन्न नेपालका शक्तिपीठहरूका चित्र गुफाभित्रै झुण्ड्याइएका कालीगण्डकी प्रवाह क्षेत्रलाई चित्रमा सजाइएको थियो। प्रतिव्यक्ति रु. १००।- तिरेर हेर्दा पनि विस्मात लागेन। हामी पुग्दा १२.०० बजिसकेकाले मन्दिर हेर्न जुरेन। ३६ जना बटुकहरूलाई त्यहाँ गुरुकुल शिक्षा र आवासको पनि व्यवस्था रहेछ। ५४ रामनाम लेखन तथा सस्वरवाचन गरी पुण्य आर्जन गर्‍यौं। माथि पञ्चकोटमा बनाइएका विविध मन्दिरहरू ज्यादै कलात्मक र आकर्षक थिए। त्यहाँका अनेकौं प्राकृतिक छटाहरूको अवलोकन गर्दै गलकोट पुगेर भव्य भण्डारीको नवनिर्मित स्क्वायर होटलमा बास बस्यौं । रोटी भात इच्छाअनुरूप बनाइने आश्वासन पायौं । बनाउन केही समय लागे पनि मिठो खाना खाइयो ।

सीताराम दाहाल सरलाई रूघाखोकीले निकै सताएको थियो। विश्वनारायण सर श्रीमती अलि अस्वस्थ भएकाले उहाँहरू दुईजना बुर्तीबाङमै होटलमा बस्नुभयो। हामी पाँचजना मात्र भू-स्वर्ग मानिने विशाल ढोरपाटन शिकार आरक्षण केन्द्रमा पुग्यौं । विकट बाटोमा बस नपाएर स्कुल पुग्न नसकिने चिन्ताले निन्याउरो मुख लगाउँदै सानो बच्चासमेत बोकेर स्कूल ड्रेसमा हिँड्दा हिँड्दै हात दिएर रोकाएपछि दुई सिट खाली नै भएकाले मानवीयता देखाएर सहयोग गर्‍यौं । ढोरपाटन विशाल फाँट र वरिपरि डाँडाकाँडा र जङ्गलले घेरिएको भू-स्वर्ग नै रहेछ।

बुर्तीबाङबाट ४० कि.मी. दूरीमा रहेको ढोरपाटन जान, घुम्न र फर्कन लगभग ९ घण्टा लाग्यो। खोलाको बगरै बगर हिँडे जस्तो बाटो विकट नै थियो। देउरालीमा राखिएका नाउर र भेडाका सालिक मनमोहक थिए। त्यहाँका प्राकृतिक सौन्दर्य देखेर लट्ठ हुँदै फोटो खिचायौं । घोडामा चढेर आनन्द लियौं । पौडेलजीले सञ्चालन गरेको मितेरी रेष्टुरेन्टमा मिठो खाना खाएर रमायौं। आलु र उवाबाहेक केही उत्पादन

नहुने विशाल फाँटको क्षितिज आँखाले ठम्याउनै धौ-धौ पर्थ्यो । त्यहाँको मनमोहक सौन्दर्यले सबैको मन छोयो । त्यो रात त्यहीँ बस्न पाए हुन्थ्यो भन्ने चाहना सबैमा पलायो । विश्वनारायणको बारम्बार फोन आइरह्यो । सीतारामजीलाई रूघाले ग्रस्त पारेको थियो । मलाई त घरबाट हिँड्दै रुघा लागेको थियो । सकेसम्म यात्रालाई छोट्याउने चाहना सबैमा देखियो । त्यसैले हामी त्यहाँ बास नबसी साँझ ६:०० बजेतिर बुर्तीबाङ पुग्यौँ ।

पाँचौ बास २७ गते राति अबेर ९:०० बजेतिर मजुवामा पुगेर बस्यौँ । बुर्तीबाङमा विश्वनारायण दम्पतीलाई भेटेर त्यहीँ चिया खाई यात्रा छोट्याउने तर्खरमा लाग्यौँ । दीपक ड्राइभरले त गाडी थोरै सर्भिस गर्नु पर्ने कारण देखाउँदै त्यहीँ बास बस्ने इच्छा व्यक्त गरेका थिए । हाम्रो कारणले उनले नाइँ भन्न सकेनन् । दिनभरिको बगरेबाटोको कारण राति अबेरसम्म कतै बास नपाउँदा उनी अलि रिसाएर खिन्न भएको महसूस गरियो । अजिङ्गरको आहारा दैवको सहारा भनेझैँ बल्ल बल्ल मजुवामा भूतपूर्व सैनिक भूराली जातिका मगरको लजमा बास पायौँ । सस्तो र सफा व्यवस्थापन अनि पारिवारिक न्यानो हार्दिकताले हाम्रो मनै पगाल्यो । सिङ्गल बेडको रु. २००।- र सादा खाना रोटीको २००।- मात्र तिर्दा बाटाभरिकै सस्तो अनि अविस्मरणीय बास बस्यौँ ।

बिहानको हाम्रो यात्रा लम्बिएछ । बाटो फरक परेकाले एक डेढ घण्टामा तम्घास पुग्नु पर्ने तर तीन घण्टा पो लाग्यो । तम्घास पुगेर शशि पन्थीजीहरूले स्थापना गरेर स्वर्णजयन्ती मनाइसकिएको भव्य ऐतिहासिक किरण पुस्तकालयमा रमेशमोहन सरको कृति प्रदान कार्यक्रम तय भैसकेको थियो । शशि सर काठमाडौँ जानुभएको भए पनि दीन पन्थी सरलगायत पुस्तकालय सञ्चालकहरूको सक्रियतामा हामीले भव्य अतिथि सत्कार पायौँ । उहाँहरूले हामी सबैलाई १०५औँ हाम्रो पुरुषार्थ विशेषाङ्क दिएर आदान-प्रदान गर्‍यौँ । पुस्तकालयको भौतिक संरचना र व्यवस्थापन ज्यादै स्तुत्य पाइयो । तल्लो तलामा नबिल बैंक भाडामा सञ्चालित रहेछ । त्यसैको आम्दानी र अन्य सरसहयोग जुटाएर कम्प्युटरको प्रशिक्षण दिनेदेखि लोकसेवा तयारी गर्नेहरू पुस्तकालयबाट धेरै लाभान्वित भएका रहेछन् । पच्चीसौँ वर्षदेखि स्वयंसेवक भएर खट्ने एकजना ज्ञानराज मरासिनी भाइको समर्पण अतुलनीय महसूस गरियो । पन्थीद्वारा सञ्चालित नीलगिरि भोजनालयमा भोजन गरी ऐतिहासिक पौराणिक सुन्दर नगरी रेसुङ्गातर्फ मोडियौँ ।

विभाण्डक ऋषिका पुत्र ऋष्य श्रृङ्ग ऋषिको साधना र तपोभूमि नै रहेछ रेसुङ्गा ।

मनमोहक सुन्दर हरियालीयुक्त जङ्गलको बीचबाट बनाइएका १,००० सिँढी चढ्दै सीताराम दाहालले चुत्रो खाँदै उहाँकै उपचार गर्दै बालकृष्ण दाहालजी धामी बस्दै, कृषि शाखा गुल्मीद्वारा दुवैतर्फ लगाइएका जातजातका बोटविरुवाहरू अवलोकन गर्दै आठ सय सिँढी चढेपछि गरुडस्तम्भ भेटियो । त्यहाँ फोटा खिचाई दाहिनेतर्फ केही सिँढी तल झरेपछि भगवान् श्रीरामले बाण प्रहार गरेर ऋषिमुनिहरूको पानीको हाहाकार सुल्झाएको रामकुवा भेटियो, जुन हिउँद बर्खा कहिल्यै घटबढ नभई एकनास पानी वितरण गरिरहेको रहेछ । गरूड स्तम्भबाट दुईसय सिँढी चढेपछि ऋषिमुनिहरूको तपोभूमि रेसुङ्गा पुगियो । अखण्ड अग्नि बलिरहने भव्य होमशाला चारैतिर ऋषिहरूका सालिक राखिएका रहेछन् । त्यहाँ रु.२५।- का दरले रसिद कटाएर दुईसय सिँढीमाथि भ्यु-टावर, बाल सिद्धस्थान, विष्णुपादुका र शिवालय भेटिँदा रहेछन् ।

कृष्ण पन्थी गुरुले मिठो लयमा त्यहाँको धार्मिक, पौराणिक महत्त्व सुनाउनुभयो । हामीले सामूहिक रूपमा रु. ५००।- स्वेच्छाले चन्दा दिएर त्यहाँको मिठो अर्गानिक चिया र त्यहीँ फलेको आलुबखडा खाएर आतिथ्य सत्कार स्वीकार्‍यौँ । फर्कदा बाटामा पहेँलपुर भएर पाकेका ऐंसेलु पसरका पसर टिप्दै खायौँ । त्यहाँको स्वच्छ, सुन्दर प्राकृतिक सौन्दर्य छटा र मिठा फलहरूले हामी त विमुग्धै भयौँ ।

छैठौँ दिन त्यहाँबाट हिँडेर शीतल नगरी तानसेनमा बास बस्ने तय भयो । गुल्मी, पाल्पा र स्याङ्जाको सङ्गममा अवस्थित हृषीकेश भगवान्को दर्शन गरी तीनमुखे आकर्षक पुलमा फोटा सेसन जमाएर रमायौँ । मणिमुकुन्द सेनले स्थापना गरेको त्यो ऐतिहासिक मन्दिरमा भट्टराई मात्र पुजारी हुने व्यवस्था रहेछ । त्यहाँको प्रसिद्ध सख्खरका डल्ला किनेर काली गण्डकीको तीरमा अवस्थित प्रसिद्ध रानीमहलभित्र रु. ५०।- को टिकट काटेर छिर्‍यौँ । झमक्क साँझ पर्न लागिसकेको थियो । धीर शम्शेरका तेस्रो छोरा खड्गशमशेरले आफ्नी रानीको वियोगमा दरबार बनाएका रहेछन् । त्यहाँबाट निस्केर तानसेनको प्रसिद्ध क्राउन होटलमा राति विश्राम गर्‍यौँ ।

सातौँ दिन बिहानै पवित्र भएर पाल्पाको सुप्रसिद्ध भैरवको दर्शन गर्न पुग्यौँ । भैरव र माईलाई घिउमा पकाएका बाबर (रोट) चढाइँदो रहेछ । रू. ६००।- तिरी सामूहिक रूपमा भैरव र माईलाई फूलपाती, त्रिशूल, काला, पहेँला कपडा र रोट चढाई मरमसला हालेको मिठो प्रसाद खायौँ ।

नजिकै अवस्थित भीमसेन थापाका भाइ उजिरसिंह थापाले युद्ध जितेर खुसियालीमा बनाइएको रणउज्जेश्वरी र निशान भगवती मन्दिरको दर्शन गर्दै पाल्पा

दरबारको अवलोकन गरेर ऐतिहासिक विशाल नगरी पाल्पालाई बाइ-बाइ गर्न हतारियौँ । हाम्रो लक्ष्य फर्कंदा चितवनको उपर दाङ गढी र दियालो बङ्गाला पनि भ्याएसम्म हेर्ने थियो । बिहानको १०.०० बजिसकेकाले त्यहीँ खाना खाएर बाटो सोझ्याउन उचित ठान्यौँ । मिसन हस्पिटल रोडमा अवस्थित भट्टराईको होटलमा १५-२० मिनेटमै खाना तयार भयो । सस्तो रू.२००।- मा घिउ हालेर दिएको मिठो खानाको स्वाद घरकोभन्दा पनि उत्तम मान्यौँ ।

हुम्लाबाहेक ७६ जिल्ला घुमिसक्नु भएका सीताराम दाहाल र चन्दन अमात्य सरहरूको अनुभव, साथ र सहयोग हाम्रो लागि अविस्मरणीय रह्यो । पाल्पालगायत कतिपय ठाउँ त उहाँहरूको पाँचौं भ्रमणमा पो पर्दोरहेछ । रमेशमोहन सरको साहित्यिक हिमचिम र सम्पर्कले हाम्रो यात्रालाई सुनमा सुगन्ध थपिएको अनुभूति भयो । मालिक स्वयम् ड्राइभर दीपक सापकोटाको गाडी हँकाइ ज्यादै सुरक्षित र भरपर्दो लाग्यो । सत्तरी वर्ष कटिसक्नु भएका बालकृष्ण दाहालजीको साहस सक्रियता खानपिन उत्तिकै प्रेरक लाग्यो । पहिलो चोटि हाम्रा यात्रामा जोडिनु हुने विश्वनारायणजीकी श्रीमती रिमाजीको बोली नसुनिए पनि श्रीमान् त हरेक क्षेत्रको अनुभवी र फरासिलो हुनुहुन्थ्यो । उकालीमा अघि अघि ओरालीमा पछि-पछि भनेझैँ हाम्रो बसाइ स्वतः स्फुर्त रूपमा साटासाट भइरहन्थ्यो ।

रमेशमोहन सरसँग पहिलो रुकुम, रोल्पा र जाजरकोटको, दोस्रो दिङ्ला भोजपुर, ओखलढुङ्गातर्फको र यो तेस्रो अपरमुस्ताङसम्मको नेपालका तीनवटै यात्राहरू उत्तिकै ऐतिहासिक र उपलब्धिमूलक रहे । यात्रामा जोडिएका कुनै पनि ठाउँ नछाडी विन्दास पाराले पर्यटकीय रूपमा नहत्तारिई घुम्ने अवसर आगामी दिनमा पनि जुर्दै जाऊन् । हरहिसाबमा छर्लङ्ग पारदर्शिता झल्किने हाम्रो सात दिने भ्रमणमा प्रतिव्यक्ति रू. २०,०००।- को खर्च देखियो । जम्मा १,५५५ कि.मी. दूरीको यस्तो यात्रा एक्लै दुक्लै आँट्ने कुराको त कल्पनै गर्न सकिन्न । त्यसैले हाम्रो सामूहिक यात्रा ऐतिहासिक, आरामदायी र उपलब्धिमूलक रह्यो भन्दा कसैको पनि फरक मत नहोला कि ?

सेवा निवृत्त मा.वि. प्रथम शिक्षक, मकवानपुर, हेटौँडा

# केही मुक्तकहरू



डा. श्यामप्रसाद न्यौपाने

आफ्नै पारामा चल्ने सरकार छन् यहाँ
छिन छिनमै रूप बदल्ने सरकार छन् यहाँ
अगुवाहरूको स्वार्थमात्रै बाझियो भने
सदन र सडक हुँडल्ने सरकार छन् यहाँ ।।१।।

पेटमा ईर्ष्या, मुखमा हाँसो राखिएन
व्यर्थ कुरामा कहिल्यै चासो राखिएन
भन्न त ककसले के के भने भने तर
कहिल्यै कसैप्रति कुनै गुनासो राखिएन ।।२।।

सरलताभन्दा धूर्त्याइँ जान्ने जमाना हो यो
आडम्बर गरी इज्जत धान्ने जमाना हो यो
अरू त देव न हुन्, किन अर्चना गर्नुपर्‍यो र
आफूले आफैँलाई महादेव ठान्ने जमाना हो यो ।।३।।

ठुला ठुला गफ हाँके पनि कुरा छान्नेहरू जन्मन्छन्
आत्मीयहरूकै बिचबाट छुरा हान्नेहरू जन्मन्छन्
खुट्टा लर्बरिँदासम्म पराई पनि आउँछन् उठाउन तर
निर्धक्क टेक्न थालेपछि खुट्टा तान्नेहरू जन्मन्छन् ।।४।।

जस्तो खोज्यो त्यस्तै वस्तु भेटिन्छ बजारमा
मान्छेले मनपर्दो वस्तु किन्छ बजारमा
मूल्यभन्दा महत्तव हेरिन्छ हरेक वस्तुको
हीराभन्दा सुन बढी बेचिन्छ बजारमा ।।५।।

बजेपछि सारेगम गीत गुँज्नु नगुँज्नु तिम्रो कुरा
गरेपछि नयनले इशारा बुझ्नु नबुझ्नु तिम्रो कुरा
गर्दागर्दै हाँसोठट्टा भएझैँ छ प्रेमवर्षा
भएपछि प्रेमवर्षा रुझ्नु नरुझ्नु तिम्रो कुरा ।।६।।

सुनवल -१२ , भुमही, नवलपरासी ।

# चार आनाको प्रायश्चित्त



डा. तुलसी भट्टराई

२०१७ फागुनतिरको एउटा शनिवार। शनिवार-ताप्लेजुङ तोक्मामा हाट लाग्थ्यो। सदरमुकामको हाट। वरपरका गाउँहरूबाट तीन चार घण्टाको बाटो हिंडेर आफ्ना उत्पादन बेच्न र आफूलाई चाहिने सामान किन्न तोक्मे हाटका दिन भेला हुनेहरू धेरै हुन्थे।

कुखुरा, हाँस, परेवा, सुगुरका पाठाहरू गाउँबाट बजार आउँथे। शनिवार निकै चहलपहल हुन्थ्यो बजारमा। हरेराम (सागर) गोरे भुजेल र अरू केही केटाहरूसँग अमिनी छेउबाट चल्दै इत्रिदै हिंड्दै थियौं। यस्तैमा कसैले मलाई ठेल्दा म बजार भर्न आएका एउटाको भारीमा ठोक्किन पुगें। म ठोकिंदा एउटा जन्तु करायो।

चुवाँ, चुवाँ... गरेर त्यो जन्तु कराएको सुनेपछि साथीहरू एकमुख लागेर कराउन थाले।

ला.....ला.... तुलसीले सुँगुर छोए, तुलसीले सुँगुर छोए।

म ठोक्किदा सुँगुरको पाठो बोकेको पेरुंगामा परेछु र त्यो पाठो कराएको रहेछ। केटाहरूले यो कुरा भाषा पाठशालाका लम्साल गुरुकहाँ पुऱ्याए। बजारमा तुलसीले सुँगुर छोए। म डरले थुरथुर। गुरुले मलाई तुरुन्तै आदेश दिए- यी लुगा खोलेर सबै धोऊ, अनि गाईको गोबर दलेर नुहाएर आऊ। त्यसपछि अरू कुरा गरौंला। फटाहा त्यस्तो गर्नुहुन्छ। म टाउको निहुराएर उभिएको थिएँ। गुरुले अराएअनुसार काम गरें। लुगा खोलेर धारामा नुहाउन गएँ। जाडोमा काम्दै नुहाइसकेर कछाड बाँधेपछि गुरुछेउ गएँ। गुरुका हातमा जनै थियो। बटुकोमा तिलानी पानी। जाऊ चारआनी लिएर आऊ। मेरो खर्चवर्च डेगनाथ अधिकारीलाई राख्न दिएको थियो। उनी पाको उमेरका विद्यार्थी थिए। उनले दिएको चारआना एउटा दुनामा राखेपछि जनै फेरें। गुरुको

कुशतिलानी सँग... द्यौः शीन्त, देवस्यत्वा... आदि वेद मन्त्रले ममाथि अभिषेक गरे। त्यसपछि तिलानी समाएको हात पैसामाथि राख्न लगाए। ... ओं तत्सत्.... प्रायश्चित्त संज्ञकं गोदानम्.... भनेर संकल्प सकेपछि हामीसँगै बस्ने एकजना अर्का विद्यार्थीलाई दिन लगाए। चारआने प्रायश्चित्त गोदान गरेर म चोखिएपछि फेरि अरू समान भएँ। गुरुले भने-अबदेखि यस्तो नगर्नू। बदमास...। बाटो हिंड्दा हाटबजार जाँदा होस पुऱ्याउने गर्नुपर्छ। मलाई त्यस घटनाले धेरै दिनसम्म पिरलेको हो। यो ठुलै अपराध गरेछु भन्ने भान परिरह्यो।

सुँगुर छुन नहुने प्राणी हो त। सुँगुरको के अपराध छुनै नहुने गरी के गऱ्यो होला सुँगुरले। छुन हुने छुन नहुने प्राणी कुन कुन हुन् भनेर छुट्याउने हाम्रा पुर्खाहरू को थिए होला। मैले यस कुराको समाधान खोज्न सकिरहेको थिइनँ। धेरैपछि २०५८ भदौमा सिक्किम-गान्तोकको एउटा कार्यक्रममा गएका बेला इन्द्रबहादुर राईले सुँगुरलाई कसले फोहोरी र अछुत बनायो ? के साँच्चै सुँगुर फोहोरी र अछुत प्राणी हो त ? भनेर प्रश्न गर्दै एउटा विषय उठाएका थिए।

त्यसबेला श्री इन्द्रबहादुरले मलाई नै लक्ष्य गर्दै भनेका थिए-तपाईंहरूले एकेडेमीबाट बृहत् शब्दकोश निकाल्नुभयो। अनि त्यसमा सुँगुर शब्दको अर्थमा चाहिं-घरपालुवा, बिष्टा खाने एउटा पशुजाति, च्वाँचे भनेर व्याख्या गरिदिनुभयो। बिष्टा खाने, च्वाँचे भनेपछि फोहोरी घिनैलो भन्ने बुझियो। कुकुरले पनि त बिष्टा खान्छ नि। सुँगुरलाई पनि कुकुरलाई जस्तै बच्चैदेखि घरभित्र पालेर तालिम दिउँ त। कुकुरभन्दा बाठो र बुद्धिमान हुन्छ। विश्वमा यसबारे प्रयोग पनि भएको छ। फोहोर पनि टुंगामा गर्ने, बुझ्ःझकी प्राणी बन्छ।

त्यसकारण हामीले नै प्राणीहरूको प्राकृतिक अधिकारको हनन गरिदिएका छौं। जे मन लाग्यो त्यही भनिदिएका छौं। सबभन्दा बैगुनी त हामी मान्छे जात नै हौं।

श्री इन्द्र बहादुर राईले सुँगुरबारे यसो भन्दै गर्दा मचाहिं त्यही प्रायश्चित्त गोदान गरेको कुरा संझिदै थिएँ। म पनि त्यसबेला व्यर्थै दोषी बनाएको रहेछु। यस्तो असल प्राणीलाई छोएबापत बिटुलो बनाउने त्यो बेलाको सामाजिक रीतिथिति नै दोषी रहेछ होला भनेर सोचेको थिएँ।

❀

# रुखका ऐजेरुहरू



गोविन्द खनाल

खबरदार आफ्नै रुखमा ऐजेरु लगाउनेहरू
आफै खाना बनाउन नसक्ने परजीवीहरू
अरूको भरमा बाँच्नेहरू
अरूको खाना चोर्नेहरू
अर्काको बुई चढ्नेहरू
आज रुखलाई नै ठाडै
सुकाउने प्रयास गर्दैछन् ।

खबरदार तिमी जुकाहरू
सर्लक्क बडेको रुखलाई
कक्रक्क पारेर चुस्ने किर्नाहरू
उडुस र जुम्राहरू
आफ्नै बाबुबाजेका
विरासतलाई फलाक्दै
कतिसम्म माग्ने
विश्वासका भिखहरू,
अर्कालाई बुई चडाएर
अनि आफ्नै रुखमा ऐजेरु लगाएर
अब कतिसम्म बाँच्ने
बाँकी दिनहरू ?

अब आउनुपर्छ
नयाँ विचारहरू
बाघ बाघ नै हुन्छ
स्याल स्याल नै हुन्छ
बाघको डमरु स्याल हुन सक्दैन
बाघ बुढो भए तापनि
डमरु बाघ बनिसकेको हुन्छ
विश्वास गर्नुपर्छ
अब डमरुलाई
बाघलाई आराम गर्न दिनुपर्छ
बुढो बाघले सिकार गर्न सक्दैन
स्यालको बुई चढ्नुभन्दा
डमरुको विश्वास गर्ने बेला आएको छ
अनि जित्न सकिन्छ कि युद्धहरू
बनाउन सकिन्छ कि विश्वासका घरहरू ।

प्रत्येक शिशिरमा खस्छन्
पहेला पातहरू
वसन्तमा नवीन जोसकासाथ
फेरिन्छन् पालुवाहरू
जसरी फेरिन्छन् रुखका पातहरू
त्यसैगरी फेरिएको छ समय
हुलाकी फेरिएको छ
चिठीपत्रमार्फत महिनौं लाग्ने
हाम्रा खबरहरू
सेकेण्डभरमै पुग्ने भएका छन्
छोटिएका छन् हाम्रा बाटाहरू

हिड्दा महिनौं लाग्ने समय
दिनमै सकिने भएका छन्
तर फेरिएनन् कि हाम्रा मस्तिष्कहरू
बुझ्न सकेनौं कि
अरूका विचारहरू
यिनै प्रकृति र समयबाट
सिक्नुपर्छ, हामी पाठहरू ।

होइन अब त
फेरिनुपर्छ थोत्रा विचारहरू
ग्रिस गर्नुपर्छ
खिया लागेका इन्जिनहरू
दह्रो बनाउनुपर्छ
आफ्नै तिघ्राहरू
हटाउनुपर्छ
घुन र पुत्लाहरू
फेरिनुपर्छ

मक्किएका डाँडा र भाटाहरू
बनाउनुपर्छ नयाँ पिलरहरू
हटाउनुपर्छ रुखका ऐजेरुहरू
अनि बल्ल बज्र बन्छ
हाम्रो प्यारो घर
आफ्नै प्यारो घर ।

पोखराथोक
**अध्यक्ष, साहित्य सङ्गम**, बगनासकाली -२, पाल्पा

- **राष्ट्रको भौतिक पूर्वाधार विकासमा सहयोग गरौँ ।**
- **सडक तथा मोटरबाटो हाम्रो साझा सम्पत्ति हो ।**
- **सडक अतिक्रमण रोकौँ ।**
- **सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौँ ।**
- **सडकमा जथाभावी सवारी साधन पार्किङ्ग नगरौँ ।**

**सडक पूर्वाधार विकास कार्यालय**

**गुल्मी ।**

## जन्मशताब्दीका सन्दर्भमा

# स्व. मोहदत्त उपाध्याय काफ्लेको कार्यक्षेत्र र योगदान



डा. लक्ष्मीकान्त पन्थी

### उपक्रम

समय सबैभन्दा ठूलो हुन्छ र बलवान् पनि हुन्छ। समयले नै विशिष्ट व्यक्तिलाई जन्म दिन्छ र समयले नै अस्त गराउँछ। त्यसैले भनिएको छ

**समय एव करोति बलाबलं प्रणिगदन्त इतीव शरीरिणाम्।**

**शरदि हंसरवाः परुषीकृतस्वरमयूरमयूरमणीयताम्॥**

अर्थात् समयले नै कसैलाई बलियो पार्छ र कसैलाई कमजोर पार्छ। प्रत्येक शरीरधारीहरूको स्थिति यही हो। शरद्ऋतुमा हाँसको स्वर राम्रो सुनिन्छ भने वर्षाऋतुमा मयूरहरूको स्वर रमाइलो सुनिन्छ। त्यसैगरी वसन्त ऋतुमा कोइलीको स्वर राम्रो सुनिन्छ। यी त भए शास्त्रले बताएका कुरा।

व्यवहारमा पनि यस्तो देखिएकै छ। समयले कसैको गति छिटो चलाउँछ र कसैको ढीलो चलाउँछ। सबैको जीवनयात्रा सधैँभरि सरलरेखाबाट गुज्रिदैँन। पारिवारिक परिवेश, परिस्थिति र व्यक्ति स्वयंको क्रियाकलापमा निर्भर हुन्छ। कसै कसैले प्रारब्धलाई पनि जिम्मेवार ठान्दछन्। जे भए पनि व्यक्तिको क्रियाकलापबाट नै इतिहास रचिने हो। त्याग, समर्पण र योगदानलाई वर्तमानको आँखीझ्यालबाट नियाल्दा देखिने विषयवस्तु नै उसको इतिहास बन्न जाने हो। इतिहासका पानामा सबैको पहिचान र पराक्रम खुलस्त हुन्छ भन्ने पनि छैन। विभिन्न कारणले यथोचित मूल्यांकन नभई व्यक्ति इतिहासमा अंकित हुन नसकेका, ओझेलमा परेका उदाहरण पनि धेरै छन्।

यो विडम्बनाबाट हाम्रो सामाजिक परिवेश पनि अछुतो छैन। जीवनकालमा गुमनाम रहेका आदर्शपुरुषहरूको संकल्प, संघर्ष, त्याग, समर्पण र योगदानको कदर जीवनउप्रान्त हुँदा त्यसको महत्त्व बासी भइसकेको हुन्छ। मरणोपरान्त दिएको र पाएको प्रशंसा, पुरस्कार, पदक आदिले व्यक्तिको उत्साह, हौसला र प्रोत्साहनमा कुनै अर्थ राख्दैन।

त्यो त केवल औपचारिकतामात्र हुन्छ । यो चलन र परम्परा हाम्रो समाजमा यत्रतत्र व्याप्त छ । व्यक्तिको पारिवारिक, सामाजिक र राजनीतिक जीवनका कतिपय उल्लेखनीय पक्षहरू भौतिक अवसानपछि विलय हुँदै जान्छन् । सोधखोज, अध्ययन-अनुसन्धान नहुँदा जीवितावस्थामा देश र जनताको पक्षमा भएका कतिपय उल्लेखनीय गतिविधिहरू विस्मृतिमा जाने सम्भावनालाई ध्यानमा राखी उहाँ जीवितै छँदा भएगरेका संवाद र वार्तालापका आधारमा नेपथ्यमा रही समाजमा छाइएका तर इतिहासको पानामा नलेखिएका गुमनामपात्र स्व. मोहदत्त उपाध्याय काफ्लेको जीवनसारांश उहाँको जन्मशताब्दीवर्ष अर्थात् शतवार्षिकीको अवसरमा यस आलेखमार्फत उजागर गर्ने प्रयास गरिएको छ ।



**बाल्यकाल**

स्व. मोहदत्त उपाध्याय काफ्लेको जन्म वि.सं. १९८२ साल वैशाख २० गते स्याङ्जाको बानेथोक देउराली-७ हालको भीरकोट नगरपालिका वडा नं. ३ सामदीखोलामा भएको हो । पिता चन्द्रपति उपाध्याय तथा माता पवित्राका चार छोरा तीन छोरीहरूमा उहाँ कान्छो सन्तान हुनुहुन्थ्यो । पिता चन्द्रपति त्यस क्षेत्रको हुनेखाने मध्येमा गनिनु हुन्थ्यो । उहाँको जग्गा जमीन खेतीपाती मनग्य थियो । आम्दानीको स्रोत खेतीपाती र पशुपालन थियो । चार पाँचवटा गोठहरू, गाई, गोरु, भैंसी, खसी बाख्रा आदिले भरिभराउ थिए । जायजेथा तथा पशुधनबाट सम्पन्न भएर होला चन्द्रपति उपाध्याय त्यतिबेला गोठिया साहूको नामले प्रसिद्ध हुनुहुन्थ्यो । अद्यापि उहाँका सन्ततिलाई गोठियाखलक भनेर सबैले चिन्दछन् । राम्रो आर्थिक हैसियत भएको परिवारको कान्छो छोरो भएकोले उहाँको बाल्यकाल लाडप्यारमै बित्यो । लाउनखान तथा अन्य कुनै अभावको सामना गर्नुपरेन । विडम्बना उहाँ चारवर्षको हुँदा माता पवित्राको देहावसान भयो । त्यसैले सानै उमेरमा उहाँले मातृवियोग बेहोर्नु पऱ्यो । पिताजी चन्द्रपतिका दाजुभाइ दुईजना हुनुहुन्थ्यो । जेठा चतुर्भुज उपाध्याय र कान्छा चन्द्रपति उपाध्याय । चतुर्भुज उपाध्यायका दुईवटी पत्नी थिए । दुवैबाट सन्तान भएनन् । छुट्टिटभिन्न नभएको र सगोलमै रहेको अवस्थामा चतुर्भुजको मृत्यु भयो ।

चतुर्भुजकी कान्छी पत्नी देवकाले देवरका छोरा मोहदत्त काफ्लेलाई आफ्नै सन्ततिका रूपमा लालनपालन गरी बडो लाडप्यारकासाथ हुर्काउनुभयो । मातृवत्सलताको कुनै अभाव तथा दुःखको महसुस गर्नुपरेन । आमा नभए पनि पिताजी, ठूलीआमा, दाजुभाउजू, दिदीबहिनी सबैको यथेष्ट मायाममता भएको कारणले उहाँको बाल्यावस्था सुखसुविस्ताका साथ राम्रोसँग पुल्पुलिएर बित्यो ।

## शिक्षादीक्षा

पिता चन्द्रपति र आफूमाथिका दाजुहरू सामान्य साक्षर हुनुहुन्थ्यो । अक्षरारम्भ घरमै भयो । वेद, अमरकोश, गीता, लघुसिद्धान्तकौमुदी, दुर्गासप्तशती आदि ग्रन्थहरूको घरमै अध्ययन गर्नुभयो । तत्पश्चात् थप अध्ययनको लागि घरमा काम गर्ने मान्छेसँग सामलतुमल बोकाएर पिताजीले बनारसमा पठाउनुभयो । त्यतिबेला गाउँको वरपर कुनै पाठशाला विद्यालय खुलेका थिएनन् । छोरालाई धेरै पढाएर ठूलोमान्छे बनाउने रहर पिताजीमा रहेको बुझिन्छ । आफन्त, नातेदार र छिमेकीहरूमध्येका केही व्यक्तिहरू त्यतिबेला बनारसमा अध्ययन गर्दैथिए । उनीहरूसँग बेलाबखतमा पैसा पठाउने र चिट्ठीपत्र हालखबर आदानप्रदान पनि हुन्थ्यो । यसै क्रममा एक वर्षपछि उहाँ बनारसमा नभएको र पढाइ छाडेर अन्यत्र गएको खबर घरमा आउँछ । त्यतिबेला हाम्रो गाउँघर र छिमेकका केही मान्छेहरू कामको खोजीमा भारतका विभिन्न ठाउँमा गएका थिए । कोही भारतीय सेनामा र पुलिसमा भर्ना भएका थिए भने कोही प्राइभेट नोकरी गरी पैसा कमाउँथे । उनीहरूमार्फत् दिल्ली, बम्बई, बनारस, पटना, कलकत्ता आदि ठाउँमा निकै खोजीनीति भयो तर पत्ता लागेन । बनारसबाट अचानक हराएपछि लामो समयसम्म कुनै खबर आएन र चिठीपत्र पनि नआएपछि घरमा सन्नाटा छायो, रुवाबासी चल्यो । पिताजी ठूलीआमा दाजुभाउजूलगायत परिवारका सबैजना चिन्तित हुनुभयो । यस्तैमा कलकत्ता सिटीपुलिसमा काम गर्ने एकजना छिमेकीले करीब ६ महिनाअघि उहाँलाई कलकत्तामा भेटेका रहेछन् । सोधपुछ गर्दा कामको सिलसिलामा बर्मा जानलागेको बताउनुभएको रहेछ । लामो समयपछि बिदामा आएका उनले यो खबर ल्याएपछि घरका सबैजनाले शान्तिको सास फेरे । परिवारमा खुसी फर्क्यो । जीवितै रहेको भन्ने खबरले ढुक्क भयो । पढ्न पठाएको मान्छेले बीचमै पढाइ छोडी हिँडेपछि उहाँको औपचारिक पढाइ एकप्रकारले खण्डित भयो ।

त्यसपछि बर्मा गएको भनेर खबर ल्याउने व्यक्तिलाई नै साथ लिई निजसमेतको आउनेजाने खर्च ब्यहोरेर छोरो लिन पिताजी आफैँ बर्मा जानुभयो । त्यहाँ रहेका

नेपालीको सहयोगमा खोजी गरी केही समयपछि बाबुछोरा दुवैजना घर आउनुभयो ।

यत्तिकैमा उहाँको अठार, बीस वर्षको उमेर पुगिसकेको थियो । त्यसपछि माताहरूको प्रेरणाले घरमा बस्नुपर्छ र विवाह गर्नुपर्छ भन्ने कुरा सुनाउनुभएछ ।

परन्तु बनारसमा पढ्न गएको छोरा घर फर्केकोले उसको पढाइ हुननसकेको देखेर उहाँका पिताको मन प्रसन्न भएन किनभने उहाँ पिताका मनमा छोराले विद्या आर्जन गरोस् र विद्वान् हुन सकोस् भन्ने लागेको थियो । त्यसैले उहाँले आफ्नो कान्छो छोरालाई पढ्नका लागि काठमाडौँ जान प्रेरित गर्नुभयो । अनि उहाँ घर आएको दुई महिनापछि पढ्नका लागि काठमाडौँ पुग्नुहुन्छ । यो समय लगभग २००४ सालतिरको हो । त्योबेला उहाँले पढ्नका लागि पाठशालामा नाम त लेखाउनुहुन्छ परन्तु पढ्नमाभन्दा राजनीतिक चेतनाको विस्तार गर्नेतिर उहाँको मन दौडन्छ किनभने त्यो बेला विश्वेश्वरप्रसाद कोइराला आदि नेताहरू पनि प्रच्छन्नरूपमा बनारसबाट काठमाडौँ आएका थिए । त्यतिबेला काठमाडौँको वातावरण पनि राजनीतिक परिवर्तनका लागि अभिमुख थियो । एकातिर संस्कृत पढ्ने विद्यार्थीहरू राजनीतिक परिर्वतनका लागि कुनै न कुनै वातावरण बनाएर अब हामीहरूले आधुनिक विषयहरू जस्तै इतिहास, भूगोल, नागरिकशास्त्र, अर्थशास्त्र आदि पनि पढ्न पाउनुपर्छ इत्यादि माग राख्दै राजनैतिक आन्दोलनको तयारीमा लागेका थिए भने अर्कातिर राणा सरकारका मानिसहरू पनि कहाँ के कस्तो गतिविधि हुन्छ भन्ने कुराको चियोचर्चो गरिरहन्थे । यसरी काठमाडौँ अशान्त थियो । त्यो बेला सरकार पनि बि.पी. कोइराला आदि नेताहरूलाई पक्राउ गर्ने सोचमा थियो । यस्तो स्थिति भएकोले बि.पी. कोइरालाहरू रातारात काठमाडौँ छोडेर पश्चिमतिर लागेका थिए । उनीहरू पश्चिम तनहूँ, पोखरा, स्याङ्जातिरका गाउँभित्र पसेका थिए । मोहदत्त काफ्लेज्यू पनि नेताहरूकै साथमा पश्चिमतिर लाग्नुभएको थियो किनभने त्यो बेला काठमाडौँमा पढ्ने वातावरण अलि खलबलिएको थियो । यसरी बनारसमा परिचय भएको कारण बि.पी. कोइरालाहरू मोहदत्तकै गाउँघरमा पनि बस्न पुग्नुभएको थियो भन्ने सुनिएको छ ।

अनि शुरु भयो - उहाँको अनुभव र स्वाध्ययन । औपचारिक शिक्षा नभए पनि अनौपचारिक शिक्षाको कारण उहाँमा अनुभवको शिक्षा प्रचुर थियो । जागिरदार, व्यापारी, व्यवसायी, राजनीतिज्ञ, कुटनीतिज्ञ, सन्तमहन्त आदिसँगको संगत सम्पर्क र सम्बन्धले होला उहाँसँग जीवन र जगत्बारे भौतिक तथा आध्यात्मिक ज्ञानको अथाह भण्डार थियो । उहाँमा प्रबल आत्मविश्वास, दृढ निश्चय र अदम्य तार्किक शक्ति थियो ।

## विवाह

त्यतिबेला विवाह गर्ने मनस्थितिमा नभए तापनि उमेर अवस्था पुगेको छोरालाई विवाहबन्धनमा बाँधिदिएपछि घरगृहस्थ सम्हालेर बस्ला, भौँतारिँदै देशदेशावर नडुल्ला भन्ने हेतुले ज्याग्दीखोला चिन्नेवास गाउँनिवासी शेषकान्त लम्सालकी छोरी भीमकलासँग पिताजीले उहाँको विवाह गरिदिनुभयो । विवाहको केही समयपछि भीमकलाको कालगतिले मृत्यु भयो । त्यसपछि वि.सं. २००५ सालमा तनहूँ राइपुर निवासी जयनारायण गौतमकी कान्छी छोरी भगवतीसँग दोस्रो र वि.सं. २००९ साल फाल्गुनमा चापाकोटका प्रेमप्रसाद आचार्यकी छोरी मोहनमायासँग तेस्रो विवाह गरिदिनुभयो । विवाह गरेको अल्पसमयमै परलोक भएकी हुँदा प्रथमपत्नी भीमकलाबाट सन्तान भएनन् । दोस्री भगवतीबाट दुई छोरा एक छोरी र तेस्री पत्नी मोहनमायाबाट एक छोरा दुई छोरीको जन्म भयो । यसरी तीनवटी प्रणयसूत्रमा बाँधिए तापनि दुईवटी पत्नीबाटमात्र सन्तान सुख प्राप्तभयो ।

## बसाइसराइ

वि.सं. २००० साल अघिदेखि नै उहाँको बनारस आउजाउ भइसकेको थियो । विवाह भइसकेपछि पनि बनारस आउनेजाने क्रम चलिनै रह्यो । वि.सं. २०१६ सालमा प्रजातान्त्रिक सरकारले भूमिसुधार ऐन जारी गरी लागु गरेपछि तराईमा जग्गाको हदबन्दी मिलाउन जमिन्दारहरूले आफन्त र विश्वासिला मान्छेलाई धमाधम जग्गा नामसारी गर्नथाले । कसैले बेच्न थाले । त्यति बेला जग्गाको मूल्य पनि नगण्य नै थियो । यही समयदेखि पहाडबाट तराई मधेसमा बसाइसराइको क्रम बढ्दैगयो । बनारस आवतजावत गर्दा बुटवल आसपासका केही व्यक्तिहरूसँग उहाँको चिनजान सम्पर्क भएको रहेछ । उनीहरूको सल्लाहअनुसार बुटवलदेखि पश्चिम सेमलार क्षेत्रमा जग्गा हेर्न जानुभएछ । त्यहीं नै बसोबास गर्ने अठोट गरी उहाँकै अगुवाइमा समादी र पाथ्रेढुङ्गा क्षेत्रका बाहुन, क्षत्री र ठकुरी गरी पाँच घरपरिवारसहित वि.सं. २०१९ सालमा चम्कीपुरमा बसाइसराइ गर्नुभयो । यसरी बसाइ सर्नुअघि वि.सं. २०१७ सालमा भाइहरूबीच अंशबण्डा भइसकेको थियो । आफ्नो भागमा परेको खेत र केही पाखोबारी बेचेर लगेको रकमले चम्कीपुरमा आफ्नो परिवारजनलाई थातबास मिलाएर राख्नुभयो । त्यसपछि उहाँकै आडभरोसामा पहाडबाट अरू परिवारहरू पनि बसाइ सर्दै गए । हाल त्यस क्षेत्रमा बसाइसराइ गर्ने परिवार संख्या करिब तीस जति पुगेका छन् । साथै गएका केही परिवार त्यहाँबाट अन्यत्र बसाइसरी गए भने उहाँका परिवारहरू

अद्यापि बुटवल उपमहानगरपालिका वडा नं. १५, चम्कीपुरमा नै हुनुहुन्छ।

## छोराछोरीको विवाह

उहाँले २०१३ सालमा जन्मिएकी आफ्नी जेठी छोरी राधादेवीको विवाह २०३० साल फागुनमा स्याङ्जा लुब्दीखोला निवासी डि. प्रेमनारायण उपाध्याय रेग्मीका छोरा श्रीखेमराज रेग्मीसँग गरिदिनुभयो। २०१७ सालमा जन्मिएकी माहिली छोरी मायादेवीको विवाह गुल्मी, धुर्कोट, वाग्ला बडाचौर निवासी पं. भीमकान्त उपाध्याय पन्थीका छोरा लक्ष्मीकान्त पन्थीसँग वि.सं. ३०३८ साल आषाढ महिनामा गरिदिनुभयो। अनि २०२० सालमा जन्मिएकी कान्छी छोरी लेखमायाको विवाह पनि गुल्मीकै गेवा गाउँ निवासी कालिदास ज्ञवालीका छोरा कृष्णहरि ज्ञवालीसँग गरिदिनुभयो। यसैगरी २०१६साल २०२३ साल र २०२६सालमा जन्मिएका तीनैभाइ छोराहरूको विवाह पनि क्रमशः वि.सं. २०४०मा, २०४४मा र २०५१मा स्याङ्जा जिल्लामा नै गरिदिनुभयो। हाल उहाँका सबै छोराछोरीहरू आ-आफ्नो घरबार गरी सुखसुविधापूर्वक रहेका छन्।

## राजनीतिक यात्रा



राजनीतिमा संलग्नता र क्रियाशीलता पारिवारिक तथा पैतृक विरासत होइनन्। संगत र स्वेच्छाले डोऱ्याएको परिघटना हो। अर्को शब्दमा उहाँको विद्रोही स्वभावको उपज पनि हो। राजनीतिक जीवनयात्राको आरम्भ वि.सं. २००७ साल अघिदेखि नै बनारस र काठमाडौंबाट भएको हो। वि.सं. १९९७ सालदेखि २००७ सालसम्मका घटनाबाट उहाँको मस्तिष्कमा राजनीतिक चेतनाको बीजारोपण भइसकेको थियो। राजनीतिको कखरा पनि उहाँले बनारसबाटै सिक्नुभएको हो। बर्माको प्रजातान्त्रिक आन्दोलन र भारतका तत्कालीन नेता सुभाषचन्द्र बोसको भाषणबाट प्रभावित भएपछि उहाँको राजनीतिक यात्राले गति लिनथाल्यो। नेपालमा एकतन्त्रीय राणाशासन रहेकोले राजनीतिक दल खोल्न तथा राजनीतिक गतिविधि सञ्चालन गर्न प्रतिबन्ध थियो। **भारत छोडो** आन्दोलन सफल भई अङ्ग्रेजहरू धपाइएर भारत स्वतन्त्र भएपछि त्यसको प्रत्यक्ष वा परोक्ष प्रभाव नेपालमा पनि पर्न थाल्यो। पटना, दार्जिलिङ, बनारस, दिल्ली, देहरादून, पिथौरागढ, नैनीताल आदि क्षेत्रमा अध्ययन तथा अन्य व्यवसाय गरी बसेका नेपाली युवकहरूमा भारतीय स्वतन्त्रता तथा प्रजातान्त्रिक आन्दोलनबाट प्रभावित भई

नेपालमा पनि जहानियाँ शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना हुनुपर्छ भन्ने चेतना फैलिंदै थियो। प्रवासमा रहेका नेता तथा विद्यार्थीहरूसङ्गको सङ्गतले उहाँमा पनि यसको प्रभाव नपर्ने कुरै भएन। बनारस बसाइका शुरुका दिनदेखि नै नेपाली राष्ट्रिय कांग्रेसका महामन्त्री विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, सुवर्णसमशेर राणा, बालचन्द्र शर्मा, काशीनाथ गौतम, नीलाम्बर पन्थी, अनिरुद्ध शर्मा, ढुण्डिराज शास्त्री आदि प्रवासी प्रजातन्त्रवादी नेताहरूसँग उहाँको संगत भयो। प्रजातन्त्रप्रतिको उहाँको निष्ठा, आस्था र विश्वासको कारणले विश्वेश्वरप्रसाद कोइरालासँगको सम्बन्ध झन् प्रगाढ तथा घनिष्ट हुँदै आयो। विश्वेश्वरलाई सान्दाजु भन्नुहुन्थ्यो। कोइराला परिवारसँगको घनिष्टतासँगै नेपाली कांग्रेसका संस्थापक नेता गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईसँग अझै बढी चिनजान भयो। उहाँहरूसँगको सम्बन्ध पनि जीवनभर प्रगाढ रह्यो। यिनै शीर्षनेताहरूसँगको आत्मीय सम्पर्कबाट प्रजातान्त्रिक विचारधारामा प्रशिक्षित भई वि.सं. २००६ सालमा उहाँ नेपाली कांग्रेसको पूर्णकालीन सदस्य हुनुभएको थियो।

नेपाली कांग्रेसको सदस्यता लिएपछि पार्टीले उहाँलाई संगठन विस्तारको काममा नेपालको पश्चिम क्षेत्रमा खटायो। जमानसिंह गुरुङ, होबीर आले, चन्द्रध्वज खांड, डिल्लीरमण शर्मा, दण्डपाणि शर्मा, भोजराज शर्मा, पूर्णचन्द्र शर्मा, धनबहादुर बोगटी, काजीमान श्रेष्ठ, हीरामान श्रेष्ठ आदि प्रजातन्त्र पक्षधर युवकहरू स्याङ्जामा पार्टीसंगठनको काममा गोप्यरूपमा खटिएका थिए। पार्टी सङ्गठनलाई सुदृढ र विस्तार गर्ने तथा बनारसबाट संचालित प्रतिबन्धित नेपाली कांग्रेस पार्टी र स्थानीय नेता कार्यकर्ताहरू बीच उहाँले सम्पर्कसूत्रको काम गर्न थाल्नुभयो। बनारसबाट प्रकाशित हुने नेपाली कांग्रेसको मुखपत्र 'तरुण' तथा नेपालपुकार, युगवाणी र उदय आदि पत्रपत्रिका र पर्चाहरू लुकाइछिपाई नेपाल ल्याई पाल्पा, स्याङ्जा, पर्वत, बाग्लुङ्ग, पोखरा र बन्दीपुरका कार्यकर्तासम्म पुऱ्याई पार्टीको नीति र कार्यक्रमको प्रचार-प्रसार गर्ने र प्रशिक्षण दिने कार्यमा उहाँको मुख्य भूमिका थियो। यसरी भारतबाट पत्रपत्रिका र पर्चाहरू ल्याउने कार्यमा उहाँसङ्ग कोल्मा बाकोटका होबीर आले, पर्वत लिमिथानाका नानीकान्छा भन्ने घनश्याम उप्रेती, ठानबहादुर सिंह, कोशिसबहादुर, लालबहादुर, कालीभक्त आदि खटिएका थिए।

रुपन्देही जिल्लाको सेमलार चम्किपुरमा बसाइ सरेपछि पनि उहाँको घर एक प्रकारले नेपाली कांग्रेस पार्टीका कार्यकर्ताहरूको गोप्य भेटघाट गर्ने ठाउँ भनौं निवास नै बनेको थियो। त्यसरी उहाँको घरमा भेला हुने, खानपान गर्ने र प्रसार-प्रचार कार्यमा निरन्तर लागिपर्ने नेताहरूमा नीलाम्बर पन्थी, ढुण्डिराज शास्त्री, गणेशकुमार शर्मा,

डिल्लीरमण शर्मा, बलदेव शर्मा, पुष्पानन्द गिरी, आदित्यराज ज्ञवाली, उदयराज काफ्ले आदि धेरैजना हुनुहुन्थ्यो ।

## गिरफ्तारी र यातना

पार्टीसंगठनको सिलसिलामा कांग्रेसका नेता जमानसिंह गुरुङको घर गौखा भन्ने गाउँदेखि फर्किंदै गर्दा धोबादिमा सादा पोशाकका सिपाहीद्धारा जमानसिंह गुरुङ र मोहदत्त काफ्ले एकैचोटी पक्राउ परे । यो वि.सं. २००६ सालको अन्त्यतिरको कुरा थियो । पार्टीमा आबद्ध भएपछिको यो पहिलो गिरफ्तारी थियो । उहाँहरूको साथबाट बरामद भएका कागजातहरू र डायरीसमेतको आधारमा नेपाली कांग्रेसका अन्य कार्यकर्तासमेतलाई धरपकड हुनथाल्यो । पक्राउ परेका दुवैजना नेतालाई पश्चिम ४ नं. नुवाकोट स्थित जेलमा कठोर यातना र कडा सुरक्षा व्यवस्थाका साथ राखियो । यी दुई नेता पक्राउ परेको सूचना जिल्लाभर फैलियो र अन्य नेता कार्यकर्ताहरूको नाउँमा वारेन्ट जारी भयो । यसरी वारेन्ट जारी भएका बाँकी नेताहरू भागेर प्रवासतिर लागे । देशभर प्रजातान्त्रिक आन्दोलनको लहर फैलिदै थियो । काठमाडौँमा तीनधारा पाकशालामा बसेका अध्ययनरत छात्रहरूले **जयतु सस्कृतम्**को नामबाट आन्दोलनको उद्‌घोष गरेका थिए । थुनामा रहेकै बेला स्याङ्जा नुवाकोटका तत्कालीन बडाहाकिम नरविक्रम राणा आफैले केरकार गरी आफूहरूलाई कडा मानसिक तथा शारीरिक यातना दिएको कुरा रिहाइपछि उहाँले बताउनुभएको थियो । त्यतिबेलाको प्रशासनको लक्ष्य उद्देश्य व्यवस्था विरोधीहरूलाई पक्राउ गरी जेल हाल्ने वा अन्यत्र लखेटेर आन्दोलन दबाउने निस्तेज पार्ने थियो । उहाँले त्यतिबेला सात महिना नुवाकोट जेलमा बन्दीजीवन बिताउनुभयो । देशद्रोहीको बहानामा विभिन्न मुद्दा लगाई पुनः थुनामा राख्नसक्ने हुँदा रिहाइलगत्तै फेरि प्रवासतर्फ लाग्नुभयो ।

वि.सं. १९९७ सालमा गंगालालसमेतका चारजना होनहार युवकलाई मृत्युदण्ड दिएपछि भुसको आगोझैँ भित्रभित्रै सल्केको प्रजातान्त्रिक आन्दोलन २००७ सालसम्म आइपुग्दा ननिभ्ने गरी नेपालभर फैलिएको थियो । नेपालको पश्चिमाञ्चलमा आन्दोलन र संञ्चालनमा स्याङ्जालीको भूमिका अग्रणी थियो । स्याङ्जाका नेता तथा कार्यकर्ता निकै चेतनशील तथा जागरुक थिए । स्याङ्जाको कोल्मा बाहाँकोट क्षेत्रमा होबीर आलेको नेतृत्वमा व्यापक जनसहभागितामा आन्दोलन भइरहेको थियो । सुराकीबाट यो कुराको जानकारी पाएपछि बडाहाकिम नरविक्रम राणाको नेतृत्वमा गएको ५५ जनाको सशस्त्र सैनिकले २००७ साल ज्येष्ठ ११ गते बाहाँकोट

भन्ज्याङ्मा प्रजातन्त्रविरुद्ध गोली चलाउँदा एकजना ललिताकुमारी गुरुङको निधन भयो । त्यतिबेला उनी गर्भिणी थिइन् । यो सैनिक कारवाहीमा धेरैजना घायल भए । धेरैजनालाई पक्राउ गरी यातना दिइयो । गर्भवती महिलाको मृत्यु र अन्य निर्दोष गाउँले जनताहरूउपर भएको बर्बरतापूर्ण सांघातिक हमला र यातनाले स्थानीय सर्वसाधारण जनतामा चरमविद्रोहको भावना जागृत भयो । यो घटनाको सूक्ष्म अध्ययन गरी जानकारी गराउन पार्टीले उहाँलाई त्यस क्षेत्रमा खटाएको थियो । पक्राउ पर्नबाट बचेर घोप्टे, ओरस्टे, गोपाले आदि क्षेत्रमा गोप्य रूपमा बसी उक्त घटनाको विस्तृत अध्ययन गरी पार्टीलाई प्रतिवेदन बुझाउनुभएको थियो ।

कोल्मा बहांकोटको घटनापछि प्रत्येक गाउँमा जनविद्रोहको लहर फैलिन थाल्यो । सरकारी धरपकडसँगै विद्रोहीहरूको संगठित आन्दोलन चर्किन थाल्यो । गाउँगाउँमा व्यापक तयारी गरेपश्चात् २००७ साल पौष २४ गतेका दिन जमानसिंह गुरुङको नेतृत्वमा गएको मुक्तिसेनाले पश्चिम ४ नं. नुवाकोटमा रहेका जङ्गीअड्डा, जेल, हुलाक, माल, अदालत, गोश्वारा आदि सरकारी अड्डाअदालत कब्जामा लिए र सोही दिन द्वारिकानाथ उप्रेतीको अध्यक्षतामा नौ सदस्यीय **स्याङ्जा जनसरकार**को गठन भयो । जमानसिंह गुरुङले जनसरकारको गृहमन्त्रीको जिम्मेवारी पाएका थिए । यसरी जिल्ला सदरमुकाम कब्जा गर्ने सिलसिलामा बाँस्तारा क्षेत्रका चालीसजना युवाहरूको नेतृत्व मोहदत्त काफ्लेले गर्नुभएको थियो ।

उक्त सरकार गठनपश्चात् सरकारबाहिर रहेर भोजराजले अदालततर्फ दण्डपाणि शर्माले विविधतर्फ र मोहदत्त काफ्लेले समन्वयको जिम्मेवारी पाएका थिए । प्रवासमा रहँदादेखि नै तौलिहवा निवासी दयाशंकर मुन्सीसँग राम्रो सम्बन्ध रहेकोले उहाँकै सिफारिशमा दयाशंकर मुन्सी स्याङ्जा जनसरकारको चिफ सेक्रेटरी भएका थिए । स्याङ्जा कब्जा गरेपछि त्यस वरपरका पाल्पा, बुटवल, कुश्मा, बाग्लुङ, पोखरा आदि क्षेत्र कब्जा गर्ने लहर नै चल्यो । यसमा स्याङ्जालीको ठूलो हात छ । पोखरा कब्जा गर्ने सिलसिलामा स्याङ्जाका बाहृसयजना मुक्तिसेनाका जवान मट्टीखान हुँदै पोखरा प्रवेश गर्दा त्यहाँका बडाहाकिम हायलकायल भई आत्मसमर्पण गरेका थिए । मुक्तिसेनाको यो कास्की कब्जा अभियानमा मोहदत्त काफ्ले पनि सहभागी हुनुहुन्थ्यो ।

## सामाजिक जागरण अभियान

नेपालमा प्रजातन्त्र उदय भएपछि मुख्य राजनीतिक दलको रूपमा नेपाली कांग्रेस नै थियो । समाजमा विद्यमान अशिक्षा, अन्धविश्वास, कुरीति, बेथिति, बेरोजगार,

शोषण, उत्पीडनमा सुधार ल्याउन पार्टीले विभिन्न नीति तथा कार्यक्रमहरू संचालनमा ल्याएको थियो । यसै सिलसिलामा **लड्का पढाऊ र हिउँदे खेती गर** भन्ने अभियानमा मोहदत्त काफ्लेसमेतको टिम विशेष सक्रियताका साथ लागेको थियो । सामन्तहरूले अनधिकृतरूपमा कब्जा जमाएका घरखेत जग्गाजमीन फिर्ता गराउने, मनपरी तमसुक गराउने र जातपातका आधारमा भेदभाव र छुवाछूत गर्नुहुँदैन भन्दै गाउँका केही जागरुक चेतनशील युवाहरू जम्मा गराई जागरण फैलाउने कार्य भयो । सामाजिक अभियानको रूपमा चलाइएको हलो जोत्ने कार्यले त्यतिबेला तहल्का नै मच्चाएको थियो । धर्मभीरु समाजमा त्यसबखत बाहुनले हलो जोत्नु ठुलै सांस्कृतिक अपराध मानिन्थ्यो । यसरी आफ्नो खेत आफैं जोत्नुपर्छ, सबै स्वावलम्बी हुनुपर्छ, खेतीप्रणालीमा सुधार गर्नुपर्छ, बाहुनले पनि हलो जोत्न हुन्छ भन्ने अभियानलाई हलो आन्दोलनको नामले पुकारिन्थ्यो । बाँस्तारा क्षेत्रमा यो आन्दोलनको समर्थन मोहदत्त काफ्लेले गर्नुभएको थियो । पुरानो जडसूत्रवादी सोचविरुद्धको यो अभियानमा लाग्नेहरूलाई सामन्तीहरूले सामाजिक बहिष्कार गर्ने, भातपानी नचलाउने भन्नसम्म पनि भ्याएका थिए ।

जीवनको उर्वर कालखण्ड पार्टीको संगठन खटनपटन र प्रवासमा नै बित्यो । वि.सं. २०३३ साल पौष १६ गते राष्ट्रिय मेलमिलापको नीति लिएर विश्वेश्वरप्रसाद कोइरालालगायत केन्द्रीयस्तरका नेताहरू नेपाल फर्किएपछि उहाँ पनि नेपाल आएर खुल्ला रूपमा पार्टीका विभिन्न गतिविधिमा सक्रिय हुनुभयो । यसै क्रममा नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला पार्टीको काम विशेषले भैरहवा गएका बखत वि.सं. २०४० साल फाल्गुन २० गते नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता पुष्पानन्द गिरीको सूरजपुरास्थित निवासमा नेता गिरिजाप्रसादसमेतले खाना खाइरहेको बेला तत्कालीन सरकारका मतियारहरूले भाडाका गुण्डाहरू लगाई गरेको सांघातिक हमलामा उहाँ पनि घाइते हुनुभएको थियो । ज्यानमार्ने उद्देश्यले सुनियोजित तवरबाट भएको यो आक्रमणबाट उहाँ बच्न सफल हुनुभएको थियो । तिनै पेशेवर अपराधीहरूको बर्बर आक्रमणबाट नेता यादवनाथ आलोक शहीद हुनुभयो । वि.सं. २०४२ सालको सत्याग्रहमा मोहदत्तज्यूले गण्डकी र लुम्बिनी अञ्चलमा सक्रिय भूमिका निर्वाह गर्नुभयो । स्याङ्जा, पाल्पा, रूपन्देही आदि जिल्लामा सत्याग्रहको राम्रो प्रभाव परेको थियो । सत्याग्रहको समयमा निर्वाह गरेको कुशल एवं चातुर्यपूर्ण अहिंसात्मक भूमिकालाई मनन गरी वि.सं. २०४६ सालको जनआन्दोलनलाई उत्कर्षमा पुऱ्याई सफल बनाउन उहाँलाई पार्टीले पश्चिमाञ्चलमा खटाएको थियो । पश्चिमाञ्चलका सबै जिल्लामा उहाँको सक्रियता रह्यो । उहाँको सक्षम एवं कुशल

नेतृत्वको फलस्वरूप शान्तिपूर्ण तवरले आन्दोलन सफल भयो । पार्टीलाई कुनै क्षति भएन बरु पार्टी संगठन सुदृढ र मजबुत भयो । यी दुवै आन्दोलनको सिलसिलामा उहाँ पटक पटक पक्राउ पर्दै रिहाइ हुनुभयो । पार्टीप्रतिको त्याग, समर्पण, दृढनिष्ठा र अनवरत चलेको क्रियाशीलताले गर्दा रूपन्देही कांग्रेस नेता नीलाम्बर पन्थीद्वारा उहाँलाई वि.सं. २०४७ सालमा नेपाली कांग्रेस रूपन्देही जिल्ला कार्यसमितिको उपसभापति र वि.सं. २०४८मा सभापतिको जिम्मेवारी दिइयो । पार्टी सभापतिको जिम्मेवारीमा रहेकै बखत वि.सं. २०४८ सालको आमनिर्वाचनमा लुम्बिनी अञ्चलमा उम्मेद्वारी छनौट गर्न र विजयी गराउनमा उहाँको ठूलो हात छ ।

सेतो कुर्ता, सेतै पाइजामा, कालो टोपी, कालै कोट, यो उहाँको परिधान थियो । बनारसमा बस्दा कोइराला परिवारसँगको सान्निध्यले होला लवाइखवाइमा सचेष्ट हुनुहुन्थ्यो । लामो समयसम्म पार्टीको शीर्षनेतागणसँगको संगतले गर्दा स-साना विषयमा सम्झौता गर्ने स्वभाव थिएन । जीवनको लामो हिस्सा दुर्बोध्य अज्ञात अप्ठ्यारोसँग पौठाजोरी खेल्दै बित्यो । जेलनेल भोग्नु, सरकारी कुदृष्टिबाट बँच्दै लुकिछिपी हिँड्नु, अभाव र अप्राप्तिको कहर खप्दै घर परिवारसँग टाढा रहनु राजनीतिकर्मीको लागि अभ्यस्त दिनचर्या नै थियो । अहिंसा र अपरिग्रहजस्ता गान्धीवादी दर्शनको प्रभावले गर्दा कठिनतम परिस्थितिमा पनि कसैसँग हात पसार्नु भएन । चितवन नवलपरासी रूपन्देही कपिलवस्तु आदि जिल्लामा राजनीतिक पीडितहरूलाई सुकुम्बासीको नाउँमा जग्गा वितरण गरी बसोबासको व्यवस्था मिलाउँदा उहाँले आफू, आफ्नो परिवार र आफन्तलाईसमेत एकधुर जमीन लिनुभएन । राजनीतिक निष्ठा र आफ्नो स्वाभिमान बन्धकी राखेर कुनै सम्झौता गर्नुभएन । प्रजातन्त्रको पुनर्बहाली अर्थात् २०४६ सालपछि उहाँ शक्तिकेन्द्रकै वरपर हुनुहुन्थ्यो तथापि उहाँले आफ्नो लागि कुनै पद पदवी सुविधा आदिको लागि मरिहत्ये गर्नुभएन । राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रका खातिर सम्पूर्ण जीवन उत्सर्जन गर्नुभयो । प्रजातान्त्रिक आन्दोलन त उहाँको जीवनदर्शनको पर्याय नै थियो । यसरी प्रजातन्त्रको खातिर चट्टानी अडानका साथ अविश्रान्त आन्दोलनमा होमिएका नायक स्वयंले ती आन्दोलनको स्वर्णिम उपलब्धिमा रमाउन र सुखद अनुभूति गर्न भने पाउनुभएन । जीवनका अन्तिम पाँच वर्षहरू शारीरिक अस्वस्थताको कारणले पहिलेजस्तै उर्जावान् रहन सकेनन् । एकातिर मुलुकमा लोकतन्त्रको उषाकिरण छाउँदै



थियो भने अर्कोतिर शारीरिक दुर्बलताको कारणले जीवनचर्या गोधूलीतर्फ उन्मुख थियो । नशा तथा दमको व्यथाले आक्रान्त पार्दै लगेको हुँदा स्वतन्त्र रूपले एक्लै हिँडडुल गर्न सक्ने अवस्था थिएन ।

चिकित्सकको नियमित रेखदेख र परहेजमा रहेकै अवस्थामा ७३ वर्षको उमेरमा २०५४ साल पौष २९ गते आफ्नो भौतिक देहका साथै करीब पाँच दशक लामो राजनीतिक जीवनयात्रा सदाका लागि बिसाउनुभयो । यसरी प्रजातन्त्रका एक सेनानी तथा अथक समाजवादी योद्धाको जीवनदीप निभ्यो । भौतिक जीवनलीला समाप्त भयो ।

शास्त्रमा बताएअनुसार जन्मदाता, मन्त्रदाता, कन्यादाता, अन्नदाता र भयत्रातासमेत गरी पाँच प्रकारका पिता हुन्छन् । उहाँले मलाई आफ्नी कन्या दिनुभएकोले उहाँ मेरो पितृकल्प हुनुहुन्छ । त्यसैले जन्मशताब्दीका अवसरमा अहिले उहाँलाई सम्झेर उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलि प्रकट गर्नु मेरो कर्तव्य हुनआउँछ ।

**जनिता चोपनेता च यश्च कन्यां प्रयच्छति ।**
**अन्नदाता भयत्राता पञ्चैते पितरः स्मृताः ॥** (**चाणक्यनीतिदर्पण**)
(जन्माउने, बुद्धि दिने र विद्या दिने र कन्या पनि दान गर्ने ।
बेला-बखत् खान दिने, सुरक्षा गर्ने पिता पाँच बुझेर मान्ने ॥)

उक्त श्लोकको व्याख्यात्मक अर्थ मेरा मित्र प्रा.श्री तोयराज नेपालजीले यसरी गर्नुभएको छ जो सबैको जानकारीका लागि म यहाँ उल्लेख गर्दैछु -

बीजाधान गरेर जीवन दिई संस्कारका साथमा,
पाली पोषणसाथ हुर्कन ठूलो टेवा दिई गाथमा ।
आफ्नो कत्ति शरीरको पनि सबै छाडेर भोगावली,
स्वर्यात्री हुनुभो स्वयं जनकमा अर्पन्छु श्रद्धाञ्जलि ॥१॥

विद्यादान गरेर भित्र मनको जो अन्धता नाशियो,
जोबाटै उपदेश पाइरहँदा भित्री प्रकाशै खुल्यो ।
विद्यादायक ती गुरुप्रति सधैँ जोडेर हस्ताञ्जलि,
सच्चा भक्तिगरी सदा प्रणत भै अर्पन्छु श्रद्धाञ्जलि ॥२॥

जल्ले स्नेह गरी दिएर दुहिता गेहै उज्यालो गरे,
ती छोरी जसबाट सन्तति भए उद्धार हाम्रो गरे ।
जो धर्मिष्ठ थिए उनै श्वशुरमा जोडेर हस्ताञ्जलि,
ती धर्मिष्ठ पिताप्रति प्रणत भै अर्पन्छु श्रद्धाञ्जलि ॥३॥

जल्ले भोजन अन्नदान दिनुभो भोको भएका क्षण,
आफ्ना वर्गतले सहायक बनी जल्ले गरे रक्षण ।
ती सम्पूर्ण पिताहरूप्रति सदा जोडेर हस्ताञ्जलि,
राखी भक्ति र भाव भित्र मनमा अर्पन्छु श्रद्धाञ्जलि ।।४।।

समय सधैँ एकनास रहँदैन । काल कसैको वशमा हुँदैन तर सबैलाई कालले आफ्नो वशमा राखेको हुन्छ ।

कालस्य वशगाः सर्वे न कालः कस्यचिद् वशे ।
राजानो धनिनश्चैव ऋषयोऽपि गतायुषः ।।

यो उक्ति सधैँ सबैका लागि सार्थक र सत्य छ। समय भन्नाले कालको महिमालाई हाम्रा कविशिरोमणि लेखनाथ पौड्यालले पनि यसरी बयान गरेका छन् -

भाका भूल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो
खाता जाँचि सबै दुरुस्त नबुझी बिर्सेर हान्दैन त्यो ।। १ ।।

राजा-रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
लाखौँ औषध अस्त्र शस्त्र महिमा देखेर डर्दैन त्यो
व्याधातुल्य लुकेर चल्दछ सदा मारेर मर्दैन त्यो ।। २ ।।

आँसुका दहमा नुहाउँछ चिसो पानी रुचाउन्न त्यो
सुख्खा जर्जर अस्थिपञ्जरविना शैय्या बनाउन्न त्यो ।
मैलो भस्मसिवाय अङ्गभरमा केही लगाउन्न त्यो
हाहाकारसरी मिठो अरू कुनै सङ्गीत गाउन्न त्यो ।। ३ ।।

जो जो मिल्छ सुलुक्क निल्छ मुखमा हाली चपाउन्न त्यो
थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो ।
जत्ती निल्छ उती उकेल्दछ पनी केही पचाउन्न त्यो
यै चालासित कल्पकल्प कहिल्यै खाई अघाउन्न त्यो ।। ४ ।।

(**स्रोत सन्दर्भः** यो लेख तयार गर्दा धेरै सामग्रीहरू उपलब्ध गराई टङ्कन कार्यसमेत गरी सहयोग गर्नुहुने श्रीरामचन्द्र काफ्ले तथा अन्य धेरै प्रश्नहरूको उत्तर दिएर सहयोग गर्नुहुने उदयराज काफ्ले, जयप्रसाद काफ्ले, राधादेवी तथा मायादेवी आदि सबैलाई धेरै धन्यवाद छ। **–लेखक**)

# परिवर्तन

✍ डा. सीता सुवेदी



झुल्किँदा रविको आभा आनन्दी मन यो भयो
वात्सल्य भरिएजस्तै न्यानो निर्धक्क फैलियो ।
नाङ्गा वृक्ष थिए सारा मुजुरा देखिए नयाँ
कोइली गीतका भाका भर्दै रमाउँछन् जहाँ ।
कुहूँ कुहूँ गरी पाखा सङ्गीतमय लाग्दछन्
उमङ्ग साथमा नौला चौरका तृण जाग्दछन् ।
गलैंचा हरिया भर्दा धर्ती शोभित देखिने
सुगन्धी सिर्सिरे वायु डुल्दा यो मन लोभिने ।
नाच्छ छमछमी गर्दै मयूरी हर्ष साथमा
ऊर्जा भर्दछ प्राणीमा रङ्ग छर्दै उमङ्गमा ।
बाँचौंला श्रममा आफ्नै राष्ट्रको स्वाभिमानले
महौषधि यिनै पूज्य रम्छन् प्रकृति गानले ।
फलाई श्रमका मोती आनन्द स्वर्गको छ जो
मृत्तिका निम्तिमा आफ्नै पसिना रक्त पोखियो ।
सोचेर दिव्य धर्तीमा लोककल्याण अर्पण
त्यागी आशक्तिको जालो न्यायनिम्ति समर्पण ।
झुकेनन् नव तृष्णाले मोह त्याग गरे सधैँ
सादा जीवन साक्षी छन् पुर्खाका पहिचान भै ।
स्वतन्त्र न्यायका खम्बा बने निर्भीक सर्वदा
जन्मभूमि सदा उच्च सम्झिए प्राण अर्पिँदा ।
घुँडा शासकले टेकी व्यवस्था फेरिए कति
अर्पिए त्यागका मोती दिएर प्राण आहुति ।
माटोका निम्ति अर्पेका सन्तति सपना भुले
श्रापका आँसुले भिज्छौ स्वार्थका रापमा घुमे ।

स्थायी ठेगाना : रेसुङ्गा नगरपालिका ९, तम्घास, गुल्मी । हाल : सूर्यविनायक ३, बालकोट, भक्तपुर ।

# गिदुवा फुलोस् ! फलोस् !



✍ डा. थानेश्वर अर्याल

भौगोलिक रूपमा पूर्वतर्फ देउराली र जन्निपको डाँडो, उत्तरको नाङ्गेको डाँडो, पश्चिमतर्फ साइखोला र दक्षिणतिर बडहरे खोलाले छेकिएको (काटिएको) हुनाले यस भू-भागलाई पहिले 'गिँडुवा' (सिँङ्गो वस्तुबाट, मूल भागबाट टुक्रिएको, काटिएको, छुट्टिएको, भन्ने अर्थमा) भन्ने गरेछन् । त्यही शब्दोच्चारण प्रचलनमा आउँदा-आउँदै, त्यसको अपभ्रंशका रूपमा गिदुवा भनिन थालेछ। 'गिदुवा' को व्युत्पत्तिगत र शब्दिक अर्थ यही पाइन्छ।

राजनैतिक सिमानाका रूपमा गिदुवा, गुल्मी जिल्लाको साबिक हर्मिचौर गा.वि.स. अन्तर्गत वडा नं. ८ र ९ मा र हाल कालीगण्डकी गा.पा.-१ मा पर्छ। गिदुवा, तुथुम, वकेवा र दिहिङमध्येको ठूलो केन्द्र मानिँदै आएको हो । यसको राणाकाल पूर्वको शासकीय स्वरूपको चित्र नपाइए पनि त्यसबेला यी चार गाउँको केन्द्र गिदुवा नै मानिएको पाइन्छ। यी गाउँमध्ये गिदुवाका मानिसहरू नै मुखिया बन्ने गरेको इतिहास पाइन्छ। तिनै मुखियाहरूको नेतृत्वमा रहने गरी चार गाउँले मान्ने गरेको कोट (कोटमा, भगवती देवीको मूर्ति स्थापना गरेर पूजा गर्ने) को व्यवस्थापन र सञ्चालनको परम्परा अहिले पनि कायम रहेकै छ। गिदुवामा मुखिया भएर उक्त चार गाउँको शासन चलाउने मुखियाहरू दुईचार गाउँ वरिपरिसम्मका मुखियाहरूका दाँजामा प्रसिद्ध र शक्तिशाली थिए रे भन्ने कुरा अझै पनि सुनिदै छ। त्यही मुखियाली परम्परामा पछिल्लो चरणमा मुखिया बनेका लीलावल्लभ पाण्डेय पञ्चायती व्यवस्थाको प्रादुर्भावपछि प्रधानपञ्च भएर वर्षौंसम्म (करीब १४-१५ वर्षसम्म) सिङ्गो हर्मिचौर गा.वि.स. (पञ्चायती व्यवस्थामा गाउँ पञ्चायत भनिने) कै नेतृत्व गर्न पुगे। पञ्चायती व्यवस्थाको अवसान र प्रजातान्त्रिक व्यवस्थाको पुनःप्राप्ति (वि.सं. २०४६) पछि गिदुवाका युवा-युवतीहरू राजनीतिक परिवृत्तमा (कुनै आधिकारिक पदमा नरहेका भए पनि) चर्चा परिचर्चामा रहिरहेको पाइन्छ। आफ्नो गा.वि.स र क्षेत्र हुँदै जिल्लासम्म युवाहरूले आ-आफ्ना राजनीतिक संगठन (पार्टी) का माध्यमबाट नेतृत्व गर्न सफल भएका छन्। गिदुवाबाट

बसाइँ सरेर गएका मानिसहरू पनि जहाँजहाँ गएका छन्, त्यहाँ त्यहाँ आ-आफ्नो राजनीतिक वर्चस्व कायम गर्न सफल भएर गा.वि.स. र क्षेत्र तथा जिल्लासम्मको भूमिका निर्वाह गर्न गुगेका देखिन्छन् ।

शैक्षिक रूपमा गिदुवाको इतिहास त्यति लामो छैन । कुनै बेला मानिसहरू "गिदुवा गयो शास्त्र सकियो, अस्लेवा गयो धर्म सकियो, लुम्पेक गयो पिठो सकियो, अस्लेवा गयो धर्म सकियो र लिम्घा गयो बाटो सकियो"भन्ने गर्थे र त्यो स्थानीय कथन अहिले पनि प्रसङ्गवश सुनिन्छ । शास्त्र सकिएको अभिप्राय गिदुवामा शास्त्रको अध्ययन हुँदैन । त्यहाँका मानिस पढालेखा हुँदैनन् । त्यहाँका मानिस शैक्षिक र शास्त्रीय रूपमा गणनीय छैनन् भन्ने हो । समय र परिस्थिति सधैँ एकै किसिमको नरहेर (स्थिर नरहेर) गतिशील हुँदोरहेछ । "दुःखी भनी नगर हेला, छेउको सियो माझैमा कोइ बेला" (लोक परम्परा) भनेझैँ विगतका शास्त्रहीन गिदुवालीका सन्तानहरू अहिले पण्डित, शिक्षक, सरकारी कर्मचारी, प्राध्यापक, वकिल, लेखक, साहित्यकार, चिकित्सक बनेर समाज सञ्चालनमा प्रायः सबैजसो विभागमा उपस्थिति देखाउन सफल छन् । तसर्थ गिदुवालीहरूले तुलनीय रूपमा वरिपरिका गाउँ वस्तीहरूसँग हीन भाव लिएर बसिरहनु पर्ने अवस्था छैन । बरु निरन्तर शैक्षिक र अन्यान्य सबै क्षेत्रमा उन्नति गर्न सकौँ भन्ने मनोकामनासहित ब्रह्मापुत्री तथा वीणा र पुस्तकधारिणी सरस्वतीमाताको स्तुति र प्रार्थना गर्नु जरुरी छ । भगवान्श्रीकृष्णले धनुर्धारी अर्जुनलाई उपदेश दिँदै भनेका छन् ः

**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।**
**म कर्मफलहेतुर्भुर्माते सङ्गोऽस्त्वकर्मणि ॥ (श्रीमद्भगवद्गीता** २/४७)

अर्थात् फलको आशा नगरी निष्काम भावले अघि बढ्नुपर्छकिनभने कर्म गर्नु मात्रै तिम्रो कर्तव्य हो फल प्राप्त हुन पनि सक्छ नहुन पनि सक्छ ।

तद्अनुरूपहामी पनि अघि बढिरहन आवश्यक छ । गिदुवा धार्मिक-साँस्कृतिक रूपमा पनि सबल छ । गिदुवाको शिरमा हिलेको सिद्धस्थान र सिद्धबाबाको मन्दिर छ। सिद्धको स्थान र मन्दिरले पनि गिदुवालीलाई अनादिकालदेखि धार्मिक-सांस्कृतिक विरासत प्रदान गरिआएका छन् । सिद्धबाबाकै सुवासले गिदुवा पनि सदा सुवासित छ । सिद्धबाबालाई नसम्झीकन र अर्पण नगरीकन सुवासले गिदुवालीहरूले नवान्न ग्रहण गर्दैनन् । गाई-भैँसीका दूध चलन गर्दैनन् । सिद्धबाबाको शक्ति, महिमा र आशीर्वादलाई बिर्सँदैनन् भुल्दैनन् ।

त्यस्तै ठूलो लुम्पेकका 'थानी बाजेबज्यै'का दुई आँखाको सुदृष्टि र हार्दिक

सद्भाव पनि गिदुवाका निम्ति सदा अक्षुण्ण छ। थानी बाजेबज्यैलाई गिदुवा र गिदुवाली आस्थाका प्रतिमूर्ति, समृद्धिका आधार र शक्तिका द्योतक मानेर घरघरमा स्थान बनाएर पूजा गर्छन् र सामूहिक रूपमै थानीको स्थान (मन्दिर) बनाएका पनि छन्। त्यहाँ बर्षेनी नियमित पूजा गर्छन् । अझै थानीको मूल मन्दिर लुम्पेकमै गएर पनि पूजाआजा तथा पञ्चवलिद्वारा श्रद्धा प्रकट गर्दछन् । अनि गिदुवाको अर्को प्रेरणाको स्रोत मुक्तिनाथमा मूल फुटेरबग्दै आएकी गण्डकी र नीलगिरि पर्वतमा मूल फुटेर काग खोलाका नामले प्रवाहित भई कागबेनीमा गण्डकी र कागखोलो सम्मिलित भईझ्यागिँदै र बग्दै आएकी शालिग्राम जननी काली गण्डकी हुन् । काली गण्डकीको प्रवाहशीलता जीवनदायिनी जलस्पर्शलाई हरपल हरक्षण हृदयमा राख्ने गिदुवालीहरूमा काली गण्डकीप्रतिको आस्था र विश्वास अटुट र अक्षय छ ।त्यसैले वैशाख संक्रान्तिदेखि चैत्राष्टमी (प्रायः वर्षको अन्त्यमा पर्ने हुनाले वर्षको अन्त्य बुझाउने अर्थमा प्रयोग गरिएको हो)सम्मका प्रमुख सङ्क्रान्तिहरू औंसीपूर्णिमाहरू, एकादशीहरू (विशेषतः हरिशयनी, हरिपरिवर्तनी र हरिबोधिनी) नवदुर्गा र सोह्रश्राद्ध जस्ता देवदेवी र पितृहरूको सन्दर्भसँग सम्बन्धित तिथिमितिहरूमा गङ्गास्नान र पूजाका निम्ति गङ्गाकिनार र तटमा पुग्दछन् ,श्रद्धाभाव प्रकट गर्दछन् र आ-आफ्नो मनोकाङ्क्षाको पूर्णताको कामना गर्दछन् ।

नवदुर्गा देवीका भक्तजन गिदुवालीहरू सदा लसर्घास्थित आलम देवीलाई दुई हातले नमन र साष्टाङ्ग दण्डवत् गरिरहन्छन् । आलमदेवीले पनि गिदुवालीहरूलाई शक्ति प्रदान गरेर सदा स्व-अस्तित्व कायम गरिरहन प्रेरित गरिरहन्छिन् । यिनैको सत्प्रेरणाले गिदुवालीमा पनि अनादिकालदेखि नै दुर्गादेवी (भगवती देवी) को मन्दिर बनाइएको छ। विशेषतः नवदुर्गाहरूमा नियमित रूपमा धुपबत्ती गर्ने गरिन्छ। त्यसैले सबै गिदुवालीहरू दुर्गालगायत सबै देवदेवीहरूलाई-

"**या देवी सर्वभुतेषु शक्तिरूपेण संस्थिता ।**

**नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः**"(**पाण्डेय,** २०४०,पृ.३४)

अर्थात् शक्तिकी प्रतीक देवी सम्पूर्ण प्राणीहरूमा रहन्छ्यौ । तिमीलाई ३ पटकसम्म नमस्कार छ । यसो भनेर पूजा-आराधना गर्दछन् । गिदुवाको पूर्वमा पर्ने सेतीवेणीमा काली गण्डकीका किनारस्थित शालिग्राम शिलाका भक्तजन गिदुवालीह¿ सदा साँझ-बिहान विष्णुस्वरूप शालिग्रामलाई पूजा र नैवेद्य अर्पण गरेर मात्रै भोजन ग्रहण गर्दछन् । उनैको आराधना उपासना गर्दछन् र आशीर्वाद लिन्छन् । त्यतिमात्रै नभएर रुद्रवेणीधाम, जनकपुरधाम र जानकी, भगवान् बुद्ध र लुम्बिनी, गलेश्वरधाम र हृषीकेशव भगवान्,मनकामनादेवी, गोरक्षनाथ बाबा, राष्ट्रिय देवता पशुपतिनाथ तथा

देवघाट आदि सम्पूर्ण (तेत्तीसकोटि) देवदेवी र सम्पूर्ण तीर्थस्थल तथा पितृहरूबाट रक्षित र संरक्षित छन्-गिदुवालीहरू।

अतः गिदुवा जहिले सृष्टि भयो, जहिले-देखि गिदुवा मानवजातिको बसोबासयोग्य स्थल बन्यो। त्यसै दिनदेखि त्यहाँ वेदविहित कर्महरू हुन थाले। गिदुवा अस्तित्वमा आयो, छिमेकीहरूका निम्ति प्रेरणाको स्रोत बन्यो । अनेकौं देवीदेवताहरूको निवासस्थल बन्यो। त्यसैले संयोग भनौं वा सौभाग्य गिदुवामा अष्टमूर्तिधारी शिवजीको मन्दिर तथा अज्ञान र अन्धकारनाशिनी सरस्वतीको मन्दिर (श्री ने.रा. देवलपुर आधारभूत विद्यालय) आदि संस्था र मन्दिरले तीर्थस्थल बनेको छ-गिदुवा। त्यसैले गिदुवाका मानिसहरू न कहिल्यै कसैसँग झुक्छन्, न कहिल्यै कर्तव्यबाट चुक्छन्। न कहिल्यैअमर्यादित भएर लोकलज्जा र लोकनिन्दाले डुब्छन्, न कहिल्यै बैंसोन्मत्त, मदोन्मत्त वा धनोन्मत्त अथवा कुनै पनि प्रमादले मत्त भएर अकारण फुल्छन्बरु समुद्रझैं मर्यादित,अग्निझैं प्रज्ज्वलित, पवनझैं गतिशील, हिमालझैं धैर्यशील, समग्र प्रकृतिझैं सिर्जनशील तथा दिनमणिझैं कुदृष्टिहीन छन् र त्यस्तै रहिरहने प्रणमा छन्। यस्तो अस्तित्वशाली गिदुवाका मानिसहरूले आवश्यकतानुसारआफूलाई तन्दुरुस्त बनाउन सक्नुपर्दछ। जस्तै :

''**त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत्।**
**ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत्**'' (**भट्टराई, २०८०, पृ.५४**)

अर्थात् कुल रक्षाका निम्ति एउटालाई, गाउँ रक्षाका निम्ति कुललाई र क्षेत्र वा गाउँलाई र आफ्ना निम्ति पृथिवीलाई नै त्याग्न सक्नुपर्दछ। तसर्थ यिनै-यिनै देवदेवी, तीर्थस्थल र तिनका सद्‌गुणहरूले सदा यहाँका मानिसहरूलाई उत्प्रेरित गरिरहनेछन् अनि सत्मार्गमा क्रियाशील सूर्यनारायणझैं कर्मशील बन्न प्रेरणा दिइरहने छन्। त्यस्तै गिदुवामा जन्मिएका सबै मानिसहरू जन्मभूमिकाप्रति भगवान् रामचन्द्रले निम्न कथनमा भनेझैं सदा पुत्रवत्, कर्तव्यनिष्ठ र कृतज्ञ हुनुपर्दछ। जस्तै :

''**अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते।**
**जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी॥**''(...)

अर्थात् हे लक्ष्मण ! लङ्का सुनैसुनको भए पनि र मैले पाए पनि मलाई यहाँ बस्न मन लाग्दैन । मलाई त जहाँ आफूलाई जन्म दिने आमा हुनुहुन्छ र जहाँ आफ्नो जन्मभूमि छ त्यही ठाउँ सबैभन्दा प्रिय र उत्तम लाग्दछ।

अझै गिदुवालीहरूले त तलका श्लोकले भनेजस्तै बुद्धिमान् भई आफ्नो आयु,

समय, परिस्थिति र आवश्यकतानुसार शास्त्राध्ययन गरी सार कुरा गृहण गर्न सक्नुपर्दछ। जस्तै :

**अनेकानि च शास्त्राणि स्वल्पायुर्विघ्नकोटयः ।**
**तस्मात्सारं विजानीयात्क्षीरं हंस यवाम्भसि ॥** (**वशिष्ठ,** २०६६, पृ.२२१)

अर्थात् शास्त्रहरू धेरै छन् र आफ्नो आयु भने निकै छोटो छ। त्यसकारण हंसले दूध खाएर पानी छोडेझैँ गरी जुनसुकै शनस्त्रका पनि सारसार लिएर अरू ग्रन्थलाई छोड्नुपर्दछ।

यिनै भावबोधले अभिप्रेरित गिदुवालीह¿Cब झन् तलका श्लोकले भनेअनुसार उदारवादी बन्न सक्नुपर्दछ। जस्तै :

**"अयं निज परोवेति गणना लघुचेतसां-**
**उदारचरितानांतु वसुधैव कुटुम्बकम्**"(**भट्टराई,**२०८०, पृ.३३)

अर्थात् यो मेरो त्यो तेरो, भन्ने क्षुद्र स्वभाव र सोचाइलाई त्यागेर संसारभरिकै मानिस आफ्ना इष्टमित्र र बन्धुबान्धव हुन्। संसारभरिकै चिजबीज आफ्नै चीजबीज सरह हुन्।

यस्तै हामी गिदुवालीले जीवनका कटुसत्य, यथार्थ र वास्तविकतालाई पनि मनन गरेर सबैको हित हुने काम गर्न सक्नुपर्दछ। जस्तै :

**जातस्य हि ध्रुवो मृत्युर्ध्रुवंजन्म मृतस्य च।**
**तस्मादपरिहार्येऽर्थे न शोकं कारयेद् बुध ॥** (**वशिष्ठ,** २०६६, पृ.२२१/१०/४६)

अर्थात् जन्मपछि मृत्यु र मृत्युपछि जन्म निश्चित छ। यो अनिवार्य र सत्य कुराका बारेमा बुद्धिमान्‌जनले शोक गर्नु हुँदैन। त्यस्तै हामी गिदुवालीहरू यस लोकबाट मुक्ति पाएर परलोक, स्वर्गलोक, गोलोक, सत्यलोक वा वैकुण्ठलोक आदि विभिन्न लोकमा पुग्न समर्थ भई सुखद पारमार्थिक जीवन जिउन सक्ने हुनुपर्दछ। त्यस निम्ति तलको श्लोकले भनेअनुसार पनि काम गर्न सक्नुपर्दछ। जस्तै :

**अयोध्या मथुरा माया काशी काञ्ची ह्यवन्तिका।**
**पुरी द्वारावती ज्ञेया सप्तैते मोक्षदायिका ॥** (**वशिष्ठ,** २०६६, पृ.२२८/१६/११४)

अर्थात् श्लोकमा भनिएका अयोध्या मथुरा माया (हरिद्वार) काशी काञ्ची अवन्तिका (उज्जैन) र द्वारावती यी सात तीर्थस्थलमा गएर स्नानध्यान, जपतप, योग र यज्ञादि गनुपर्दछ। त्यसपछिमात्रै मोक्षको बाटो खुल्छ भन्ने मान्यतालाई पनि

मनन गरी तदनुरूप अघि बढ्नुपर्दछ । यसरीहामी गृहस्थीहरू सांसारिकतालाई त्यागेर मोक्षप्राप्तिका निम्ति प्रयत्नशील हुनुपर्दछ ।

यसरी हामीले उपर्युल्लिखित सम्पूर्णआशयलाई मनन गरेर उदार र फराकिला चरित्रका बनेर, ज्ञानी र विद्वान् बनेर, योगी, त्यागी र तपस्वी तथा जीवनमर्मज्ञ बिनेर गिदुवा र गिदुवालीको नाम सुन्दा सबैको मन रमाउने, ठाउँ र काम देख्दा मन अघाउने बनोस्-गिदुवा, बनौँ गिदुवाली । गिदुवा, फुलोस्, फलोस् ॥ अस्तु ।

**सन्दर्भकृतिसूची**

पाण्डेय, रामनारायणदत्तजी शास्त्री 'राम' (अनुवादक, २०४०).सचित्र दुर्गासप्तशती हिन्दी अनुवाद तथा पाठविधिसहित.पैँतीसौँ संस्करण. गोरखपुर : गोविन्दभवन कार्यालय, गीताप्रेस ।

भट्टराई, पुण्यप्रसाद (अनुवादक, २०८०). हितोपदेश (लेखक : नारायण पाण्डित). प्रकाशिका : सीता देवि भट्टराई ।

भट्टराई, पुण्यप्रसाद (अनुवादक, २०८०). हितोपदेश (लेखक : नारायण पाण्डित). प्रकाशिका : सीता देवि भट्टराई ।

… … रामायण …(?) ।

वशिष्ठ, गौरीशङ्कर (टीकाकार, २०४६)..गरुडपुराणम् (नेपाली भाषा टीकासहितम्). (लेखक वेदव्यास).संस्करणं २०६६.वाराणसी : दुर्गा साहित्य भण्डार ।

वशिष्ठ, गौरीशङ्कर (टीकाकार, २०४६)..गरुडपुराणम् (नेपाली भाषा टीकासहितम्). (लेखक वेदव्यास).संस्करणं २०६६.वाराणसी : दुर्गा साहित्य भण्डार ।

वशिष्ठ, गौरीशङ्कर (टीकाकार, २०४६)..गरुडपुराणम् (नेपाली भाषा टीकासहितम्). (लेखक वेदव्यास).संस्करणं २०६६.वाराणसी : दुर्गा साहित्य भण्डार ।

वेदव्यास (२०५५). श्रीपञ्चरत्नगीता. पच्चीसौँ संस्करण. गोरखपुर : गोविन्दभवन कार्यालय, गीताप्रेस ।

जन्मस्थान : गिदुवा, पोडडाँडा, गुल्मी

हाल : बुटवल ७, शिवनगर

# त्यतिखेरको आफू मरिसकेछु



अनिता पन्थी

अतीतका धमिला स्मृतिहरू म अहिले सम्झिँदै छु । सम्झिँदै जाँदा धेरै कुरा सम्झनामा आए । परन्तु यसरी अतीत सम्झिएर मैले ठीक गरेँ गरिनँ कुन्नि ? एक मन त लाग्यो ठीकै गरेँ । तर अहँ मैले ठीक गरिनँ । बरु बेठीक भएको लाग्यो । तब अचानक आफ्नै शोक मनाएँ ! छ्या ! कस्तो उदेक लाग्दो शोक !

म अहिले बडो सन्तप्त स्थितिमा छु । मलाई नमीठो विरक्तिले छोपेको छ ।

आज मलाई किन यस्तो भइरहेछ ? एकदमै अनौठो अनुभूतिमा छु । सम्भवतः यस्तो अनुभूति अघि कहिल्यै भएको थिएन ।

ती दिन सम्झिएर म घण्टौँ एक तमासको भएँ । आफ्नो सँगसँगै अतीतको शोक मनाएँ । मलाई एकचोटि धीत मर्ने गरी रुन मन छ ।

त्यसै बखत अकस्मात् मनमा एउटा प्रश्न उब्जिन्छ । भोग्दै नभोगेको स्वर्ग कल्पना गरी मानिस किन आसक्त हुन्छ ?

थाहा छैन सोच्दै नसोचेको यस्तो प्रश्न अहिले ममा किन आइरहेछ ? कतै स्वर्गको आकर्षणले या अरू केही कारणले उब्जिएको प्रश्न त होइन यो ?

यसरी म अस्पष्ट मन लिएर झरीको सङ्गीत सुन्दै थिएँ । दिनभर झरीको उत्सव चल्यो । बेलुका डायरी लेख्दै गर्दा थाहा पाएँ अघिको मेरो प्रश्नको उत्तर निर्माण हुँदै रहेछ । मैले अकस्मात् सानु बेलाको जीवन सम्झिएँ ।

हरेक मान्छे स्वर्गीय जीवन भोगेर ठूलो हुने रहेछ अनि स्वर्ग गुमाउँदो रहेछ । परन्तु उसलाई 'मैले स्वर्गीय जीवन भोगेँ भन्ने' हेक्का नै हुँदैन । अनि त ऊ अर्को स्वर्गको परिकल्पना गर्न थाल्ने रहेछ शायद ... !

स्मृतिमा बाँकी रहेको जीवन सम्झिएर अहिले मलाई बडो पश्चात्ताप भएको छ । त्यो सानु उमेरको जीवनलाई एकदम होशपूर्ण भएर बाँच्न पाएको भए ! अझ त्यो कति

सुन्दर हुने थियो। 'यो उमेर फेरि बाँच्न पाइँदैन' भन्ने जानेर बाँचेको भए यतिखेर मसँग कस्तो अनुभूति हुने थियो कुन्नि ?

महत्त्व नबुझी बाँचेको त्यस जीवनप्रति यतिखेर मेरो कति ठूलो अनुराग ? अब त्यो जीवन कहिल्यै बाँच्न पाउँदिनँ अर्थात् अब म कहिल्यै सानो हुँदिनँ भन्ने एउटा अतृप्त विचारले यस घडी मलाई बडो सताइरहेको छ।

उफ् कस्तो बेअर्थको इच्छा ! म सानु भएर फेरि उही जीवन बाँच्न चाहन्छु। यस्तो असम्भव इच्छाले मन भड्किएको छ। तब उस समयको आफूलाई एकचित्तले खोज्न थाल्छु। परन्तु भेट्दिनँ। म त कहीँ हराइसकेको रहेछु। छुटिसकेको रहेछु। त्यतिखेरको आफू मरिसकेको रहेछु। अहिले म अर्कै आफू भएर बाँचेको थाहा पाएँ। धेरै नमज्जा लाग्यो त्यसरी छुटेर गएको जीवन सम्झिएर। अनि त त्यही छुटी गएको जीवनको शोक अहिले मनाउँदै रहेछु।

अझै पनि सोध्न मन छ। कहाँ गए मेरा ती दिनहरू ?

क्षण क्षणमा जीवन कसरी पोखिँदो रहेछ ! कसरी कपुरको डल्ला भएर उडिजाँदो रहेछ ! त्यस्तै क्षण क्षणमा हिउँ जसरी बिलाइजाँदो रहेछ र अन्त्यमा हिउँले डामिएर कालो भएको नाङ्गो पहाड बाँकी रहनेछ या त्यस्तै केही हुनेछ अवश्य।

मानिस प्रत्येक निमेष बाँच्दै छ त्यस्तै प्रत्येक निमेष मर्दै पनि छ। जीवन कस्तो विरोधाभासी रहेछ ? एकसाथ ऊ बाँच्दै र मर्दै छ। अन्ततः एकदिन विरोधाभास टुङ्गिएर कहिल्यै नबाँच्ने गरी मर्ने छ।

अहिले आएर विश्वास गरूँ कि नगरूँ जसरी ती दिन तन्द्रालु सपना भएका छन्। के साँच्चै ती दिनहरू म आफैँले बाँचेको थिएँ ? अहिले त्यो समयसँग म थोरै पनि तादात्म्य पाउँदिनँ। त्यस्तै त्यो जीवनसँग पनि थोरै केही समानता पाउँदिनँ। तब सोध्न मन लाग्छ के म त्यही व्यक्ति हुँ ?

आफैँले बाँचेको त्यो जीवन आज पत्यार लाग्न छोडेको छ। मिथकीय कथाझैँ लागेको छ। अहिले म त्यही मिथकीय कथा स्मरण गर्न लागेको छु बडो होसियारीले।

सानु उमेरको अतीत सम्झिनु पर्दा विशेषतः मेरो स्मृतिमा तिनै चाडपर्वहरू आउने गर्छन्। दशैँ तिहार। त्यस्तै जनैपूर्णिमा, तीज, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति ...।

मस्तिष्कमा भन्दा पनि संवेदनामा जुन कुराले विशेष प्रभाव राख्छ तिनै कुराहरू

स्मृतिमा गाढा भएर बस्दा रहेछन् । मीठो खाने, राम्रो लगाउने, हिँड्डुल गर्ने, बजार जाने, निस्फिक्री हुनेजस्ता भावनात्मक संवेगले गर्दा ती क्षणहरू कहिल्यै नभुलिने रहेछन् ।

म अहिले त्यही दृश्य, त्यही परिवेश खोजिरहेको छु । म चाहन्छु यतिखेर फिरिर्र ... कसैले सिठ्ठी फुकिदियोस् । मलाई सिठ्ठीको फिरिर्र ... आवाज एकदम मन पर्छ । यसरी मन पर्नुका केही कारण छन् । सुखद कारण !

सिठ्ठीको त्यस आवाजसँगै म फेरि उस्तै सानो भएको अनुभूत गर्छु अर्थात् अतीतको सानो उमेर सम्झिन्छु । सिठ्ठीसँग मेरो कति गहिरो अनुराग छ ! अहिले पनि म त्यही फिरिर्र ... आवाज सुन्न रहर गर्छु । त्यसो त यस शहरमा त्यस आवाजको कुनै कमी छैन । दिनदिनै सुनिरहन्छु । ट्राफिकले बेलाबेलै सिठ्ठी फुकिरहेका हुन्छन् । फोहोर उठाउन आउनेले पनि त्यसरी नै सिठ्ठी फुक्ने गर्छन् । परन्तु तिनीहरूले फुकेको सिठ्ठीसँग मेरो कुनै हार्दिकता छैन । आसक्ति छैन ।

एकदम कर्कश लाग्छ शहरमा बज्ने सिठ्ठीको त्यो आवाज । अत्यन्तै छिप्पिएको लाग्छ त्यो आवाज ।

सिठ्ठी उही भए पनि ठूला मान्छे र साना मान्छेले फुक्ने आवाज किन भिन्न हुनेगर्छ ? साना नानीहरूले फुकेको सिठ्ठीमा कति कलिलो ध्वनि निस्किन्छ ! तोते बोली सिठ्ठीमा कसरी अनुवाद हुन्छ ! कलिलो श्वासले सिठ्ठी फुक्दा कस्तो अद्भुतको सङ्गीत सिर्जिन्छ ! आज पनि मेरो मन त्यही खोज्ने गर्छ । सिठ्ठीमा कलिलो स्वरको अनुवाद खोज्ने गर्छ । शहरमा सप्पै छिप्पिएको अनुवाद मात्रै सुनिने गर्छ ।

हामीले थाहै नपाई ध्वनि, रङ्ग गन्धमा पनि कुनै न कुनै घटना घटेको हुने रहेछ । त्यस घटनासँग जोडिएर आउने ध्वनिले, गन्धले, रङ्गले तब हामीलाई अतीतको स्मृति गराउँदो रहेछ ।

पूर्वी लमजुङको एउटा सानो गाउँ अभेगिलो छ । यतिखेर म त्यही अतीतको स्मृतिमा छु । सानो छँदा सातबिसेमा तीजको बजार लाग्ने गर्थ्यो । त्यस बजारमा अनेक थरीका लोभ लाग्दा सामानहरू हुन्थे । चुरा, पोते, गाजल, टीका ... । त्यस्तै साना नानीहरूलाई आकृष्ट गर्ने खेलौना, मिठाइँ, चक्लेट अनि बेलुन र सिठ्ठी पनि । मनमा ती सबै थोक किन्ने इच्छा हुन्थ्यो । परन्तु पैसा हुन्थेन ।

बजारमा केही किनेर खान घरबाट दिएको पैसाले म एक दुईवटा सिठ्ठी किन्ने

गर्थें। बाँकी पैसा के गर्थें कुन्नि ? अहिले सम्झना छैन। सुन्तला मिठाइँ त्यतिखेर खूब मिठो लाग्थ्यो। त्यस्तै शीतल मिठाइँ पनि मन पर्थ्यो। पाँच रूपैँयामा ग्लुकोज बिस्कुट पाइन्थ्यो। परन्तु मैले बिस्कुट किनैं किनिनँ त्यो सम्झना छैन। शायद किनिनँ। एक रूपैयाँमा सुन्तलाको केस्राजस्तै चारवटा चक्लेट किनेको चाहिँ अहिले पनि उतिकै सम्झना आउँछ।

त्यतिखेर मैले बिस्कुट किन किनिनँ ? अनि किन सिठ्ठी किनैं ? के तपाईं त्यस समयको मेरो बालमनोविज्ञान अनुमान लगाउन सक्नुहुन्छ ? किन मैले सिठ्ठी किनैं भने त्यो पछिसम्म बजाइराख्न मिल्थ्यो। परन्तु बिस्कुट किनेको भए त्यो उतिखेरै सकिने थियो।

मनमा उत्कट इच्छा हुँदाहुँदै पनि अरू फुर्मास गरिनँ। आखिर कति धेरै थोक किन्ने इच्छा त कति थियो नि !

झण्डै तीन दशकअघिको सातबिसे बजारमा अहिलेजस्तो थरी थरीको खाने कुरा पइँदैनथ्यो। जेरी, समोसा त झन् कहाँ पाउनु ! कताकति चिया दोकान हुन्थे। त्यति मात्रै। त्यसताका खाजा पसल भन्ने नै थिएन।

सिठ्ठी किनेपछि मलाई अब बजारको कुनै महत्त्व थिएन। तर पनि सिठ्ठी फुक्तै यता उता गरिरहन्थैं। रातो पहेंलो वस्त्रले बजार झिलिमिली हुन्थ्यो। मान्छेको गोलोभित्र गीत गाउने नाच्नेको रमिता उस्तै हुन्थ्यो। ठाउँ ठाउँमै रमिताको थुप्रो हुन्थ्यो। उता लाखे लाउनेहरू जमजमाइरहेका हुन्थे।

मलाई शुरुको चोटि डरलाग्दो दाह्रा भएको लाखे देख्दा सातो गएको थियो। साँच्चै त्यो मानिस नभई लाखे नै थियो। मैले यही सोचेको थिएँ। तर होइन रहेछ पछि धेरैपछि थाहा भयो त्यो त मखुण्डो लगाएको मान्छे रहेछ। त्यो दाह्रा र कपाल नक्कली रहेछ। यति थाहा हुँदाहुँदै पनि लाखेको उद्दण्डताले म भयभीत हुन्थैं। साना केटाकेटीलाई ऊ बढी नै हेपेर जिस्क्याउँथ्यो। झम्टिन खोज्थ्यो। म टाढा बसेर उसको तमासा हेर्थें।

हाम्रो घरबाट बजार लाग्ने ठाउँ पुग्न झण्डै आधा घण्टा लाग्थ्यो। त्यस दिन पनि अजिता (दिदी) र म सँगै थियौं। बजार जान लाग्दा बाटामा हामीले पचासको सुकिलो नोट फेला पाऱ्यौं। त्यतिखेर त्यो नोट केटाकेटीको लागि निकै ठूलो कुरा थियो। यस्तो अप्रत्याशित कुराले एकछिन त हामी अलमल्ल पऱ्यौं। बजार नपुगी हामीलाई

त्यहीँबाट घर फर्किने इच्छा आयो। किन्तु फर्किएनौँ।

त्यस दिन बजारले हामीलाई धेरैबेर भुलाउन सकेन। अजिता र मैले सल्लाह गर्‍यौँ, अघिको पैसाले घरमा चिनी किनेर लैजाने निधो गर्‍यौँ। परन्तु हामीले फजुल खर्च गरेनौँ। बाटामा पाएको पैसा त हो नि भनेर मन उडाएनौँ। मनलाई एकदम बाँधेर राख्यौँ।

मनमा अनौठो खुशी थियो। चिनीको पोको झुण्ड्याएर घर पुग्न हामीलाई हतार थियो। बडो शानले हामी घर पुग्यौँ।

अहिले सम्झिँदा बडो आश्चर्य लाग्छ। त्यो पैसा जसरी खर्च गरेको भए पनि हुने थियो। तर गरेनौँ। त्यो आकाङ्क्षी मनलाई कसरी हामीले वशमा राख्न सक्यौँ ? पैसाबाट किन्न सकिने इच्छालाई कसरी दबाउन सक्यौँ ? आज आएर थाहा पाउँछु त्यतिखेर आफ्नो इच्छाभन्दा पनि बुबा आमा खुशी भएको देख्ने इच्छा हामीसँग कति ठूलो रहेछ! थाहै नपाई हामी त्यसरी व्यवाहारिक भएका रहेछौँ।

त्यतिखेर तीजको बजारबाहेक अरू समय सिठ्ठी किन्न पाइँदैनथ्यो। शायद पाइन्थ्यो पनि कि! तर मेरो बुझाइमा सिठ्ठी त्यस समयबाहेक अरू बेला पाइँदैन भन्ने थियो। स्कूल जाँदा बाटाभरि म सिठ्ठी फुक्दै हिँड्थेँ। घर गाउँमा तीजको प्रभाव सकिसकेको हुन्थ्यो। तर मेरो तीज भने सिठ्ठी रहुन्जेल सकिन्थेन।

मेरो स्मृतिमा तीज र सिठ्ठी एकसाथ आउने गर्छन्। यी दुईलाई आपसमा भिन्न गर्ने हो भने मेरो विगतको तीज कहिल्यै पूर्ण हुन सक्दैन। यसरी तीजले सिठ्ठीलाई र सिठ्ठीले तीजलाई पूर्णता दिएका थिए।

पछि बिस्तारै मलाई बजारको रुचि घट्न थाल्यो। बजारको इच्छा हराउँदै गयो। अनि मैले बजार जान छोडेँ। सिठ्ठीको मोह पनि घट्दै गयो। मलाई सिठ्ठी नभए पनि चल्न थाल्यो। म आफ्नै मुखले सिठ्ठीको जस्तै आवाज निकाल्न जान्ने भइसकेको थिएँ। वनमा ऐँसेलु खान जाँदा, बाख्रा चराउन जाँदा म त्यसरी सुसेल्न थाल्ने भएँ। पात बजाउन पनि जान्ने भएँ। त्यतिखेर मलाई देख्नेहरू भन्थे, 'म पछि निकै बेसारे हुन्छु रे!'

त्यतिखेर मैले उनीहरूको आशय बुझेको थिइनँ। तर अहिले बुझ्ने भएको छु परन्तु बेसारे चाहिँ भएँ कि भइनँ कुन्नि ? अहँ थाहा छैन!

आफू बजार नगए पनि बिहानदेखि नै ज्यामिरेबाट झर्ने बाटोमा चहलपहल शुरु

भइसकेको हुन्थ्यो । दिउसोको बाह्र एक बजेबाट केटाकेटी सिठ्ठी फुक्दै उँधोउँभो गर्न थाल्थे । त्यतिखेर मलाई खूब आनन्द लाग्थ्यो । अहिले पनि त्यसरी नै त्यो आवाज सुन्दा रमाइलो लाग्ने गर्छ । सिठ्ठीको कलिलो स्वरमा उहिलेको तीजको झल्को आउने गर्छ ।

हिजोआज समय अर्कै भएको छ । सम्पूर्ण थोक भिन्दै भएको छ । आजकल त्यस बाटोमा सिठ्ठी फुक्ने कोही हुँदैन । मेला भर्न जानेको चहलपहल पनि देखिँदैन । सुनसान छ ज्यामिरे जाने बाटो । अचेल त्यहाँ कोही हिँड्दैन । निर्जनतामा सुसाइरहेको छ फेदीको चौतारो ।

ती दिनहरू सम्झिँदा अचेल बडो उदेकले छोप्छ । कस्तो समय थियो त्यो ! चाहेर हुन्थ्यो भने म फेरि त्यही समय बाँच्न चाहन्छु ।

चाडपर्व आउनु एक महिना अघिदेखि हामी प्रतीक्षामा रहन्थ्यौँ त्यस समयको लागि । त्यसरी प्रतीक्षा गर्नु कति सुखकर हुन्थ्यो । एकपछि अर्को प्रतीक्षाले हामीलाई उत्साहित गरिरहन्थ्यो ।

गाउँमा जनैपूर्णिमा सकिएपछि तीजको सुरसार हुन्थ्यो । घर घरमा तीजको नाचगान शुरु हुन्थ्यो । त्यो क्रम पञ्चमी पूजाको दिनसम्म चलिरहन्थ्यो । पुरुषहरू पनि महिलाको खुशीमा सहभागी हुन्थे । । थपडी बजाउँथे । कोही नाच्थे पनि ।

बेलुकाको खाना खाएपछि महिला केटाकेटीहरू गीत गाउन ओल्लो गाउँबाट पल्लो गाउँ जान्थे । लालटिनको उज्यालोमा त्यसरी जान्थे । फेरि भोलि पल्लो गाउँका ओल्लो गाउँमा आउँथे । यसरी प्रत्येक घरमा पालो गरेर राति अबेरसम्म गीत गाउँथे, नाच्थे । रमाइलो गर्थे । फेरि उतिखेरै विरही भाका सुसेल्थे–

*यसपालिको तीजमा मलाई कस्तो हुनी हो*
*माइत जान पाउँछु कि घरमै रुनी हो ।*

*लगभग* बीस पच्चीस दिनसम्म गाउँ यसरी सङ्गीतमय हुन्थ्यो । त्यसरी नाचगानमा अभ्यस्त भएको गाउँ तीज सकिएपछि केही समय खल्लो हुन्थ्यो ।

त्यतिखेर नारी संवेदना तथा सुखदुःखका गीतहरू धेरै जसो करुण रसका हुन्थे । तीज सकिए पनि हामी केटाकेटीहरू तीजको गीत गाएर रमाइलो गर्थ्यौं । पौडी खेल्न जाँदा खोलाको सुसाहटमा आफ्नो स्वर मिसाउँथ्यौँ । पानीमुनि डुबुल्की हाल्दा पनि गीत गाइरहन्थ्यौँ ।

केटाकेटी उमेरमा मीठो मसिनो पाक्ने दिन बेग्लै किसिमको प्रफुल्लता हुन्थ्यो । निद्राबाट ब्यूँझँदा नै त्यस खुशीले मन फुरुङ्ङ हुन्थ्यो । यसै उसै चञ्चल हुन्थ्यो । फूलको थुङ्गाजस्तै फुर्फुराउँथ्यो ।

बजार लाग्ने अघिल्लो दिन अर्थात् दर खाने दिन घरमा दिउसैदेखि मिष्ठान्न परिकार पाक्न थाल्थ्यो–लट्टे, खीर, भिँडी र करेलाको अचार, काँक्राको अचार, घिरौँला र भ्याकुरको तरकारी । त्यस दिन केही खाजा खानु पर्थेन । तिनै परिकारको बास्नाले मन अघाउँथ्यो ।

दर खाने दिन आमालाई एकछिन फुर्सद हुँदैनथ्यो । दिउसैदेखि उहाँ खाने कुरा पकाउन थाल्नु हुन्थ्यो । म अगेँनाको छेउमा पाक्दा पाक्दैको खाने कुरा चाख्न हातमा कचौरा लिएर बस्थेँ । थोरै थोरै सब थोक चाख्दा अघाइसकेको हुन्थेँ ।

बेलुकाको दर खाएपछि फेरि शुरु हुन्थ्यो नाचगान । भोलि व्रत बस्ने दिन । उज्यालो नहुँदै राति उठेर फेरि हामी दर खान्थ्यौँ । सबैले त्यसै गर्थे । दर खान उठ्दा यदि उज्यालो हुन लागेछ भने ढोका लगाएर भए पनि खान्थ्यौँ । रात अझै बाँकी छ भन्ने पार्न त्यसरी ढोका लगाउँथ्यौँ ।

भोक नलागे पनि निद्रा बिगारेर अजिता र म आमाहरूसँगै उठ्थ्यौँ । त्यसरी उठेर दर खान रमाइलो लाग्थ्यो । परन्तु हामीले त्यसरी दर नखाए पनि केही फरक पर्थेन । किनकि बिहानको खाना खान हामीलाई वर्जित थिएन । व्रत बस्नु पर्थेन सानै थियौँ । तर पनि आमासँगै उहाँको अनुकरण गर्न रमाउँथ्यौँ । म प्रायः आमालाई एकछिन पनि छोड्दिनथेँ ।

भोलिपल्टको बिहान गाउँका सबै छोरी मान्छेहरू चेपे खोलामा नुहाउन जान्थे । म पनि आमासँगै जान्थेँ । परन्तु केही शरम लाग्थ्यो । मेरो चेपे नुहाउने उमेर भइसकेको थिएन । तर अरूले त्यसरी सोच्न सक्छन् भन्ठानेर खुम्चिन्थेँ । त्यसरी खुम्चिएर पनि आमाको पछि लाग्न छोड्दिनथेँ ।

अहिले आएर त्यस समयको आफ्नो मनोविज्ञान बुझ्दा थाहा पाउँछु । त्यसरी ठूलो हुने, चेपे नुहाउन जाने, व्रत बस्ने इच्छा मसँग रहेनछ । म सधैँ सानो हुन चाहने प्रवृत्तिको रहेछु । अहिले पनि मसँग ठीक त्यही प्रवृत्ति छ ।

त्यस सानो उमेरमा मलाई टीका गाजल केही मन पर्थेन । पल्ला घरका कमला र कान्छी आमाको पोते लगाएर हिँड्थे । चुरा लगाउँथे । घरमा चुरा बेच्न आउनेले चुरा नलगाइदिए रुन्थे कराउँथे । तर म चाहिँ चुरा लगाइदिन खोज्दा रुन्थेँ । त्यसरी

नलगाइदिन ढिपी गर्थें । मेरो सोचाइमा ठूला मान्छेले मात्रै टीका, गाजल, चुरा पोते लगाउँछन् भन्ने थियो शायद ।

चेपेको किनारमा अर्धनग्न छोरी मान्छेहरूको भीड छ। ती मध्ये कोही डुबुल्की मार्दै छन् । कोही नुहाउनलाई भर्खर कपडा खोल्दै छन्, कोही फेर्दै छन् । त्यस्तै कोही सूर्यलाई जल चढाउँदै छन् । बगरको छेउमा बसेर म यो सब दृश्य अनौठो मानेर हेर्दैछु ।

नुहाउने काम सकेपछि फेरि नाचगान शुरु हुन्छ–

*भाले बास्न नपाउँदै पानीको पँधेरो*
*तीजमा आउन पाइनँ आमा*
*मनै अँध्योरो ... !*

आज आएर यो सब कुरा अविश्वासिलो कथा भएको छ। कसरी विश्वास गरूँ ! आफ्नो विगत आफैँलाई पत्यार लाग्दैन । म फेरि त्यही युग बाँच्न चाहन्छु । आफ्नो माटो सुहाउँदो, आफ्नो अपनत्व बोध हुने गरी फेरि तीज मनाउन चाहन्छु। विकृतिरहित तीजमा छमछमी नाच्न चाहन्छु ।

आजकल मलाई तीज पहिलेको जस्तो उत्सवमय लाग्दैन। मेरा पछिल्ला वर्षहरू उत्सव नगरी त्यतिकै बितिरहेका छन् । वर्तमान समयको तीजसँग किन हो कुन्नि म रम्न सकेको छैन । आनन्दित हुने गरी भिज्न सकेको छैन । हिजोआज हाम्रो तीज पराईको संस्कार संस्कृतिमा हुर्किएको पर्वजस्तै भएको छ। खै यसमा हाम्रो माटोको सुगन्ध ? खै यसमा हाम्रो अस्तित्व ? खै यसमा हाम्रो नेपालीपन ? खै यसमा हाम्रो मन मुटुको धड्कन ?

त्यतिखेर चाडवाडको महत्त्व धेरै किसिमले विशेष हुने गर्थ्यो । त्यो विशेष हुने गुण आजकल धेरै कम्ती भइसकेको छ। यतिखेर हाम्रो धर्म, संस्कृति, परम्पराको मूल्य सही ढङ्गले पुस्तान्तरण हुन सकिरहेको छैन ।

आज आएर उग्र उपभोक्तावादी प्रभावमा परी हाम्रा चाडपर्वको वास्तविक मूल्य हराउँदै गएको छ। त्यति मात्र होइन विषाक्त हुँदै गएको छ। यसरी ज्यादा उपभोक्तावादी भएर उत्सव तथा अनुष्ठान आयोजना गर्नुमा नै धर्म, संस्कति तथा परम्पराको मूल्य कायम रहँदा चाडपर्वहरू विकृत हुँदै गएका छन् ।

कुनै पनि जाति तथा समुदायको धार्मिक, सांस्कृतिक परम्पराको प्रमुख उद्देश्य मानिसलाई आचरणयुक्त बनाउनुसँग निकट रहेको हुन्छ । त्यस्तै एकताबद्ध समाज निर्माण गर्नु अर्को अभिप्राय रहेको देखिन्छ। जेहोस् सामाजिकीकरण गर्नु नै अन्तिम

तात्पर्य रहेको छ।

ती दिनमा हामीले मान्दै आएका चाडपर्वले मेलमिलाप तथा मैत्रीपूर्ण वातावरण सिर्जना गर्थे। धनी र गरीबको विभेद मेटाउने प्रयास गर्थे। समतापूर्ण परिवेश निर्माण गर्थे। तर अहिले त्यसको ठीक विपरीत स्थिति बन्दै गएको छ।

आज हाम्रा चाडपर्वले एकता तथा समता होइन बरु समाज टुक्र्याउने खेलो गरेका छन्। त्यसको असरले साम्प्रदायिक स्थितिलाई बढवा दिएको छ। यस्तो हुँदै जाने हो भने पछिका दिनमा धनीले मनाउने र गरीबले मनाउने चाडपर्वका भेदहरू निर्माण हुँदै जानेछन्। अन्ततः हाम्रा धर्म संस्कृतिहरू आडम्बरसँग, प्रतिस्पर्धासँग, सम्पन्नतासँग, विकृतिसँग जोडिँदै आएका छन्।

विद्यमान समयमा मानिसको संवेदना सम्पूर्ण रूपले पूँजीवादसँग गाँसिएको छ। त्यस्तै सांस्कृतिक परम्परा पनि पूँजीवादसँग जोडिएको छ। यसरी हाम्रा मूल्य मान्यता पूँजीवादको प्रभावमा उग्र हुँदै गएपछि हाम्रा चाडपर्वले दुई वर्गबीचको मिलापलाई स्वीकार्न सक्ने छैनन्। यस्तो हुँदै जाने हो भने भड्किलो तरिकाले पर्व मनाउने र भड्किलो तरिकाले पर्व मनाउन नसक्ने वर्गबीच सधैँ अन्तर रहिरहनेछ। यसरी पूँजीवादले धनी र निर्धनी गरी समाजलाई दुई वर्गमा विभक्त गर्दैछ। दुई वर्गबीचको दरारलाई बढाउँदै लगेको छ। दुई वर्गलाई आपसमा फुटाउँदैछ।

आजका हामीले कत्ति पनि स्वतन्त्र जीवन बाँच्न सकेका छैनौँ। हाम्रा सम्पूर्ण गतिविधि विश्व बजारबाट नियन्त्रित छन्। त्यस्तै धर्म, संस्कृति, मूल्य, मान्यता त्यसैबाट निर्देशित छन्। यसरी थाहै नपाई विश्व बजारले तेस्रो मुलुकको धार्मिक तथा सांस्कृतिक मूल्य मान्यतामा समेत आधिपत्य गर्दैछ। बहुराष्ट्रिय कम्पनीले हाम्रो स्थानीयतालाई त्यसै गरी मेटाउँदै लगेको छ। हामीलाई आफ्नै भूमिमा समेत अस्तित्व सङ्कट तीव्र हुँदै गएको छ।

गरीब मुलुक ! असहाय मुलुक ! जहाँ पूँजीवादको असरले सामाजिकीकरण गर्ने हाम्रो सामूहिक चरित्र व्यक्तिवादी हुँदै गएको छ। यतिसम्म त बरु कुरा ठीकै थियो। दुःख लाग्दो अवस्था त के छ भने हाम्रा चाडवाड पनि अब सिधै व्यापारीकरण हुँदैछन्। हामीले मनाउने हरेक पर्वलाई लिएर बहुराष्ट्रिय कम्पनी अवसर ढुक्ने भएको छ। आफ्नो व्यापारको लागि ऊ त्यसो गर्दै आएको छ। यसरी उसले हाम्रो धर्म संस्कृति खरिद गरी निष्प्राण बनाउन लागेको छ। हाम्रो आस्था र विश्वासलाई वस्तुकरण गरिदिएको छ। तब हामी प्राण नभएको बुख्याचा हुँदैछौँ।

यसरी कुनै पनि जातिको आस्था, विश्वास, मूल्य, मान्यता वस्तुकरण गरी, त्यसलाई किनबेच गर्नु कति खतरापूर्ण कुरा छ ! हामी अहिले त्यही स्थितिमा गुज्रिएका छौँ । जुन न्युक्लियर बमभन्दा पनि घातक हुँदैछ । त्यसैको परिणामस्वरूप हामी प्रतिदिन अस्तित्व विहीनको चरणमा छौँ । जातीय पहिचानबाट टाढिँदै छौँ । अन्ततः राष्ट्रियतामै यसले धक्का दिनेछ । हाम्रोजस्तो गरीब मुलुकलाई यस नीतिले झन् डरलाग्दो गरी प्रभावित गर्दैछ ।


दुःखको कुरा ! अझ पनि हामीले धर्म, संस्कृति तथा चाडपर्वको सही मूल्य बुझ्न सकेका छैनौँ । केवल उत्सव मनाउनु, अनुष्ठान आयोजना गर्नु मात्रै चाडपर्वको अभिप्राय होइन । अरू धेरै कुरा यससँग जोडिएको छ । जस्तै जातीय चिनारी, अस्तित्वको खोजी, स्थानीयताको मूल्यजस्ता अनेक महत्त्वपूर्ण कुरा रहेका छन् । त्यस्तै आचरणयुक्त स्वस्थ समाजको निर्माण र सामाजिकीकरणको नीति पनि अर्को महत्त्वपूर्ण कुरा रहेको छ । जसप्रति हाम्रो दृष्टि पुग्नु आवश्यक छ ।

राइनास नगरपालिका-३, लमजुङ

नेपालका सुप्रसिद्ध चार धाममध्येको एक ऐतिहासिक पवित्र तीर्थस्थल रुरुक्षेत्रको बारेमा विस्तृत जानकारी प्राप्त गर्न किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को

**रुरुक्षेत्र विशेषाङ्क**

खोजी खोजी पढ्नुहोस् ।



# मोतीका दाना



थानेश्वर पन्थी

यसै हप्ता केटा पक्षका मान्छेहरू मलाई हेर्न आउने कुरा थियो, त्यसैले बिहे भएर घर गएकी दिदी पनि दुई तीन दिनअघि नै आइसक्नुभएको थियो । म चाहिँ नुहाएर भर्खर कपडा फेरीवरी कपाल कोर्दै थिएँ । बाहिरबाट ढोका ढकढकाएको आवाज सुनियो । मर्निङ्ग वाकमा निस्कनुभएको बाबा फर्कने समय भैसकेको थिएन । दुवै भाइ र एउटी बहिनी बिचरा सानै थिए, शायद उठेकै थिएनन् क्यारे । नजिकैको खोलामा लुगा धुन जानुभएकी आमा र दिदी फर्की सक्नुभएछ भन्दै ढोका खोलिहालें । हेर्छु त अधबैंसे एक जोडी र पच्चीस छब्बीस वर्षको देखिने दुब्लो एक जना केटो गरी तीन जना मान्छे पो छन् ! अहिलेसम्म नाकमुख पनि नदेखेका यी अपरिचित अनुहारहरू एक्कासि देख्दा आश्चर्य लाग्यो । “कुलानन्द सरको घर यै पर्‍यो हैन ?” हो यै वाक्य बोलेका थिए उनीहरू । हो भन्नै पर्‍यो । छुट्टीको दिन भएकोले बिस्तारै गर्नुपर्ला भन्दै त्यो दिन सुतेको बिछौना मिलाउन भ्याएकी थिइनँ । छ्या ! के गर्ने होला अब ? यस्तो लथालिङ्ग हालतमा भित्र बोलाउनु कसरी ? कुर्सी निकालेर बाहिर ठीक पारीदिएँ । मागेका थिएनन् आफै पानी टक्र्याएँ । साँच्चिकै यो एकाबिहानै आउने को होलान् हँ यिनीहरू ? मेरो लागि बिहेको कुरा धेरै ठाउँबाट आएको थियो । यसै हप्ता दाङ्गबाट हेर्न आउने कुरा बाबाले भन्दै हुनुहुन्थ्यो । कतै मलाई हेर्न आउने तिनै मान्छेहरू त होइनन् यिनीहरू ?

घरमा मबाहेक अरू नभएको थाहा पाएपछि मेरो अप्ठेरो बुझेरै होला पानी खाएपछि एकछिन बाहिर निस्कन खोजे उनीहरू । “चिया खाएर मात्र निस्कनुहोला ।” मेरो अनुरोधलाई “कुलानन्द सर फर्केपछि साथै खाने” भन्दै उनीहरू घरअगाडिको बगैंचा र मन्दिरतिर लागे । मलाई भने के खोज्छस् काना आँखो भनेझैं भयो । उनीहरू निस्किएपछि मेरा आँखा घरी भित्र घरी बाहिर हुन्थे । नभन्दै बगैचाभन्दा केही पर बाबासँग उनीहरू यतै आइरहेको देखें । यतिन्जेल मैले भित्रको अस्तव्यस्त सम्हाली

सकेकी थिएँ । चिया बसालिहालेँ । उहाँहरू आउन्जेलसम्म चिया लगभग तयार भैसकेको थियो ।

बाबासँगै सबै भित्र आए । चिया पिउँदै परिचय र गफगाफको सिलसिला सुरु हुनथाल्यो । बरन्डामा जुत्तैजुता अनि बाहिरैबाट सुनिने अपरिचित आवाजले ममी र दिदीलाई शंका लागेरै होला धोएका लुगा बोकेर नदेखिने गरी पछाडिको ढोकाबाट सुट्ट भित्र पस्नुभयो । आमा र दिदी आइसकेपछि अब एकाएक जिम्मेवारी हटेर फुकाफाल भए जस्तो अनुभव भयो मलाई । सबै जना जम्मा भैसकेपछि औपचारिक परिचय हुन थाल्यो । बाबा बोल्न नभ्याउँदै महिला आफैले परिचय दिइन् - "हामी श्रीमान् श्रीमती अनि यी हाम्रा छोरा विवेक । दाङबाट आएका हामी ।'' दाङबाट आएका भनेपछि मलाई नै हेर्न भनी आएका हुन् भन्ने प्रष्ट भैहाल्यो । तर आजै, त्यसमा पनि यति सबेरै आउलान् भन्ने कसैले सोचेका थिएनौं । नाइट बसमा आएका रहेछन् । एकाबिहानै सुनवल झरेर यति छिट्टै आइपुग्न भ्याएका !

सबैजना बैठक कोठामा थियौँ । मेरो नाम, पढाइ र अरू यस्तैयस्तै सोध्दै गए उनीहरू । केटो त्यति बोलेन । केटोका बाउआमा भने बिस्तारै गफिदै गए । यता दिदी अनि बाबाले पनि बीचबीचमा सोध्दै गर्नुहुन्थ्यो । साना भाइ बहिनीहरू लजाएर होला पल्लो कोठाको झ्यालबाट पर्दा सार्दै नदेखिने गरी हाम्रा गतिविधिहरू कैद गरिरहेका थिए । दाङ्गको तुलसीपुरबाट यो अन्जान ठाउँमा आएका यी अपरिचित मान्छेहरू निर्धक्कसँग मानौँ पूर्व परिचित भए जसरी म र मेरो घर परिवारको बारेमा जानकारी लिँदै गए । म भने एक आज्ञाकारी विद्यार्थीले झैँ सोधिएका हरेक प्रश्नहरूको जबाफ दिँदै गएँ । बुढाबुढी दुवै फरासिला रहेछन् । अझ ती महिलाको बोल्ने र सोध्ने तरिका कस्तो भलाद्मी पाराको रैछ हँ ! मुसुक्क हाँस्दै बोल्ने । उज्यालो अनुहारकी । बोली उस्तै मीठो । खुलस्त उस्तै ! हो यस्तै मान्छे मन पर्छ मलाई ।

कुराकानी चल्दै थियो । "एकछिन माथि जाऊँ हजुर" भन्दै मलाई र केटोलाई दिदीले उठ्ने संकेत गर्नुभयो । माथिल्लो तलाको पूर्वपट्टिको कोठामा हामीलाई छुट्टै बस्ने प्रबन्ध मिलाइएको रहेछ । दुवैले खुलेर कुरा गरियो । आफ्ना कुरा स्पष्ट राख्न सक्ने उसको खुबी मन पर्‍यो मलाई । हुन त उसको ममीले बताइसकेकी थिइन् तैपनि विशेषगरी बिहे भैसकेपछि मेरो पढाइलेखाइ र करियरका बारेमा विवेकको धारणा सुन्न चाहन्थेँ म । बाबुआमा दुवै जना शिक्षक भएकाले होला पढाउने लेखाउने मामलामा अगाडि रहेछन् उनीहरू । पातलो अग्लो कदको केटो फरासिलो उस्तै । बाउ आमा झनै

मजाका ! खै किन किन त्यै छोटो बसाइ र चिनजानकै भरमा केटो, उसको बाआमा सप्पै मन परे मलाई। "आई एम ओके। आर यू ?" हामी दुई बीच भएको कुराकानीको अन्तमा हो यै बोलेको थियो विवेकले। "मि टू" यही भनेर प्रतिउत्तर दिएकी थिएँ मैले। एकापसमा दर्बिलो हात मिलाउदै कोठाबाट निस्किएर ओर्लियौँ हामी। तल सबै जना हाम्रै निर्णय कुरेर बसिरहेका रहेछन्। हाँस्दै भित्र पस्दै गरेका एकजोडी मुखाकृति देखेर बैठक कोठामा बसेका सबै जनाको अनुहारमा छाएको खुशी हेर्नलायक थियो। अब भने मुख खोलेरै भन्न/भनाउन शायद जरुरी भएन। निर्णय हाम्रो हँसिलो मुखाकृतिले बताइसकेको रहेछ। यतिन्जेल बिहानको साढे एघार भैसकेको थियो। खाना खाइवरि संयुक्त छलफल केहीबेर चल्यो अनि वैशाख सत्र गते सोमबारका दिन गर्ने गरी बिहेको कुरा छिनियो।

विवेकले कलेजमा प्लस टुका विद्यार्थीहरूलाई पढ़ाउँथ्यो। उसको बाबा ममी सरकारी स्कूलका टिचर। घरमा काम गर्ने एक जना दिदी हुनुहुन्थ्यो। त्यो घरमा गए पछि कहिल्यै असहज महसुस गर्नु परेन मैले। एक्लो छोरो थियो विवेक। त्यो जमानामा पनि बुहारी भएर घर गएकी म, पुगेपछि छोरी भएँ। विवेकको बाआमाको मुखबाट बुहारी भन्ने शब्द नै निस्केन। आमाले जहिल्यै "बुनू" भन्नुहुन्थ्यो। बाबाले चाहिँ "बुनू बेटा" भन्दै मायालु भावले बोलाउनुहुन्थ्यो।

बी.ए. को फाइनल जाँच दिएर बसेकी थिएँ। रिजल्ट निस्कियो। पास भएछु। "अब यहाँ बसेर हुँदैन। दुवै जना काठमाडौं गएर पढ्नुपर्छ। ठूलो ठाउँ हो धेरै बुझिन्छ, सिकिन्छ। पढ्दै सरकारी जागिरको तयारी पनि गर्दै जाने" विवेकको ममीले बोलेका ती शब्दहरूमा आदेशभन्दा पनि उनको प्रखर इच्छा उजागर भएको थियो। नगरपालिका भनेर के गर्नु तुलसीपुर बजारदेखि दक्षिण पश्चिम दिशातर्फ अलि भित्रै रहेछ हाम्रो घर। छोरीलाई त नपढाउने त्यो ठाउँमा अझ बुहारीलाई पढाउन काठमाडौँ पठाउने कुरा चानचुन थिएन। आफूहरू पढे लेखेको भएर होला, गाउँघर यताउता कसैको कुरा नसुनेर विवेकको बाबा ममी मलाई आफ्नो छोरासँगै काठमाडौँ पठाउने निर्णयमा अडिग हुनुभयो। त्यो गाउँमा एसएलसी गरेको महिला कोही रहेनछ, सिवाय विवेकको ममी। छोरी बुहारीलाई पढाउने सबालमा अझै पनि उदार हुन सकेको छैन हाम्रो समाज, संकीर्ण छ अझै। मेरो पालामा त यस्तो छ। अझ त्यो अन्धकार युगमा विवेकको ममीले कसरी पढ्न सक्नुभयो होला? आश्चर्य लाग्यो मलाई। एक दिन अलि फुर्सद भएको मौका पारेर सोधैँ।

मेरो प्रश्नले उहाँका दुवै आँखा रसाए। केही बेर बोल्न सक्नुभएन। एकछिनपछि आँसु पुछ्दै बोल्न थाल्नुभयो- पिताजी घरमा दाजुभाइलाई बिहान बेलुका आफूसँग राखेर पढाउनुहुन्थ्यो। दिउसो दुवै जना सँगै स्कूल जान्थे। हेर बुनू! मलाई पनि पढ्न पाए हुन्थ्यो भैँ लाग्थ्यो। "तैँले किन पढ्नुपर्‍यो र ? बरु दुना टपरी गाँस्न सिक्, भान्साको काम दोहोरेर गर्न सिक्, लिपपोत बढारबुढुर गर्न सिक् त्यो पो काम लाग्छ तँलाई। के गर्छेस् पढेर ?" भन्दै हकार्नुभयो पिताजीले। दाजुभाइले कहिले टाउको तल माथि हल्लाउँदै हल्लाउँदै पढेको, कहिले पाठ घोक्दै आँगनमा हिड्दै गरेको त कहिले सिलोटमा लेख्दै गरेको अनि कहिले झोला बोकेर स्कुल गइरहेको देख्दा मलाई पनि उनीहरूसँगै बसेर पढ्ने अनि स्कुल जाने रहर हुन्थ्यो। तर के गर्नु जति नै अनुनयविनय गरे पनि पढ्न पाइनँ मैले। एक दिनको कुरा हो बुनू गाई चराउन बन गएकी म घर फर्किनँ। उतैबाट सोध्दै दुई तीन कोश परको गाउँ पुगेँ। त्यहाँ फुपूको घर छ भन्ने थाहा थियो। पुग्दा साँझ झमक्क भैसकेको थियो। मेरो कुरा सुनेर "लौ हेर भागेर पो आएकी रैछ यो त" भन्दै फूपू आत्तिनुभयो। म पनि डराएँ। यत्तिकैमा मलाई खोज्दै राति पिताजी त्यहाँ आइपुग्नुभयो। पिताजिसँगै घर फर्किएँ म। बाटोभरि बोल्नु भएन उहाँ। घरमा गएपछि झन् के के हुने हो भन्दै खूब डराएँ। पछि थाहा भयो पिताजी त पश्चातापको पीडाले मात्र नबोल्नु भएको रहेछ। हामी घर पुगेको केहीबेरमै मलाई खोज्न भनी अरू ठाउँतिर गएका दुवै दाजुभाइ पनि आइपुग्नुभयो। पिताजीले "अब तैँले रुनु पर्दैन, पढ्न पाउछेस्" भन्दै मलाई अँगालो हालेर रुनुभयो। आमा, दाजुभाइ, म सबैजना रोयौँ। भोलिदेखि नै स्कुल पठाउने कुराले मेरो खुशीको सीमा नै रहेन। कहिले उज्यालो होला र दाजुभाइ संगै स्कूल जान पाउँला भन्ने सोंचेर होला त्यो रात निदाउन सकिनँ बुनू म। हो यसरी त्यो जमानामा पनि पढ्न सकेँ।''

विवेकको ममीले मलाई आफूले गरेको संघर्षको गाथा यसरी सुनाउनुभयो। उहाँ भन्दै जानुभयो "के गर्नु दश कक्षा मात्र पढाइ हुन्थ्यो। ऐले जस्तो भएको भए त अझ कति पढ्थेँ होला है बुनू" विवेकको ममीको त्यो बेलाको विद्रोह सुन्दा वहाँप्रति झनै माया र आदरको भाव पलाएर आयो। नारी हुनु त यस्तो पो त! मलाई मात्र होइन गाउँघर यताउता आफ्नो लागेपुगेसम्म छोरी बुहारीलाई पढाउनुपर्छ भन्दै हिँड्नुहुन्थ्यो उहाँ। छोरी बुहारी नपढाउने अविभावकहरूसँग भेट भएको बेला कहिले मेरो त कहिले आफ्नो उदाहरण दिँदै पढाउन अभिप्रेरित गराइरहनुहुन्थ्यो।

दशैं मानेर उतै पढ्ने गरी विवेक र म काठमाडौँ गयौँ। विवेकले मास्टर्स गरिसकेको थियो। पहिलदेखि नै ल पढ्न मन छ भनिरहन्थ्यो। यहाँ आएपछि लोकसेवाको

तयारीसँगै ल क्याम्पसमा पढ्न थाल्यो । मैले लोकसेवाको तयारीसंगै इकोनोमिक्समा डिग्री गर्न टि.यु. ज्वाइन गरेँ । बिस्तारै तातिँदै गएको राजनैतिक माहोल कार्तिक लागेपछि झन् तात्न थाल्यो । माघ लागेपछि त उग्र नै भयो । काठमाडौँ भ्यालीभित्रका क्याम्पसहरू ! अझ त्यसमा पनि नेपाल ल क्याम्पस । अरू क्याम्पस शान्त हुँदा पनि बाह्रै महिना राजनीति चल्दोरहेछ त्यो ल क्याम्पसमा । लोकसेवाको तयारीसँगै पढ्न भनेर आएका हामी केको पढ्नु ? संयुक्त वाममोर्चा र नेपाली कांग्रेस मिलेर प्रजातन्त्र प्राप्तिका लागि भन्दै भएभरका आफ्ना भ्रातृ संगठन तिनका कार्यकर्ता जति खर्लप्पै सडकमा उतारेका थिए । हाम्रो कीर्तिपुरमा त बरु सुरुसुरुमा आक्कलझुक्कल पढाइ हुन्थ्यो । उसको त्यो ल क्याम्पसमा त एकदिन पनि पढाइ भएन शायद । आन्दोलनको राप र ताप देशैभरि फैलिँदै गयो । रातदिन नारा जुलुस सिवाय अर्थोक क्यै सुनिन्नथ्यो । चैत लागेपछि त झन् हरेक दिनजसो आन्दोलनकारीहरूलाई पुलिसले निर्मम तरिकाले पिट्दै गरेका, लछारपछार गर्दै गरेका दृश्यहरू जताततै देखिन थाले । आन्दोलनकारी र सरकार दुवैतर्फ मरेका समाचारहरू सुनिन थाले । चैत उन्नाइस गतेको दिन थियो त्यो । “आजको विद्यार्थी आन्दोलन मेरो नेतृत्वमा हुने हो’’ भन्दै विवेक एकाबिहानै चियासम्म नखाई निस्कन थाल्यो । आफ्नै दुई जना साथी आन्दोलनमा मारिएपछि उ तीनचार दिनअघिदेखि अलि उग्र र बेचैन जस्तो देखिएको थियो । “कि ढालिन्छ कि ढलिन्छ” भन्दै अघिल्लो रात जोशिएको थियो ऊ । “विवेक यसरी धेरै आक्रोशित नबन तिमी” भन्दै पटकपटक उसको आक्रोशित मनस्थितिलाई शान्त बनाउन खोजिरहन्थेँ म । के मान्थ्यो, मानेन । सधैंको नारा जुलुसमा गैरहँदा म पनि थाकेकी थिएँ । त्यो दिन बाहिर निस्कने मूड भएन मलाई । दिनभर कोठामै बसेँ । विवेकको उग्र पारा देख्दा कतै अनिष्ट त हुने हैन भन्ने डर र चिन्ता मनभरि आइरह्यो ।

सधैंजसो बेलुकी सात बजेभित्र आइपुग्ने विवेक त्यो दिन नौ बज्दासम्म पनि आएन । त्रिपुरेश्वर बस्थ्यौं हामी । पाँचसात घर पल्तिर उसको साथी मिलनको डेरा थियो । उसको डेरातिर जान भनी कोठाबाट निस्किन मात्र थालेकी के थिएँ यत्तिकै जिउ गरुङ्गो भएर आयो । चिटचिटती पसिना आयो । खै किन हो बेस्सरी आत्तिएँ म । खुट्टा भारी भए, हिँड्न सकिनँ । यत्तिकैमा घोप्टो मुन्टो पार्दै निन्याउरो मुख लिएर मिलन आइपुग्यो । “जबर्जस्ती अगाडि नबढ्न कत्ति सम्झायौं, तानेर ल्याएको पनि हो तर मानेन उसले । पुलिसको घेरासम्म आफै पुग्यो अनि जे नहुनुथ्यो त्यही भयो । “म उभिएको धर्ती भासिए जस्तो भयो । जताततै अन्धकार सिबाय केही देखिनँ मैले । योभन्दा बढी अझ भन्दै थियो उ तर म बेहोस भैसकेछु । त्यसपछि के भयो कुनै हेक्का

भएन मलाई। पढिलेखी केही गर्ने मनसाय बोकेर काठमाडौँ गएकी म नियतिको कालो बादलभित्र एकाएक मडारिन पुगेँ। मेरो हाँसो छिनियो, खुसी चुँडियो। सपनाको रङ्गीन महल क्षणभरमै चकनाचुर भयो।

घटना घटेको तेस्रो दिन मेरा दाजुभाइ काठमाडौँ आए। लगभग अर्धमूर्छित अवस्थामै उनीहरूले दाङ लिएर गए मलाई। हामी पुग्दा विवेकको बाआमा शोकले विक्षिप्त भै आँगनको एक छेउमा टुक्रुक्क बसिरहेका थिए। पुत्रशोकको पीडाले छटपटिएका विवेकको बाआमालाई हेर्न सकिनँ। नियतिको अगाडि कसको के लाग्छ र ? यस्तो बेला सहनुको विकल्प अर्थोक के नै पो हुन्छ र ? । तेह्र दिनको काम सकिएपछि विवेकको ममीले आफै रातो चुरा लगाइदिनुभयो। लुगा पनि आफै किनेर ल्याइदिनुभएको रैछ - रातै। एक्लो छोरो गुमाउँदाको पीडा थाती राखेर विवेकको बाबाममीले मेरो पीडामा मलम पट्टी गर्ने काम गर्नुभयो। "पीडा सधैं बोकेर हिँड्न सकिन्न। बिस्तारै भुल्दै जान सक्नुपर्छ। बुनू ! अब तिमी उज्यालो अर्को जीवनको खोजीमा निस्कनुपर्छ। अब तिम्रो सिउँदो भर्ने मान्छेमै हामीले आफ्नो विवेकको अनुहार देख्नेछौं। साँच्चिकै महान् हुनु् विवेकको ममी ! यस्तो पीडाको बेलामा पनि मेरै खुशी र भविष्यकै बारेमा चिन्ता लिइरहने। हुन त झट्ट हेर्दा उनको त्यो सोँच मप्रतिको माया, ममता र अनुरागले भरिपूर्ण जस्तो देखिन्छ तर समस्त नारी जगत्‌कै चेतना, जागरण, सशक्तीकरण र सम्मानको प्रस्थानबिन्दु पनि त थियो त्यो, होइन र ?

केही दिनपछि मेरो इच्छाबमोजिम विवेकको बाबाममी मलाई लिएर परासी आउनुभयो। मलाई आशिर्वाद दिएर गहभरि आँसु पार्दै फर्कनुभयो। हिजो जस्तो आज अनि आज जस्तो भोलि कहाँ हुँदो रहेछ र ? सधैं दुःख मात्र भए त कसरी बाँच्न सक्थ्यो र मान्छे ? आफैले दिएको चोटमा समयले फेरि मल्हमपट्टी गर्न पनि आफै जान्दोरहेछ। समय बिस्तारै बित्दै गयो। चार पाँच महिनापछि बिस्तारै आफूलाई सम्हाल्नसक्ने स्थितिमा पुगेँ म। फेरी काठमाडौँमैं गई छोरीले पढोस् भन्ने पिताजीको चाहना थियो। मलाई भने फर्केर त्यो ठाउँ जानै मन लागेन। ठूली आमाको घर पोखरामा थियो। बरु त्यहीं गएर पढ्न चाहेँ।

म एक वर्ष नपुग्दै त्यो कालरात्रि बिर्सेर पुरानै लयमा फर्किन थालेँ। अरूहरूलाई परेका यस्तैयस्तै घटना देखेर सुनेर रुन बिर्सेर बिस्तारै हाँस्न खोजेँ म। फेरि मनभरि उस्तै हौसला, जोस, आँट, उमंग र विश्वास बोकेर पढ्न थालेँ। सच्चालीस सालमा एम.ए. इकोनोमिक्स पढ्न भर्ना भएँ। बिहानीको सत्रमा पढ्थेँ। बिस्तारै क्याम्पसको

वातावरणमा छिट्टै घुलमिल भैहालें । चितवन घर भएको सरकारी अफिसमा काम गर्ने ललित म सँगै पढ्दथ्यो । ठूली आमाको नदीपुरको घरमा बस्थैं म । नजिकै डेरा रहेछ उसको । त्यसैले कलेज आउँदाजाँदा प्रायः भेट भैरहन्थ्यो ऊसँग । सरकारी कामले बेलाबेलामा बाहिर गइरहनु पर्दा क्लास छुटिरहन्थे उसका । फर्केपछि मेरो नोट बुक मागिरहन्थ्यो । उसँगको मेरो चिनाजानी बिस्तारै आत्मीयतामा रूपान्तरण हुँदै गयो । बाईक लिएर हिँड्ने गर्दथ्यो ऊ । अब भनैं जाँदा आउँदा उसँगै बाईकमा हिँड्न थालिसकेकी थिएँ म । त्यसबीचमा एक अर्काको मन मुटु बुझिसकेका थियौं हामीले । उसँग मेरो बिगत लुकाईन मैले । उसले पनि आफूभित्रको सप्पै पोख्यो । पोखरा गएको दुई महिनाभित्रै ललित र म एक अभिन्न साथी हुन पुग्यौं । क्याम्पस सकिएपछि बाईकमा उसँगै घर फर्कियौं । ठूलो बुबा र ठूलो आमासँग हामी दुवैले आआफ्ना कुरा राख्यौं । छिट्टै सहमत हुनुभयो वहाँहरू पनि । उता मेरो घर परासीबाट पनि सकारात्मक जबाफ आयो । कुरा छिनिएको दुई हप्ताभित्रै बिहे हुनेभयो । यसरी ललितको र मेरो पच्चीस तीसजना मान्छेको उपस्थितिमा बिन्ध्यवासिनी मन्दिरमा सामान्य बिहे गरियो । बिहे हुनु अघिसम्म एकदुई पटक विवेकको बाबा ममीलाई चिठ्ठी पठाएकी थिएँ । अब भने ललितसँगको नयाँ सम्बन्धले मलाई केही बाँधेको थियो । त्यसैले नयाँ सम्बन्धसँगै दाङतिरको मेरो पत्राचारको क्रम पनि त्यत्तिकै रोकिन पुग्यो ।

आज दुई हजार असी साल जेठ महिना एक्काइस गते बिहिबार । अर्को साल ठीक यै दिन अन्ठाउन्न पुगेर अनिवार्य अवकास लिँदै छु मैले । सतहत्तरै जिल्लाबाट आएका राय, सुझाब अनि सहभागी प्रतिस्पर्धीहरूले महिला शिक्षा, जागरण र सशक्तीकरणमा पुऱ्याएको विशेष योगदानका आधारमा माननीय महिला बालबालिका तथा समाजकल्याण मन्त्रीको अध्यक्षतामा बस्ने निर्णायक समितिको निर्णयको आधारमा 'सर्वोत्कृष्ट महिला जागरण सम्मान' प्रदान गर्ने कार्यक्रम रहेको छ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि र पर्यवेक्षकहरूको समेत उपस्थिति हुने यो भव्य समारोहको पुरस्कार वितरण कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष उपस्थितिले कार्यक्रमको महत्त्व अझै बढेको छ ।

बिहे भएर गएकी मेरी छोरी अहिले आफ्नै घरमा छ । छोराबुहारी क्यानडामा छन् । ललित सरकारी जागिरबाट रिटायर्ड भएको तीन वर्ष भै सक्यो । आउने साल यही महिनामा म पनि अनिवार्य अवकाशमा निस्कँदै छु । अहो ! ललित र मेरो बिहे भएको दिन पो रैछ आज । कुनै हेक्का राखेका रहेनछौं हामीले । क्यानडाबाट छोरा बुहारीले बिहानै "हेप्पी म्यारिज एनिवर्सरी बाबा मामू" भन्दा पो झसङ्ग भयौं हामी ।

बिहानको खाना खाएपछि ललित केक अनि अरू यस्तै के के हो लिन भनि गाडी लिएर निस्कियो । मलाई भने खै किन हो पुरानो स्मृतिले सतायो । त्यो पोखरा, पृथ्वी नारायण क्याम्पस, ती सहपाठीहरू अनि ललितसँगको प्रेम र बिहे । अनि बिर्सिसकेको त्यै कुरा - विवेक, उसका बाउआमा अनि त्यो कालरात्रि ! छ्या किन आएहोलान् हँ मनमा यस्ता दुःखदायी सम्झनाहरू ? सम्झँदा हिजै हो कि झैँ लाग्छ तर दिन गएको पत्तै नहुने ! बाफ रे चौतीस वर्ष नै भै सकेछ ।

औडाहा भएर आए जस्तो भयो मलाई । बाथरूममा गई चिसो पानीले मुख धोइवरी फ्रेस हुने कोशिस गरेँ । पाँच दिनदेखि अफिसकै कामले निँद हराम भएको छ मेरो । एकहत्तर जिल्लाका प्रस्तुतीकरण सकिएका छन् । बाँकी छ जिल्लाको प्रस्तुतीकरण हेरिसकेपछि भोलि नै सतहत्तरै जिल्लाबाट आएका प्रतिवेदन, सिफारिस र डकुमेन्ट्रीको आधारमा कुनै एकजना महिलालाई 'सर्वोत्कृष्ट महिला जागरण सम्मान' प्रदान गर्ने कार्यक्रम रहेको छ । निर्णायक मण्डलको सदस्य सचिवको हैसियतले मेरो जिम्मेवारी बढी छ । त्यसैले भोलि बिहानै कार्यक्रमस्थल पुग्नु छ मैले ।

कार्यक्रमको अन्तिम दिन आज । कार्यक्रम बिहान सात बजेबाटै सुरु भयो । अन्तिम प्रस्तुतीकरणका लागि दाङ जिल्लाको प्रतिनिधित्व गर्दै अग्ली पातली बुढ्याइले गर्दा हल्का झुकेर मात्र हिँड्नसक्ने सेताम्मै कपाल फुलेकी, उमेरले असी हाराहारी देखिने एकजना वृद्धा आमा मन्चको पोडियमनिर आइपुगिन् । नारी शिक्षा, उत्थान र जागरणका लागि संघर्ष गर्दा आइपरेका बाधा व्यवधान सम्झँदै ती बुढी आमैले पोडियमको दायाँबायाँ हात राख्दै एकएक गरी आफ्नो विगतलाई साक्षात्कार गर्दै गइन् । उनी बोलेर सकिएपछि पोडियमको बायाँतर्फ सेतो पर्दामा उनको बारेमा तयार पारिएको वृत्तचित्र पनि देखाइयो । तर तत्कालीन समाजलाई पाच्य नहुने एउटा कहालीलाग्दो घटनाको बारेमा भने न उनले उल्लेख गरिन् न त उनको बारेमा बनेको त्यो डकुमेन्ट्रीमैं समावेश गरिएको थियो । सत्य कुरा जति नै कठोर र पीडादायी भए पनि त्यो तीतो घटना समावेश नगर्दा उनले गरेको सम्पूर्ण संघर्षको गाथा अपुरो र अधुरो हुने लाग्यो मलाई । उनले नभनेर के भयो त ? मलाई त थाहा थियो त्यो । शायद त्यो पीडादायी क्षण सम्झन मन लागेन उनलाई र त एक्लो छोरा गुमाएपछि पनि बुहारीलाई आफ्नै हातले रातो चुरा, सिन्दुरपोते अनि रातै लुगा लगाइदिएको त्यो घटनाको बारेमा उल्लेख गर्न चाहिनन् उनी । निर्णायक मण्डलले सतहत्तरै जिल्लाका सहभागी प्रतिस्पर्धीहरूले गरेको योगदान, सम्बन्धित जिल्लाको सिफारिस, प्रस्तुतीकरण र तत्कालीन परिवेश आदि मध्यनजर गर्दै दाङ जिल्लाको सहभागी श्रीमती मन्जरी

गौतमलाई 'सर्वोत्कृष्ट महिला जागरण सम्मान' प्रदान गर्ने निर्णय गऱ्यो ।

क्षणभरमै अबिर, फूलमाला, खादा र टीकाले ती आमा पुरिइन् । कार्यक्रम सकिएपछि एकएक गर्दै सबैजना आआफ्नो गन्तव्यतिर लागे । खचाखच भीडले भरिएको हल केहीबेरमै रित्तिदै गयो । पुरस्कार विजेता आमा भने फूलमाला, खादा र सम्मानपत्र झोलामा मिलाउँदै थिइन् । मलाई भने उनीसँग एक्लै भेट गरी बधाई दिनु थियो । आफूले उल्लेख नै नगरेको अनि डकुमेन्ट्रीमा समेत समावेश नगरिएको त्यो घटना पुरस्कार प्रदान गर्दा निर्णायक मण्डलको तर्फबाट एक्कासि मैले उल्लेख गर्दा उनले साह्रै अचम्म मानेकी रैछन् । मनको खुल्दुली धेरै बेर अड्याउन नसकेरै त होला मेरो मुखबाटै यथार्थ जान्न चाहिन् उनले । अब भने यथार्थ उजागर गर्नैपर्ने भयो । "आमा त्यो पीडादायी दुःखद घटनाको पात्र, हजुरको त्यो 'बुनू' मै हुँ ।" विवेकको ममीले तलदेखि माथिसम्म केही बेर एकोहोरो मलाई हेरिरहिन् अनि आफ्ना दुबै हातले मलाई अँगालोमा कँस्दै भक्कानो छाडिन् । उनको त्यो न्यानो अँगालोमा बाँधिदा मलाई त्यस्तै स्नेहको अनुभूति भयो, जस्तो साढे तीन दशकअघि उनले बुहारीका रूपमा मलाई भित्र्याउँदा भएको थियो । केवल समयमात्र साक्षी भएको त्यो क्षणमा म द्रविभूत भएकी थिएँ । निकैबेरपछि अँगालोबाट छुट्टिदासम्म उनको त्यो कृषकाय शरीरको भित्र पसिसकेका एक जोडी स्निग्ध कमल नयनबाट अविरलरूपमा बर्सिरहेका मोतीका दानाहरूले मेरो दुबै खुट्टाहरू भिजिसकेका थिए ।

टोखा-६, धापासी, काठमाडौं


**किरण पुस्तकालय**

**तम्घास, गुल्मीलाई**

**आफ्ना प्रकाशनहरू उपलब्ध गराई**

**सहयोग गर्नुहोस् ।**

# स्वतन्त्रताको गीत



✍ यामबहादुर थापा मगर

डिसेम्बरको एक दिन संसारभर गुञ्जिन्छ ।
"दासता अन्त्य गर!" भन्ने पुकार ।
यो केवल एउटा दिवस होइन,
मानवताको न्याय र सम्मानको घोषणा हो ।
दासता – त्यो अदृश्य बेदना,
मानिसको शरीरमा मात्र होइन,
मानसिकता र संस्कृतिमा पनि जकडिन्छ ।
तर आज हामीले त्यस बन्धनलाई तोड्ने साहस पाएका छौँ ।
नेपालमा कर्मी प्रथा उन्मूलन ऐन,
शक्ति समूह, माइती नेपाल र युवा अभियानहरूले
हामीलाई देखाएका छन् – परिवर्तन सम्भव छ ।
ती आवाजहरू, ती कदमहरू,
हरेक मुक्त आत्माको गाथा हुन् ।
तर यो यात्रा अझ बाँकी छ ।
किनकि दासता अझै पनि छाँयामा छ,
अज्ञान, गरिबी, भेदभाव र अवसरको
अभावले यसलाई बल पुऱ्याइरहेको छ ।
हामीले बनाउनुपर्छ यस्तो समाज,
जहाँ शिक्षा, समानता र अधिकार सबैको साझा कुरा हो ।
जहाँ न्याय र प्रेमले हरेक वेदना भत्काउँछ ।
स्वतन्त्रता केवल अधिकार होइन, मानवताको गौरव हो ।

बाग्लुङ नगरपालिका १०, भकुण्डे, धौलेचउर

# जेन–जी आन्दोलन र राजनीतिक मोड



✍ रमेशकुमार बोहोरा

जेन-जी आन्दोलन र त्यसपछि विकसित राजनीतिक घटनाक्रमले नेपालको लोकतान्त्रिक यात्रामा नयाँ मोड सिर्जना गरेको छ । प्रतिनिधिसभाको विघटन, संक्रमणकालीन सरकार, निर्वाचनको तयारी, राजनीतिक दलहरूको जिम्मेवारी र जनआकांक्षाबीचको द्वन्द्व अहिलेको यथार्थ बनेको छ। आन्दोलनको मर्म र यसको राजनीतिक निहितार्थ बुझ्न नसके लोकतान्त्रिक प्रणाली फेरि एक पटक अन्योलको दलदलमा फस्न सक्छ। त्यसैले अहिलेको परिस्थितिको मूल्याङ्कन केवल भावनामा होइन, तथ्य, इतिहास र सन्दर्भका आधारमा गर्नु आवश्यक छ।

जेन-जी आन्दोलन कुनै आकस्मिक आक्रोश थिएन । यो लामो समयदेखि बढ्दै आएको भ्रष्टाचार, अनियमितता, राजनीतिक अस्थिरता र जिम्मेवारीविहीन नेतृत्वविरुद्धको जनसंगठित असन्तोष थियो । जब सत्तामा रहेका दलहरू जनताको माग र आकांक्षाबाट क्रमशः टाढिँदै गए, जब राज्य संयन्त्र जनसेवाबाट विचलित भएर स्वार्थ र सत्ताको बन्दी बन्यो तब नयाँ पुस्ताले सडकमा आवाज उठाउन बाध्य भयो। यस आन्दोलनले जनताले फेरि एक पटक लोकतन्त्रको वास्तविक अर्थ स्मरण गरायो जनताको शासन, जनताको आवाज र जनताको उत्तरदायित्व।

यद्यपि आन्दोलनका क्रममा भएको हिंसा, तोडफोड र दमनले त्यसको औचित्य र मर्यादामा प्रश्न पनि उठायो। २०८२ सालको २३ भदौमा भएको प्रदर्शनमाथिको दमन र २४ भदौमा भएको लुटपाट, आगजनी र तोडफोड दुवै लोकतान्त्रिक समाजका दृष्टिले अस्वीकार्य छन् । विधिको शासन भनेको न त सत्ताको मनपरी हो न त जनताको अराजकता, त्यसैले यस्ता घटनाको निष्पक्ष छानबिन र जवाफदेहीता अब टार्न नसकिने राष्ट्रिय आवश्यकता बनेको छ।

राजनीतिक संक्रमणका यस्ता संवेदनशील क्षणमा सरकारले अध्यादेशमार्फत मतदाता नामावली दर्ताको कानुनी ढोका खुला गरेर जनसहभागिता सुनिश्चित गर्न

खोजेको छ। निर्वाचन आयोगले समेत आफ्नो कार्यतालिका तय गरेर चुनावको मिति घोषणा गरेको छ। यी दुवै संस्थाका कदम सकारात्मक सन्देश हुन्। तर निर्वाचनको सफलता २०८२ फागुन २१ गतेका लागि केवल कानुनी र प्राविधिक तयारीमा होइन राजनीतिक वातावरण र विश्वासमा निर्भर हुन्छ। यदि देशमा भय, अविश्वास र असुरक्षा छ भने कुनै पनि चुनाव लोकतान्त्रिक उत्सव होइन केवल औपचारिक अभ्यास मात्र हुन्छ।

लोकतन्त्रमा निर्वाचनका मुख्य पात्र राजनीतिक दल र उम्मेदवार नै हुन्। दलहरूको क्रियाशीलताबाट मतदातामा चेतना जाग्छ, सहभागिताको भावना बढ्छ र लोकतान्त्रिक प्रतिस्पर्धा सशक्त बन्छ। तर अहिलेका पुराना दलहरू अलमलमा छन्। उनीहरू आन्दोलनपछिका मनोवैज्ञानिक र राजनीतिक आघातबाट अझै निको भएका छैनन्। जसरी उनीहरूको नेतृत्व भ्रष्टाचार, सत्ताको दुरुपयोग र नीति नैतिकताको पतनमा फसेको थियो त्यसले जनविश्वासका जरालाई हल्लाइदियो।

नयाँ दलहरू दर्ता र सक्रियतामा लागेका छन् तर ती पनि जनविश्वास जित्ने अवस्थामा पुगेका छैनन्। यस्तो अवस्थामा आवश्यक कुरा प्रतिस्पर्धा होइन विश्वास निर्माण हो। लोकतान्त्रिक प्रणालीका लागि सबै दल (नयाँ वा पुराना) जनतासँगको सम्बन्ध पुनःस्थापित गर्न तयार हुनुपर्छ। त्यसका लागि निर्वाचनलाई अवसरका रूपमा लिन सकिन्छ।

अहिले विघटित प्रतिनिधिसभाको कथा कुनै सामान्य घटना होइन। यो संसद् जनताले निर्वाचित गरेको थियो तर विघटनको निर्णय राजनीतिक असफलता र नीतिगत भ्रमको परिणाम बन्यो। जनप्रतिनिधिमूलक संस्था विघटन हुनु लोकतन्त्रको दुर्भाग्य हो। तर कहिलेकाहीँ यस्तो कदम पनि आवश्यक हुन्छ जब जनताको म्यान्डेट अपवित्र गरिन्छ। यही सन्दर्भमा अहिलेको संसद् विघटनलाई हेर्न सकिन्छ। यो दलभित्रका विवाद वा सत्तासंघर्षका कारण होइन, जनआन्दोलनको दबाब र सुधारको आवश्यकताबाट उत्पन्न परिस्थिति हो।

नेपालको इतिहासमा संसद् विघटन र पुनःस्थापनाका धेरै अध्याय छन्। २०५१ सालमा सत्तारूढ दलभित्रको विवादले मध्यावधि चुनाव भएको थियो। २०५६ मा शीघ्र निर्वाचन भयो। २०५९ मा विघटित संसद् जनआन्दोलनबाट फर्कियो। २०७७ र २०७८ मा सर्वोच्च अदालतले संसद् पुनःस्थापना गरेर संवैधानिक मर्यादाको रक्षा गऱ्यो। यी सबै घटनाले एउटा कुरा स्पष्ट गर्छन् नेपालमा संसद् विघटनको कुनै स्थायी मापदण्ड छैन। यो हरेक पटक राजनीतिक परिस्थितिले नै निर्धारण गर्छ। अहिले पनि

त्यही इतिहास दोहोरिएको छ ।

जेन-जी आन्दोलनपछिको राजनीतिक परिदृश्यमा सत्तामा रहेका पात्रहरू रक्षात्मक बनेका छन् । उनीहरू जनअसन्तोषका निशानामा छन् । उनीहरूको विगतका निर्णय र कार्यशैलीमाथि प्रश्न उठेका छन् । यो अवस्थाले मुलुकलाई राजनीतिक रिक्ततामा धकेल्न सक्थ्यो । त्यसैले अस्थायी समाधानका रूपमा गैर राजनीतिक संयोजनको सरकारले नेतृत्व लिएको हो । पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा बनेको सरकार संवैधानिक अभ्यासको दृष्टिले असामान्य भए पनि आवश्यक संक्रमणकालीन उपाय थियो ।

तर यस्तो सरकार दीर्घकालीन समाधान होइन । लोकतन्त्रको स्थायित्व निर्वाचित जनप्रतिनिधिबाट मात्रै सुनिश्चित हुन्छ । संविधानले जननिर्वाचित संस्थालाई शासनको केन्द्र बनाएको छ । त्यसैले अहिलेको सरकारले देशलाई चुनावमा लैजान र नयाँ जनादेश प्राप्त गर्न तयारी गर्नु आवश्यक छ । दीर्घकालसम्म अनिर्वाचित सरकार रहनु भनेको लोकतान्त्रिक मूल्यविपरीतको अभ्यास हो ।

राष्ट्रपति रामचन्द्र पौडेलले यो संकटको निकास संवैधानिक बाटोबाट खोज्ने प्रयास गरेका छन् । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र अहिले पुनः मूल्याङ्कनको घडीमा छ । दशकौंदेखि राज्य सञ्चालनमा देखिएको नीति गत अस्थिरता, शासकीय अक्षमता र आर्थिक जटिलताले जनताको विश्वास हल्लाएको छ । जेन-जी आन्दोलनले त्यो अविश्वासलाई स्वर दिएको हो । जनताको भावनालाई अब कानुनी र संस्थागत निकासतर्फ लैजानु राजनीतिक दलहरूको नैतिक कर्तव्य हो । चुनाव त्यो अवसर हो जहाँ जनताले आफ्नो मतमार्फत फेरि शासनको दिशानिर्देशन गर्न सक्छन् ।

चुनाव केवल सत्ता हस्तान्तरणको औपचारिकता होइन, यो उत्तरदायित्वको पुनःप्राप्ति हो । मतदाता केवल मत हाल्ने व्यक्ति होइनन् उनीहरू राज्यका मालिक हुन् । जेन-जी आन्दोलनले यही सन्देश दिएको छ । जनता केवल दर्शक होइन, निर्णायक शक्ति हुन् । त्यसैले निर्वाचनमा जनसहभागिता बढाउन, विश्वास पुनःस्थापित गर्न र भयमुक्त वातावरण सृजना गर्न सरकार, निर्वाचन आयोग र राजनीतिक दल सबैको सामूहिक उत्तरदायित्व हो ।

अहिले निर्वाचन आयोगले ३० असोजमा राजनीतिक दलहरूलाई छलफलका लागि बोलाएको छ । यसले निर्वाचनको प्राविधिक तयारी, मतदाता शिक्षा र व्यवस्थापनको जानकारी दिनेछ । तर वास्तविक चुनौती राजनीतिक वातावरणको हो । शान्ति-सुरक्षा सुनिश्चित नगरी, निष्पक्ष प्रशासनिक संयन्त्र तयार नगरी, स्वतन्त्र प्रचार

प्रसारको स्वतन्त्रता ग्यारेन्टी नगरी कुनै पनि निर्वाचन निष्पक्ष हुन सक्दैन । त्यसका लागि सरकार अग्रसर हुनुपर्छ ।

नेपालको निर्वाचन प्रणालीले गत दुई दशकमा उल्लेखनीय सुधार पाएको छ । मतदाता नामावली, डिजिटल प्रणाली, समानुपातिक प्रतिनिधित्व र मतपत्र व्यवस्थामा सुधार भएका छन् । तर यस्ता प्राविधिक पक्षले मात्रै लोकतन्त्र सुदृढ हुँदैन । जब जनतामा अविश्वास, उम्मेदवारमा असन्तोष र प्रक्रियामा पक्षपातको आशंका हुन्छ तब चुनावको नैतिक शक्ति कमजोर हुन्छ । त्यसैले अहिलेको पहिलो शर्त हो विश्वासको पुनर्निर्माण ।

जनविश्वास निर्माणको पहिलो कदम हो पारदर्शिता । दलहरूले आफ्नो आन्तरिक वित्तीय अवस्था, उम्मेदवार छनोटका मापदण्ड र घोषणापत्रका प्राथमिकता सार्वजनिक गर्नुपर्छ । नागरिकले देख्न पाउनुपर्छ कि राजनीति अब केवल सत्ताको खेल होइन, सेवा र उत्तरदायित्वको संस्था हो । यो सोच पुनःस्थापित गर्न नसकिए जनआन्दोलनले ल्याएको परिवर्तन पनि क्षणिक हुनेछ ।

जेन-जी आन्दोलनले एक पुस्ताको आत्मसम्मान पुनःजागृत गरेको छ । तर यो आन्दोलनले राजनीतिक नेतृत्वलाई पनि चुनौती दिएको छ । अबको नेतृत्व केवल उमेर वा अनुभवले होइन दृष्टि र उत्तरदायित्वले नापिनेछ । पुराना दलहरूले यो सन्देश बुझ्न सके भने उनीहरूलाई जनताको क्षमादृष्टि मिल्न सक्छ । नबुझे नयाँ शक्तिहरू उदाउनेछन् ।

नेपालको लोकतन्त्र अझै निर्माणाधीन अवस्थामा छ । संविधानको मर्मले शक्ति सन्तुलन, सहकार्य र जवाफदेहीता सुनिश्चित गर्न खोजेको छ । तर व्यवहारमा राजनीतिक अस्थिरताले यी मूल्यहरू कमजोर बनाइरहेको छ । यस्तो अवस्थामा जनताको आन्दोलन र चुनाव दुवै प्रणालीलाई परीक्षण गर्ने अवसर हुन् । यदि दलहरूले जिम्मेवारीपूर्वक अघि बढे भने यो अवसर पुनर्जागरण बन्न सक्छ ।

तर यदि दलहरूले पुनः सत्ताको खेलमा रमाउन थाले भने, जनताको धैर्य फेरि नटिक्नेछ । जेन-जी आन्दोलन केवल प्रारम्भ हो यसको अन्त्य लोकतान्त्रिक उत्तरदायित्वले नै लेख्नेछ । जनताले अब केवल नारा होइन परिणाम खोजिरहेका छन् ।

नेपालको संविधानले जनताको सार्वभौम अधिकारलाई सर्वोच्च स्थान दिएको छ । तर अधिकारलाई जीवन्त राख्ने माध्यम भनेको निर्वाचन हो । चुनावको माध्यमबाट मात्रै लोकतन्त्रले नवीकरण पाउँछ । जब जनताले आफ्नो प्रतिनिधि रोज्ने अवसर पाउँछन् तब मात्र शासनप्रणालीप्रति विश्वास बढ्छ । त्यसैले यो निर्वाचन केवल सत्ता

फेर्ने अभ्यास होइन, लोकतन्त्र पुनःस्थापना गर्ने अवसर हो ।

राजनीतिक दलहरूले अब आफ्नो प्राथमिकता स्पष्ट गर्नुपर्छ । जनजीवनमा के सुधार ल्याउने, भ्रष्टाचार नियन्त्रणका लागि के नीतिगत सुधार गर्ने आर्थिक पुनरुत्थानका लागि के रणनीति लिने यी प्रश्नका उत्तर बिना चुनावको अर्थ रहँदैन । मतदाता अब केवल अनुहार होइन, नीति खोजिरहेका छन् ।

देश अहिले संवैधानिक र राजनीतिक दुवै मोडमा उभिएको छ । एकातिर संक्रमणकालीन सरकार छ, जसको म्यान्डेट सीमित छ । अर्कातिर जनआन्दोलनको माग छ, जसले पुरानो संरचनालाई चुनौती दिएको छ । यी दुईबीच सन्तुलन मिलाउन राजनीतिक परिपक्वता अपरिहार्य छ । यदि राजनीतिक स्वार्थ र सत्तालोलुपता हाबी भयो भने, इतिहासले फेरि कठोर निर्णय लिनेछ ।

नेपालले विगत सात दशकमा धेरै आन्दोलन, परिवर्तन र संविधान देखिसकेको छ । तर स्थायित्व र सुशासन अझै अधुरो छ । यसको कारण केवल प्रणाली होइन, संस्कार हो । सत्ता हातमा पुगेपछि जिम्मेवारी बिर्सने परम्परा, आलोचनालाई शत्रु ठान्ने संस्कार र अवसरलाई स्वार्थमा बदल्ने सोच यी नै हाम्रो राजनीतिका कमजोर पक्ष हुन् । जेन-जी आन्दोलनले यही कमजोरीलाई प्रहार गरेको हो ।

अहिले देशले नयाँ सुरुवात खोजिरहेको छ । यसका लागि केवल राजनीतिक समझदारी होइन, नीतिगत रूपान्तरण आवश्यक छ । शासनको मूल्य जनसेवा, पारदर्शिता र जवाफदेहीतामा आधारित हुनुपर्छ । यसका लागि कानुनी संरचना मात्र पर्याप्त छैन । नैतिक चरित्र, राजनीतिक शिक्षा र सामाजिक उत्तरदायित्वको संयोजन चाहिन्छ ।

सरकार, निर्वाचन आयोग र दलहरू ती तीन स्तम्भ हुन् जसले आगामी निर्वाचनको दिशानिर्देशन गर्नेछन् । सरकारले शान्ति-सुरक्षा सुनिश्चित गर्नुपर्छ आयोगले पारदर्शी प्रक्रिया सञ्चालन गर्नुपर्छ र दलहरूले जिम्मेवार सहभागिता जनाउनुपर्छ । यी तीनवटाको समन्वयमा मात्र लोकतन्त्रको पुनर्जीवन सम्भव हुन्छ ।

यदि देशले निष्पक्ष र विश्वासिलो निर्वाचन सम्पन्न गर्न सफल भयो भने, नेपालको लोकतन्त्र पुनःजीवित हुनेछ । जनताको आस्था फर्कनेछ राजनीतिक दलहरूको भूमिकामा सुधार हुनेछ र संविधानको आत्मा पुनःप्राणवान् बन्नेछ । तर यदि चुनाव पुनः विवाद र हिंसाको अखाडा बन्यो भने यसले जनताको निराशा झन् गहिरो बनाउनेछ । त्यसको मूल्य फेरि आन्दोलन र अस्थिरताले तिर्नु पर्नेछ ।

त्यसैले अहिलेको आवश्यकता स्पष्ट छ । देशलाई राजनीतिक जटिलताबाट

निकास दिन सर्वपक्षीय सहकार्य र पारदर्शी निर्वाचन अपरिहार्य छ । सरकारले अग्रसरता देखाउनुपर्छ, दलहरूले नीतिगत प्रतिबद्धता जनाउनुपर्छ र नागरिक समाजले निगरानी भूमिका निभाउनुपर्छ। लोकतन्त्रको पुनर्निर्माणमा सबैको हात बराबर हुनुपर्छ।

नेपाल फेरि एक पटक इतिहासको मोडमा उभिएको छ । विगतका गल्तीबाट सिकेर भविष्य निर्माण गर्ने वा पुनः त्यही गल्ती दोहोऱ्याउने यो निर्णय अब राजनीतिक दलहरू र जनताका काँधमा छ। जेन-जी आन्दोलनले प्रश्न उठाइसकेको छ अब उत्तर दिनु दलहरूको पालो हो ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)



# गजल



लीलाराज दाहाल

हरेक दिन जसो मर्दैछ यो शहर
बाँचे जस्तो मात्रै गर्दैछ यो शहर !

हाहाकारमा सधैं रमाइरहन्छ
इमानमा तल झर्दैछ यो शहर !

हुनेलाई छ सधैं यहाँ मोजमस्ती
नहुनेलाई आँखा तर्दैछ यो शहर !

इमानदार कसरी बाँचून् बिचरा !
अभावको जहर छर्दैछ यो शहर !

समान वितरण कहाँ छ यहाँ खै
आफ्नै झोली मात्रै भर्दैछ यो शहर !

बेइमानले लैजान्छ तक्माहरू त
तस्करमाथि भर पर्दैछ यो शहर !


वागमती ११, कर्मैया, सर्लाही

# उद्देश्यपूर्ण जीवन : पण्डित प्रेमनारायण



कृष्णप्रसाद पन्थी

अर्घाखाँचीको माझकोट धैरेनीबाट तम्घास आएका भारद्वाज गोत्रीय लक्ष्मण पन्थीका सन्तान सिध्दै-कृष्णानन्द-भागीरथ-खगेश्वरका माइला पुत्र डिल्लीराम (दुर्गाप्रसाद) का ज्येष्ठ सुपुत्रको रूपमा प्रेमनारायणको जन्म जयश्वर खनाल र ज्ञानकलाकी सुपुत्री वसुन्धराको कोखबाट गुल्मीको रेसुङ्गा नगरपालिका - १, उधिनढुङ्गामा भएको हो । उहाँका दुई भाइहरू चेतनारायण र लेखनाथ तथा बहिनी रुन्नता हुनुहुन्छ । पं.प्रेमनारायणको जीवनरथको अर्को पाङ्ग्राको संयोग मरेङ्ग ५ हालको मालारानी गाउँपालिका-२, फाप्रे अर्घाखाँचीका देउशर्मा र लुम्पाकी ज्येष्ठ सुपुत्री सरस्वती (जानकी) संग भएको थियो ।



जीवनलाई उद्देश्यमूलक र व्यावहारिक ढंगले हेर्ने मेरा पिता-पण्डित प्रेमनारायणले जीवनपथमा निर्वाह गरेका कर्तव्यहरू सामाजिक सापेक्षतामा जीवनको आफ्नै गोरेटोमा अघि बढेको देख्न सकिन्छ । सनातन हिन्दु धर्मको श्रीवृध्दिमा आजीवन समर्पित उहाँ वैदिक संस्कृतिका अनुयायी हुनुहुन्थ्यो । उहाँको जीवन आदर्श चरैवेति चरैवेतिको दृष्टि विन्दुमा हिन्दुत्वको प्रामाणिकता पुष्टि गर्न अघि बढेको पाइन्छ । यही उहाँको कर्तव्यपथ थियो । जीवनयात्राका पाइलाहरू पनि यही उद्देश्यमा केन्द्रित थिए । उहाँका पिता डिल्लीराम वेदको र ज्योतिषको ज्ञानमा अत्यन्त प्रवीण हुनुहुन्थ्यो भन्ने सुन्न पाइन्छ ।

प्राकृतिक रूपमा जीवित ईश्वरका दुई रूप पिता (पुरुष) र माता (प्रकृति)को प्रतिनिधिको रूपमा वा ईश्वरीय अभिव्यक्तिको रूपमा प्राकृतिक मानव शिक्षा र संस्कारपछि सामाजिक मानवको रूपमा जन्म हुन्छ वा सामाजिक सम्बन्ध वा पहिचान कायम गर्दछ । उहाँको शिक्षा गुरुकुलको हो । उहाँले पाङ्गका तोयनाथबाट ज्योतिषको

ज्ञान प्राप्त गर्नुभएको थियो । कर्मकाण्ड आफ्ना पिताहरूबाट सिक्नुभएको थियो । उहाँले शुक्ल यर्जुवेदीय यज्ञकर्मको कर्म परम्पराबाट समाज र आफ्ना शिष्यहरूलाई पण्डितको रूपमा पुऱ्याउनुभएको व्यावसायिक वा पेशागत सहयोग मानवताको दिशामा परोपकार पुण्याय पापाय परपीडनम्को धेरै नजीक पाउन सकिन्छ। हिन्दु धर्म र ऋषिहरूको विरासतको रूपमा रहेका प्राचीन पूर्वीय साहित्य एवं दर्शनहरू नै उहाँका सेवाका सैध्दान्तिक आधारहरू थिए । शुक्ल यर्जुवेदमा आधारित उहाँको यजमानी जीवनका अनेक समस्याको हल बनेको उदाहरण देख्न पाइन्छ। यही उद्देश्यपूर्ण जीवन र उहाँको लोकसंग्रहलाई उहाँको प्रमुख कार्य एवं विशेषज्ञताको क्षेत्र-कर्मकाण्ड र ज्योतिषमार्फत समाज सेवाको रूपमा नियाल्न सान्दर्भिक रहन्छ । उहाँ सामाजिक उत्तरदायित्व र सामाजिक न्यायको दिशामा पनि यही विश्वासका साथ अगाडि बढ्नुभयो । उहाँ दान, दक्षिणा र दण्डको विधानमा विश्वास राख्नुहुन्थो । उहाँ माता पिता, गुरु र अतिथिप्रति पूज्यभाव राख्नुहुन्थ्यो । बाँच र बाँच्नदेऊको आदर्शबाट प्रेरित उहाँले धर्म र संस्कृतिलाई समाजसेवा र मानवसेवामा रूपान्तरण गर्नुभयो। यही उहाँको विचारधारा हो। यहि उहाँको मानक वा स्तर हो। उहाँको विचार, बुद्धि, तर्क, कल्पना र भावनाका आधार पनि यिनै हुन्।

षड्वेदाङ्गहरूमा शिक्षा (उच्चारणसम्बन्धी), कल्प (कर्मकाण्ड), छन्द, निरूक्त (शब्दको मूलरूप र व्युत्पत्तिसम्बन्धी), व्याकरण र ज्योतिष पर्दछन्। उहाँले मुख्यतः कर्मकाण्ड र ज्योतिषलाई व्यवहारमा ल्याउनुभयो। कर्मकाण्डको सार यज्ञ र प्रार्थनाहरू हुन् । उहाँले वैदिक धर्मको याजकबाद-वैदिक पद्धतिलाई अवलम्बन गर्नुभयो । उहाँलाई यजुर्वेद र अन्य प्रमुख धर्मग्रन्थहरूका श्लोकहरू प्रायः कण्ठ थिए। यद्यपि उहाँ भागवत वा नारायणीय धर्मको निष्काम कर्मयोगको आदर्शलाई पनि पछ्याउनुहुन्थ्यो । उदाहरणार्थ ब्राह्मणले आफ्नो कर्मको मूल्य नतोक्ने र गच्छे/क्षमताअनुसारको दानको सिद्धान्तलाई मान्यता दिनुहुन्थ्यो । उहाँ Relative sacrifice मा विश्वास गर्नुहुन्थ्यो । ज्योतिष सेवामा पनि उदाहरणीय कुशलता भएका उहाँ चिना बनाएको यति उति भन्नुहुन्नथ्यो। यसरी आजीविका गर्ने कर्मनिष्ठ कर्मकाण्डी ब्राह्मण हुनुहुन्थ्यो।

उहाँको आदर्श विशाल र विराट् थियो । उपनिषद्को परब्रह्मको शिक्षाभन्दा व्यवहारपरक भगवान् वा ईश्वरका दूतको रूपमा राम, कृष्ण, शिव, भगवती, दुर्गाको उपासनामा जोड दिनुहुन्थ्यो । श्रीकृष्णले भक्तियोगको सन्दर्भमा गीताको १२औं अध्यायको द्वितीय श्लोकमा परमात्माको व्यक्त रूपलाई पूजा गर्नुलाई योगको राम्रो ज्ञान भएको भनेका छन्। उहाँ वेदको दार्शनिक भाग उपनिषद्को होइन कर्मकाण्ड र

उपासनाको व्यावहारिक प्रयोक्ता हुनुहुन्थ्यो। यसैले उहाँको जीवनप्रवृति वा आजीविका कर्ममार्ग थियो ज्ञानमार्ग होइन । जुन वेदद्वारा समर्थित निवृत्तिमूलक मार्ग हो प्रवृत्ति मूलक मार्ग होइन । यही परमार्थको बाटो हो । यही दृष्टिले उहाँलाई पण्डित बनेर समाजसेवा गर्ने पवित्र मार्गमा हिडायो । ईश्वारार्पण बुद्धिले सृष्टिको सेवा गर्नुभयो । उहाँले यही मार्गमा आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुभयो ।

समाजको आर्तताको मलम बनेर समयले सृजना गरेका विषम परिस्थितिहरूमा समेत अविचल कर्तव्यपथमा आफू जन्मेको घरको कुल पेशा र यसको यशवृद्धि गर्न जन्म गाउँ र ठाउँलाई माया गर्नुभयो । आफ्नो गाउँ र ठाउँलाई माया गर्नु नै राष्ट्रलाई माया गर्नु हो । उहाँ अरूको भलाई गर्नु नै आफ्नो भलाई गर्नु हो भन्नुहुन्थ्यो । भाइबन्धुलाई पनि उन्नतिशील बनाउनु पर्ने एकताबाट नै सामूहिक पहिचान कायम गर्न सकिने तर्क गर्नुहुन्थो । उहाँको, नीतिलाई पनि यसरी बुझ्नु उपयुक्त हुन्छ । उहाँ, धार्मिक नीतिअनुसार सामाजिक क्रिया व्यवस्थापन हुनुपर्दछ भन्नुहुन्थ्यो । जसको अर्थ सामाजिक कर्मको नियन्त्रण धर्मद्वारा मातृभावको स्थापना हो। जस्तालाई त्यस्तै व्यवहार गर्नु (Tit for tat) होइन आफ्नो समभ्र प्रर्दशन गर्नुपर्दछ भन्ने संवेगात्मक बौद्धिकतालाई अवलम्बन गर्नुपर्ने उहाँको धारणा थियो । हिन्दु संस्कारहरूलाई अवलम्बन गरी सांस्कृतिक र आध्यात्मिक उर्ध्वगमनबाट मात्र व्यक्ति र समाजको हित संरक्षण र प्रगति हुने धारणा राख्नुहुन्थ्यो। निष्पक्षता र परिवर्तन नहुने - Stereotope (कुटस्थ) व्यवहार, पूर्णता (prfectionist) होइन व्यवहारपरक (pragmatic) दृष्टि जस्ता उहाँका केही विशेषता पनि रहेको देख्न सकिन्छ । मैले बुझ्नेसम्म पण्डित प्रेमनारायणबाट प्राप्त गर्न सकिने खुला ज्ञान यही हो।

उहाँका ५ सन्तानहरू म,लक्ष्मी, इन्दिरा,नारायण र सीतालाई जन्मदिनुभएकी जानकी पनि यही प्रकाशमा कार्य गरेको सुन्न पाइन्छ । सन्तानहरूलाई उपयुक्त शिक्षा, संस्कार दिएर उचित विवाह कर्म गरिदिएर ऋण तिरेका गृहस्थधर्मी मुनि हुनुहुन्थ्यो । उहाँहरूले यसरी सन्तानहरूलाई राष्ट्र र समाजको खातिर योगदान गर्न संक्षम तुल्याउनुभयो। उहाँका सन्तानहरू हाल निजामती सेवा र शिक्षा सेवामा योगदान गरिरहेका छन् ।

उहाँका कीर्ति कहिल्यै मर्न सक्दैनन् । कसैले धूमिल गर्न सक्दैन । भनिन्छ सत्य टल्किरहन्छ चाहे त्यसलाई घुरानमा मिल्काऊ। जीवनको परीक्षामा सत्य असत्य एकै ठाउँमा हुन्छ। जीवन प्रश्नहरू बीच छ हरेकको। जीवनको यस अन्तर्क्रियामा उहाँबाट

धेरै उत्तरहरू पाउन सकिन्छ - अभीष्ट लक्ष्य, परमूल्य र व्यवहारिकताको विषयमा । लोकव्यवहार र मैत्रीकला सम्बन्धमा सिक्नुपर्ने सुदूर र बोधगम्य पाठहरू । उहाँले जीवन तर्कवितर्कभन्दा संयम हो भन्नुहुन्थ्यो । यसमा उहाँको दूरदृष्टि, कर्म एवं आदर्श जीवनप्रतिको सचेतता झल्किन्छ । किनकि उहाँ कसैको डाह नगर्ने, अरूको आलोचना र निन्दामा समय खर्चिनु भएन र मान्छेमा ईश्वर देख्ने मानवतावादी हुनुहुन्थ्यो ।

हरेकको जीवनको व्यक्तिगत र सामाजिक उद्देश्य वा पहिचान हुन्छ । आजीवन पण्डित र सचिव (प्रशासनिक सेवा, लक्ष्मीपुर गाउँ पञ्चायत कार्यालय ११ वर्ष) उहाँका सामाजिक पहिचान हुन् । समाजसंगको सम्बन्ध भनेको यही कर्म र अकर्म बीचको अन्तर्क्रिया हो । यसमा अर्थपूर्ण संवाद र विपथगमन (जस्तै ब्रिटिस सेनामा भर्ना हुँदा जुत्ता लगाएर खान दिएपछि नखाई भाग्नुभएको- ईश्वरीय प्रेरणा जसले समाजमा फर्कायो र पुनः आफ्नै पेशामा कटिबद्ध तुल्यायो) पनि भएको पाइन्छ । यसले जीवनको सत्यताबाट भाग्ने होइन संघर्षमा होमिने शिक्षा दिन्छ ।

जीवनलाई मूल्य दिन गुणात्मक पक्षलाई जोड दिनु अनि हेय दृष्टिबाट बच्नुपर्दछ । तब मात्र समाजमा सनातन अस्तित्वको लडाइमा केही योगदान दिएर समुदायको हितमा वैदिक सभ्यताको देनलाई उपयोग गरेर मानव समाजमा नयाँ संवाद स्थापित हुन सक्दछ । किनकि यस प्रकारको लडाइँ चलिरहेको छ र चलिरहनेछ । जीवनयात्राका परिवर्तित क्षण र परिस्थितिले यही तथ्यलाई उजागर गर्दछन् । भ्रम होइन वास्तविकतामा बाँच्न प्रेरित गर्दछन् । जीवन, जीवन रेखा र पदचिह्नका यी बान्कीहरू अद्वितीय नमुना, उदाहरणीय एवं उल्लेखनीय आभा प्रदर्शन गरिरहेका छन् । जीवनका अनुपम अभिव्यक्तिहरू आफ्नै परिवेशमा कोरा कल्पना र भावुकताभन्दा माथि उठेर यथार्थको धरातलमा एउटा दिव्य प्रकाश (गुरु : समाजको लागि पथप्रदर्शक) बनेर । यही समाजले प्राप्त गरेको महत्तम उपलब्धि भनेर चित्त बुझाउनुपर्ला ।

यथार्थमा केही संयम, धैर्य र सादृश्यता अनि बन्धुत्वप्रतिको प्रेमको झलक पनि अनेक हारहरू, केही जीतहरू, केही संदिग्ध वा गर्व गर्न नसकेका अस्पष्ट सफलताहरू । केही गर्वका डोबहरू, स्पष्ट पदचिह्नहरू भावी पिंढीको लागि सजीव तस्वीर । अलगाव अप्रयत्नका धब्बाहरू । निस्कलुषित र निर्विघ्न आत्मा पनि । कमजोर भावना - विनय, प्रेम, नम्रता र दया पनि । आन्तरिक रूपमा केही अहंभाव, स्वचेतना एवं स्वार्थी पन । एक ऐतिहासिक तथ्य वर्तमानमा मूर्तिमान् वास्तविकता मात्र ।

बाँच्नुको गुणवत्ता यसरी नै प्रकाशित भएको थियो । व्यक्तिगत जिम्मेवारीको

बोझ, आफ्नो परिवार, कुल कुटुम्ब एवं पराइहरूको सतत्या प्रवाहित व्यावहारिक जीवन । उहाँ बढोत्तरी आदर्शलाई भन्दा व्यवहारलाई जोड दिनुहुन्थ्यो । सबैको अस्तित्वलाई स्वीकार्नुहुन्थ्यो । मेरो गोरुको बाह्रै टक्का गरेको कहिल्यै थाहा भएन । ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गाको उदाहरण दिनुहुन्थ्यो । यज्ञशेष खानुभयो भिक्षा खानुभएन । प्रातःकाल (ब्रह्ममुहूर्त) लाई जीवनको सफलताको विन्दु मान्नुहुन्थो । उज्यालो भएपछि हामीलाई सुत्न दिनुहुन्नथ्यो । जीवनको अन्तिम दिनसम्म पनि उहाँ अरूको सेवामा बाँच्नु परेन । हामी ऋणी रह्यौं ऋण चुकाउन पाएनौं । २०८१ कार्तिक २० गते बिहानको १० बजे ८१ वर्षको उमेरमा ब्रह्मलीन हुनु भई उहाँको जीवन अस्तायो जीवनको एक परिभाषा बनेर । कुलको दीपकको रूपमा वैभव र यश कायम गरेर जीवनको एउटा व्याख्याको अमर कीर्तियुक्त खुला किताव बनेर । सत्यं शिवं सुन्दरम्को त्रिवेणी बनेर । जीवनको लक्ष्य र कर्मबीचको दोसाँधमा मानवजीवनसंगको अन्तर्क्रिया बनेर । यसैले उहाँको जीवन परिभाषाहीन बनेन, विवरणहीन बनेन, निष्कर्षवीहीन बनेन, धूमिल बनेन अनि गन्तव्यहीन बनेन । उहाँमा मानवीय भावना, सकारात्मक विचार र न्यायकर्मप्रतिको रुचि र लगावको अभिव्यक्ति देखियो ।

-रेसुङ्गा नगरपालिका -१, उधिनढुङ्गा, तम्घास, गुल्मी ।


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**



# स्मृतिमा बालाहरि गुरु

पूर्णप्रसाद अधिकारी

मेरा अक्षरारम्भका सूत्रधार गुरुवर बालाहरि तिमिल्सिना (१९९६-२०६४) का बारेमा उनी दिवङ्गत भएको १७ वर्षपछि केही स्मृतिपुष्पका बारे आफ्ना धारणा राख्दै छु । तिमिल्सिनाहरू मौद्‌गल्य ऋषिका सन्तान भएका कारण उनीहरूको गोत्र पनि मौद्‌गल्य नै हुन्छ । खस-आर्य ब्राह्मण समुदायको यो प्रजातिको आदिभूमि भनेको सुदूर पश्चिम प्रदेशको तिमल्सेना गा.वि.स. हो भनिन्छ । त्यहीँबाट बसाइ-सराइ गर्दै नेपालका ६४ जिल्लामा यी बन्धुहरूको बसोबास भएको रहेछ । अधिकारीहरू सात प्रकारका, पोखरेल दूध र पानी सेता र काला गरी पौडेलहरू भएजस्तै तिमिल्सिना एउटै गोत्रमा पनि तिम्सिना, तिमिल्सिना, तिमल्सेना भनेर लेख्य र कथ्य रूपमा व्यक्त भएको पाइन्छ । राष्ट्रका महत्त्वपूर्ण ओहदा र प्रशासनिक एकाइमा पनि यिनीहरूको पकड र पहुँच थियो र छ पनि । इतिहासको कालखण्डमा सर्वोच्च अदालतका प्रधान न्यायाधीश विश्वनाथप्रसाद उपाध्याय तिमिल्सिना नै थिए । त्यसैगरी त्रि.वि. का पूर्व रजिष्टार पार्थिवेश्वरप्रसाद तिमिल्सिना, साहित्यकार अनिरुद्ध तिमिल्सिना, डा. डिल्लीराम तिम्सिना, जो नेपाली साहित्यका प्रथम इतिहासकार पनि हुन् । राष्ट्रिय महत्त्वका दृष्टिले नेपाल सरकारको कर्मचारी तन्त्रसँगै त्रि.वि. सेवामा पनि लेखकीय पहिचान बनाएका तिमिल्सिना बन्धुहरूमा प्रा.डा. पशुपति तिमिल्सिना र डा. यमनाथ तिम्सिना, पूर्व राष्ट्रिय सभाध्यक्ष गणेशप्रसाद तिमिल्सिना, विद्यार्थी शहीद फणीन्द्र तिमिल्सिनासमेत म आफूले थाहा पाएका व्यक्ति हुन् । यहाँ मलाई अक्षरारम्भ गराउने बालाहरि तिमिल्सिना गुरुका बारेमा स्मृतिपुष्प प्रकाश पार्ने प्रयास गर्नेछु ।

धराधाममा म आफू २०१५ साल भदौ २ गते हस्ता नक्षत्र, कन्या राशिमा तत्कालीन कास्कीकोटअन्तर्गत जन्मेको रहेछु । २०१८ सालको संरचनामा १४ अञ्चल, ७५ जिल्ला कायम हुँदा रजस्थल गाउँपञ्चायत भनिन्थ्यो । २०३२ सालको पञ्चायती संविधानले भौगोलिक संरचना मिलाएर देशव्यापी रूपमा नगरपञ्चायत र

गाउँपञ्चायत गरी ४,२०० को आसपास देखाउने कार्य भयो, जसअनुसार 'रजस्थल' र 'मान्द्रेढुङ्गा'लाई मिलाएर 'कास्कीकोट' गाउँपञ्चायत बनेको रहेछ । यस मानेमा हाम्रा गुरु-पुरोहित मात्र नभई मेरा पिताजीका समकालीन रहनुभएका बालाहरि तिमिल्सिना ७८ वर्षको उमेरमा यस धराधामको यात्रा गर्नुभएको रहेछ । उनका दुई भाइ, जेठा जसलाई 'पुड्के पण्डित' भनिन्थ्यो । आफ्ना भाइलाई विद्वान् बनाउने अभिप्रायअनुरूप बालाहरि गुरुलाई काठमाडौँको वाल्मीकि क्याम्पसमा पढाउनुभएको रहेछ, जसमा गुरुले प्रथमादेखि शास्त्रीसम्मको अध्ययन गर्नुभएको थियो रे !

त्यो समयको योग्यता आजको सन्दर्भमा विद्यावारिधि (पिएच.डी.) भन्दा माथिको रहेछ । मेरा पिताजीलाई 'दाज्यै' भनेर सम्बोधन गर्दा आत्मीयता र हार्दिकता प्रकट गर्नुहुन्थ्यो । म आफूले बालाहरि गुरुलाई जे जसरी भोग्ने अवसर पाएँ, त्यसकै आधारमा यी भावना व्यक्त गरिरहेको छु । हामी पाँच भाइमध्ये सबै भाइको जन्मान्तर तीन-तीन वर्षको छ तर ठुल्दाइ र मेरो पाँच वर्षको फरक छ । २०२० सालको सरस्वती पूजा (श्रीपञ्चमी) को दिन थियो । हाम्रो घरमा पनि पूजाको आयोजना गरी मलाई बालाहरि गुरुले अक्षरारम्भ गराउनुभएको हिजो बिहानजस्तो लाग्छ । आज म ६६ पूर्ण गरी ६७ सालमा हिँड्दै छु । त्यसभन्दा पूर्व मेरा पिताजीले अनेक प्रयत्न गर्दा पनि मलाई अक्षर चिनाउन कठिन भएपछि पिताजीले गरेका अनुष्ठान र बालाहरि गुरुको आशीर्वचनबाट म आफू पढ्न जान्ने भएछु । २०३० सालसम्म मेरो शिक्षा अनौपचारिक थियो । वेद, चण्डी, रुद्री, अमरकोश, लघुसिद्धान्तकौमुदी पढ्दै श्राद्ध, सत्यनारायण पूजा, ऋषिपञ्चमी, नामकरण संस्कार, क्रियाकर्मजस्ता कर्मकाण्डमा उद्यत रहेँ । २०२४ सालमा व्रतबन्ध भएपछिका यी कर्मकाण्डमा सरिक रहनु मेरो जीवनको यात्रा थियो । २०२४ देखि २०३० सालसम्म कर्मकाण्डसँगै भेँडाबाख्रा हेर्नुका साथै गुरुबाट आरम्भ गरिएको लघुसिद्धान्तकौमुदीको अनियमित यात्रा जारी थियो । यसलाई ताजगीकरण गर्ने र आवश्यक भएमुताबिक करुणानिधि पौडेल, आत्माराम पराजुली, नदीपुर, केशवराज अधिकारी, पाउदूर जेठाबाका छोरा करुणानिधि पौडेलसँगै देवघाटको छ महिने यात्रा २०२९ सालसम्मका उतारचढावपूर्ण मेरा गतिविधि रहे । लघुकौमुदीको निरन्तरताका खातिर म रातामाटे गुरुको घरमा जाने गर्थें । कति दिन त त्यो बाटुलो घरमा बास बसेको छु । बालाहरि गुरुले आफू पढे-लेखेका हुँदा संस्कृतका विद्वान् भएका कारण चार छोराहरूलाई कर्मकाण्डी विद्यासहित आधुनिक शिक्षा दिलाउनुभयो ।

गाउँघरमा पानस वा सानो सिसाको बोतलमा मट्टीतेल राखेर झुम्राको ज्योति बनाएर राति पढ्ने त्यो जमानामा आफ्ना छोराहरूलाई र म आगन्तुकलाई समेत लालटीनको उज्यालोमा गुरुले लघुकौमुदीको यात्रा गराउनुभएको हिजो मात्र हो जस्तो लाग्छ । २०२७-०२८ सालतिरजस्तो लाग्दछ । मेरा ज्येष्ठ पिताजी कृष्णलाल अधिकारीले चतुर्मास व्रत आरम्भ गर्नुभयो र त्यस अभियानमा त्यो चौमास नसकिएसम्म अखण्ड देवीभागवत, जो प्रातःकालमा रातामाटाबाट रोहोटेपानी पुगेर बालाहरि गुरुले नित्य पाठ पारायण गराउनुभयो । हाम्रो घरमा पनि सप्ताह र देवीभागवत गराएको कुरा बाबाआमाले भने पनि साल र महिना मलाई भन्नुभएन । एउटामा हेमजाका दशरथ गुरु र अर्कोमा बालाहरि गुरु हुनुपर्दछ, बाबाआमासँग शोधखोज नगर्नु मेरो अज्ञानता नै भयो । समयको कालखण्डमा म २०३१ सालपछि भूमि दाइको साथ म हरिद्वार पुगेपछि रातामाटा भेट्न जाँदा पनि गुरुबाको घरमा पुसेर ढोगभेट गरी आशीर्वाद लिने गर्थें ।

वि.सं. २०४३ को जेठमा म क्याम्पस पढाउन आइसकेको थिएँ । संयोगवश कास्कीको मौलामा गुरु बासँग भेट भयो । एम.ए. उत्तीर्ण गरी चितवनमा पढाउन आरम्भ गरेको कुरा सुनाउँदा प्रसन्न मुद्रामा मलाई भावी जीवनको सफलताका निमित्त शुभकामना दिनुभयो । २२ वर्षको स्मृतिलाई नवीनता प्रदान गरी सरस्वती पूजाको सन्दर्भ र अक्षरारम्भको पुनर्ताजगी गराइरहँदा म आफूले निद्राबाट जागृत अवस्थामा आएको अनुभूति गरेँ । झाँक्रीको पसलमा एक-एक गिलास चिया खायौँ । मैले गुरुबाट आशीर्वाद लिएँ । गुरुदक्षिणा केही दिने चेतना आएन, चुरोट पिउन सौकिन हुनुहुन्थ्यो, सायद गुरु भनेर एक बट्टा गैँडा चुरोट किनेर दिएजस्तो लाग्दछ । त्यसपछि गुरु-चेला बिदा भयौँ । २०५७ सालमा लालुप्रसाद भनिने भारकानेका छोरा जीवनाथले एकाहा गर्दाको समयमा रोहोटेपानीको भागवत पाठमा आमन्त्रित हुनुभयो । भोलानाथ, म र पिताजी पनि त्यस यज्ञमा सहभागी भएका थियौँ तर त्यसभन्दा पूर्वका केही सुखद तथा दुःखद स्मृतिहरू छन् । २०१५ सालमा गैँडाकोटका लुरे विष्णु र म गुरुको घरमा गई एक रात बास बसेका थियौँ ।

२०४२ को वैशाखमा मेरी भाइबुहारी भगवतीको असामयिक निधनमा गुरुबाले सबै कर्म गराउनुभयो । तेह्रौँ दिनको समयमा म अनायास घरमा पुगेँ । घर बेचिएको थियो । माहिली आमाको पिँढी बारेर किरियाकर्म भएको रहेछ । पिताजीले तथाकथित पण्डित ज्येष्ठ भ्राताको निर्देशनमा 'बेचिएको घरमा किरिया गर्नु हुन्न' भन्ने भ्रम फिँजाएपछि त्यसो गरिएको रहेछ । गुरुआमा पनि साथमै हुनुहुन्थ्यो । भगवतीको नाममा उठाइएका सधवा नारीका शृङ्गारिक सामानको सङ्कल्पलगायत अन्य कर्म

सबै बालाहरि गुरुबाले गराउनुभयो । २०५१ सालमा पिताजी नवलपुरको भैंडाबारीमा आएर धान्याञ्चल पर्व गर्नुभयो । त्यो कार्यमा काम सकेर राम्रोसँग खानपिन हुन नपाउँदै भरतपुरस्थित मेरो घरमा आएर मेरो घर पवित्र गरी सिम्पानीका पं. नरपति गुरु र बालहरि गुरु रात्रिकालीन बसमा पोखरातिर लाग्नुभयो । २०६० सालमा मेरा पिताजीको अवसान भएपछि दसदेखि तेह्र दिनसम्मका विशिष्ट कर्म गराउनकै निमित्त कास्कीदेखि चितवनसम्म आएर स्व. बलराम अधिकारीको सायुज्य मुक्तिको कामनार्थ बालाहरि गुरुले गर्नुभएको उदारमनको श्रद्धा र सहयोगलाई शब्दमा वर्णन गर्न म असमर्थ छु । यसैबीचमा बालाहरि गुरुप्रति शब्दसुमन र श्रद्धापुष्पका रूपमा यी अक्षरहरू लेखिरहेको छु ।

बालाहरि गुरुको विद्वत्ता, योग्यता र क्षमता नाप्ने मसँग त्यति हैसियत त छैन । २०३७ सालमा कालिका नि.मा.वि.लाई मा.वि. बनाएपछि मा.वि. को नेपाली विषय पढाउने क्रममा सम्मानका लागि गुरुलाई पनि आग्रह गरिएको हो । “अब यो उमेरमा आएर यो महेन्द्रमाला म पढाउँदिन, तपाईंहरूले सम्मान गर्नुभयो, अन्य कुनै नयाँ व्यक्तिलाई ल्याउनुहोस्” भनेपछि उहाँकै ज्वाइँ पर्ने प्रेमनाथ दवाडीले नेपाली विषय पढाउनेमा नियुक्ति लिनुभयो । समयसमयमा बालाहरि गुरुका सुकर्म, शिक्षा, पाण्डित्यपूर्ण प्रवचन म आफूले सुन्ने अवसर पाएको हुँ । केही अज्ञात पात्रले “बालाहरि घमण्डी हुन्, जहाँ पनि आफ्ना छोराहरूको बारेमा अनावश्यक व्याख्या र बडप्पन देखाउँछन्” भनेर दृष्टान्त दिएका पनि उदाहरण छन् । यो कुरा भनेको ‘पण्डितो पण्डितं दृष्ट्वा श्वानवत् घुर्घुरायते’ भन्ने स्वभावको उदाहरण हो । गुरुका बारेमा गरिएका कथित टिप्पणी मात्र हुन् भन्ने लाग्दछ ।

वर्तमान अवस्थामा गुरुका चार छोराको जीवन कति कर्मशील छ - जेठा लोकनाथ नेपाल सरकारको द्वितीय श्रेणीबाट अवकाशप्राप्त सामाजिक अभियन्ता हुन् । माहिला वकिल, साहिँला पत्रकार र प्राध्यापक छन् भने कान्छा नेपाल सरकारकै उपसचिव तहमा कार्यरत छन् । आज तीनवटा छोराहरूको पोखरामा हवेली र एउटाको काठमाडौंको हवेलीमा रजगज छ । यी सबै बालाहरि गुरुका ब्याज त हुन् नि ! मूल सङ्लो भयो भने प्रवाहित पानी पनि धमिलो हुँदैन । आफ्ना सन्तान असल भएकोमा गौरव गर्नु हरेक पिताको आत्मसम्मान हो, इज्जत हो र प्रतिष्ठा पनि हो । हिजो अन्धकारको समयमा आफ्ना सन्तानहरूलाई जे जस्तो रूपबाट बालाहरि गुरुले शिक्षा-दीक्षा दिलाउनुभयो, त्यसकै परिणामस्वरूप उहाँका चारवटा छोराहरूको जीवन सुखद र आनन्दमय छ । समाजमा एउटा प्रतिष्ठित विद्वान् व्यक्तिका रूपमा भागवत वाचन पठन-श्रवण र कीर्तन

सुन्ने अवसर म आफूले भौतिक जीवनमा पाँच-छ पटक प्राप्त गरेँ । गुरुका ज्येष्ठ सुपुत्र बन्धु जागरण अभियानको अभियन्ता हुनुहुन्छ, जो आफैमा कर्मशीलताको प्रतिबिम्ब हो । आफ्ना सबै भविष्यनिर्माणको सूत्रधार, पितामाताको बारेमा आफू, आफन्तजन र अन्य इष्ट-मित्रबाट बालाहरि गुरुबाको सामाजिक योगदानका बारेमा एउटा स्मृतिग्रन्थ तयार गर्न सके अति उत्तम हुने थियो । यस पुनीत कार्यमा अभियानकर्मी लोकनाथ भाइको चेतना जागृत हुन सकोस् भन्दै स्व. बालाहरि गुरुप्रति हार्दिक श्रद्धाञ्जलिका साथ यी शब्दपुष्पबाट विश्रान्तिको पूर्णाहुति गर्दछु ।

क्यानडा

**राहदानी प्राप्त गर्न र राष्ट्रिय परिचयपत्र बनाउनका लागि निम्न प्रकारका कागजातहरू लिएर आउन सम्बद्ध सबैमा जानकारी गराइन्छ ।**

(**क**) **राहदानीका लागि**

१) अनलाइन राहदानी आवेदन फारम भरी आवेदकले दस्तखत गरी निम्न प्रमाणसाथ पेश गर्नुपर्ने : २) नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपि, ३) बसाइ सरी आएकाको हकमा बसाइ सराइ दर्ताको प्रमाणपत्र र स्थायी बसोबास खुल्ने प्रमाण, ४) विवाह भई आएका महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र (सक्कल) र पतिको नागरिकताको सक्कल वा प्रतिलिपि, ५) कर्मचारी वा कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र, ६) केरामेट भएको च्यातिएको वा म्याद सकिएको भए सक्कलै राहदानी, ७) हराएकाको हकमा राहदानीको प्रतिलिपि ।

(**ख**) **राष्ट्रिय परिचय-पत्रका लागि**

१) अनलाइन आवेदन फारम, २) सक्कल नेपाली नागरिकताको प्रमाणपत्र, ३) बाबु/आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ४) नागरिकताको प्रमाण-पत्रमा जन्ममिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र, ५) विवाहित महिलाको हकमा सक्कल विवाह दर्ता प्रमाण-पत्र, (नागरिकतामा पतिको नाम उल्लेख नभएमा), ६) विवाहित पुरुषको हकमा सक्कल विवाह दर्ता प्रमाण-पत्र वा पतिको नागरिकता प्रमाण-पत्र (नागरिकतामा पतिको नाम उल्लेख भएको हुनुपर्ने), ७) बसाइ सराइ गरी आएकाको हकमा सक्कल बसाइ सराइ दर्ताको प्रमाण-पत्र र स्थायी बसोबास खुल्ने प्रमाण ।

**जिल्ला प्रशासन कार्यालय, गुल्मी**

# पोखौँ वाणी ललित



मुकुन्द शर्मा

पोखौँ वाणी ललित रचनाकार हे मित्र सारा !
ल्याऔँ आत्माभरिभरि हुने प्रीतिदायी इसारा
झर्को-फर्को भ्रम र दुविधा ल्याउने भाव छोडौँ
हामी ऐकान्तिक सुख हुने विम्बका तन्तु जोडौँ ।।

गाली गर्दै पदसरणिका चल्नु तातो न छारो
आफ्नै बोली अघि-अघि लिई हाल्नु आफ्नै तगारो ?
आफू सप्रेपछि इतरका सप्रिएलान् विचार
खोलौँ मायाँभरित पदले द्वन्द्वका तार-बार ।।

लेख्यौँ धेरैपटक कविता खालि नाटीकुटीमा
पायौँ आफैकन अगतिला चापका भुट्भुटीमा
छोडौँ उस्ता विकृत लफडा सङ्लिऊन् शब्दधार
सिर्जौँ यस्ता सरस रचना जो दिलाऊन् बहार ।।

हामीलाई फगत कचडा दिन्छ यो राजनीति
तेरो-मेरो दल-बल भनी तोड्छ यो लाजनीति
उक्लौँ हामी मिलनपथमा ऐक्य सोपान टेकी
जाऔँ यस्ता सृजनमतमा तर्किई द्वन्द्वदेखि ।।

कच्चा धागो सरि दलहरू त्यत्तिकै टुट्न सक्छन्
हिँड्दा हिँड्दै पनि नजिकका मित्र नै छुट्न सक्छन्
हामी आत्माभरि मिलनको भाग तानेर लेखौँ
यस्तो लेखौँ पद पद मिठा राग छानेर लेखौँ ।।

मेरा प्यारा कलमधर ! होस् वक्षमा राष्ट्र खालि
जाऔँ चारैतिर तर बनौँ राष्ट्रकै मात्र माली
रोजौँ साझा मुलुक दलका भारलाई नरोजौँ
रोजौँ मीठो प्रणय अमिला खारलाई नरोजौँ ।।

काली मेचीबिच घर उही ऐक्यको भाव छानो
हाम्रो एकै हृदय छ जहाँ छैन कोही बिरानो
ऐया भन्ला जब कहरले पीर मानेर कोही
होऊन् हाम्रा नयन रसिला दिव्य चैतन्य छोई ।।

फर्कौं साझा मुलुकतिर जो छौं निकम्मा अहंमा
गासौँ नाता हतपत ऋतं सुन्दरंमा शिवंमा
यस्तो राम्रो प्रकति सुषमा लेखनीभित्र जाओस्
सोही सर्दै सकल जनको भित्र आत्मा रसाओस् ।।

गाना गाई कुसुमदलमा नाच्छ जस्तो पतङ्ग
चल्ला ल्याई विपिनदलमा खेल्छ जस्तो विहङ्ग
हाम्रो आस्थासित सरसरी लेखनी नाच्न पाओस्
टिप्तै शब्दावलि सुमन झैँ जीवनी खेल्न पाओस् ।।


**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# बिदा गर्दा छोरी



लक्ष्मीराज शर्मा पौडेल

बिदा गर्दा छोरी करम घरमा त्यै समयमा
भई खिन्नात्मा हा तदपि दृढ भै पूर्ण रूपमा ।
पिता माता बोले करुण लय संयुक्त रूपमा
बनोस् यात्रा तिम्रो सुखमय रहोस् कर्म घरमा ॥
॥१॥
तिमीले रोपेका विविध गुणधारी कुसुम ती
बढी फर्की हाँस्दै मन-मुदित पारीकन अति ।
अझै संझी हल्ली पवन गतिमा ती सुमलता
तिमी तर्फै हेरी नव सुख लिदैछन् हृदयतः ॥
॥२॥
पुरै कोठाका ती सजित पलङैका वसनले
अवश्यै खोज्नेछन् रसिक अति भै स्नेह रुपले
नयाँ नौलो चासो प्रतिपल लिई ती अतिथिले
घुमाई हेर्नेछन् गजबसित आफ्नै नजरले ॥
॥३॥
नवीना ज्योती भै करमघर आफ्नो झलमल
सदाझैँ पार्ने छौ नव रूप दिई दैनिक पल ।
गृहस्थीको आफ्नो अभिलषित नौला शुभकुरा
शिरोधार्यै गर्दै नियत मितिमै गर्नु र पुरा ॥
॥४॥
मिलाई सम्झाई सहमत गराईकन घर ।
यहाँ आउने छौ जनम घर संझी अनुपम ।
यही आशा राख्छौं विकल मन यो शान्त गरन
कृपा राखून् देवी करुण रस थोपा पनि दिन ॥
॥५॥

(कुसुमाञ्जलि/कुश्मा पर्वत)

# जुझारू हुँदैन कवि



✍ **टेकनारायण रिमाल“कौशिक”**

जुझारू स्वभावको
हुँदैन कवि
ऊ त
दुधालु हुन्छ
मीठो दूध दिने ।

थुन दुखाइदिनेहरूमा
लात्ति चलाएनि
प्राणीभरिमाको सोझो
गाई हो कवि ।

रोगको उन्मूलन गर्न
तीतो
खुराक ख्वाउँछ तर
प्राण घातक
विष दिँदैन
बदमाश होइन
बैद्य हो कवि ।

कहिलेकाहीँ
खटिरो फोर्न
औजार चलाएनि
मुटुमा
छुरा घोप्दैन
डाँकू होइन
डाक्टर हो कवि ।

आँप कटहरका साझा रुखमा
झटारो हान्न सक्छ
तर
पथिकहरूको
टाउको फुटाउन
लाठीचार्ज गर्दैन
भाइमारा होइन
भान्छे हो कवि ।

बूढो कवि
अर्थात्
शब्दको जादुगर
भाव नचाउन
खप्पिस
बूढो हुँदैन कहिल्यै
र
मरेर पनि मर्दैन
अभिव्यक्ति
बाँचिरहन्छ
अनन्तसम्म ऊ
शरीर होइन
आत्मा हो कवि ।

अहँ,
जुझारु हुँदैन  कवि ॥

याङ्गौ, म्यान्मा (बर्मा)

''समुन्नत रेसुङ्गा हाम्रो शान, उत्कृष्ट नगर सबैको पहिचान''

# रेसुङ्गा नगरपालिकाको सूचना

- नगरपालिका प्रत्येक घरमा सम्भव भएसम्म कम्तीमा दुईवटा फलफूल अथवा सौन्दर्य बढाउने बिरूवा रोपौं ।
- मुख्य बजारक्षेत्रको सडकपेटीमा व्यापारका सामग्री नराखौं ।
- सार्वजनिक सडकमा निर्माण सामग्री नराखौं ।
- नगरका सडकहरूमा छत वा अन्य ठाउँको पानी नफालौं ।
- नगरपालिकाभित्रका सबै कार्यालयहरूले कार्यालयपरिसर र नागरिकले आफ्नो घरवरिपरि अनिवार्य सरसफाइ गरौं ।
- फोहरजन्य वस्तुहरू भरसक आफैले नै व्यवस्थापन गरौं । व्यवस्थापन गर्न नसकिने फोहर उठाउने गाडीमा सुरक्षित तवरले लोड गरौं ।
- फोहर व्यवस्थापन कार्ड नबनाएका व्यक्तिहरूले तुरून्त नगरविकास तथा वातावरण संस्थामा सम्पर्क गरी कार्ड बनाऔं ।
- सडकपेटीमा सवारी साधन (बस, ट्रक, जीप, कार, मोटरसाइकल) पार्किङ्ग नगरौं ।
- मुख्य बजारक्षेत्रभित्र सामग्री अनलोड गर्दा बिहान ९:३० बजेसम्म र बेलुका ४:०० बजेपछि मात्रै गरौं ।
- हाम्रो सहर : सुन्दर सहर बनाउन नागरिक दायित्व पूरा गरौं ।

# रेसुङ्गा नगरपालिका

**तम्घास, गुल्मी**

# कलि र आडम्बर

भाष्कर गौतम

सङ्ख्या जाति छ तीस लाख पशुको सम्पूर्ण यो सृष्टिमा ।
जे जातीय स्वभाव हो नि अघिको देख्छौं उही दृष्टिमा ॥
पन्छी छन् दश लाख जाति सबमा बानी पुरानै छ नि ।
मान्छे जाति छ चार लाख यसको ठोक्का कुनै हुन्न नि ॥
जाली छैन फट्याइँ हुन्न पशुमा जस्तो छ सोलत्र छ ।
आफ्नो आदत जन्मजात जुन हो सारा त्यही गर्दछ ॥
मान्छेको त लिनै सकिन्न उसले गर्दैन यो अम्मर ।
यस्ले जे पनि गर्छ हुन्छ भँडुवा निस्कन्छ ढोंगी नर ॥
गल्ती ढाक्दछ गेरुवस्त्र पहिरी देखिन्छ योगीसरी ।
पालेको छ कपाल भालभर नै पूरा दली केसरी ॥
माला भिर्दछ कण्ठमा तलसमन् रुद्राक्ष लर्काउँछ ।
देख्दा धार्मिक झैं छ किन्तु छ ठगी ठग्ने कला ल्याउँछ ॥
पाखण्डी पनि साधु रैछ कि त झैं देखिन्छ त्यस्ता ठगी ।
पाइन्छन् भरमार लुट्न चतुरा बढ्नेछ यो जग्जगी ॥
दिन्छन् नाम छ ज्ञानयज्ञ ठगले यस्तो गरी बाहना ।
जोड्छन् द्रव्य कमाउँछन् छल गरी बढ्नेछ यो साधना ॥
पेशा बन्छ पुराणवाचन छिटै जोडिन्छ थुप्रो धन ।
खासै हुन्न गुदी पढाइ तर हो सम्मानको आर्जन ॥
हुन्नन् संस्कृत पद्य-वेद मुखमा बन्लान् तिनै पण्डित ।
यस्ता चर्तिकला अनेक कलिमा चल्लान् विनाखण्डित ॥
छन् आडम्बर चल्छ नाटक निकै झारिन्छ पैसा पनि ।
जे हुन्छन् सब नक्कली र दुनियाँ ठग्ने कला बन्छ नि ॥
पर्छन् विज्ञ कुना पछाडि रहनन् जो हुन् खुबी सक्कली ।
बढ्नेछन् अघि ती छली र कपटी यो हो जमाना कलि ॥

# सुकर्मले जीवन आनन्ददायी बन्छ



डा. गौरीशङ्करलाल दास

(डाक्टर गौरीशङ्करलाल दासको जन्म वि.सं. १९८१ असोज १० गते सिराहा जिल्लाको भगवानपुर गाउँपालिका-५, इनरवा गाउँमा भएको थियो । २०८२ असोज १० गते उहाँ १०२ वर्ष पूरा भई १०३ वर्षमा लाग्नुभयो । बहुआयामिक व्यक्तित्वका धनी डा. गौरीशङ्करलाल दासलाई २०८० सालमा नागरिक स्तरबाटै "**दिव्यशताब्दी पुरुष**" घोषणा गरी राष्ट्रियस्तरमा वर्षैभरि जन्म शताब्दीका कार्यक्रमहरूको आयोजना गरिएको थियो । उहाँ १०० वर्ष पुगेको दिन २०८१ असोज १० गते काठमाडौँ महानगरपालिका -७, को अग्रसरतामा उहाँको काठमाडौँको निवास स्थान चाबहिल, मित्रपार्कको एक सडकको किनारमा बगैंचा निर्माण गर्नुका साथै सो सडकलाई "दिव्यशताब्दी पुरुष डा. गौरीशङ्करलाल दास मार्ग" नामकरण गरिएको छ । डा. दास मधेसी समुदायबाट "डाक्टर" उपाधि प्राप्त गर्ने तेस्रो व्यक्ति र नेपालकै दोस्रो क्षयरोग विशेषज्ञ हुनुहुन्छ । वरिष्ठ छाती रोग विशेषज्ञको रूपमा सुपरिचित डा. दास स्वास्थ्यको क्षेत्रका साथै मानव अधिकार, प्रशासन, लोकसेवा आयोग र सामाजिक सेवाको क्षेत्रमा समर्पित हुनुहुन्छ । उहाँको जीवन कथा सबैका लागि प्रेरणादायी छ ।



लोकहितमा समर्पित हुनेहरूको जीवन सार्थक बन्छ भन्ने उहाँको धारणा छ । **आगो ताप्नु मुढाको, कुरा सुन्नु बुढाको** भन्ने लोकोक्तिलाई अनुसरण गर्दै हामीले यसपटक शताब्दी पुरुष डा. दासका अनुभव बटुल्ने प्रयोजनार्थ उहाँसँग समय माग्दा उहाँ एउटा संस्थाको बैठकमा जानेक्रममा गाडीबाट हिँडिरहनुभएको थियो । उहाँले हामीलाई साँझ ५ बजेपछि आउन भन्नुभयो । हामी त्यसैअनुसार पहिलो दिन शशि पन्थी, दिव्यराज पौडेल र पुष्पराज पौडेल उहाँको मित्रपार्कस्थित निवासमा पुग्यौं ।

अर्को दिन विनोदकुमार शर्मा र तीर्थराज वन्तसहित पाँचजना दुई दिनसम्म प्रत्येक दिन डेढ घण्टाको समय लिएर ३ घण्टा उहाँसँग जीवनका सुखदुःख, काम -कर्तव्यका बारेमा विस्तृत चर्चा परिचर्चाका साथ भेटघाट गर्‍यौं । कुरा गर्दा उहाँमा वृद्धत्वका कुनै लक्षणहरू देखिएनन् । उहाँले अत्यन्त उत्साहका साथ हाँसी हाँसी आफ्ना अनुभवहरू सुनाउनुभयो । उहाँले हामीसँगको भेटमा सोधिएका प्रश्नहरूको उत्तर दिनुभयो र ती प्रश्नहरूका उत्तरहरूलाई संक्षेपमा समेटी यहाँ प्रस्तुत गरिएको छ । – **सम्पादक**)

**सम्पादक– नमस्कार डाक्टर साहेब !**

**डा. दास–** नमस्कार, ल ल बस्नुहोस् ।

**सम्पादक– हजुरको स्वास्थ्य कस्तो छ ? दिनभर बैठकमा भाग लिएर आउनुभएको छ । फेरि हामीले पनि भेट्ने समय माग्यौँ । हजुरलाई हामीसँग कुरा गर्न बस्दा अलि गाह्रो हुन्छ कि ?**

**डा. दास–** मेरो स्वास्थ्य ठिक छ । मलाई कुनै ठूलो समस्या छैन । मैले तपाइँहरूलाई समय दिएको हुनाले अलिकति छिटो आएको हुँ । कुरा गर्न केही अप्ठ्यारो छैन । तपाईहरू सबै सन्चै हुनुहुन्छ नि ! शशिजी गुल्मीबाट कहिले आउनुभएको हो ? बद्री खनाल, मुकेश सिंहसहित हामीहरू तपाईंको गुल्मीको घरमा बसेर फर्कँदा बारीमा फलेका ठूला ठूला फर्सीहरू गाडीमा हालेर ल्याएको सम्झना ताजै छ ।

**सम्पादक– म काठमाडौं आएको चार दिन भयो । धेरै वर्षअगाडिको सानो कुरा पनि हजुरलाई कस्तो सम्झना रहेछ !**

**डा. दास–** त्यो बेला अलि रमाइलो भएको थियो । बारीमा र घर वरपर जताततै फर्सीहरू राखेको देख्दा र तपाईंले पनि लैजान चाहेमा जति लगे पनि हुन्छ भनेको हुनाले धेरै ठूला र राम्रा फर्सी हामीलाई पनि ल्याउने रहर लाग्यो । फेरि गाडीमा फर्सी देखाएर बोक्नु हुँदैन भन्ने सुनेजस्तो लागेकोले एउटा बोरामा दुई-चारवटा फर्सी राखी

बाँधेर काठमाडौँ ल्याई बाँडेका थियौँ ।

**डा. दास –** तपाईंले छपाउने गरेको "हाम्रो पुरुषार्थ" अहिले पनि निस्कँदै छ कि बन्द भयो ?

**सम्पादक – निस्कँदै छ हजुर । अहिले पनि २–४ वटा अङ्क दुईवटा विशेषाङ्कसहित हजुरको लागि लिएर आएको छु । यो प्याकेट हजुरका लागि हो । बीचमा पठाउन अनुकूल नपरेकोले एकैपटक २–४ अङ्क लिएर आएको हुँ । अब त हजुरलाई पढ्न अलि गाह्रो हुन्छ कि ?**

**डा. दास–** होइन, पढ्छु "हाम्रो पुरुषार्थ" त । म त हाम्रो पुरुषार्थको आजीवन ग्राहकै हुँ नि ! मैले धेरै अङ्क पढ्दै आएको छु । कुनै कुनै अङ्क नआएर पढ्न छुटेका हुनसक्छन् । तपाईंहरूले राम्रो मिहिनेत गरेर धेरै शुद्ध छपाउनुहुन्छ । अरू पत्रिकाहरूमा धेरै त्रुटि देखिन्छन् । तपाईंहरूको पत्रिका राम्रो लागेर म आजीवन ग्राहक बनेको हुँ । अहिले पनि ल्याइदिनुभएछ । तपाईंहरूलाई धन्यवाद छ ।

**सम्पादक– अहिले छपाइ खर्च धेरै महँगो भयो । ठूला-ठूला विशेषाङ्कहरू हुलाकबाट पठाउन धेरै खर्चिलो भएकोले हामीले टाढा टाढाका ग्राहकहरूलाई सुलभ बनाउने उद्देश्यले आधुनिक प्रविधिको प्रयोग गरी किरण पुस्तकालयको नाममा वेभसाइट बनाई पुस्तकालयका सम्पूर्ण प्रकाशनहरू त्यसैमा राखेका छौं । पुस्तकालयको स्वर्ण–जयन्ती वर्ष २०७५ देखि हाम्रो पुरुषार्थका सबै अङ्कहरू www.kiranpustakalaya.com मा हेर्न सकिन्छ ।**



**डा. दास** – ए ! ल राम्रो गर्नुभएछ । यो भएपछि त ग्राहकले मात्र होइन पढ्न चाहने सबैले निःशुल्क पढ्न पाउने भए । पत्रिका सबैका लागि सुलभ भएछ ।

**सम्पादक – अहिले डाक्टर साहेबलाई हामीले भेट्न खोजेको एउटा मुख्य कारण यस हाम्रो पुरुषार्थ पत्रिकामा हामीले विगत केही वर्ष यतादेखि "अनुभव / अनुभूति" भन्ने स्तम्भअन्तर्गत वयोवृद्ध र ज्ञानवृद्ध व्यक्तिहरूका अनुभवहरूलाई स्थान दिने गरेका छौं । अहिलेको सम्पूर्णाङ्क १०७ का लागि हजुरको अनुभवलाई पाठक समक्ष प्रस्तुत गर्ने इच्छा छ । हजुरलाई केही बेर बोल्न अप्ठ्यारो लाग्दैन भने मेरा केही जिज्ञासाहरू छन्, सोध्छु । हजुरले बताइदिनपर्‍यो मैले टिप्दै जान्छु ।**

**डा. दास** – हुन्छ । सोध्नुस् । बोल्न अप्ठ्यारो मान्दिनँ ।

**सम्पादक– त्यसोभए सुरुदेखिकै कुराहरू सोध्छु । हजुरको जन्म कहिले कहाँ भएको हो ?**

**डा. दास–** मेरो जन्म मधेस प्रदेशको सिराहा जिल्लाको भगवानपुर इनरवा भन्ने गाउँमा १९८१ सालको असोज १० गते भएको हो ।

**सम्पादक– तपाईंका माता-पिता र धर्मपत्नीको नाम के हो ?**

**डा. दास** – मेरा पिताको नाम जनार्दनलाल दास, माताको नाम भवानीदेवी र धर्मपत्नीको नाम गङ्गादेवी हो ।

**सम्पादक– तपाईंका सन्तानहरू कति छन् ?**

**डा. दास–** मेरा सन्तानहरू दुई छोरा र दुई छोरी गरी ४ छन् । छोराहरू आनन्दमोहनलाल र सुन्दरमोहनलाल तथा छोरीहरू शान्ति र सरिता हुन् ।

**सम्पादक– तपाईंको विवाह कहिले भयो ?**

**डा. दास** – मेरो विवाह म १८ वर्षको हुँदा गङ्गादेवीसँग भएको हो । उनको देहान्त २०५४ सालको जेठ ११ गते भएको हो ।

**सम्पादक– तपाईंको शिक्षादिक्षा कहाँ कसरी भयो ?**

**डा. दास** – त्यतिबेला हाम्रो गाउँमा स्कुलहरू थिएनन् । मैले भारतको राजनगरको रामेश्वर हाइ स्कुलमा पढी त्यहाँबाट सन् १९४१ मा विद्यालय तहको परीक्षा उत्तीर्ण गरी भागलपुरको तेजनारायण जुवली कलेजमा बिएस्सी पढें । सन् १९५१ मा पटना विश्वविद्यालयबाट एम.बि.बि.एस. उत्तीर्ण गरेको हुँ ।

**सम्पादक – तपाईंले सरकारी सेवा कसरी सुरू गर्नुभयो ?**

**डा. दास –** डाक्टर बनेको केही समय मैले भारतका गाउँमा पनि सेवा गरेँ । त्यसपछि वि.सं. २००९ साल फागुन १८ गते वीर अस्पतालको आवासीय चिकित्सकका रूपमा सरकारी सेवामा प्रवेश गरेँ । त्यसपछि मेरो कर्मभूमि काठमाडौँ बन्न गएको हो ।

**सम्पादक – सरकारी सेवामा रहेर तपाईँले के कस्ता पदीय जिम्मेदारी पूरा गर्नुभयो ?**

**डा. दास–** मैले २५ वर्ष स्वास्थ्य मन्त्रालय मातहतका निकायमा सेवा गरेँ । २०२४ मा स्वास्थ्य सेवा निर्देशक, २०३० देखि ३५ सालसम्म स्वास्थ्य मन्त्रालयको मुख्य योजना अधिकृत, २०३५ देखि २०४७ सम्म १२ वर्ष लोकसेवा आयोगको सदस्य, २०५७ देखि २०६२ सम्म राष्ट्रिय मानव अधिकार आयोगको सदस्य भएर काम गरेको थिएँ । स्वास्थ्य मन्त्रालयको कोलम्बो प्लानअन्तर्गत बेलायतमा अध्ययन गर्ने अवसर प्राप्त गरेको थिएँ ।

**सम्पादक– यहाँले सरकारी सेवाका अतिरिक्त सामाजिक सेवाका क्षेत्रमा पनि कामहरू गर्दै आइहनुभएको छ । यहाँले सेवा पुऱ्याएका सामाजिक संस्थाहरूमा के कस्तो संलग्नता छ नि ?**

**डा. दास–** मैले सेवा पुऱ्याएका सामाजिक संघसंस्थाहरू विभिन्न छन् । तीमध्ये प्रमुख संस्थाहरूलाई सम्झँदा बी.पी. नेत्र प्रतिष्ठानको संस्थापक ट्रष्टि र हाल अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ (पहिले नेटवर्क) को पूर्व अध्यक्ष, नेपाल रेडक्रस सोसाइटीको कोषाध्यक्ष, विशेष सल्लाहकार, नेपाल कुष्ठरोग निवारण सङ्घको संस्थापक उपाध्यक्ष, पूर्व अध्यक्ष, नेपाल क्षयरोग निवारण सङ्घको कार्यकारी सदस्य, नेपाल भारत मैत्री समाजको संस्थापक सदस्य, पूर्व निजामती सेवा परिषद् (पूर्व कर्मचारी सेवा परिषद्) को संस्थापक सदस्य भएको हो ।

**सम्पादक – सरकारी र सामाजिक क्षेत्रमा यहाँले पुऱ्याएको योगदानका निम्ति प्राप्त मुख्य पुरस्कारहरू के छन् नि ?**

**डा. दास –** विभिन्न संघ-संस्थाहरूले प्रदान गरेका सम्मान र पुरस्कारहरू यहाँ जतातत्तै छन् । ती तपाईँले आफै हेर्न र अनुमान गर्न सक्नुहुन्छ । केही सम्झेर उल्लेख गर्नुपर्दा लाइफ टाइम एचिभमेन्ट एवार्ड २०७९ , नेपाल चिकित्सक २०७९, हेमबहादुर मल्ल पुरस्कार २०७५, लाइफ टाइम एचिभमेन्ट अवार्ड नेपाल जनस्वास्थ्य प्रतिष्ठान २०७७, राष्ट्रिय मानव अधिकार सम्मान पुरस्कार २०७६, राष्ट्रिय सदाचार सम्मान ट्रान्सप रेन्सी इन्टरनेसनल २०७५, महेन्द्रनारायणनिधि राष्ट्रिय पुरस्कार २०७४, प्रकाश

काफ्ले मानव अधिकार पुरस्कार २०७३, समाजसेवा पुरस्कार-समाजकल्याण परिषद् २०६९, डा. बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार २०७६ आदि छन् ।

**सम्पादक– तपाईँका पुस्तकाकार कृति के के छन् ?**

**डा. दास–** पुस्तकाकार रूपमा मेरा दुईवटा संस्मरणात्मक कृतिहरू प्रकाशित छन् । एउटा हिन्दी र अर्को नेपाली भाषामा । हिन्दीमा "**यादों की गलियारे मे**" भन्ने छ । नेपालीमा "**चयनिका**" भन्ने छ । यिनै कृति हेरेमा तपाईँका धेरै जिज्ञासाहरू पूरा हुन सक्छन् ।

**सम्पादक – हुन्छ । यिनी कृतिहरू पुस्तकालयमा सुरक्षित राखेर म र हाम्रा पाठकहरू सबैले पढ्न सक्नेछन् । तपाईंको जीवनका प्रिय वस्तु छान्नुपर्‍यो भने के के रोज्नुहुन्छ ?**

**डा. दास–** मैले सुपाच्य खाना रुचाउँछु । मैले पहिले माछामासु खान्थें । मानसरोवरको दर्शन गरेपछि माछामासु खान छोडेको छु । पुस्तकहरू मेरा साथी हुन् । बिहानमा पत्र-पत्रिका र रातिमा पुस्तकहरू पढ्छु । मेरो भ्रमणमा रुचि छ । मलाई पदयात्रा गर्न मनपर्छ । ४ पटक मानसरोवर पुगेँ । ३ पटक कैलासको परिक्रमा गरेँ । गोसाई कुण्ड, राराताल, खप्तड आदि ठाउँहरूको पदयात्रा गरेको छु । मैले पहिले ठूलो पर्दामा सिनेमा हेर्न मन पराउँथे । संगीतमा पनि मेरो रुचि छ । मैले ढोलक र बाँसुरी बजाउँछु । मलाई शास्त्रीय संगीत मनपर्छ । म बिहान ५ बजे उठेर नित्य व्यायाम गर्थें । अचेल धेरै सकिँदैन, केही मिनेट मात्र गर्छु । घर आँगनमा हिँड्छु । जीवनका यस्ता प्रिय वस्तुहरू धेरै हुन्छन् । उमेर बढ्दै गएपछि प्रिय वस्तुहरू घट्दै जान्छन् ।

**सम्पादक – दीर्घजीवी बन्न के गर्नुपर्छ ?**

**डा. दास–** सन्तुलित र सुपाच्य भोजन, सकारात्मक सोच, क्रियाशीलता र आत्मबलले मान्छे दीर्घजीवी बन्न सक्छ ।

**सम्पादक– जीवन सार्थक कसरी हुन्छ ?**

**डा. दास–** व्यक्तिगत स्वार्थबाट माथि उठेर लोकहितमा समर्पित हुनेहरूको जीवन सार्थक बन्छ । सुकर्मले जीवन आनन्ददायी बन्छ । हाम्रो विचार र व्यवहार सबै राम्रो हुनुपर्छ । पछुतो पर्ने र आत्मग्लानि हुने काम कहिल्लै गर्नु हुँदैन । जीवनलाई उत्सवमय बनाउनुपर्छ । अति महत्त्वाकांक्षाले मान्छे दुःखी हुन्छ । गीतामा भगवान् श्रीकृष्णले भनेजस्तै फलको आशा नराखी कर्म गरिरहे जीवन सुखी र सार्थक बन्छ ।

# नेपाल पिक्चर लाइब्रेरी

✍सम्झना नेपाली

नेपाल पिक्चर लाइब्रेरी फोटो सर्कलद्वारा संचालित एक डिजिटल फोटो-संग्रह हो । यो नेपाली सामाजिक तथा सांस्कृतिक इतिहासको एक व्यापक र समावेशी दृश्य-संग्रह बनाउन प्रयासरत छ । यसको स्थापना सन् २०११ सालमा भएको हो । स्थापनाकालदेखि नै नेपाल पिक्चर लाइब्रेरीले नेपालभरिका विभिन्न निजी तथा संगठनात्मक स्रोतहरूबाट १,५०,००० भन्दा बढी फोटोहरू संकलन गरेको छ । यो संग्रहले नेपाली इतिहासको बहुसाँस्कृतिक र बहुलवादी प्रतिनिधित्व गर्ने सामग्रीका लागि सुरक्षित र खुला भण्डारको रूपमा मद्दत पुऱ्याउँछ । यसले सक्रिय सार्वजनिक संलग्नताको माध्यमको रूपमा पनि कार्य गर्दछ जसमार्फत नेपालीहरूले विगतसँग अर्थपूर्ण सम्बन्ध बढाउन सक्छन् । सार्वजनिक दर्शकगणको निम्ति र उनैसँग मिलेर दृष्टिगत रूपमा घना नेपाली इतिहासको संस्करण निर्माण गर्ने नेपाल पिक्चर लाइब्रेरीको उद्देश्यबमोजिम यसले संग्रहालय डिजाइन, संरक्षण, क्युरेसन, प्रदर्शनी, ग्राफिक डिजाइन, मौखिक इतिहास, लेखन, शिक्षा, नृवंशविज्ञान (एन्थोग्राफी), दृश्य संस्कृति, मिडिया, कला, इतिहास, फोटोग्राफी, र प्रकाशनमा दख्खल राख्ने र विशिष्ट ज्ञान भएका पेसेवरहरूको सञ्जाल बनाएको छ ।

हाम्रो फोटो संकलन २ तरिकाले गरिन्छ व्यक्तिगत र परियोजनामा आधारित भएर । व्यक्तिगत फोटोहरूमा स्वयम् व्यक्तिले आफै योगदान गर्नुहुन्छ भने परियोजना अन्तर्गतका फोटोहरू हामीले खोज/अनुसन्धानमार्फत संकलन गर्छौं । हाम्रो टोलीमा ४ जना हुनुहुन्छ । परियोजना अनुसार अनुसन्धान र संकलन गर्छौं । जसमा केही संकलनहरू निम्न लिखित छन् । भविस्यमा हामीले संकलन गरेका सबै फोटोहरू र जानकारीहरू वेबसाइटमा राख्ने तयारीमा छौं ।

**“सार्वजनिक जीवनमा महिला” : ‘महिला स्मृतिको एक पहल’**

नेपाल पिक्चर लाइब्रेरीले आफ्नो फोटो प्रदर्शनी “सार्वजनिक जीवनमा महिलाः

महिलावादी स्मृतिको एक पहल" को दोस्रो चरणको देशव्यापी यात्रा सुरु गर्न लागेको जानकारी गराउँदैछौँ । पहिलो चरण वीरगंज र जनकपुरको सफलतापछि दोस्रो चरण सुर्खेत र नेपालगन्जमा हुँदैछ । यो परियोजना २०७५ सालमा नेपाल पिक्चर लाइब्रेरीको दस्तावेज र अभिलेख सृजनाको पहलबाट सुरु भएको हो र २०८० सालमा पुस्तकको रूपमा पनि प्रकाशित भएको थियो । यो प्रदर्शनीले अहिलेसम्म काठमाडौँ (नेपाल), नयाँ दिल्ली (भारत), कोची (भारत), इस्तानबुल (टर्की), सिंगापुर, र ब्रेडा (नेदरल्याण्ड) लगायतका विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थानहरूमा यात्रा गरिसकेको छ ।



## दलित संकलन परियोजना तथा दलित किताब प्रकाशन

नेपालमा दलित अनुभवको आधार नै आत्मसम्मानका लागि संघर्षले परिभाषित गरेको छ । नेपालमा वर्णव्यवस्थाले कथित उपल्ला जातका र कथित तल्ला जातका वर्गबीच भौतिक असमानतालाई निरन्तरता दिने काममात्रै गरेन, यसले अपमान र सम्मानको प्रश्नलाई दैनिक जीवनमा विधिबद्ध पनि बनायो । नेपाली समाजमा जातीय विभेदको अन्त्य गर्ने कार्यमा दलितहरूप्रति लक्षित बर्बरताको यस इतिहासले आजपर्यन्त पनि अवरोध निर्माण गर्छ, कानूनको आधिकारिक समादेशलाई निस्तेज बनाउँछ । यस इतिहासको विरुद्धमा नेपालका दलितहरू अछुतपनाको पहिचानलाई तोड्ने संघर्षमा छन् । तर यो बर्बर इतिहास नै कथित उपल्ला जातिको प्रभुत्वको मूल मर्म हो । आधारभूत मानवीय आत्मसम्मानका लागि दलितहरूको यो अभियान आफ्नो भौतिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने आकांक्षाको केन्द्रमा रहेको छ । त्यसैले दलितहरूले समानता, सम्मान तथा सामाजिक न्यायमा आधारित एउटा

नयाँ पहिचान निर्माण गरेका छन् । यहाँ एक फोटो संकलनमार्फत नेपाली दलितका लागि सम्मानका विभिन्न अर्थहरू प्रस्तुत गरिएका छन् । यी फोटोहरू दलितहरूले सामना गर्दै आउनुपरेको सामाजिक, आर्थिक तथा बौद्धिक प्रतिकूलताको इतिहासका साक्षी हुन् । तर दलितहरूले आफ्नो संस्कृतिक इतिहासलाई स्रोत मानेर कसरी एउटा नयाँ तथा सम्मानजनक पहिचान निर्माण गर्न सकेकाछन् भन्ने तथ्य पनि यी फोटोहरूमा देख्न सकिन्छ ।





**द स्किन अफ चितवन : परियोजना**

चितवनको माटोले विगतमा भएका र वर्तमानमा जारी स्थान निर्माणका विविध परियोजनाका तात्त्विक स्मृति बोकेको छ । एक प्रकारको बासस्थान हटाएर अर्को प्रकारको बासस्थान ल्याउने र एउटा जीवनपद्धतिलाई अर्कोले विस्थापन गर्ने क्रममा मानिसहरूले बस्ती बसाल्नु र उठिबास लगाउनु, घरेलु बन्नु र जंगली बन्नु र निर्माण तथा विनिर्माणका गाथालाई त्यहाँको जमिनमा कोरेका छन् । स्थान तथा कालका अनिर्देश्य शक्तिको फाँटमा सम्बन्ध विकासका साझा तथा निर्भरयोग्य धरातल निश्चित गर्ने अदृश्य काम अन्य सबै पूर्वाधारझैं माटोले पनि गरेको हुन्छ । अहिले अन्य पूर्वाधार माटोको सतहमाथि उठ्दै छन्, चितवनलाई उनको वातावरणबाट विमुख गराउँदै श्रम र पूँजीको

विश्वव्यापी सञ्चारमाझ एउटा अपकर्षण स्थलमा मात्रै सीमित बनाउँदै छन् ।



विकासको उछिट्टिदो समयरेखाले हाम्रो साझा पर्यावरणीय भविष्यलाई आफ्नो जकडमा कैद राखे तापनि यस प्रदर्शनीले समय ओगट्ने तथा स्थानको अपनत्व लिने अन्य उपायहरूमाथि जोड दिन्छ । यथार्थमा चितवन अझै पनि सीमान्त क्षेत्र नै हो -- स्थानका रूपमा अस्थिर भूगोल जसको विगत पूर्णतया विगत बनिसकेको छैन । के यो नौलो अवसर हैन र -- जिउनु र महसुस गर्नुका नयाँ सम्भावनालाई स्वर दिने जसले जमिन तथा वातावरणसँग नितान्त नयाँ प्रकारका सम्बन्ध निर्माण माग गर्छन् । यदि यो समसामयिक इतिहास हो भने यसले हामीलाई माटोप्रति लगावसहितको अझै गहिरो तथा सुस्त सामयिकतातर्फ लाग्नका निम्ति समसामयिकताको क्षितिजलाई फराकिलो बनाउन आग्रह गर्दछ । यहाँ प्रस्तुत इतिहास मन्थनका लागि हैन बरु महसुस गर्नका लागि हो । चितवनमा बसोबास, अधिग्रहण तथा क्षेत्रनिर्माणका विविध प्रणालीलाई केलाउँदै यस कार्य-कृतिले तात्त्विक अनुभूति, सामूहिक स्मृति तथा स्थान र कालबारे सर्वमान्य अनुभवका लागि उपस्थित सन्दर्भ संरचनालाई विस्थापन गर्ने प्रस्ताव अघि सारेको छ । स्थान तथा पारस्परिकतामा आधारित ऐन्द्रियतर्फ आफूलाई अभिमुख गर्नु र अनुभूतिलाई पुनरुत्पादन गर्दै अन्य भविष्यको खोजी गर्दछ ।

**गुल्मीको परिचय र प्रतिष्ठाको प्रतीक बनेको**

**हाम्रो पुरुषार्थ**

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाको निरन्तर प्रकाशन र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना**

**कर्मचारी मिलन केन्द्र, गुल्मी ।**


# उपलब्धिको वर्ष : २०८१/०८२

- आर्थिक वर्ष २०८१/०८२ किरण पुस्तकालयका लागि विशेष उपलब्धिको वर्ष बन्न गएको छ।
- यस वर्ष किरण पुस्तकालयले आफ्नो अक्षयकोषमा वृद्धि गरी अक्षय कोषको कूल रकम रु. २५,००,०००/- (पच्चीस लाख) पुऱ्याएको छ। त्यस्तै हाम्रो पुरुषार्थको प्रकाशनका लागि पनि अक्षयकोषमा वृद्धि गरी रु.२५,००,०००/- (पच्चीस लाख) को अक्षयकोष छुट्याएको छ। यी दुवै कोषको रकमबाट प्राप्त हुने ब्याज पुस्तकालय र पत्रिका प्रकाशनमा खर्च गर्न सकिनेछ।
- आर्थिक वर्ष २०८१/२०८२ मा पुस्तकालयका प्रकाशनहरूको विक्रीबाट रु.३,८८,८७८/- आम्दानी भएको छ।
- यस वर्ष किरण पुस्तकालयले पठन संस्कृतिको विकासमा विशेष जोड दिएको थियो । गुल्मी र अर्घाखाँची जिल्लाका सम्पूर्ण नगर तथा गाउँपालिकाहरूमा किरण पुस्तकालयका प्रकाशनहरू पुऱ्याउने, वितरण गर्ने र विक्री गर्ने कार्य भएको थियो । ती जिल्लाका केही क्याम्पस र विद्यालयका पुस्तकालयहरूमा किरण पुस्तकालयका प्रकाशनहरू अभिरुचिपूर्वक राखी उल्लेखनीय सहयोग पुस्तकालयलाई प्राप्त भएको छ।
- यस वर्ष किरण पुस्तकालयले हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १०५ लाई भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको रूपमा प्रकाशित गरी भारतीय साहित्यकार हरूसँग सम्बन्ध विस्तार गर्न विशेष सफलता प्राप्त गऱ्यो।
- पुस्तकालयका आजीवन, मानार्थ र विशिष्ट सदस्यहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ। यो वर्ष पुस्तकालयका संरक्षक, विशिष्ट, आजीवन र मानार्थ सदस्यहरूको सङ्ख्या क्रमशः ०९, १५, ०१ भएको छ र आजीवन सदस्य १३५ गरी जम्मा सदस्यहरूको संख्या १६० पुगेको छ।
- यस वर्ष पुस्तकालयमा पुस्तकहरूको सङ्ख्यामा पनि वृद्धि भई आर्थिक वर्ष २०८१/२०८२ को कूल पुस्तकहरूको सङ्ख्या १२,५०० पुगेको छ।
- पुस्तकालयको लेखा परीक्षण सम्पन्न भएको छ।
- पुस्तकालयको स्वीकृतिको अभिलेख नवीकरण कार्य पूरा भएको छ।
- पुस्तकालयका वर्षभरि गर्न निर्धारण गरिएका सवै कार्यहरू सम्पन्न भएका छन्।

**-सचिव**

# नौलो सृष्टि : सानो दृष्टि

## १. समदृष्टि




ठाकुर शर्मा भण्डारीको मुख्य पेशा बैंक तथा वित्तीय क्षेत्र भए तापनि उनी नेपाली साहित्यको इतिहासमा समालोचना र सिर्जनाका क्षेत्रमा अब्बल प्रतिभा हुन् । उनका एक दर्जनभन्दा बढी कविता कृति र झण्डै एक दर्जन जति समीक्षा कृतिहरू प्रकाशित छन् । उनी विभिन्न पुस्तक र पत्रिकाका सम्पादक पनि हुन् विमर्शन् (२०६६) लिएर समालोचनाका क्षेत्रमा सार्वजनिक भएका शर्मा भण्डारीको 'समदृष्टि' (२०८२) अकिञ्चनका हातमा परेको छ ।


४५० भन्दा बढी पृष्ठ र भिन्न चार खण्डमा विभाजन गरिएको प्रस्तुत समालोचनात्मक कृति साहित्यका विविध विधाहरूप्रति पनि समदृष्टि नै राखेर तयार गरिएको छ। पहिलो कविता/काव्यखण्डमा भिन्न कविका १५ वटा कविता/काव्यको समीक्षा प्रस्तुत गरिएको छ । दोस्रो खण्डमा निबन्ध /समालोचना यात्राखण्ड नाम दिएर भिन्न प्रकृतिका २५ वटा कृतिहरूको समीक्षा प्रस्तुत गरिएको छ । यसभित्र निबन्धका सबै प्रकृति र समालोचनालाई पनि स्थान दिइएको छ । समालोचकले स्थानीयदेखि प्रवासी स्रष्टाका कृतिहरूलाई विविध दृष्टिबाट समीक्षा गरेका छन् । तेस्रो खण्डमा कथाहरूको विश्लेषण गरिएको छ । विश्लेषणमा छानिएका कथाहरू भिन्न चार शीर्षकभित्र राखेर विश्लेषण गरिएको छ। पहिलो शीर्षकमा 'चार पुस्ताका कथा शीर्षक' दिएर रमेश विकलसहितका चालिसे परिवारले लेखेका कथाहरूको विश्लेषण समीक्षण गरिएको छ। चार पुस्ताका पाँच-पाँचवटा कथा र पुस्तान्तरणले देखाएको स्वाभाविक स्थितिलाई प्रस्तुत समीक्षामा राखिएको छ । चौथो खण्डमा भिन्न १० वटा उपन्यासहरू समीक्षामा रोजिएका छन् । समीक्षकले थोरै पुराना र धेरै नयाँ उपन्यासहरूको माध्यमबाट नयाँ पुस्तालाई पनि विशेष हौसला प्रदान गरेका छन् ।

समीक्षक भण्डारीले समालोचना संग्रहको नाम समदृष्टि राखे तापनि गुणदर्शन र

वैयक्तिक प्रभावमा बढी केन्द्रित छन् । यही आधारमा उनलाई प्रभाववादी समालोचक मान्न सकिन्छ ।

जे होस्, विधागत र स्रष्टागत समदृष्टि राखेर साहित्यका प्रायः सबै विधा र नयाँ तथा पुराना पुस्तालाई न्याय गर्दै समदृष्टि नै राखेकाले प्रस्तुत कृतिको शीर्षक चयन उपयुक्त देखिन्छ । अभिव्यक्ति पक्षमा सुधार, कृतिकेन्द्री दृष्टिकोण, प्रभाववादीभन्दा यथार्थवादी चिन्तन अपनाउन सकेमा भण्डारीको समीक्षा कार्य सुनमा सुगन्ध हुने देखिन्छ। धेरै विधा र भिन्न स्रष्टाहरूका कृतिहरूको विश्लेषण गरेर समीक्षक भण्डारीले नेपाली समालोचनाको इतिहासमा एउटा छुट्टै अध्याय थपेका छन् ।


२.) **मत्स्यगन्धा**




केशवराज भट्टराई आमोदीको सोह्रौँ कृति मत्स्यगन्धा (२०८१) महाकाव्यका हिसाबले दोस्रो महाकाव्य हो। गजल, कविता, खण्डकाव्य, निबन्ध र समालोचनासमेतका स्रष्टा आमोदीले वि.सं. २०७४ मा पौराणिक महाकाव्य उषाअनिरूद्ध प्रकाशित गरिसकेका छन् । पौराणिक कथावस्तुमा आधारित पूर्वीय महाकाव्य-सिद्धान्तका परिधिमा रचित प्रस्तुत महाकाव्यमा शाकुन्तल महाकाव्यकै हाराहारीमा १५१ वटा छन्दहरूको प्रयोग र चित्रालङ्कारसमेतको प्रयोगले महाकाव्यलाई नवीनता दिइएको छ ।

केशवराज आमोदीले प्रस्तुत महाकाव्यलाई १७ सर्गमा संरचना गरेका छन् । नवम सर्गबाट माथि १५ सर्गसम्म ठाउँ-ठाउँमा प्रयोग गरिएका मुरजबन्ध, चक्रबन्ध, चापबन्ध, खडकबन्धलगायतका १० वटा चित्रालङ्कारले सामान्य पाठकलाई अलमलाउँछन् तैपनि पौराणिक कथावस्तुलाई आफ्ना काव्यशिल्पीका सहयोगले नेपाली महाकाव्यकै इतिहासमा एउटा नमुना महाकाव्य संरचना गरेका छन् । छन्द, रस, अलङ्कारजस्ता साहित्यिक आभूषणबाट महाकाव्य सुशोभित छ। महाकविको कल्पना किम्वदन्ति, जनश्रुति, प्रचलित मान्यता, विद्वान्हरूका विचारहरू महाभारतमा वर्णन गरिएको परिवेशसमेतलाई आधार बनाएर दमौली र यसका सेरोफेरोको परिवेशमा प्रस्तुत महाकाव्य सिर्जना गरी महाकवि आमोदीले 'शाकुन्तल' महाकाव्यकै हाराहारीमा यो महाकाव्य तयार गरेका छन् । कविका महाकवित्वको प्रवाह अविश्राम बगिरहोस् ।

### ३. उत्कृष्ट सत्ताइस स्रष्टा




खण्डकाव्य, उपन्यास, नियात्रासंग्रह, नियात्रोपन्यास, संस्मरण, निबन्धसंग्रह, कथासंग्रहसमेत झन्डै चार दर्जन कृतिका स्रष्टा रामप्रसाद पन्त १० वटा पुस्तक तथा पत्रपत्रिकाका सम्पादकसमेत हुन् । उनको ४६औं कृति 'उत्कृष्ट २७ स्रष्टा (संस्मरण-संग्रह) २०८१ प्रकाशित भएको छ । नेपाली राजनीति, शिक्षा, भाषा, साहित्य र आध्यात्मिक चिन्तनका क्षेत्रमा ख्याति कमाएका व्यक्तिहरूसित साक्षात्कार हुँदा वा उनीहरूको व्यक्तित्व र कृतित्वले आफूमाथि पारेको प्रभावलाई आधार बनाएर प्रस्तुत संस्मरण-संग्रह तयार पारिएको छ ।


यस संस्मरणमा परेका नायक, नायिकाका नामका अगाडि स्रष्टाले एक-एक विशेषणले सम्बोधन गरेका छन् । जस्तै जीवनयोद्धा युद्धप्रसाद मिश्र, अथक भाषासेवीको सम्झना, सन्त नेता, कीर्तिनिधिले स्थापित गरेको कीर्तिमान, पियूषवर्सी पीताम्बरा आदि । यसअघि उत्कृष्ट व्यक्तित्व (२०६५) र उत्कृष्ट सत्ताइस नक्षत्र (२०७७) प्रकाशित गरिसकेका पन्तले नेपालको फूलबारीमा फुलेका र आफ्नो संस्मरणमा रहेका राजनीतिज्ञ, पत्रकार, चित्रकार, शिक्षाप्रेमी र साहित्यिक व्यक्तित्वहरूलाई प्रस्तुत कृतिमा संस्मरण गरेका छन् । २७ जना स्रष्टाका स्तुत्यकार्यहरू संस्मरण गर्दै तयार पारिएको यस कृतिमा उमेरक्रमअनुसार पाठविन्यास गरिएको छ । निबन्धकै कित्तामा पर्ने प्रस्तुत संस्मरणले एकातिर पन्तको लेखन क्षमता देखाएको छ भने अर्कोतिर नेपालको इतिहासका २७ जना स्रष्टालाई कृतिभित्र जीवन्त तुल्याइएका छन् ।

### ४.) **आँसु (शीतकाव्य)**

'आँसुको दहमा पौडिएको कलम' शोककाव्य प्रकाशित गरिसकेकी शारदा ज्ञवाली ढकालले आफ्ना पतिको मृत्युजन्य वियोगमा आँसु 'शीतकाव्य' प्रकाशित गरेकी छन् ।


नेपाली साहित्यमा लघु काव्यअन्तर्गत पर्ने शीतकाव्य पाल्पाली भूमिमा जन्मेर वि.सं. २०७८ देखि क्रमशः विस्तार हुन थालेको काव्य हो । दुई अक्षरको एक पंक्ति

र ८ अक्षरको एक श्लोक मानिने शीतकाव्यले बिन्दुमा सिन्धूको संकेत गर्छ। विभिन्न ३६ वटा शीर्षकभित्र १०८० वटा शीतका थोपाहरू संगृहीत छन्। शीतकाव्यको नियम अनुसार शीत ईश्वरको उपाधि प्राप्त शारदाले शीत नै आँसु बनाएर अनि आँसु नै शीत बनाएर प्रस्तुत काव्यभित्र पोखेकी छन्।





## ५.) कुन्ती

स्रष्टा हरिविनोद अधिकारीले महाभारतलाई उपजीव्य बनाएर कुन्ती उपन्यास रचना गर्नुभएको छ। स्रष्टाकै भनाइअनुसार इमेज खबर डट कममा प्रकाशित भएका ३३ वटा लेखले कुन्ती उपन्यासको रूप लिएको छ। यो उपन्यासकार अधिकारीको पहिलो पुस्तकाकार कृति हो। भूमिकामा बताइएअनुसार कुन्तीभित्र ३३ वटा लेखहरू छन् भनिए तापनि गहिरोसँग पढेर कथावस्तुको प्रसङ्ग बदलेको अवस्थालाई मात्र कुन्तीका अलग खण्ड हुन् भन्न सकिन्छ। सुरूदेखि अन्त्यसम्म कुन्तीको आत्मालाप गुन्जिएको छ।




हे भगवान्, दन्किएको आगो त नजिक नजिक आयो...... बाट सुरु भएको कुन्तीको एकालाप- "हे कृष्ण, हे कृष्ण, हे कृष्ण आजसम्मका सबै पापहरूको प्रायश्चित्त गर्दै अब म बिदा भएँ" बाट अन्त्य भएको छ। कुन्तीको अविश्राम एकालाप प्रस्तुत गरेर यस उपन्यासमा लेखनको नवीन शैली अपनाइएको छ। कुन्तीका अवस्था उहापोह, विवशता र दुःखदपूर्ण अवस्थासमेतलाई मिहिन ढङ्गबाट प्रस्तुत गर्नुले प्रस्तुत उपन्यासले महाभारतकी रहस्यमयी पात्र कुन्तीका सन्दर्भमा बुझ्ने अवसर प्रदान गरेको छ। प्रस्तुत उपन्यास एउटा पठनीय कृति बनेको छ।

## ६.) **निर्गम**





उपन्यासकार गोकर्ण मल्लको औपन्यासिक कृति निर्गम (२०८२) सानो दृष्टिमा परेको छ। नेपालको वर्तमान राजनीतिक परिवेशलाई चित्रण गरिएको प्रस्तुत उपन्यासमा योग्य, दक्ष, नेपालीले योग्यता, दक्षता र अनुभवका बावजुद नातावाद, कृपावाद, पार्टीवादको कारणले रोजगारी प्राप्त गर्न नसकेपछि बहिर्गमनको बाटो रोज्नुपरेको विवशताजन्य कथानक प्रस्तुत गरिएको छ।

श्रीमती मधुकुमारी मल्लका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशिने युवाहरूको लर्को देखेर उपन्यासकारले यस उपन्यासको कथावस्तु कल्पना गरेका हुन्।

यस उपन्यासमा प्रमुख पात्र शिवनाथ र सतिमाको माध्यमबाट प्रेम प्रसङ्ग उठाउन खोजिए पनि यथार्थमा यस उपन्यासमा नेपालमा विद्यमान बेरोजगारी, अभाव, गरिबी, पार्टीवाद, नातावाद र कृपावादले सिर्जना गरेको विषम परिस्थितिको चित्रण गरिएको छ। शासकहरूकै कारण नेपाल र नेपालीले भोग्नुपरेका बहिर्गमनका परिस्थितिलाई यथार्थपरक ढंगबाट उपन्यासमा प्रस्तुत गरिएको छ। आधुनिक प्रेम-प्रसङ्गका सन्दर्भ र त्यसका पक्षलाई पनि वियोगान्त रूपमा उपन्यासमा चित्रण गरिएको छ। नेपाली समाजका वर्तमान सन्दर्भको चित्रण गर्न प्रस्तुत उपन्यास सफल देखिन्छ।

## ७.) **वरिष्ठ राजनीतिज्ञ कमरेड सिद्धिनाथ ज्ञवाली** (२०८१)




कमरेड सिद्धिनाथ ज्ञवाली (स्मृतिग्रन्थ २०८१) प्रधान सम्पादक झपेन्द्र जि.सी. (पाल्पा) र कार्यकारी सम्पादक शम्भु ज्ञवाली (गुल्मी) रही सिद्धिनाथ ज्ञवाली स्मृति ग्रन्थ प्रकाशन समिति लुम्बिनीले कमरेड सिद्धिनाथ ज्ञवालीका विविध पक्षको मूल्याङ्कन गर्दै स्मृतिग्रन्थ प्रकाशित गरेको छ। उक्त स्मृति ग्रन्थमा विभिन्न ४९ जना लेखकले

सिद्धिनाथको व्यक्तित्व राजनीति-यात्रा, योगदान तथा प्रतिबन्धित कालमा पनि उहाँले गर्नुभएको सङ्घर्ष र तत्कालीन समयमा देखाउनुभएको क्रान्तिकारी प्रवृत्तिको विभिन्न लेखहरूमा चर्चा गरिएको छ।

अधिकांश लेखहरू तथ्यमा आधारित छन्। केही लेखहरू भावनामा बहकिएका छन्, साहित्यिक भावनामा मात्र आधारित छन्। छोरा मीनप्रसादबाट व्यक्त गरिएका विचारहरू, कमरेड नीलकण्ठ गौतमसँगको अन्तर्वार्ता विशेष तथ्यमा आधारित छन्। उहाँबाट प्रेरित भई वाम राजनीतिमा लागेका कमरेडहरूका लेखहरू विशेषगरी सिद्धिनाथको आस्था र योगदानमा आधारित छन्। जे होस्, प्रस्तुत स्मृति ग्रन्थले सिद्धिनाथ ज्ञवालीका त्याग, समर्पण र योगदानको चर्चा गरेको छ तर स्वार्थले भरिएको वर्तमान राजनीतिक वृत्तकाहरूलाई भने प्रस्तुत ग्रन्थ र सिद्धिनाथको त्याग, समर्पण, निष्ठा र योगदान अनौठो लाग्न सक्छ।

८.) **मिश्रित तरङ्ग**




काशीनाथ मिश्रित साहित्यसेवी हुन्। उनको पाँचौं कृति 'मिश्रित तरङ्ग' अकिञ्चनका हातमा परेको छ। वि.सं. २०५१ देखि २०६३ सम्म लेखिएका ३३ वटा कवितामा कविले समसामयिक परिवेशप्रति आफ्ना भाव तरङ्ग लहराएका छन्। रक्सी खण्ड काव्यमा रक्सीले ल्याएको पारिवारिक विचल्लीलाई संकेत गरेका कविले प्रस्तुत तरङ्गमा देश र समाजमा देखिएका विकृति र स्वेच्छाचारी तन्त्रका खिलाफमा कुर्लेका छन्। २००७ सालमा प्रजातन्त्र आएपछि "प्रजातन्त्रको ढ्वाङ रित्तो करायो'' भनेर महाकवि लक्ष्मीप्रसाद देवकोटा कुर्ले जस्तै मिश्रितका तरङ्गका छालहरू पनि उर्लेका छन्ः

विदेशी ऋणैले त देशै डुबायो
र काली नदीले त अन्तै नुहायो
उता दार्चुलामा ध्वजा फर्फरायो
प्रजातन्त्रको ढ्वाङ रित्तो करायो
-( प्रजातन्त्रको ढ्वाङ पृ.५६)

कतै कविले नेतालाई चुनौती दिएका छन् कविले २०६३ सालमा दिएको चुनौती आज सत्य भएझैँ लाग्छः

कसम के छ अघिको लडाइमा
सुदिन दिनहरू फिराउने
नयन चिम्ल सरकारमा गई
दृढ अठोट छ जुत्ता भिराउने ।
( नेतालाई चेतावनी पृ.५३)

कतै कवि महाकवि देवकोटाको शैलीमा व्यङ्ग्य गर्न पुग्छन् भने कतै कविले खै के गरौं गौरव ? भन्दै दिग्दारी व्यक्त गर्दछन् । हरेक शीर्षकमा कविको भाव तरङ्ग मडारिएको छ । यसैले त मिश्रितले प्रस्तुत कृतिको नाम मिश्रित तरङ्ग राखेका छन् । तरङ्गमा लहरिँदै मिश्रितले कतै सपना देखेका छन् , कतै आशावादी छन् , कतै महाकवि देवकोटाका मार्गमा दौडन पनि चाहेका छन् । कवि कतै यस राष्ट्रमा राष्ट्रियता हराएकोमा अत्यन्त दुःखी पनि छन् । कवि लेख्छन् ः-

जनताहरूको मुख भो अँधेरो
दरबारिया मात्र चढून पजेरो
राष्ट्रियता यीसँग नै डरायो
यो राष्ट्रमा राष्ट्रियता हरायो ।
(पृ.८२)

कविले प्रस्तुत तरङ्गमा राष्ट्र, राष्ट्रियता र मानवताको स्थापनार्थ अनुरोध पनि गरेका छन् । देशमा शान्ति, सुव्यवस्थाको कामना गरेका छन् । मिश्रितका तरङ्गका छाल अझ चौडा बन्दै जाऊन् उत्तरोत्तर प्रगतिको कामना ।

सम्पादन गर्दा रचनाहरूको समयक्रम मिलाउन सकेको भए उपयुक्त हुने थियो ।

-अकिञ्चन


राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका

**हाम्रो पुरुषार्थ** मा

विज्ञापन दिई लाभ उठाउनुहोस् ।

# जानकी साहित्य पुरस्कार समालोचक डा. पन्थलाई

**रमेश विश्वकर्मा**



**कवि तथा समालोचक डा. टङ्क पन्थलाई जानकी साहित्य पुरस्कार प्रदान गरिँदै। तस्बिर : रमेश विश्वकर्मा**

गुल्मी, भदौ ८ गते। जानकी साहित्य पुरस्कार कवि तथा समालोचक डा. टङ्क पन्थलाई प्रदान गरिएको छ। 'जानकी प्रतिष्ठान' द्वारा स्थापना गरिएको उक्त पुरस्कार मोती जयन्तीको अवसर पारेर किरण पुस्तकालय तम्घासले यस वर्ष साहित्यकार पन्थलाई प्रदान गरेको हो। पुस्तकालयले प्रत्येक वर्ष प्रदान गर्दै आएको 'जानकी साहित्य' पुरस्कार- २०८२ बाट छत्रकोट गाउँपालिका दिगामका पन्थलाई प्रदान गरिएको छ।

रेसुङ्गा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीद्वारा नगद र सम्मान-पत्रसहित उहाँलाई सो पुरस्कार प्रदान गरिएको हो। निरन्तर साहित्यिक क्षेत्रमा कलम चलाउने स्रष्टालाई पुरस्कृत गर्ने परम्पराअनुसार पन्थलाई उक्त पुरस्कार प्रदान गरिएको किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीले जानकारी दिनुभयो। वि.सं.२०३३ सालमा रुरुक्षेत्र गाउँपालिका -४, बलेटक्सारमा जन्मनुभएकी जानकी ज्ञवालीको साहित्य र मानवअधिकारको क्षेत्रमा काम गर्दा गर्दै ३९ वर्षको उमेरमा असामयिक निधन भएको थियो।

झवालीको निधनपछि उहाँका श्रीमान् शङ्करप्रसाद गौतमको अग्रसरतामा जानकीको स्मृतिमा किरण पुस्तकालय तम्घासमा एक लाख ५१ हजार १५१ रुपियाँको अक्षयकोष स्थापना गरिएको हो । हाल यस अक्षयकोषमा ५० हजार रुपियाँ थप गरिएको छ । उक्त अक्षयकोषको ब्याजबाट हरेक वर्ष झवालीको जन्मदिनको अवसर पारेर पुरस्कार घोषणा गर्ने र मोतीराम भट्टको जन्म जयन्तीको अवसर पारेर किरण पुस्तकालयमार्फत पुरस्कार प्रदान गरिन्छ ।

सो पुरस्कार स्व. जानकी झवाली गौतमको सम्झनामा २०७३ सालमा स्थापना गरेर गुल्मी जिल्लामा जन्मेर साहित्य सिर्जना गर्ने वा गुल्मीलाई केन्द्रमा राखेर साहित्य सिर्जना गर्ने साहित्यकारलाई प्रत्येक वर्ष किरण पुस्तकालयबाट मोती जयन्तीका दिन प्रदान गरिएको छ । साहित्यकार, समाजसेवी एवम् महिला अधिकारकर्मीको क्षेत्रमा काम गर्दै आउनुभएकी झवालीको २०७३ मङ्सिर १२ गते अल्पायुमै निधन भएको थियो ।

कवि तथा समालोचक पन्थले नेपाली कविता तथा समालोचना विधामा गरेको योगदानको कदर गर्दै पुरस्कार प्रदान गर्ने निर्णय गरिएको थियो । उहाँ त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको क्याम्पसप्रमुखसमेत हुनुहुन्छ । पन्थका नयाँ नेपालको बाटो, विमर्शका स्पर्शहरू, समय स्पर्श, समय स्फोट, समय प्रश्न, ढुकढुकी, पाल्पाली साइनो, पाल्पाली साइनो-२, अभिव्यञ्जना गरी ९ वटा कविता-सङ्ग्रह प्रकाशनमा आएका छन् । त्यस्तै, उहाँका पाल्पा साहित्येतिहास र समालोचना, विश्वेश्वरप्रसाद कोइराला : कृति र प्रवृत्ति -२ समालोचना कृति प्रकाशनमा आएका छन् ।

यसभन्दा अगाडि उक्त पुरस्कार सूर्यबहादुर सेन वलीले २०७५ सालमा, भागीरथी श्रेष्ठले २०७६ सालमा, रामप्रसाद पन्तले २०७७ सालमा, नारद गौतमले २०७८ सालमा, रुद्र झवालीले २०७९ सालमा, हरिप्रसाद भण्डारीले २०८० सालमा र ठाकुर शर्मा भण्डारीले २०८१ सालमा प्राप्त गरिसक्नुभएको छ ।

८ भदौ, २०८२ आइतबार साभार - **गोरखापत्र अनलाइन**

## गुल्मीमा १८ औं पुस्तकालय दिवस उत्साहका साथ मनाइयो

गुल्मी- '**हाम्रो पुस्तकालय हाम्रो भविष्य**' भन्ने मूल नारासहित १८औं पुस्तकालय दिवस गुल्मीमा पनि उत्साहका साथ मनाइएको छ । किरण पुस्तकालय तम्घास, गुल्मीको आयोजनामा सम्पन्न सो दिवस विशेष औपचारिक कार्यक्रमका बीच




मनाइएको हो ।

कार्यक्रममा पुस्तकालयको महत्त्व, पठन संस्कृतिको अवस्था तथा पुस्तकालयमार्फत प्राप्त हुने ज्ञान र संस्कृतिका विषयमा छलफल गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि पूर्व क्याम्पसप्रमुख चन्द्रकान्त पन्थीले पुस्तक पढ्ने बानीलाई प्रोत्साहन गर्ने खालका पुस्तकालयहरू समाजका लागि आधारशिला भएको बताउनुभयो ।

उहाँले पछिल्लो समय विद्यार्थीहरू प्रत्यक्ष किताब पढ्नेभन्दा अनलाइन प्रणालीतर्फ आकर्षित हुँदै गएको उल्लेख गर्दै दीर्घकालीन स्मरणशक्ति र सान्दर्भिक ज्ञान प्राप्त गर्न प्रत्यक्ष पुस्तक अध्ययन नै अपरिहार्य हुने बताउनुभयो । उहाँले पठन संस्कृति क्रमशः कमजोर हुँदै गए पनि पुस्तकालयहरू त्यसलाई जोगाउने महत्त्वपूर्ण माध्यमका रूपमा रहेका उल्लेख गर्नुभयो । उहाँले गुल्मी जिल्लाले नेपालकै प्रशासनिक र प्राज्ञिक क्षेत्रमा विशिष्ट योगदान दिएको स्मरण गर्दै त्यसमा पुस्तकालयको भूमिकासमेत महत्त्वपूर्ण रहेको धारणा राख्नुभयो ।

पुस्तकालय व्यवस्थापन समितिका उपाध्यक्ष एवम् वरिष्ठ साहित्यकार दीन पन्थीले किरण पुस्तकालयको ऐतिहासिक योगदानबारे प्रकाश पार्नुभयो । उहाँका अनुसार २०२५ सालमा स्थापना भएको किरण पुस्तकालयले २०३० सालदेखि

वार्षिक रूपमा 'हाम्रो पुरुषार्थ' पत्रिका प्रकाशन गर्दै आएको छ। २०३६ देखि २०६९ सालसम्म अर्धवार्षिक, र २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको यस पत्रिकाका हालसम्म १०६ अंक प्रकाशित भइसकेका छन् ।

'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक पत्रिकामा 'क' वर्गमा वर्गीकृत प्रकाशन हो। यसअन्तर्गत समालोचना विशेषाङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, भानु विशेषाङ्क, कथा विशेषाङ्क, पुस्तकालय विशेषाङ्क, बी.पी. विशेषाङ्क, डा.टीकाराम पन्थी विशेषाङ्क, स्वर्णवर्ष विशेषाङ्क, शताङ्क विशेषाङ्क, रुरुक्षेत्र विशेषाङ्कलगायत २२ वटा विशेषाङ्क प्रकाशित भइसकेका छन् । यसको सम्पादक शशि पन्थी, सहसम्पादक दीन पन्थीलगायतको सम्पादकीय टोलीले निरन्तरता दिइरहनुभएको छ।

दिवसको अवसरमा आयोजित कार्यक्रममा संरक्षक रामचन्द्र पन्थीलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। आजीवन सदस्य भुवन अर्याल, महेन्द्र नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद मरासिनी, कवि लक्ष्मणप्रसाद रिजाल, साहित्यकार नमोनारायण पन्थीलगायतले पुस्तकालयको महत्त्वबारे धारणा व्यक्त गर्नुभयो।

यस्तै अर्जुन आवासीय माध्यमिक विद्यालयकी छात्रा कृतिका खनालले पुस्तकालयप्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै पुस्तकालय विद्यार्थीहरूको जीवनयात्रामा मार्गदर्शक बन्ने बताउनुभयो। कार्यक्रमका क्रममा कवि तथा साहित्यकारहरूले आफ्ना मौलिक रचना प्रस्तुत गर्दा वातावरण अझै साहित्यिकमय बनेको थियो।

उपाध्यक्ष दीन पन्थीको अध्यक्षता, सदस्य गोपाल पन्थीको स्वागत मन्तव्य र सचिव चनकबहादुर कुँवरको सञ्चालनमा सम्पन्न सो कार्यक्रममा पुस्तकालयका संरक्षक सदस्य, आजीवन सदस्य, साहित्यप्रेमी, पुस्तकप्रेमी, लेखक-स्रष्टा र पाठकहरूको उल्लेख्य उपस्थिति रहेको थियो । पुस्तकालय दिवसको अवसरमा गरिएको कार्यक्रमले पुस्तकालयको आवश्यकता, यसको निरन्तर योगदान र नयाँ पुस्तामा पठन संस्कृतिको जागरणका लागि सन्देश दिने कार्य गरेको सचिव कुँवरले बताउनुभयो।

साभार : **रेडियो रेसुङ्गा १०६.२ :$H_Z$**

## पठन संस्कृतिको विकास गर्न पुस्तकालय

**गोरखापत्र** ५ असोज २०८२, आइतबार



✍**रमेश विश्वकर्मा**

गुल्मी, असोज ५ गते । गुल्मीको तम्घासमा पुस्तक पसल नभएको समयमा पनि पठन संस्कृतिको विकास गर्ने उद्देश्यसहित पुस्तकालय सञ्चालनमा ल्याउन लागिएको थियो । पुस्तकालय सञ्चालनका लागि आवश्यक स्रोत साधनको समेत अभाव रहेको त्यो समयमा यस जिल्लामा पठन संस्कृतिको विकास गर्नुपर्छ भनेर वि.सं. २०२५ साल कात्तिक २० गते 'किरण पुस्तकालय' स्थापना गरिएको हो ।

झण्डै ५७ वर्ष लामो इतिहास बोकेको यस पुस्तकालय गुल्मीको परिचयसमेत बनेको छ । वि.सं. २०२५ साल कात्तिक २० गते गाईगोठबाट स्थापना भएको यस ' किरण पुस्तकालय' जिल्लाकै एउटा महत्त्वपूर्ण इतिहासका रूपमा रहेको छ ।

तम्घासको बजारमा पुस्तक पसलहरू नभएको समयमा पनि यहाँका नागरिकमा पठन संस्कृतिको विकास गर्नुका साथै समाजमा शिक्षाको आलोक फैलाउने उद्देश्यसहित पुस्तकालयको स्थापना गरिएको थियो । घरमा कोठा नपाएपछि तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायत-१ मा रहनुभएका पण्डित देवीदत्त पन्थीको गाईगोठको एउटा कोठाबाट यस पुस्तकालय सञ्चालनमा ल्याइएको हो ।

आफूसँगका समकालीन साथीसँग मोहर सङ्कलन गरी गाईगोठबाट किरण

पुस्तकालयको शुभारम्भ गरिएको यस किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीले बताउनुभयो । १३० वटा पुस्तक सङ्कलन गरी पुस्तकालयको स्थापना गरिएको हो । "पुस्तकालयको स्थापनापछि नियमित रूपमा पुस्तकालय खुल्न थाल्यो । त्यो समयमा पुस्तक पढ्नका लागि मानिसहरू हुरुक्क हुन्थे । तर, यहाँ पर्याप्त पुस्तक नभएको हुँदा हामीले पाल्पा, बुटवल, काठमाडौँ, बनारस, गोरखपुरलगायतका विभिन्न ठाउँमा पुगेर पुस्तक किन्न जानुपर्थ्यो," उहाँले भन्नुभयो ।

तत्कालीन समयमा एक मोहरमा वर्षभरि पढ्न पाउने गरी सदस्यता बन्न सकिन्थ्यो । पुस्तकहरूको पनि निकै अभाव रहेको थियो । पुस्तकालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सदस्यसमेत बनाएर केही न्यूनतम शुल्क लिएर पुस्तक ल्याउने लैजाने अनि पढ्ने व्यवस्था मिलाइएको थियो । पाठकको मागअनुसार चन्दा सङ्कलन गरेर पुस्तकहरू ल्याउने गरिएको थियो ।

नयाँ-नयाँ पुस्तकहरू ल्याउँदा पुस्तकालयप्रति पाठकहरूको आकर्षण पनि बढ्दै गएको अध्यक्ष पन्थीले बताउनुभयो । पाठकहरूले पढेका कुराहरूको जानकारी लिनका लागि पुस्तकालयले विभिन्न समयमा गोष्ठीहरू सञ्चालन गर्दै आएको थियो । पुस्तकालयले पाठकहरूको आवाजलाई 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिकाको माध्यमबाट लेख रचनाका रूपमा वि.सं. २०३० सालदेखि बाहिर ल्याउन थाल्यो ।

पुस्तकालयले नेपाली भाषा साहित्यको विकासका लागि 'हाम्रो पुरुषार्थ' प्रकाशन गरेको हो । पुस्तकालय स्थापना पश्चात् वि.सं. २०३० सालदेखि वार्षिक रूपमा 'हाम्रो पुरुषार्थ' प्रकाशन गर्दै आइरहेकोमा वि.सं. २०३६ वैशाखबाट अर्धवार्षिक र वि.सं. २०७० कात्तिकदेखि त्रैमासिक रूपमा प्रकाशन गर्दै आइरहेको उहाँले बताउनुभयो । हालसम्म १०६ अङ्क प्रकाशन भएका छन् ।

पुस्तकालय अहिले 'हाम्रो पुरुषार्थ' को १०७ अङ्क प्रकाशनको तयारीमा रहेको किरण पुस्तकालयका उपाध्यक्ष दीन पन्थीले बताउनुभयो । उहाँका अनुसार 'हाम्रो पुरुषार्थ' का विभिन्न २१ वटा विशेषाङ्कहरू प्रकाशित भएका छन् ।

चार करोड रुपियाँभन्दा बढी लगानीमा यस किरण पुस्तकालयको अहिले आफ्नै सुविधा सम्पन्न अत्याधुनिक भवन निर्माण भएको छ । हालसम्म यस पुस्तकालयमा १२ हजार ४५८ पुस्तकहरू सङ्ग्रह गरिएको पुस्तकालयको तथ्याङ्कमा उल्लेख छ । दैनिकजसो २५-३० जना पाठकहरू पुस्तकालयमा आउने गरेका छन् । अहिले एक

हजार रुपियाँमा वर्षभरिका लागि पाठक बन्न सकिन्छ । पुस्तक पढ्नका लागि पाठकहरूको बेग्र इच्छा भएपछि सहजताका लागि पुस्तकालय खोलिएको हो ।

यस पुस्तकालयमा अहिले नेपाली, अङ्ग्रेजी, हिन्दी भाषासँग सम्बन्धित संस्कृति, साहित्य, विज्ञान, इतिहास, राजनीतिशास्त्र, धर्मदर्शन, पुराणलगायतका पुस्तकहरू सङ्ग्रह गरिएको छ। किरण पुस्तकालयले समाजमा ज्ञान प्रसार गर्न महत्त्वपूर्ण भूमिका खेलेको शोधार्थी गणेश श्रीपालीले बताउनुभयो। पठन संस्कृतिको विकासमा यसको योगदान देशकै लागि उदाहरणीय रहेको भन्दै उहाँले पाठकहरूलाई अध्ययनसँगै सिर्जनात्मक सोचमा प्रेरित गर्न ठुलो सहयोग गरेको बताउनुभयो।

सूचना प्रविधि र विभिन्न सामाजिक सञ्जालको पहुँचमा रहेको अहिलेको युवा पुस्तामा पठन संस्कृति र अध्ययनशीलताको अभाव देखिएको अवस्थामा किरण पुस्तकालयले पुस्तक अध्ययनमा नयाँ पुस्तालाई प्रेरित गर्नुका साथै पठन संस्कृतिलाई प्रवर्धन गरेको लुम्बिनी बौद्ध विश्वविद्यालयका सिनेटर पदमप्रसाद पाण्डेले बताउनुभयो। प्रत्येक स्थानीय तहमा एक सामुदायिक पुस्तकालय सञ्चालन गर्न सकेमा पनि पठन संस्कृतिको विकासमा सहयोग पुग्ने उहाँले बताउनुभयो । यस पुस्तकालयले विभिन्न कविहरूको जन्मजयन्ती नियमित रूपमा मनाउने, पुस्तकहरू प्रकाशन गर्ने, साहित्यिक सभा, सम्मेलन र गोष्ठी आयोजना गर्दै आइरहेको छ।

इतिहास, संस्कृति, धर्म, दर्शन र साहित्यसँग सम्बन्धित कृतिहरूसमेत प्रकाशन गर्दै आइरहेको छ । पुस्तकालयबाट 'जानकी साहित्य पुरस्कार' नियमित रूपमा वितरण गरिएको छ। पुस्तकालयमा इ-लाइब्रेरीको पूर्वाधार तयार गर्ने क्रममा कम्प्युटर तालिमको व्यवस्था गरिएको छ। अहिले १० वटा कम्प्युटर रहेका छन्। पुस्तकालयमा हालसम्म १८ जना संरक्षक सदस्य, १७ जना विशिष्ट सदस्य र १४५ आजीवन सदस्य बन्नुभएको छ।

१३ आनाको जग्गामा अहिले किरण पुस्तकालयको सुविधा सम्पन्न अत्याधुनिक भवन बनेको छ। सदस्यता शुल्क, अक्षयकोष, पुरस्कार संस्थापक, घर भाडाबाट स्रोत व्यवस्थापन गरिएको छ । न्यून पारिश्रमिकमा तीन जना कर्मचारी यस पुस्तकालयमा स्वयंसेवकको रूपमा कार्यरत हुनुहुन्छ।

## ५० वर्षअघिको समाचार

# किरण पुस्तकालय सञ्चालक समितिको गठन

तम्घास, आज बसेको किरण पुस्तकालयको साधारण सभाले २०२८ सालको लागि सात सदस्यीय एक सञ्चालक समितिको गठन गरेको छ।

उक्त सञ्चालक समितिमा २ जना पुराना समितिका सदस्यहरू र अन्य ५ जना नयाँ सदस्यहरू छानिएका छन् । जस्मा प्रो.डा.टीकाराम पन्थी अध्यक्ष, ताराबहादुर थापा उपाध्यक्ष, भेषबहादुर कुँवर कोषाध्यक्ष, शशि पन्थी सचिव र सदस्यमा नरप्रसाद श्रेष्ठ, रमेशकुमार अर्याल र शंकर थापा छानिएका छन् ।

कोषाध्यक्ष र सचिव पुरानो समितिमा रही काम गर्दै आएका छन् । जसको प्रबन्धमा पुस्तकालयको राम्रो प्रगति भएको छ । समितिका अन्य सदस्यहरूबाट पुस्तकालयको अझ प्रगति हुनु आवश्यक छ र सबै यसमा आशान्वित छन् ।

-साभार : **दैनिक निर्णय**
वर्ष ६, अङ्क १२७, भैरहवा, २०२८
ज्येष्ठ १ गते शनिवार (१५ मई १९७१)

**नसर्ने रोग तथा सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि निम्न उपायहरू अवलम्बन गर्नुहोस्**

१. धूमपान तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने ।
२. मदिराको सेवन नगर्ने ।
३. शारीरिकरूपमा सक्रिय रहने ।
४. नून र चिनीको प्रयोग कम गर्ने ।
५. सन्तुलित खाना, प्रशस्त मात्रामा फलफूल र सागसब्जी खाने ।
६. मानसिक तनावको व्यवस्थापन गर्ने ।
७. उच्च रक्तचाप तथा नसर्ने रोगका अन्य जोखिमहरूलाई व्यवस्थापन गर्ने ।

**गुल्मी अस्पताल, तम्घास, गुल्मी**

पाठक-प्रतिक्रिया

# साहित्यानुरागीको पोषक "हाम्रो पुरुषार्थ"

तपोभूमि रेसुङ्गाको काख गुल्मी तम्घासमा २०२५ सालमा स्थापित किरण पुस्तकालय र यहाँबाट विगत ५२ वर्षदेखि निरन्तर प्रकाशित हुने राष्ट्रियस्तरको 'क' वर्गको हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको आफ्नै गौरवपूर्ण इतिहास रहेको छ। हामीलाई विद्यालय तहबाट नै सैद्धान्तिक, नैतिक र व्यावहारिक ज्ञानको आलोकले सिञ्चित गर्ने, नेपाली भाषा साहित्यको प्रवर्धनमा उल्लेखनीय योगदान पुऱ्याउनुभएका हाम्रा पूजनीय गुरुवर्गहरू यसका संस्थापक, विस्तारक र उन्नायकका रूपमा आजपर्यन्त क्रियाशील हुनुहुन्छ। नवोन्मेषी श्रद्धेय गुरुवर शशि पन्थी र दीन पन्थीज्यूको यो साधना हाम्रा लागि गौरव र प्रेरणाको स्रोत बनेको छ। उहाँहरूप्रति हार्दिक नमन गर्दछु।

आज मेरो हातमा हाम्रो पुरुषार्थको १०६ अङ्क प्राप्त भएको छ। सम्पूर्णाङ्क १०६ को यो पत्रिकाले आफ्नो कायामा पनि श्रीवृद्धि गरी आवरणसहित १६४ पेजको बनेको रहेछ। हाम्रो पुरुषार्थले नेपाली भाषा र साहित्यको श्रीवृद्धि गर्न तय गरेको गोरेटो आज आएर देशका विभिन्न प्रमुख स्थान र विदेशमा समेत प्रतिनिधि राखेर राजमार्ग नै निर्माण गरेको छ। "राजनीतिमा नीति हराउँदा साहित्यले सम्झाउनुपर्छ" भन्ने सम्पादकीय उद्देश्य बोकेको हाम्रो पुरुषार्थको यस अङ्कको कुदुरोमा नेपाली भाषा साहित्यका मूर्धन्य स्रष्टाका साथै साहित्यका विविध विधामा सिर्जनशील कलम चलाउने स्रष्टाका लेख, समीक्षा, समालोचना, यात्रा-संस्मरण, पठन विमर्श, लघुकथा, कविता, मुक्तक र १० वटा स्थायी स्तम्भहरू समावेश भएका छन्। सबै स्रष्टाका रचनाहरू पठनीय छन्। यस अङ्कको आवरण पृष्ठ र भित्री पृष्ठमा हाम्रो पुरुषार्थको १०५ अङ्कको लोकार्पण कार्यक्रमका प्रमुख झलकहरू सचित्र प्रस्तुत गरिएको छ। यस पत्रिकाको ४१० पृष्ठ भएको 'भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क, नेपालभित्र र विदेशमा एकैपटक आठ ठाउँबाट लोकार्पण भएको थियो। काठमाडौंमा यस पत्रिकाको लोकार्पणको भव्य समारोहमा प्रमुख अतिथिका रूपमा भारतको आसामका साहित्यकार ज्ञानबहादुर छेत्री रहनुभएको थियो भने प्रा.डा.गोविन्दराज भट्टराईले यसको परिचय प्रस्तुत गर्नुभएको थियो। हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीद्वारा किरण पुस्तकालय र पत्रिकाको बारेमा जानकारी गराइएको उक्त कार्यक्रममा साहित्यकारहरू डा.ज्ञानु पाण्डे, डा. तुलसी भट्टराई, अनिता

कोइराला, शरद प्रधान, शब्दाङ्कुर मासिक पत्रिकाका सम्पादक धीरकुमार श्रेष्ठले हाम्रो पुरुषार्थको विविध विषयमा मन्तव्य दिनुभएको थियो । यस पत्रिकाको अन्तिम भित्री पानामा देशका विभिन्न प्रमुख स्थानबाट यस पत्रिकाको लोकार्पण भएका भव्य चित्र प्रस्तुत गरिएको छ भने अन्तिम पानामा नेपालको गौरवपूर्ण साहित्यिक योगदान पुऱ्याउने पत्रिका र साहित्यकारको छवि अङ्कित भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको दुर्लभ ऐतिहासिक पाठ्यसामग्रीहरू जतन गरी सजाएर साहित्यानुरागीलाई अध्ययनका लागि स्मरण गराइएको छ। यस पत्रिकाले नेपाललगायत भारतका विभिन्न ठाउँमा बसेका नेपाली भाषाका साहित्यकारहरूको योगदानलाई पाठकसामु प्रस्तुत गरेको छ। जसले नेपाली भाषा साहित्यको संवर्धन र विकासमा महत्त्वपूर्ण भूमिका निभाएको छ।

विश्व भूगोलमा नेपाली भाषी रहेको स्थानमा आफ्नो नवोन्मेषी साहित्यिक चिनारीसहित पुग्ने लक्ष्य लिई १०६ अङ्क, २०/२१ वटा विशेषाङ्क र २० वटा महत्त्वपूर्ण पुस्तक प्रकाशन गरेको हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको पुरुषार्थ वन्दनीय छ। यस पत्रिकाका सम्पादक, सहसम्पादक आदरणीय गुरुवर्ग र सम्पादक मण्डलका सम्पूर्ण साहित्यिक व्यक्तित्वहरूप्रति हाम्रो पुरुषार्थको दीर्घ सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**विष्णुमाया खत्री**

बूढानीलकण्ठ नगरपालिका- ९ , सुकेधारा, काठमाडौँ।


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

# भण्डारी बुक्स एण्ड स्टेशनरीज

**फोन:०१-४२४१४८५/९८४१२०२६९६/९८६१०५०८७०**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

# किरण पुस्तकालयका आजीवन/मानार्थ सदस्यहरूको परिचय

**आजीवन सदस्य**



नाम : **विष्णुमाया भण्डारी** (खत्री)

जन्ममिति : २०२९/०१/०५

ठेगाना : रेसुङ्गा नगरपालिका-३, भाडगाउँ, गुल्मी

हाल :बूढानीलकण्ठ, नगरपालिका-९, सुकेधारा काठमाडौं

पिता/माता : मानबहादुर भण्डारी/ नन्दादेवी भण्डारी

पति : लालबहादुर खत्री

शिक्षा : दर्शनाचार्य (एम.फील)

अभिरुचि : अध्ययन, लेखन, भ्रमण, समाजसेवा।

संलग्नता : त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस त्रि-चन्द्र बहुमुखी क्याम्पसको नेपाली शिक्षण विभागमा उप-प्राध्यापक, नेपाल प्राध्यापक संघ, त्रि-चन्द्र एकाइमा सह-सचिव, सिर्जनशील महिला सहकारीको नेतृत्व।

मोवाइल : ९८५१०९७७९४

इमेल : bmk.khatri@gmail.com

---

**आजीवन सदस्य**



नाम : **रामप्रसाद पन्थी**

जम्ममिति : २०२७/०५/१२

ठेगाना : रेसुङ्गा नगरपालिका-१, मिलनचोक, तम्घास, गुल्मी

पिता/माता : नन्दराम पन्थी/ रुन्दता पन्थी

पत्नी : बालकुमारी पन्थी

शिक्षा : एस.एल.सी. पास

अभिरुचि : समाजसेवा।

संलग्नता : वडा अध्यक्ष- रेसुङ्गा नगरपालिका-१, आजीवन सदस्य- रेसुङ्गा बहुमुखी क्याम्पस, रेसुङ्गा संरक्षण समिति, रेसुङ्गा माध्यमिक विद्यालय, गुल्मी उद्योग वाणिज्य संघ, किरण पुस्तकालय, नेपाल हृदयरोग निवारण संस्था।

उपसभापति - नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ, अध्यक्ष- गौरीशङ्कर ब्याडमिन्टन संघ, गुल्मी।

का.वा अध्यक्ष-महेन्द्र माध्यमिक विद्यालय, तम्घास, गुल्मी।

मोवाइल : ९८५७०६४०९४

इमेल : rampanthi@yahoo.com

**मानार्थ सदस्य**



नाम : **वरिष्ठ इञ्जिनियर सतीशचन्द्र गुप्ता**

जन्ममिति : ३ मई १९५७ सन्

ठेगाना : गौतमनगर नईदिल्ली-४९, भारत

पिता/माता : हरिद्वारीलाल गुप्ता/विन्द्रादेवी गुप्ता

पत्नी : सुधा गुप्ता

शिक्षा : सिभिल इञ्जिनियर

अभिरुचि : दान, धर्म, परोपकार, समाजसेवा तथा भ्रमण ।

संलग्नता : CONSULTING ENGG, SERVICES(I) PVT. LTD.

मोबाइल :००९१-९८९९७२८८६४

इमेल : scgupta.ces@gmail.com

---

**हाम्रो पुरुषार्थका आजीवन सदस्यहरूको नामावली**

| क्र.सं | ग्राहकको नाम | ठेगाना | मो.नं. |
|---|---|---|---|
| ९७७ | श्री विष्णुमाया भण्डारी (खत्री) | रे.न.पा-३, भाडगाउँ, गुल्मी | ९८५१०९७७९४ |
| ९७८ | श्री रामप्रसाद पन्थी | रे.न.पा-१, उधिनढुङ्गा, मिलनचोक, तम्घास, गुल्मी | ९८५७०६४०९४ |


- **आफ्नो नजिकको सहकारी संस्थामा आबद्ध भई बचत गर्ने बानी बसाल्नुहोस् ।**
- **गुल्मीका स्थानीय वस्तुहरूको अधिकतम उपभोग गर्नुहोस् ।**
- **आफ्नै खेतबारीको उत्पादन र उपयोगमा रमाउनुहोस् ।**

**जिल्ला सहकारी संघ लि.**


**तम्घास, गुल्मी**

**भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा**

**विस्तृत जानकारी प्राप्त गर्नका लागि**

**'हाम्रो पुरुषार्थ'**

**को सम्पूर्णाङ्क १०५ पढ्न नबिर्सनुहोस् ।**






१६०औं मोती जयन्तीको अवसरमा उपस्थित महानुभावहरू




२०८२ भाद्र १५ गते १८ औं पुस्तकालय दिवसको अवसरमा आयोजित कार्यक्रमका अतिथिहरू

# हाम्रो पुरुषार्थको

**सम्पूर्णाङ्क ११०**

## रेसुङ्गा क्षेत्र विशेषाङ्क

**हुनेछ ।**

उक्त अङ्कका लागि २०८२ माघ मासान्तभित्र आफ्ना बहुमूल्य लेख-रचनाहरू पठाई सहयोग गर्नुहोस् ।

लेख-रचनाहरू ऐतिहासिक पावन तपोभूमि रेसुङ्गाका बहुपक्षीय विशेषताहरूमध्ये कुनै एक विषयमा केन्द्रित भएर लेख्नुपर्ने छ ।

रेसुङ्गाको ऐतिहासिक, पौराणिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक, जैविक, वानस्पतिक, भौगोलिक विशेषता र पर्यटन प्रवर्धन तथा पर्यावरणीय महत्त्वका लेख-रचनाहरू बढी ग्राह्य हुनेछन् ।

**हाम्रो पुरुषार्थ**
(राष्ट्रिय त्रैमासिक)

**किरण पुस्तकालय**
तम्घास, गुल्मी

फोन : ०७९-५२०२८७, ९७६९२९७७८७
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com